CC-0.In Public Domain. Digitization by eGangotri

हिन्दु राजनीतिक विचारधारा

Hindu Political Thought

डा. लालमणि पाण्डेय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

हिन्दु राजनीतिक विचारधारा

CC-0.In Public Domain. Digitization by eGangotri

Hindu Political Thought

डा. लालमणि पाण्डेय
सहप्राध्यापक

नेपाल संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
राजनीतिशास्त्र शिक्षण विभाग
काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

Book :
Hindu Rajanitik Vicharadhara.
CC-0.In Public Domain. Digitization by eGangotri
(Hindu Political Thought)

Author :
Dr. Lal Mani Pandey

Copyright ©:
Dr. Lal Mani Pandey
All rights reserved. No part of this book may be reproduced in any form or any means without the written permission of the writer.

Published by:
Nepal Sanskrit University,Balmeeki Campus,
Department of Political Science, Kathmandu, Nepal

Distributor :
Indigo Ink Pvt. Ltd.
9851078518

Description:
First edition 2076 V. S.

Design by:
Sulav Print Hub
Printed in Nepal

Price: Rs 400/-

ISBN: 978-9937-0-7035-5

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

भूमिका

समययबोधले पैदा गरेको कृति : हिन्दु राजनीतिक विचारधारा

धेरै दिनदेखि राजनीतिका सिद्धान्तलाई पूर्वीय चेतनाको वृत्तबाट अनुसन्धान र प्रस्तुत गर्नुपर्छ भन्ने ध्येय मनमा थियो। म एकपटक स्वीडेन गएको थिएँ। त्यहाँको गोथेम्बर्गको एउटा कलेजमा पुग्दा त्यहाँका प्राध्यापकहरूसँग मेरो परिचय भयो। यसै क्रममा मैले नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गतको वाल्मीकि विद्यापीठमा राजनीतिशास्त्र विषय प्राध्यापन गर्दैछु भन्ने बताएपछि उहाँहरूले नेपालमा राजनीतिशास्त्रका कुनकुन विधाको अध्यापन हुन्छ भन्ने प्रश्न गर्नुभयो। त्यसपछि मैले स्वाभाविक रूपमा भनें : हामी ग्रिक सभ्यतादेखि आएका विचारहरू र पूर्वीय चिन्तकका रूपमा परिचित मनु एवं कौटिल्य हुँदै आधुनिक विचारका रूपमा मार्क्सवाद र गान्धीवादसम्म अध्यापन गराउँछौं। उहाँहरूको पुनर्प्रश्न थियो : तिमीहरू त हिन्दु राज्य घोषित भएको देशका नागरिक (त्यो समय २०५० सालको थियो र त्यसबेला लागु भएको २०४७ को संविधानमा हिन्दु अधिराज्य नेपाल उल्लेख थियो, अहिले २०७२ को संविधानपश्चात् नेपाल धर्मनिरपेक्ष राज्य घोषित भएको छ), तिमीहरूसँग प्रचूरमात्रामा प्राचीन दर्शनको भण्डार छ, के तिनमा अध्यापन, अनुसन्धानयोग्य कुनै राजनीतिक दर्शन छैन? म यो प्रश्नबाट निकै विचलित भएँ। त्यसै दिनबाट मलाई लाग्यो पूर्वीय राजनीतिशास्त्र त्यसमा पनि हिन्दु राजनीतिक दर्शनको पाठ्यवस्तु नेपालीमा तयार हुनुपर्दछ र विद्यापीठहरूमा अध्यापन हुनुपर्दछ। भाषागत हिसाबले अंग्रेजी र अन्य अन्तर्राष्ट्रिय भाषाहरूमा समेत ती पाठ्यसामग्री तयार हुनसके नेपालमा पूर्वीय राजनीतिक दर्शनको अध्यापन सहज हुनेछ र अन्तर्राष्ट्रिय समुदायको समेत आकर्षण बढ्नेछ।

मेरा परम मित्र पूर्वीय एवं पाश्चात्य दर्शनका अध्येता डा. लालमणि पाण्डेयले यो अनिवार्य देखिएको "हिन्दु राजनीतिक विचारधारा" नामक ग्रन्थ तयार पार्नुभएको छ। डा. पाण्डेय विगत तीन दशकदेखि नेपाल संस्कृत विश्वविद्यालयमा प्राध्यापन गरिरहनु भएको छ। उहाँले अध्यापनसँगै अनुसन्धान तथा अन्य वौद्धिक, प्राज्ञिक र प्रशासनिक कार्यमा समेत आफ्नो क्षमता प्रकट गरिसक्नु भएको छ। डा. पाण्डेयले अर्घाखाँचीबाट आरम्भ गर्नुभएको अध्ययन अध्यापनको यात्रालाई निरन्तरता दिइरहनु भएको छ। प्रस्तुत कृति त्यही निरन्तरताको एउटा उदाहरणीय परिणाम हो।

पूर्वीय दर्शन अन्य कुनै पनि दर्शनभन्दा समृद्ध छ। पूर्वीय दर्शनको मूल स्रोत वेद हो र वेदबाट निःसृत धर्म, संस्कृतिको परिचय हिन्दु परम्पराले अनुपालन गरेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
छ। हिन्दु धर्मको अर्थ संकुचित हुनसक्दैन र बनाइनु हुँदैन । हिन्दु सभ्यता र संस्कृतिका अनेक शाखाप्रशाखा छन् । मध्यकालबाट आरम्भ उँचनीच, जातभात, र मानवमानवका बीच विकसित छुवाछुतको निकृष्ट प्रयोगका आधारमा हिन्दु धर्म र दर्शनको मूल्यांकन गर्ने र निष्कर्ष निकाल्ने परिपाटीबाट समग्र हिन्दु दर्शन र यसले प्रदान गर्नसक्ने र गरिरहेको असीम ज्ञानभण्डार र मानवताको उच्चतम अनुष्ठानमाथि अन्याय भइरहेको छ । यसकारण यो पुस्तकलाई पूर्वीय दर्शन वा विचार भन्नुभन्दा हिन्दु राजनीतिक विचारधारा भन्ने नामकरण गरिएको छ।

नेपाल अहिले धर्मनिरपेक्ष राज्य घोषित भएको छ। यो घोषणालाई लिएर पर्याप्त बहस हुनसक्छ । यद्यपि संविधानले स्वीकार गरेको र संविधानले नै आफ्नो स्वामित्वअन्तर्गत राखेको विषय हुनाले यसमा खासै विवाद गरिरहनु पर्दैन । तर, यो घोषणाले हिन्दु दर्शनका विषयमा अझ बढी खोज अनुसन्धान गर्नुपर्ने र त्यसमा निहीत सबै पक्षहरूलाई उत्खनन गर्नुपर्ने आवश्यकता देखिएको छ । नेपाल संस्कृत विश्वविद्यालयमा प्रचीन विषयहरूसँगै, अङ्ग्रेजी, नेपाली, राजनीतिशास्त्र, अर्थशास्त्र आदिको अध्ययन अध्यापन भइरहेको छ । शास्त्रीय विषय बाहेकका यी विषयहरू अध्ययन अध्यापनको अर्थ पाश्चात्य सिद्धान्तहरूको प्रयोगशालाका रूपमा यो क्षेत्रको विकास गर्नु मात्र होइन । जस्तो राजनीतिशास्त्रको पठनपाठनले पश्चिमी राजनीतिक दर्शन, राज्यप्रणाली, राजसंस्थाहरू, चर्चको योगदान, कानुन निर्माण र प्रयोग, शासकहरू र उनीहरूको दिनचर्या, परस्परका राज्यीय र राजसंस्थाहरूको सम्बन्ध, पारिवारिक अवस्था र शक्तिमाथि नियन्त्रणको प्रतिस्पर्धा, अन्तरविरोध तथा समाज विकासको प्रक्रिया आदिको व्याख्या गरेको छ। पछिल्लो चरणमा कृषिमा आएको क्रान्ति, उद्योग र प्रविधिले विकास गरेको सामाजिक मनोविज्ञान, प्रविधि नियन्त्रित विकासका आधारहरू र आविष्कारहरू, मानिसमा विकास हुँदै गएको उपभोक्तावादी चिन्तन र आवश्यकताहरू, सुविधा, उत्पादन वितरण र यान्त्रिक प्रतिस्पर्द्धाका विषयमा अनेक राजनीतिक विचारहरू छन् । एक्काइसौं शताब्दीका मानव अधिकार, सामाजिक न्याय, समतामूलक समाज, समुदायका बीचको सद्भाव र अन्तरविरोधजन्य समस्याहरू, राज्यहरूका बीचको सैनिक, आर्थिक जनसाङ्ख्यिक अवस्था, समाजमा विद्यमान अनेक विभेदपूर्ण व्यवहारहरूमा राजनीति केन्द्रित रहेको छ। यी सबै पश्चिमी विचार दर्शनका आधारमा परिभाषित छन् । तर हामी पूर्वीय र सबैभन्दा प्राचीनतम दर्शन, यसले निर्धारण गरेका सामाजिक आर्थिक आधारहरू, स्थापना गरेका राजनीतिक आर्थिक दर्शनहरू, विकास गरेको संस्कृति के थियो त ? त्यसको खोजीका पक्षमा छौं । नेपाल संस्कृत विश्वविद्यालयले यसको नेतृत्व लिनुपर्दछ । नेपाल भनेको प्राचीन ऋषिमुनिहरूको तपोभूमि, देव भूमि र सृष्टिको आदि उद्गमस्थल मानिन्छ। यस भूमिमा
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अनेक साधकहरूले गरेको साधनाको सुगन्ध नेपालको माटेमा पाउन सकिन्छ। नेपाल भूमि त शिर हो, यसका अन्य अङ्गप्रत्यङ्ग धेरैतिर छरिएका छन्। कुनै दिन भियतनाम, कम्बोडिया, थाइल्याण्ड, इन्डोनेसिया, अफगानिस्तान, इरान, इराक केही मात्रामा बर्मा , भूटान, आजको भारत र पहिले सिङ्गो भारतमा रहेका र वर्तमानमा स्वतन्त्र र सार्वभौमसत्तासम्पन्न राज्यहरू पाकिस्तान, श्रीलङ्का, बङ्गलादेशहरूमा पनि पूर्वीय दर्शनको प्रभाव र विस्तार थियो। बुद्धबाट प्रतिपादित ज्ञानको प्रभाव र विस्तारले पनि पूर्वीय चिन्तन, ज्ञानलाई नै प्रतिनिधित्व गर्दछ। इस्लाम र इसाई धर्मको उद्‌गम पनि पूर्व नै थियो।

नेपाल संस्कृत विश्वविद्यालयमा अंग्रेजी भाषाको पठनपाठन पश्चिमेली साहित्यकार र विचारहरूबारे जानकारी लिन र दिन मात्र होइन, हिन्दु दर्शन, संस्कृतको भण्डारमा रहेको अनन्त ज्ञानलाई अङ्ग्रेजी भाषामा रूपान्तरण गरी बाँकी संसारलाई परिचित गराउनु पनि हो। कमसेकम केही पत्रहरू पूर्वीय अर्थशास्त्र, पूर्वीय राजनीतिशास्त्र र यसले अवलम्बन गरेका मानकहरू पनि पाठ्यक्रममा समावेश गर्न पाए हुन्थ्यो नि त ? डा. पाण्डेयको साधना यही प्रश्नको उत्तरमा केन्द्रित छ। डा.पाण्डेय अर्घाखाँचीको हाल सितगङ्गा नगरपालिका ५ को स्थायी बासिन्दा हुनुहुन्छ। उहाँले हिन्दू राजनीतिक विचारकै सन्दर्भमा अनुसन्धान गरी पिएच डी गर्नुभएको छ । डा. पाण्डेयले त्रिविबाट राजनीतिशास्त्रमा स्नातकोत्तर, मेजर इङ्लिसमा स्नातक (शिक्षा संकाय), कानुन संकायबाट बी एल र संस्कृतमा शास्त्रीको अध्ययन गर्नुभएको छ। सन् १९९० देखि उहाँ निरन्तर राजनीतिशास्त्रको प्राध्यापनमा संलग्न हुनुहुन्छ र अहिले वाल्मीकि विद्यापीठमा सहप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ। डा. पाण्डेयले स्थानीय सरकार र वातावरणका सम्बन्धमा समेत लघु अनुसन्धानका काम गरिसक्नु भएको छ। उहाँका दर्जनौं लेखहरू नेपाली, संस्कृत र अंग्रेजी भाषामा प्रकाशित छन्। अत्यन्त परिश्रमी प्राध्यपक डा. पाण्डेयको कृति नेपाल संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठ, राजनीतिशास्त्र विभागबाट प्रकाशित गर्न पाउँदा मलाई र विभागसम्बद्ध सबै सहकर्मीहरूलाई अत्यन्त खुसी लागेको छ।

प्रस्तुत कृतिमा हिन्दु राजनीतिक विचारधाराका अनेकन विशेषताहरूको सङ्क्षेपमा उल्लेख गरिएको छ। दण्डनीति, यसको विकास, मानिसका स्वभाव, वर्णव्यवस्था र दास प्रथा, गुरुकुल शिक्षाप्रणाली, भौगोलिक अवस्थिति, राज्यको उत्पत्ति, राजतन्त्रात्मक र गणतन्त्रात्मक प्रणाली, मन्त्री र प्रशासनिक संगठन, राज्यका स्वरूप, कर व्यवस्था, न्याय प्रशासन, विधि निर्माण र प्रयोग, अन्तरराज्य सम्बन्ध, गुप्तचर, राजदूतहरूको व्यवस्था, युद्ध आचारसंहिता, राज्यविस्तार आदि अनेक प्रयोगहरूको संक्षिप्त तर सूक्ष्म विश्लेषण गरिएको छ। सुशासनको प्रश्न आजको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मात्र थिएन त्यस समयमा पनि यथावत् थियो। शिक्षा, आचार संहिता, नैतिकता अनेक विशेषताहरू थिए । धर्मलाई राजनीतिसँग समन्वय गरिएको थियो। धर्मविहीन शासनले अपराधवृत्तिलाई जन्माउँछ। नैतिकता र धर्म एक अर्काका पूरक मानिन्छन्। महात्मा गान्धीले धर्म र राजनीतिलाई अन्योश्रित भन्नुभएको छ। यसको अर्थ राष्ट्र नै कुनै एक धर्म अन्तरगत हुनुपर्छ भन्ने होइन । वर्तमान राजनीतिका मूल्यहरूले यस विषयवस्तुलाई त्यति महत्त्व दिएको पाइदैन । डा. पाण्डेयले हिन्दु राजनीतिक विचारको मूल्याङ्कन समेत गर्नुभएको छ। घटनाहरूको उत्खनन हुन्छ तर विचारको उत्खनन हुँदैन। विचारको समीक्षा हुन्छ र त्यसलाई प्रमाणित गर्ने आधार, तर्क स्थापित हुन्छन्।

पूर्वीय राजनीतिक दर्शन मनुबाट बढी परिभाषित छ । मनुको सिद्धान्तमा जनताको हित नगर्ने शासक विरुद्ध विद्रोह गर्ने नैसर्गिक अधिकार जनताको हुन्छ। आजको विकसित लोकतन्त्रमा समेत यो विचार प्रतिविम्बित छ। शुक्राचार्यको विचार पनि राजाले धर्मविपरित शासन गरेमा त्यसको विनाश अवश्यम्भावी छ। यसले पूर्वीय शासनमा जनताको सर्वोच्चतालाई स्थापित गरेको पुष्टि हुन्छ। आज प्रतिपादित अनेक राजनीतिक प्रणाली, राज्य प्रणाली, शासकीय मोडेल, जनता र शासकका बीचको अन्तरसम्बन्धबारे पूर्वीय दर्शनमा खुलस्त पारिएको छ। लोकतन्त्रको सौन्दर्य भनेको असहमतिको अधिकार हो । विपक्षका विचार प्रस्तुत हुन पाएन भने राजनीतिक प्रणाली निरङ्कुश हुन पुग्छ । पूर्वीय दर्शन अर्थात् हिन्दु राजनीतिक विचारमा असहमतिको आवाजलाई शासनले समन गर्नै पर्ने उल्लेख छ। भगवान् रामले जनताको त्यो पनि अत्यन्त अल्पसंख्यक र पिछडिएको वर्ग धोबीको शब्दको सम्मान गर्दै आफ्नी पत्नीलाई समेत परित्याग गरेको इहिास पढ्न पाइन्छ । यद्यपि अहिले महिलालाई त्यसरी निराश्रित गराई राजा र अभिभावक कसैले पनि परित्याग गर्नु महिला हिंसा मानिन्छ, तर त्यस समयको समाजलाई हामीले बुझ्नु जरुरी हुन्छ। महाभारत र रामायण अनि श्रीमद्भगवद्गीतासहितका ग्रन्थहरूको सूक्ष्म विश्लेषण गर्न सकेमा हिन्दु राजनीतिक विचारको गहनता बुझ्न थप सहज हुनेछ।

मेरो विचारमा करिब तीन हजार वर्षपहिले गरिएको राजनीतिक परिभाषा र विकसित विचारको तुलनामा करिब दश हजार वर्षपहिले स्थापित दर्शनका विषयमा गहन अध्ययनअध्यापन नहुँदा हिन्दु राजनीतिक विचारलाई विश्वले अनुमोदित नगरेको हुनुपर्दछ। सुशासन, राजाका अधिकार, न्याय प्रणाली, आर्थिक प्रणाली, सुरक्षा पद्धति आदि अनेक विषयमा हिन्दु राजनीतिक विचारले वर्तमानलाई समेत निर्देशित गर्ने क्षमता राख्दछ। यस विचारलाई अध्ययन, अनुसन्धान तथा प्रयोगमा ल्याउने हो भने [illegible]न्त्रिक थियो,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सङ्गठित र विकसित थियो भन्ने बुझ्न सकिन्छ। पूर्वीय दर्शन मानवताका उच्चतम मूल्यका आधारमा विकसित भएको दर्शन हो। हिन्दु दर्शनकै आधारमा त्यसको पक्ष, विपक्ष, संशोधन, आदिको आधार र प्रतिक्रियामा जन्मेका र व्यवहारमा आएका अरु कुनै पनि दर्शनभन्दा हिन्दु दर्शनको उच्चतम मूल्य देखिन्छ। कालक्रममा समाज र शासकहरूले बनाएका र प्रचलनमा आएका केही अपवादका आधारमा यस दर्शनको अवमूल्यन गरिनु अन्याय हुनेछ। त्यस्ता अपवादलाई परित्याग गर्दै दर्शनलाई जीवनसँग जोड्ने प्रयास भएमा हिन्दु राजनीतिक दर्शनका धेरै मान्यताहरूले समाजलाई सही बाटो देखाउन सक्दछन्। डा. पाण्डेयले यस कृतिमा यस्ता विविध पक्ष बुझिने गरी प्रस्तुत गर्नुभएको छ।

म मेरा मित्र डा. लालमणि पाण्डयेलाई यस गहन कृतिका लागि राजनीतिशास्त्र विभागका तर्फबाट हार्दिक बधाई तथा धन्यवाद प्रकट गर्दछु। यो कृति पूर्वीय राजनीतिक विचार खासगरी हिन्दु राजनीतिक विचारका महत्त्वपूर्ण विशेषताहरूबारे अवगत गर्न चाहनेहरूका लागि निश्चय पनि महत्त्वपूर्ण हुनेछ। नेपाल संस्कृत विश्वविद्यालयले नै हिन्दु राजनीतिक विचार, आर्थिक सिद्धान्त, समाजव्यवस्था, अन्तर्राष्ट्रिय सम्बन्ध, राजनीतिक प्रणाली, कानुन र न्यायका प्राचीन सिद्धान्त, ती सिद्धान्त प्रतिपादन गर्ने मनीषिहरू, त्यो कालखण्ड र वर्तमान तुलनात्मक अध्ययन, हिन्दु दर्शनको विराट कार्यक्षेत्र र पहुँचका विषयमा सरल तरिकाले अध्यापन गराउन सकेमा यस्ता कृतिहरू पुनः सिर्जना हुन सक्नेछन्। आजको आवश्यकता भनेको हिन्दु दर्शनका असल पक्षहरूलाई समयसापेक्ष परिभाषित गर्दै जीवनोपयोगी गराउन सक्नु हो। पाश्चात्य जगत्मा पनि हाल भाषिक रूपमा संस्कृत क्षेत्रको लोकप्रियता बढ्दो छ। भाषा मात्र होइन ज्ञानको समेत विस्तार हुनु आवश्यक छ।

अन्तमा यस्ता अरु गहन अनुसन्धानमूलक कृतिहरू डा. पाण्डयेबाट तयार हुनेछन् र राजनीतिशास्त्र विभागबाट गौरवका साथ प्रकाशन कार्य हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु। सबैका लागि पठनीय, ग्रहणीय र ज्ञानबर्द्धक प्रस्तुत कृतिका लागि पुनः बधाईका साथ मित्र डा. पाण्डेयको उत्तरोत्तर प्रगति होस्, हार्दिक शुभकामना।

प्रा. पुरुषोत्तम दाहाल
विभागाध्यक्ष
राजनीतिशास्त्र शिक्षण विभाग,
वाल्मीकि विद्यापीठ
२०७६।८।१३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्राक्कथन

परमेश्वरको अनुकम्पाले मेरो धेरै वर्षदेखिको सङ्कल्प पूरा भएको छ । वाल्मीकि विद्यापीठको राजनीतिशास्त्र शिक्षण विभागबाट यो ग्रन्थ प्रकाशित गरी प्राचीन हिन्दु राजनीतिक विचारधाराका प्रेमी अध्ययन-अनुसन्धानमा संलग्न विद्यार्थी तथा अन्य पाठक समक्ष प्रस्तुत गर्ने सौभाग्य प्राप्त भएको छ । नेपालका विश्वविद्यालयका स्नातक र स्नातकोत्तर तहका पाठ्यक्रममा समावेश गरिएका प्राचीन हिन्दु राजनीतिक विचारधाराका विशेषता, मनुको राजधर्म र कौटिल्यको सप्ताङ्ग सिद्धान्त एवं शासनकलासम्बन्धी विषयवस्तु यस ग्रन्थमा समावेश गरिएको छ । यसबाट हजारौं वर्षसम्म हिन्दु राजाहरूले व्यवहारमा अभ्यास गरेका राज्य व्यवस्था र शासनकलासम्बन्धी विचारको जानकारी प्राप्त गर्न सहज हुनेछ । साथै त्यस्ता कतिपय विचारहरू वर्तमान राजनीतिमा समेत उपयोगी सिद्ध हुने देखिन्छन् ।

राजनीतिक विचारधाराको अध्ययन- अनुसन्धानमा संलग्न व्यक्तिका लागि हिन्दु राजनीतिक विचारधाराको अध्ययन वर्तमान समयमा पनि रुचिको विषय रहेको छ । तात्कालिक परिवेशको राजनीतिक विचारमा हाल ठूलो परिवर्तन आएको भए तापनि केही प्राचीन हिन्दु राज्य व्यवस्थाका विचारहरू वर्तमान विश्वको प्रजातान्त्रिक अभ्यासमा समेत सान्दर्भिक देखिन्छन् । अत: प्राचीन हिन्दु राजनीतिक विचारधारा वर्तमान समयमा पनि जिज्ञासाको विषय भएको हो ।

सर्वप्रथम प्राचीन हिन्दुहरूले राजनीतिशास्त्रलाई ज्ञानको स्वतन्त्र शाखाको रूपमा विकास गरेका थिए । राजनीतिशास्त्रलाई दण्डनीति भनिन्थ्यो र यो ज्ञानको स्वतन्त्र शाखा मानिन्थ्यो । राजधर्म, नीतिशास्त्र, राज्यशास्त्र, अर्थशास्त्र आदि नाम पनि दण्डनीतिका लागि प्रयोग गरेको पाइन्छ । बृहस्पति र कौटिल्यले दण्डनीतिलाई अर्थशास्त्र नाम दिएका छन् । अर्थशास्त्रमा राज्य र शासनकलाको विषयमा प्रकाश पारिएको छ । हिन्दु राजनीतिक चिन्तनमा राज्यको उत्पत्ति, राज्यका तत्त्व, शासनकला, अन्तर्राज्य सम्बन्धका सिद्धान्त आदिलाई चिन्तनको मुख्य विषय बनाइएको छ ।

राजतन्त्र प्राचीन हिन्दुहरूको प्रचलित शासन प्रणाली थियो । मनु र कौटिल्य दुबै राजतन्त्रका समर्थक हुन् । उनीहरूले राजामा शक्ति केन्द्रित गरेका भए तापनि राजालाई निरङ्कुश हुनबाट भने रोकेका छन् । जनता र राज्यको

Prof Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कल्याणका काम गर्न राजतन्त्र शक्तिशाली छ तर राजाको निजी हित र सुखका निम्ति काम गर्न राजालाई निषेध गरिएको छ । राजा र उनका सहयोगी सदाचारी हुनुपर्छ भन्ने हिन्दू राज्य व्यवस्थाको मान्यता छ । नैतिकता र सदाचारको विकासका निम्ति शिक्षाको आवश्यकतामा विशेष जोड दिइएको छ। व्यक्तिलाई सदाचारी र आत्मसम्यमी बनाउनु शिक्षाको उद्देश्य मानिएको छ। राजा र प्रजालाई कर्तव्यको बोध गराउन शिक्षा आवश्यक मानिएको छ। शिक्षाबाट शासनकलाको ज्ञान गराउने र कर्तव्यको मर्यादाभित्र राखेर राजाको स्वेच्छाचारिता रोक्ने योजना हिन्दु राजनीतिक चिन्तनमा छ । नैतिकता र सदाचारलाई राजनीतिसँग जोड्ने महात्मा गान्धीको विचारमा पनि प्राचीन हिन्दु राजनीतिक विचारको प्रभाव परेको पाइन्छ। राजाका निम्ति तोकिएका सदाचारका नियम सुशासनका लागि वर्तमान समयमा समेत सान्दर्भिक हुन सक्छन्।

ऋषिहरूद्वारा प्रतिपादन गरिएका नियमअनुसार शासन सञ्चालन गर्नु राजाको परम कर्तव्य मानिएको छ । राजालाई कानुन कार्यान्वयन गर्ने एवं न्याय सम्पादन गर्ने अधिकार दिइएको छ। विधि निर्माण गर्ने शक्ति राजालाई दिइएको छैन । यसबाट आधुनिक शक्ति पृथक्करण र विधिको शासनको बीज प्राचीन हिन्दु राजनीतिक चिन्तनमा अन्तर्निहित भएको महसुस हुन्छ।

हिन्दु राजनीतिक चिन्तनमा जनतालाई जनार्दन भनिएको छ। जनताको अभिमतअनुसार शासन सञ्चालन गर्नु राजाको कर्तव्य निर्धारण गरिएको छ । जनताबाट गरिने आलोचना राजाले सुन्नुपर्छ भन्ने पनि प्राचीन हिन्दु राजनीतिशास्त्रको स्थापित मान्यता रहेको छ । आफ्नो कर्तव्य पूरा नगर्ने राजाका विरुद्ध जनतालाई विद्रोहको अधिकार पनि दिइएको छ । राजाले जनताका विचार बुझ्न गुप्तचरको सञ्जाल निर्माण गर्नुपर्छ भनिएको छ । गुप्तचरका माध्यमबाट जनताका अभिमत बुझेर जनआकाङ्क्षाअनुसार शासन गर्नु राजाको कर्तव्य मानिएको छ। यो व्यवस्था तात्कालिक समयमा जनताको शासनमा सहभागिताका लागि अभ्यास गरिएको प्रजातन्त्रको विशिष्ट नमुना मान्न सकिन्छ।

अन्य राज्यलाई जित्न चाहने शक्तिशाली राज्यलाई विजिगीषु तथा त्यसका मित्र, शत्रु, मध्यम र उदासीन राज्यहरू रहेको राज्य मण्डल सिद्धान्तको प्रतिपादन हिन्दु राजनीतिक चिन्तनमा गरिएको छ । सन्धि, विग्रह, यान,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आसन, संश्रय र द्वैधीभाव गरी अन्तर्राज्य सम्बन्धका छ सिद्धान्तको प्रतिपादन गरिएको पाइन्छ। साम, दान, भेद र दण्ड जस्ता कूटनीतिका उपायको प्रयोगसम्बन्धी व्यवस्था हिन्दु राजनीतिक चिन्तनका मौलिक सिद्धान्त हुन् जसको वर्तमान कूटनीतिमा समेत प्रयोग गर्ने गरिएको पाइन्छ । हिन्दुहरूले प्रतिपादन गरेका कतिपय युद्धका नियम एवं दूतसम्बन्धी नियम र आधुनिक अन्तर्राष्ट्रिय कानुनका प्रावधानबीच सामञ्जस्य देखिन्छ ।

यस पुस्तकमा सारगर्भित भूमिका लेखी राजनीतिशास्त्र शिक्षण विभागबाट प्रकाशित गर्न प्रोत्साहित गर्नुहुने यस विभागका विभागाध्यक्ष प्रा. पुरुषोत्तम दाहालप्रति सादर आभार व्यक्त गर्दछु । पुस्तकको भाषा सम्पादनमा विशेष सहयोग गर्नुहुने उपप्रा. जनकराज भट्टका साथै सहप्रा. भीमप्रसाद कण्डेल, सहप्रा. माधवप्रसाद लामिछाने एवं सहप्रा. नारायणप्रसाद पौडेलप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यसैगरी पुस्तक प्रकाशनमा सहयोगका लागि सहप्रा. मोतीलाल शर्माप्रति धन्यवाद ज्ञापन गर्दछु । पुस्तक लेखनमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा अनवरत सहयोग गर्ने मेरी धर्मपत्नी उषा पाण्डेयलाई पनि धन्यवाद दिन चाहन्छु । पुस्तक लेखनमा मनुस्मृति र कौटिल्य अर्थशास्त्रका साथै विभिन्न ग्रन्थ एवं लेख-रचनाबाट गरिएको उद्धरणका लागि सम्बद्ध लेखकप्रति आभार व्यक्त गर्दछु ।

शब्दको गरिमाका कारणले गर्दा यस पुस्तकमा संस्कृतका धेरै पारिभाषिक शब्द प्रयोग गरिएको हुँदा यसबाट पाठक वर्गमा पर्न जाने असुविधाका निम्ति क्षमाप्रार्थी छु । यस पुस्तकले पाठकहरूको माया पाउने छ भन्ने विश्वास लिएको छु । अन्त्यमा यस पुस्तकलाई अझ परिष्कृत पार्दै लैजानका लागि पाठकहरूबाट आवश्यक सल्लाह, सुझाव, सहयोग र सद्भावको सदा अपेक्षा गर्दछु ।

डा. लालमणि पाण्डेय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

विषयसूची

भूमिका iii
प्राक्कथन ix

प्रथम अध्याय
प्राचीन हिन्दु राजनीतिक विचारधाराका विशेषता १
१. दण्डनीति ज्ञानको शाखा १
२. दण्डनीतिको विकास ३
३. मानिसको स्वभाव ५
४. वर्ण व्यवस्था र दास प्रथा ६
५. गुरुकुल शिक्षा प्रणाली ६
६. भौगोलिक अवस्थिति ७
७. हिन्दु राजनीतिक चिन्तनको क्षेत्र ८
८. राज्यविहीन समाज र राज्यको उत्पत्ति ८
९. राजतन्त्रात्मक र गणतन्त्रात्मक शासन व्यवस्था १०
१०. मन्त्री र प्रशासनिक संगठन १०
११. मन्त्रणा ११
१२. राज्यका सप्तप्रकृति ११
१३. कल्याणकारी राज्यको परिकल्पना १२
१४. कर व्यवस्था १३
१५. स्वतन्त्रता, समानता र मानवता १३
१६. न्याय प्रशासन १४
१७. विधिको स्वरूप र विधिको शासनको झलक १५
१८. अन्तरराज्य सम्बन्धका सिद्धान्त १७
१९. राजदूतको व्यवस्था १८
२०. गुप्तचर व्यवस्था १९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
२१. युद्ध आचार १९
२२. साम्राज्य निर्माण र स्थानीय शासन २०
२३. संघीय शासन प्रणाली २२
२४. धर्म र राजनीतिको सामञ्जस्य २३
२५. यथार्थवादी र उपदेशात्मक चिन्तन २३
२६. मौलिक र नयाँ विचारमा अवरोध २४
२७. सुशासनका आधार शिक्षा, कर्तव्य र नैतिकता २४
२८. विद्रोहको अधिकार २५
२९. शास्त्रको मतलाई सत्य मान्ने परम्परा २६
३०. आलोचना सुन्ने व्यवस्था २६
३१. निष्कर्ष २७

द्वितीय अध्याय
मनु २८
१. मनुस्मृति र यसको रचना काल २८
२. दण्डनीति ज्ञानको स्वतन्त्र शाखा २९
३. धर्म प्रधान राजनीति ३०
४. वर्ण व्यवस्था ३१
५. शिक्षा प्रणाली ३२
६. राज्यको उत्पत्ति ३३
७. राज्य ३३
८. सप्ताङ्ग सिद्धान्त ३५
८.१. स्वामी ३५
८.२. अमात्य ३५
८.३. पुर ३६
८.४. राष्ट्र ३६
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

८.५. कोष	३७
८.६. दण्ड	३७
८.७. मित्र	३७
९. राजसंस्था	३८
९.१. राजाको चरित्र	३९
९.२. राजाको दिनचर्या	४०
९.३. राजाको देवत्व	४०
९.४. राजामाथि नियन्त्रण	४१
१०. राजधर्म	४२
१०.१. कार्यपालिका	४२
१०.२. आन्तरिक शान्ति सुव्यवस्था	४२
१०.३. राज्यको प्रतिरक्षा	४३
१०.४. लोककल्याणकारी कार्य	४३
१०.५. कर नीति	४३
१०.६. स्थानीय सरकार	४४
१०.७. न्याय एवं दण्ड व्यवस्था	४५
१०.८. सभा र न्याय प्रशासन	४५
११. विधि	४६
१२. विवाद	४७
१३. प्रमाण	४७
१४. आर्थिक प्रणाली र आर्थिक पवित्रता	४८
१५. स्वतन्त्रता र समानता	४९
१६. मन्त्रणा	४९
१७. युद्ध धर्म	५०
१७.१. पराजित राज्यप्रति सदाशयता	५१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

१८. अन्तर्राज्य सम्बन्ध ५२

१८.१. मण्डल सिद्धान्त ५२

१८.२. चार उपाय ५३

१९. षड्गुण सिद्धान्त ५३

१९.१. सन्धि ५४

१९.२. विग्रह ५४

१९.३. यान ५४

१९.४. आसन ५४

१९.५. द्वैधीभाव ५५

१९.६. संश्रय ५५

२०. राजाका सहायक ५५

२०.१. मन्त्रिपरिषद् र अन्य राजकीय कर्मचारी ५६

२०.२. गुप्तचर ५६

२०.३. दूत ५६

२१. उपसंहार ५७

तृतीय अध्याय

कौटिल्य ६०

१. अर्थशास्त्रका प्रणेता ६२

२. अर्थशास्त्रमा वर्णित विषय ६२

३. अर्थशास्त्र ज्ञानको स्वतन्त्र शाखा ६४

४. धर्म, नैतिकता र राजनीति ६५

५. राज्यको उत्पत्ति ६७

६. सप्ताङ्ग सिद्धान्त ६९

६.१. स्वामी ६९

६.२. अमात्य ७०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

६.३. जनपद ७१
६.४. दुर्ग ७२
६.५. कोष ७२
६.६. दण्ड ७३
६.७. मित्र ७३
७. राज्यका अङ्गबीच आङ्गिक एकता ७४
८. सप्ताङ्ग सिद्धान्तको मूल्याङ्कन ७४
९. राजतन्त्र र शासनकला ७५
१०. शक्तिशाली राजतन्त्र ७५
११. राजतन्त्रको उदय ७५
१२. राजाको शिक्षा र चरित्र ७६
१३. राजाका लागि सदाचार ७७
१४. राजाको दिनचर्या ७८
१५. नीतिशास्त्रअनुसार शासन सञ्चालन ७९
१६. अमात्य र अन्य अधिकारी ८०
१७. जनमतको सम्मान ८१
१८. जनताको प्रतिनिधित्व ८१
१९. सैनिक सङ्गठन ८२
२०. राजाका कर्तव्य तथा राज्यका कार्य ८२
२०.१. आन्तरिक शान्ति सुरक्षासम्बन्धी कार्य ८३
२०.२. बाह्य आक्रमणबाट सुरक्षासम्बन्धी कार्य ८३
२०.३. आर्थिक कार्य ८३
२०.४. सामाजिक तथा धार्मिक कार्य ८४
२०.५. न्यायसम्बन्धी कार्य ८५
२०.६. राज्य विस्तार ८५
२०.७. लोककल्याणकारी कार्य ८६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२०.८. भ्रष्ट अधिकारीबाट जनताको रक्षा ८६
२०.९. राजा संरक्षकको रूपमा ८६
२१. अन्तर्राज्य सम्बन्धका सिद्धान्त ८७
२२. राज्य मण्डल सिद्धान्त ८७
२२.१. विजिगीषु ८८
२२.२. अरि ८८
२२.३. मित्र ८९
२२.४. अरिमित्र ८९
२२.५. मित्रमित्र ८९
२२.६. अरिमित्रमित्र ८९
२२.७. पार्ष्णिग्राह ८९
२२.८. आक्रन्द ९०
२२.९. पार्ष्णिग्राहासार ९०
२२.१०. आक्रन्दासार ९०
२२.११. मध्यम ९०
२२.१२. उदासीन ९०
२३. राष्ट्रिय शक्ति ९०
२३.१. मन्त्रशक्ति ९१
२३.२. प्रभुशक्ति ९१
२३.३. उत्साहशक्ति ९१
२४. सिद्धि ९२
२५. षड्गुण्य सिद्धान्त ९२
२५.१. सन्धि ९३
२५.२. विग्रह ९३
२५.३. आसन ९४
२५.४. यान ९४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

	२५.५. आश्रय	९४
	२५.६. द्वैधीभाव	९५
२६.	चार उपाय	९५
	२६.१. साम	९६
	२६.२. दान	९६
	२६.३. भेद	९६
	२६.४. दण्ड	९७
२७.	कूटनीति र दूत-व्यवस्था	९७
	२७.१. दूतको योग्यता	९८
	२७.२. दूतका प्रकार	९९
	२७.३. दूतका विशेषाधिकार	९९
	२७.४. दूतका कार्य	९९
२८.	गुप्तचर व्यवस्था	१००
	२८.१. गुप्तचरको योग्यता र नियुक्ति	१०१
	२८.२. गुप्तचरका प्रकार	१०१
	२८.३. गुप्तचरका कार्य	१०२
	१) जनताका विचार राजासम्म पुराउने कार्य	१०२
	२) राजकीय अधिकारी एवं कर्मचारीको आचरणको सूचना	१०३
	३) न्याय सम्पादनमा सत्य पत्ता लगाउने कार्य	१०३
	४) शत्रुका गतिविधिको सूचना राजालाई दिने कार्य	१०३
२९.	युद्ध	१०४
	२९.१. युद्धका कारण	१०४
	२९.२. युद्धका प्रकार	१०५
	२९.३. युद्धका नियम	१०५
	२९.४. युद्धको उपलब्धि	१०६
	२९.५. पराजित शत्रुप्रति उदार व्यवहार	१०६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

३०. न्याय प्रणाली १०७

३०.१. विधिको प्रकृति र स्रोत १०७

३०.२. न्यायालयको स्थापना १०९

३०.३. विवादका प्रकार १११

३०.४. प्रमाण १११

३०.५. न्याय सम्पादनको सिद्धान्त ११३

१) सदाचारको स्थापना ११३

२) विधिका अधीनमा राजा ११३

३) निष्पक्ष न्याय ११४

४) न्यायिक निर्णयमा शीघ्रता ११४

५) दण्ड व्यवस्थामा असमानता ११४

३१. आर्थिक नीति ११५

३१.१. राजस्वका स्रोत ११६

३१.२. व्ययका स्थान ११७

३१.३. आर्थिक प्रणाली ११७

३२. कौटिल्यको आलोचना १२०

३३. निष्कर्ष १२१

सन्दर्भ ग्रन्थसूची १२५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रथम अध्याय

प्राचीन हिन्दु राजनीतिक विचारधाराका विशेषता

(Characteristics of Ancient Hindu Political Thought)

मनवे वाचस्पतये शुक्राय पराशराय ससुताय।
चाणक्याय च विदुषे नमोऽस्तु नयशास्त्रकर्तृभ्य: ।। (पञ्चतन्त्र)

वैदिक सभ्यताको आरम्भदेखि नै प्राचीन आर्यहरूले राजनीतिक एवं प्रशासनिक संगठनको स्वरूपको चिन्तन प्रारम्भ गरेका थिए । ऋग्वेद र उत्तरवर्ती वैदिक साहित्यको अध्ययनबाट प्राचीन कालको राजनीतिक एवं प्रशासनिक संगठनको विकासको ज्ञान प्राप्त गर्न सकिन्छ । प्राचीन राजनीतिक चिन्तन धर्मसँग मिसिएको छ । वैदिक सनातन धर्म आर्यहरूको धर्म हो । यसको प्राचीनता र विशालताका कारण यसलाई 'सनातन धर्म' भनिन्छ । सनातनको अर्थ शाश्वत अर्थात् सधै रहिरहने भन्ने हुन्छ । प्राचीन कालदेखि चल्दै आएका विभिन्न मतमतान्तर, आस्था र विश्वासहरूको समुच्चय सनातन धर्म हो । वैदिक सनातन धर्मलाई वर्तमान समयमा हिन्दुधर्म र वैदिक परम्पराको राज्य व्यवस्थाको चिन्तनलाई हिन्दु राज्यव्यवस्था (Hindu Polity) भन्ने गरिएको छ । हिदुहरूले राजनीतिक चिन्तनलाई ज्ञानको छुट्टै शाखाका रूपमा विकास गरेका थिए । प्राचीन हिन्दु राजनीतिक चिन्तनभित्र के कस्ता विषयहरू समावेश गरेको पाइन्छ र राजनीतिक चिन्तनका के कस्ता विशेषता रहेका छन्, यिनै जिज्ञाषाहरूको समाधान प्राचीन राजनीतिक ग्रन्थहरूको अनुशीलनबाट गर्ने प्रयत्न यस संक्षिप्त लेखमा गरिएको छ ।

१. दण्डनीति ज्ञानको शाखा (Politics as a Separate Discipline)

कुनै बिषयको क्रमबद्ध ज्ञानलाई शास्त्र वा विद्या भनिन्छ । वैदिक सनातन सभ्यतामा विभिन्न विद्या वा शास्त्रको विकास गरिएको थियो । वैदिक ग्रन्थहरूमा राजनीतिक चिन्तन सूत्रात्मक रूपले छरिएर रहेको अवस्थामा पाइन्छ । उत्तर वैदिक कालमा दण्डनीति महत्वपूर्ण विद्याका रूपमा विकसित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
भएको देखिन्छ । राजनीतिशास्त्रलाई दण्डनीति भनिन्थ्यो । बृहस्पतिले यसलाई अर्थशास्त्र भनेका छन् । मनुस्मृति, याज्ञवल्क्यस्मृति आदि धर्मशास्त्र र पुराणमा राजनीतिक चिन्तनलाई राजधर्म भनिएको छ । राजधर्मको अर्थ राजाको धर्म वा राजाको कर्तव्य हो । राजाले राज्य सञ्चालन कसरी गर्नुपर्दछ भन्ने बिषयमा प्रकाश पार्ने विद्याको नाम राजधर्म हो । यसरी दण्डनीतिका साथै राजधर्म, अर्थशास्त्र, नीतिशास्त्र, राजशास्त्र, राज्यशास्त्र, राजनीतिशास्त्र आदि विभिन्न नाम यस शास्त्रका लागि पर्यायवाची शब्दका रूपमा प्रयोग गरिएको पाइन्छ ।

मनुस्मृति वैदिक साहित्य पछि वैदिक ज्ञानलाई आधार मानेर रचना गरिएको सनातान धर्मको महत्त्वपूर्ण ग्रन्थ हो । यसैलाई आधारको रूपमा स्वीकार गरेर विभिन्न स्मृतिहरू रचना गरिएका छन् । स्मृतिलाई धर्मशास्त्र भनिन्छ । स्मृतिहरुमा राज्य सञ्चालनसम्बन्धी ज्ञानलाई राजधर्म भनिएको छ । ईशापूर्व चौथो शताब्दीको अन्त्यतिर रचना गरिएको अर्थशास्त्रमा आन्वीक्षिकी, त्रयी, वार्ता र दण्डनीति चार विद्या हुन् (कौटिल्य, २०००, अधि. १,अ. १)[1] भनी उल्लेख गरिएको छ । सांख्य, योग र लोकायत (चार्वाक) दर्शनशास्त्रलाई आन्वीक्षिकी विद्या भनिन्छ । ऋग्, यजु र सामवेदलाई त्रयी भनिन्छ । अथर्ववेद इतिहास र वेदाङ्गलाई पनि त्रयी अन्तर्गत राखिन्थ्यो । कृषि, पशुपालन र वाणिज्यशास्त्रलाई वार्ता भनिन्थ्यो ।[2] कौटिल्यका अनुसार आन्वीक्षिकी, त्रयी र वार्ताको विकास दण्डमा निर्भर हुन्छ । शासन प्रतिपादन गर्ने नीति दण्डनीति हो जसले अप्राप्त वस्तु प्राप्त गर्न, प्राप्त वस्तुको रक्षा गर्न, रक्षित वस्तुको वृद्धि गर्न र संवर्द्धित वस्तु समुचित कार्यमा लगाउन निर्देश गर्दछ[3] (कौटिल्य, २०००, अधि.१, अ. ३) । बृहस्पतिले दण्डनीतिलाई एक मात्र विद्या[4] (बृहस्पति, १९२४, अ. १, सू. ३) मान्दछन् । मनुस्मृति, याज्ञवल्क्यस्मृति आदिमा राजनीतिक चिन्तन धर्म प्रधान छ । धर्मलाई प्राथमिकता दिइएको छ । राज्य र राजनीतिक चिन्तनमा अर्थ प्रधान चिन्तनका प्रणेता बृहस्पतिलाई मानिन्छ । अर्थलाई प्रधानता दिएर नै कौटिल्यले अर्थशास्त्रको रचना गरेका हुन् । मनुष्यको

---

[1] आन्वीक्षकी त्रयी वार्ता दण्डनीतिश्चेति विद्या :।

[2] कृषिपाशुपाल्ये वाणिज्या च वार्ता ।

[3] आन्वीक्षकीत्रयीवार्तानां योगक्षेमसाधनो दण्ड: । तस्य नीतिर्दण्डनीति: । अलब्धलाभार्था; लब्धपरिरक्षणी; रक्षितविवर्धनी; वृद्धस्य तीर्थेषु प्रतिपादनी च ।

[4] दण्डनीतिरेव विद्या ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

जीविकालाई अर्थ भनिन्छ भन्ने कौटिल्यको विचार छ । मानिसको बसोबास भएको भूमिलाई पनि अर्थ भनिन्छ । त्यस्तो भूमि प्राप्त गर्न र त्यसको रक्षा गर्न चाहिने उपायको शास्त्र अर्थशास्त्र हो[5] (कौटिल्य, २०००, अधि.१५, अ.१) । शुक्राचार्यलाई दण्ड प्रधान विचारका प्रवर्तक मानिन्छ । दण्ड वा शक्ति र यसको प्रयोगबाट नै सामाजिक सुव्यवस्था कायम गर्न सकिन्छ भन्ने उनको मत छ । यसरी प्राचीन कालमा हिन्दुहरूले राजनितिशास्त्रको ज्ञानलाई ज्यादै महत्त्व दिन्थे र एउटा स्वतन्त्र ज्ञानको शाखाका रूपमा विकास गरेका थिए ।

२. दण्डनीतिको विकास

(Development of Hindu Political Thought)

वर्तमान समयमा राजनितिसम्बन्धी प्राचीन ग्रन्थ कम मात्र उपलब्ध छन् । वेदलाई ज्ञानको स्रोत मानिन्छ । अन्य शास्त्रहरू जस्तै राजनितिशास्त्रको चिन्तनको प्रारम्भ पनि वेदबाट भएको मानिन्छ । ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद गरी चार वेद छन् । हरेक वेदका मन्त्र, ब्राह्मण, आरण्यक र उपनिषद गरी चार भाग छन् । गृहसूत्र एवं धर्मसूत्रहरू पनि वैदिक साहित्य भित्र पर्दछन् । वैदिक साहित्य यद्यपि विशुद्ध राजनीतिक एवं प्रशासनिक विषय संग सम्बन्धित होइन तथापि वैदिक साहित्यमा राजधर्म एवं प्रशासन सञ्चालन सम्बन्धी उपदेश यत्रतत्र छरिएको अवस्थामा उपलब्ध छन् । आपस्तम्ब, बौद्धायन, गौतम र वशिष्ठ धर्मसूत्रहरूबाट राजधर्म, कर प्रणाली, सम्पति, परिवार र व्यक्तिको संरक्षणसम्बन्धी कानुनको क्रमबद्ध ज्ञानका साथै सामाजिक र राजनीतिक व्यवस्थाको आधारभूत विचारको प्रारम्भ भएको देखिन्छ ।

कौटिल्यको अर्थशास्त्र र महाभारतबाट प्राचीन राज्यशास्त्रका विभिन्न ग्रन्थको ज्ञान प्राप्त गर्न सकिन्छ । कौटिल्यले मानव, बार्हस्पत्य, औशनस, पाराशर र आम्भीय (कौटिल्य, २०००, अधि. १, अ. १) दण्डनीतिसम्बन्धी परम्पराको उद्धरण गरेका छन् । यी पाँच प्रमुख राजनीतिसम्बन्धी परम्पराका साथै कौटिल्यले भारद्वाज, विशालाक्ष, पिशुन, कौणपदन्त, वातव्याधि, बाहुदन्तीपुत्र, कात्यायन, घोटमुख, दीर्घचारायण, पिशुनपुत्र, किञ्जल्क

---

[5] मनुष्याणां वृत्तिरर्थः, मनुष्यवती भूमिरित्यर्थः, तस्या पृथिव्या लाभपालनोपायः शास्त्रमर्थशास्त्रमिति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

(कौटिल्य, २०००, अधि. १, अ. ४- ५) । आदि प्राचीन राजनीतिका लेखकहरूको विचार उद्धृत गरेका छन् । वेदव्यासले महाभारत शान्तिपर्वमा ब्रह्मालाई नीतिशास्त्रका प्रथम प्रणेता मानेका छन् । ब्रह्माले धर्म, अर्थ, काम र मोक्ष चार पुरुषार्थ आर्जन गर्ने उपाय र जसको अवलम्बन गर्दा समाज सन्मार्गबाट विचलित हुँदैन ती उपायको निर्देश भएको एक लाख अध्याय भएको नीतिशास्त्रको रचना गरेका थिए । ब्रह्माले रचना गरेको नीतिशास्त्रलाई संक्षेपीकरण गरी भगवान् शङ्करले दश हजार अध्याय भएको वैशालाक्षनीतिशास्त्रको रचना गरे । सोही नीतिशास्त्रलाई इन्द्रले संक्षेपीकरण गरी पाँच हजार अध्याय भएको बाहुदन्तक नामक नीतिशास्त्रको रचना गरे । बाहुदन्तक नीतिशास्त्रलाई बृहस्पतिले संक्षेपीकरण गरी तीन हजार अध्याय भएको बार्हस्पत्य नीतिशास्त्रको निर्माण गरे । शुक्राचार्यले बार्हस्पत्य नीतिशास्त्रलाई पनि संक्षेपीकरण गरी एक हजार अध्याय भएको नीतिशास्त्रको रचना गरे (शान्तिपर्व, वि. सं. २०५८, अ. ५९, श्लो. २९-८५) । साथै मनु, भारद्वाज, गौरशिरा, मातरिश्वा, कश्यप, वैश्रवण, उतथ्य, वामदेव, शम्बर, कालकवृक्षीय, वसुहोम र कामन्दक आदि नीतिको पनि महाभारतमा उद्धरण गरिएको छ ।

माहाभारत र कौटिल्यको अर्थशास्त्रमा उल्लेख भएका ग्रन्थहरू वर्तमान अवस्थामा उपलब्ध छैनन् । मनुको मनुस्मृति, बृहस्पतिको बार्हस्पत्य-अर्थशास्त्र र बृहस्पतिस्मृति र शुक्राचार्यको शुक्रनीतिसार उपलब्ध ग्रन्थहरू हुन् । मनुले सर्वप्रथम राज्य सञ्चालन सम्बन्धमा वर्णन गरेको हुनाले उनलाई हिन्दु रानीतिक चिन्तनका पिता (Father of Hindu Political Thought) भनिन्छ । वैदिक साहित्य पछि मनुस्मृति, याज्ञवल्क्यस्मृति आदि स्मृतिहरुको विकास भएको हो । स्मृतिलाई धर्मशास्त्र भनिन्छ । स्मृतिहरूमा सवै भन्दा पूरानो मनुस्मृति हो । स्मृतिहरू वेद मूलक भएकाले प्रामाणिक ग्रन्थ मानिन्छन् । विभिन्न स्मृतिहरू, रामायण, महाभारत र पुराणहरू प्राचीन राजशास्त्रका स्रोत हुन् ।

हिन्दु राजनितिक चिन्तनको इतिहासमा कौटिल्य अर्थशास्त्रको अत्यन्त महत्त्वपूर्ण स्थान छ । कौटिल्यले रानीतिशास्त्रलाई धर्मशास्त्रबाट छुट्याउने काम गरे । कौटिल्यले अर्थशास्त्रको प्रारम्भमा पृथ्वीको लाभ र पालनको प्रयोजनका लागि पूर्व आचार्यहरूले जुन अर्थशास्त्र लेखेका थिए प्राय तिनै अर्थशास्त्रको सार सङ्कलन गरेर प्रस्तुत अर्थशास्त्रको रचना गरिएको छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

(कौटिल्य, २०००, अधि. १, अ. १) भनी उल्लेख गरेका छन् । कौटिल्यले अर्थशास्त्रमा राजनीतिका व्यावहारिक पक्षको वर्णन विस्तार पूर्वक गरेका छन् । त्यसमा लगभग राजनीतिका सबै पक्ष समावेश भएका छन् । कौटिल्य पछि भने राजनीतिशास्त्रको मौलिक चिन्तन परम्परामा उल्लेख्य प्रगति भएको पाइँदैन । जैन तथा बौद्ध साहित्य पनि प्राचीन राजनीति चिन्तनको परम्पराबारे प्रकाश पार्ने सन्दर्भमा महत्त्वपूर्ण मानिन्छन् । संस्कृत साहित्यका रघुवंश, दशकुमार चरित आदि ग्रन्थमा पनि राजनीतिक चिन्तनबारे प्रकाश पारेको पाइन्छ । कौटिल्यको अर्थशास्त्रका आधारमा पद्यमा लेखिएको कामन्दक नीतिसार, सोमदेव सूरीको नीतिवाक्यामृत, चण्डेश्वरको राजनीतिरत्नाकर आदि हिन्दु राजनीतिशास्त्रका उपलब्ध ग्रन्थ हुन् । राजनीतिरत्नाकरका रचयिता चण्डेश्वर ईशाको चौधौं शताब्दीको पूर्वार्धमा नेपालको मिथिला क्षेत्रका कर्नाटक वंशी अन्तिम राजा हरिसिंहदेवका मन्त्री थिए । हिन्दु राजनीतिक चिन्तनको समृद्ध परम्पराले कौटिल्य पछि निरन्तरता पाउन सकेन । कौटिल्य पछि राजनीतिक चिन्तन पूर्ण भएको ठानियो । मौलिक र नयाँ चिन्तनको आवश्यकता महसुस गरिएन । आधुनिक कालमा पाश्चात्य चिन्तनको प्रभुत्व कायम भयो । प्राचीन चिन्तन ओझेलमा पर्न गयो ।

३. मानिसको स्वभाव (Human Nature)

सत्त्वगुण, रजोगुण र तमोगुण मानिसका प्रमुख स्वभाव हुन् । मानिसको मूल प्रकृति वा स्वभाव सत्त्वगुण प्रधान हो । सत्ययुगमा मानिसहरूमा सत्त्वगुण थियो । सबै मानिसहरू आफ्नो धर्मको पालना र कर्तव्यप्रति सचेत थिए । राज्य, राजा र दण्ड व्यवस्थाको आवश्यकता थिएन । सनातन धर्मको ज्ञान मानिसमा थियो । समाज धर्मबाट सञ्चालित थियो । धर्मको ह्रास एवं लोभ र मोह विकासका कारण सत्ययुगको आदर्श समाजमा विकृतिको उदय भयो । त्यसपछि मात्र राजा र राज्यका साथै दण्ड व्यवस्थाको आवश्यकता परेको हो भन्ने हिन्दु राजनीतिक चिन्तनमा रहेको छ । त्यसपछि मात्र रजोगुण र तमोगुणको विकास भएको हो । मानिसमा यी फरकफरक गुणहरूको प्रधानता हुन्छ । मानव सृष्टिसँगै यी गुणहरूको पनि सृष्टि भएको हो भन्ने मान्यता हिन्दु राजनीतिक चिन्तनको विशेषता रहेको छ । यही गुणका आधारमा कामको विभाजन गरी समाजलाई चार वर्णमा विभाजन गरिएको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

४. वर्ण व्यवस्था र दास प्रथा (Class System and Slavery)

प्राचीन हिन्दु समाजमा वर्ण व्यवस्था थियो । समाज ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र गरी चार वर्णमा विभाजित थियो । ब्राह्मणले वेदाभ्यास, क्षत्रियले प्रजाको रक्षा र वैश्यले वार्ता (कृषि, मानिन्थ्यो । वैश्यको कार्य कृषि, पशुपालन र वाणिज्य अर्थात् आर्थिक गतिविधि सञ्चालन गर्नु थियो । शूद्रको कार्य सबै वर्णका मानिसहरूलाई तत्तत् कार्यमा सहयोग र सेवा गर्नु थियो । प्रारम्भमा गुण र कर्म अर्थात् मानिसको स्वभाव र कार्य विभाजनका आधारमा वर्ण विभाजन गरिएको थियो । तर कालान्तरमा यसको आधार जन्म बन्न गयो । वर्तमान सन्दर्भमा नागरिकहरू बीच वर्णका आधारमा गरिने भेदभावको कुनै स्थान छैन ।

पाश्चात्य राजनीतिक चिन्तन प्रारम्भ गर्ने युनानी विचारक प्लेटोले आदर्श राज्यमा समाजलाई मानिसको गुणका आधारमा शासक वर्ग, रक्षक वर्ग र उत्पादक वर्गमा समाज विभाजन गर्ने कल्पना गरेका थिए । युनान र पश्चिमी समाजमा उनको विचार पुस्तकका पानामा मात्र सीमित रह्यो । तर हिन्दु समाज वैदिक कालदेखि नै गुण र कर्म वा पेशाका आधारमा ब्राह्मण, क्षत्रिय, वैश्य, र शूद्र गरी चार वर्णमा विभाजित थियो

प्राचीन युनानमा जस्तै प्राचीन हिन्दु समाजमा पनि दास प्रथा थियो । युद्धमा जितेर ल्याएको, भोजनको लागि स्वयं आएको, दासबाट जन्मेको, किनेर ल्याएको, कसैले दिएको, पैत्रिक र दण्ड स्वरूप दास बनाइएको गरी सात प्रकारका दास हुन्छन् (मनु, १९८३, अ.८, श्लो.४१५) भनी मनुस्मृतिमा उल्लेख गरिएको छ ।

५. गुरुकुल शिक्षा प्रणाली (Gurukul System of Education)

ब्राह्मणले सबैका जीविकाको उपाय जानेर त्यसको ज्ञान सबैलाई गराउनु र आफ्नो जीविकाको पनि व्यवस्था गर्नुपर्छ (मनु, १९८३, अ.१०, श्लो.२) भन्ने मनुको मत छ । ब्राह्मणको सबैलाई शिक्षा प्रदान गर्ने जिम्मेवारी तोकिएको छ । ब्राह्मणहरूले गुरुकुलको स्थापना गर्दथे । गुरुकुल भनेको शिक्षालय मानिन्थे । व्यक्तिगत प्रयासबाट स्थापना गरिएका गुरुकुलहरूलाई आश्रम भनिन्थ्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आश्रमहरूमा शिक्षार्थीहरूलाई भोजन र आवासको नि:शुल्क व्यवस्था मिलाई पठनपाठनको व्यवस्था गरिन्थ्यो । विद्यार्थीले गुरुको सेवाशुश्रूषा गरी विद्या आर्जन गर्ने पद्धतिको विकास हिन्दुहरूले गरेका थिए । मानिसको आयु शय वर्ष मानिएको छ र त्यसलाई पच्चीस पच्चीस वर्ष गरी चार भागमा विभाजन गरिएको छ । ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र संन्यास चार भाग हुन् । यिनलाई आश्रम भनिन्छ । जीवनको प्रथम भाग ब्रह्मचर्याश्रम हो । यस आश्रममा व्यक्ति गुरुकुलमा बसी विद्या अध्ययन गर्दथे । दोस्रो आश्रममा विवाह गरी गृहस्थ बन्ने र सन्तान उत्पादन र यज्ञ गर्ने विधान छ । आयुको तेस्रो भागमा वानप्रस्थ आश्रममा जाने व्यवस्था छ । यस आश्रममा घर छाडी आफ्नी पत्नीका साथमा वनमा बस्ने र समाज सेवामा लाग्ने नियम छ । पचहत्तर वर्षपछि संन्यास आश्रममा जाने र मोक्षका लागि चिन्तन गर्ने नियम छ ।

उपनयन संस्कारपछि अक्षरारम्भ र विद्यारम्भ गिरिन्थ्यो । वेद वेदाङ्ग, अर्थशास्त्र, युद्धकला आदिको पठनपाठन हुन्थ्यो । आचार शिक्षालाई ज्यादै महत्त्व दिइन्थ्यो । शिक्षा दुर्व्यसनरहित र चरित्रवान् राजा र राज्यका निम्ति चाहिने अधिकारी तयार गर्ने माध्यम पनि थियो । शिक्षा नै आत्मसम्यमी र विनयी राजा तयार गर्ने माध्यम थियो । ब्राह्मण, क्षत्रिय र वैश्यको मात्र उपनयन संस्कारको व्यवस्था छ । त्यसैले यी तीन वर्णका व्यक्तिलाई मात्र शिक्षाको अवसर प्राप्त थियो । शूद्रको उपनयन संस्कारको व्यवस्था छैन । उपनयन संस्कारबाट वञ्चित शूद्रलाई कालान्तरमा शिक्षाको अवसरबाट समेत वञ्चित गरियो । साथै महिलाहरूलाई पनि गुरुकुलमा जाने व्यवस्था नगरी शिक्षाबाट वञ्चित गरिएको छ । नागरिकहरूको शिक्षाको व्यवस्था गर्नु राज्य र राजाको दायित्व मानिएको छैन । यद्यपि भारतवर्षमा तक्षशिला, नालन्दा र विक्रमशिला जस्ता विश्वविद्यालयहरू प्रसिद्ध थिए । गुरुकुल शिक्षा प्रणाली सङ्कुचित भयो र सफल हुन सकेन । शिक्षा प्रणालीको असफलतासँगै सम्पूर्ण सामाजिक राजनीतिक प्रणालीले नै समय सापेक्ष गति लिन सकेन ।

६. भौगोलिक अवस्थिति (Geographical Location)

वैदिक राजनीतिक चिन्तन दक्षिण एशियामा भएको हो । ऋग्वेद कालमा आर्यहरूको निवास स्थललाई सप्तसिन्धु प्रदेश भनिएको छ । पश्चिमतर्फ काबुलदेखि पूर्वमा गंगा नदीसम्मको भूभाग यस भित्र पर्दथ्यो । पूर्वमा समुद्रदेखि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पश्चिमतर्फ समुद्रसम्म उत्तरमा हिमालयदेखि दक्षिणतर्फ विन्ध्य पर्वतको बीचको भूभागलाई आर्यहरूको वासस्थान वा आर्यावर्त भनिन्छ (मनु, १९८३, अ. २, श्लो. २२)। पछिल्लो समयमा दक्षिणतर्फको सिमाना समुद्रसम्म विस्तार भएको देखिन्छ। देश पृथ्वीलाई भनिन्छ। उत्तरमा हिमालयदेखि दक्षिणतर्फ समुद्रसम्म पूर्व-पश्चिम एक हजार योजन (चार हजार कोश) फैलिएको भूभागलाई चक्रवर्तिक्षेत्र भनिन्छ[6] (कौटिल्य, २०००, अधि. ९, अ. १)। वर्तमान दक्षिण एशिया जहाँ नेपाल, भारत, बंगलादेश, भुटान, पाकिस्तान र अफगानिस्तान राज्यहरू अवस्थित छन् त्यही भूभाग हिन्दु राजनीतिक चिन्तनको उद्गम स्थल हो। यस भूखण्डलाई भारतवर्ष भनिन्थ्यो। यसै भूमिमा हिन्दु राज्यको विकास भएको थियो। यही भूभागमा ससाना राज्यहरू थिए। ती राज्यहरूबीच पारस्परिक सम्बन्धको पनि विकास भएको थियो। अन्तर्राज्य सम्बन्ध पनि यसै भूभागका राजाहरूबीच मै सीमित थियो।

७. हिन्दु राजनीतिक चिन्तनको क्षेत्र
(Scope of Hindu Political Thought)

हिन्दु राजनितिक चिन्तनमा राजनीतिशास्त्र राज्यको व्यवस्थापनका लागि महत्त्वपूर्ण विद्याको रुपमा विकास गरिएको छ। राजनीतिक चिन्तनमा समावेश गरिएका राज्यको व्यवस्थापनका विविध बषयबस्तुको आधारमा यसको क्षेत्रको व्यापकता स्पष्ट हुन्छ। राज्यको उत्पत्ति, राज्यका अङ्गहरू, राज्यको उद्देश्य, राज्यका कार्य, राजाको लागि आचार संहिता, प्रशासनिक संगठन, राज्य सञ्चालन कला, अन्तर्राज्य संबन्धका सिद्धान्त, युद्धका नियम, साम्राज्य निर्माण आदि हिन्दु राजनीतिक चिन्तनका मुख्य प्रतिपाद्य बिषय हुन्।

८. राज्यविहीन समाज र राज्यको उत्पत्ति
(Stateless Society and Origin of the State)

पाश्चात्य राजनीतिक चिन्तनमा अराजकतावाद र मार्क्सवादको जन्म हुनु भन्दा हजारौँ वर्ष पहिले नै पूर्वीय राजनीतिक चिन्तनमा राज्यविहीन र वर्गविहीन समाजको चिन्तन भएको देखिन्छ। हिन्दु परम्परामा सत्य वा कृत,

---

[6] देश: पृथिवी। [illegible] तिर्यक् चक्रवर्तिक्षेत्रम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

त्रेता, द्वापर र कलि चार युग छन्। सत्य युगमा सबै प्रजा धर्मनिष्ठ, विवेक, ज्ञान र संयम सम्पन्न थिए । महाभारत शान्तिपर्व अनुसार सत्ययुगको प्रारम्भमा संसारमा कुनै राज्य थिएन । राजा पनि थिएन । न दण्ड व्यवस्था थियो न कुनै दण्डाधिकारी वा दण्ड गर्ने व्यक्ति नै थियो । सबै प्रजाहरूले सनातन धर्मद्वारा परस्पर एक अर्काको रक्षा गर्दथे[7] (शान्तिपर्व, वि. सं. २०५८, अ. ५९, श्लो. १४) । महाभारतको यस सन्दर्भअनुसार दण्डनीति र राज्यको प्रादुर्भाव हुनुभन्दा पहिले धर्मको शासन थियो । त्यो आदर्श समाजमा सनातन धर्मको प्रमुख भूमिका थियो । वैदिक सनातन धर्म त्यस समाजको जीवन पद्धति थियो । धर्मको ज्ञान सबैलाई थियो । सनातन धर्मले मानिसलाई कर्तव्य पालना गर्न प्रेरित गर्दथ्यो । धर्म अर्थात् कर्तव्यको पालना मानिसहरूले स्वाभाविक रूपमा गर्दथे । सबै मानिस पूर्ण स्वतन्त्र र समान थिए । सबैले सनातन धर्मअनुसार आचार र व्यवहार गर्ने हुँदा कसैले पनि अरूको अधिकार माथि हस्तक्षेप गर्दैनथे। त्यस समाजमा शान्ति सद्भाव र पारस्परिक सहयोगको भावना थियो। मानिसहरू सुखी थिए। समाजमा न्याय र भ्रातृत्वको भावना थियो। त्यस समाजमा हुने र नहुनेबीच वर्ग विभाजन थिएन । धर्मको ज्ञान र त्यसको पालनाबाट समाज स्वत: सञ्चालित थियो। समाजमा कुनै अपराध हुँदैनथ्यो। त्यसै हुनाले त्यहाँ दण्ड आवश्यक थिएन। शान्ति सुव्यवस्था कायम गर्न प्रहरी सेना र न्यायलयको पनि आवश्यकता थिएन । राज्य नै नरहेपछि सरकार र सरकारका अंगहरूको अस्तित्व नै नरहनु स्वाभाविकै थियो।

कालक्रमलसँगै मानिसमा सत्व गुणको ह्रास हुँदै गयो। सनातन धर्मको ह्रास हुँदै गयो। त्यसबाट अधर्म बढ्न गयो। अधर्म बढेपछि समाजमा मात्स्यन्यायको सिर्जना भयो । ठूलो वा शक्तिशाली माछाले सानो वा कमजोरलाई खाने प्रवृत्तिलाई मात्स्यन्याय भनिन्छ । मानव समाजमा पनि शक्तिशालीले कमजोरलाई समाप्त पार्ने प्रवृत्तिलाई मात्स्यन्याय भनिन्छ । मात्स्यन्यायको स्थिति मानव समाजको प्राकृतिक स्थिति होइन । यो सामाजिक विकृतिको अवस्था हो । यही विकृति समाप्त पार्नका निम्ति राज्य र राजाको निर्माण ईश्वरले गरे (मनु, १९८३, अ. ७, श्लो. ४) भन्ने मनुको विचार छ। यसरी हिन्दु

---

[7] न वै राज्यं न राजासीन्न च दण्डो न दाण्डिकः।
धर्मेणैव प्रजा: सर्वा रक्षन्ति स्म परस्परम्।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राजनीतिक चिन्तनमा राजा र राज्यको उत्पत्तिसम्बन्धी दैवी सिद्धान्तको स्पष्ट उल्लेख गरिएको छ । दैवी सिद्धान्तका साथै सामाजिक संझौता, युद्ध वा शक्ति सिद्धान्त एवं क्रमिक विकासबाट राज्यको उत्पत्ति भएको मान्ने सिद्धान्तको चर्चा पनि हिन्दु राजनीतिक चिन्तनमा पाइन्छ

९. राजतन्त्रात्मक र गणतन्त्रात्मक शासन व्यवस्था (Monarchy and Republican Form of Government)

राजा र राज्यको उत्पत्ति सँगसँगै भएको मानिन्थ्यो । यसका साथै गणतन्त्रात्मक शासन व्यवस्थाबारे पनि हिन्दु राजनीतिक चिन्तक अनभिज्ञ थिएनन् । प्राचीन हिन्दु राज्य व्यवस्थामा राजतन्त्रको बोलवाला थियो । राजतन्त्रात्मक व्यवस्थाका साथै गणराज्यको पनि विकास भएको थियो । वज्जिसंघ, मल्ल, शाक्य, भग्ग, मोरिय आदि जनपद गणराज्य थिए (विद्यालंकार, १९९४, पृ. १०२) । राजतन्त्रमा राजाको उत्ताधिकार वंशानुगत हुन्थ्यो । गणतन्त्रमा राजा निर्वाचित हुन्थे । राजाले उच्च आदर्श कायम गर्नुपर्दथ्यो । राजा अधिनायकवादी अथवा स्वेच्छाचारी बन्न नपाउन् भन्ने उद्देश्यले राजालाई नीतिद्वारा सीमित गरिएको थियो । तर व्यवहारमा अनेक राजाहरूले राजधर्मका आदर्शको पालना गर्न सकेनन् र स्वेच्छाचारी शासक बन्न गए । राजधर्मका उपदेशले मात्र राजालाई नियन्त्रण गर्न कतिपय अवस्थामा सम्भव भएन । केवल मृत्यु पश्चात् नर्कमा दण्डको भयले राजालाई मर्यादित बनाउन पर्याप्त भएन । प्राचीन हिन्दु राजनीतिक चिन्तनमा स्वेच्छाचारी राजाका विरुद्ध विद्रोहको अधिकार प्रजालाई थियो । प्रजाले सामूहिक रूपमा राज्य परित्याग गर्न सक्ने तथा अविनयी राजा विरुद्ध विद्रोह गर्न सक्ने व्यवस्था गरिएको थियो । स्वेच्छाचारी राजालाई अपदस्थ गर्ने जनताको विद्रोहको अधिकार थियो ।

१०. मन्त्री र प्रशासनिक संगठन (Ministers and Administrative Organizations)

सजिलै हुनसक्ने कार्य पनि एक्लै सम्पन्न गर्न कठिन हुन्छ । राज्य सञ्चालन जस्तो महान् कार्य राजाले एक्लै सम्पादन गर्न सक्दैनन् (मनु, १९८३, अ.७, श्लो.५५) । राजाले राम्ररी परीक्षण गरी वंशपरम्परादेखि आफ्नो सेवा गर्दै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आएका, शास्त्रज्ञ, शूर वा साहसी, युद्धविद्यामा कुशल र शुद्ध कुलका सात वा आठ मन्त्रीहरू नियुक्त गर्नुपर्छ (मनु, १९८३, अ.७, श्लो.५४) । राजाले राज्य सञ्चालनका लागि आवश्यक सङ्ख्यामा आलस्यरहित, कार्यदक्ष र प्रवीण मानिसहरू नियुक्त गर्नुपर्छ (मनु, १९८३, अ.७, श्लो.६१) । मन्त्रि, पुरोहित, कोषाध्यक्ष, दूत, चर, सेना आदिको व्यवस्थाका बारेमा पनि प्राचीन हिन्दु राजनीतिक चिन्तनमा प्रकाश पारिएको छ ।

११. मन्त्रणा (Counsel)

दुई वा सो भन्दा बढी व्यक्तिहरू बीच हुने विचार विमर्श एवं सल्लाह र त्यसबाट निकालिएको निष्कर्षलाई मन्त्रणा भनिन्छ । राज्य सञ्चालनका क्रममा मन्त्रणा भन्नाले निर्णय हो । महत्त्वपूर्ण निर्णय गर्दा राजालाई परामर्शको आवश्यकता पर्दछ । मन्त्रीहरू मध्ये विशिष्ट विद्वान् ब्राह्मण मन्त्रीसँग राजाले सन्धि विग्रह आदि परराष्ट्रनीतिका छ सिद्धान्तको प्रयोगका विषयमा मन्त्रणा गर्नुपर्छ (मनु, १९८३, अ.७, श्लो.५८) । मन्त्रणा गरिएको विषय गोप्य राख्नुपर्छ भन्ने हिन्दु राजनीतिक चिन्तनको मान्यता रहेको छ । वाल्मीकि रामायणमा राजा दशरथका मन्त्रीहरूको गुणको वर्णन गर्ने क्रममा ती मन्त्रीहरूमा राजकीय मन्त्रणा गोप्य राख्न सक्ने पूर्ण शक्ति थियो भनिएको छ (बालकाण्ड, सर्ग ७, श्लो. १९) ।

१२. राज्यका सप्तप्रकृति (Seven Elements of the State)

आधुनिक राजनीतिशास्त्रमा भूमि, जनसंख्या, सरकार र संप्रभुतालाई राज्यका चार तत्व मानिन्छ । हिन्दु राजनीतिक चिन्तनमा राज्यका सात तत्त्व मानिएको छ । सप्तप्रकृति वा सप्ताङ्ग सावयवी एकता राज्य निर्माणका निम्ति आवश्यक हुन्छ । मनुस्मृतिमा स्वामी, अमात्य, पुर, राष्ट्र, कोष, दण्ड र सुहृद सप्तप्रकृतिलाई राज्यका सात अङ्ग भनिन्छ[8] (मनु, १९८३, अ. ९, श्लो.२९५) ।

---

[8] स्वाम्यमात्यौ पुरं राष्ट्रं कोषदण्डौ सुहृत्तथा ।
सप्त प्रकृतयो ह्येताः सप्ताङ्गं राज्यमुच्यते ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

स्वामी, अमात्य, जनपद, दुर्ग, कोष, दण्ड र मित्र राज्यका प्रकृति हुन्[9] (कौटिल्य, २०००, अधि. ६, अ. १)। शुक्रनीतिसारमा स्वामी, अमात्य, सुहृत्, कोष, राष्ट्र, दुर्ग, र बललाई सप्ताङ्ग भनिन्छ [10] (शुक्र, वि. सं. २०५६, अ. १, श्लो. ६१)। प्राचीन हिन्दु राजनीतिक चिन्तनमा सवै विचारकहरू राज्यका सावयवी सात अङ्गका बिषयमा एकमत छन्।

१३. कल्याणकारी राज्यको परिकल्पना
(Concept of Welfare State)

धर्म, अर्थ, काम र मोक्षको संवर्धन गर्नु जीवनको लक्ष्य हो। राज्यको लक्ष्य पनि व्यक्तिगत जीवनका लक्ष्य भन्दा फरक मानिँदैनथ्यो। समाजमा शान्ति सुव्यवस्था कायम गर्नु वा धर्मको स्थापना गर्नु, कर उठाउनु, न्यायप्रशासन सम्पादन गर्नु, बाह्य आक्रमणबाट देशको सुरक्षा गर्नु एवं लोक-कल्याणको काम गर्नु राज्यका कार्य थिए। प्रजाको कल्याण नै शासकको उद्देश्य हुन्थ्यो। प्रजाको सुखमा नै राजाको सुख हुन्छ। प्रजाको हितमा उसको हित हुन्छ। राजाको आफ्नो प्रिय वा स्वार्थ केही हुँदैन। प्रजाको प्रिय वा स्वार्थ नै राजाको प्रिय हुन्छ[11] (कौटिल्य, २०००, अधि. १, अ. १९)। राजाको प्रमुख कार्य जनताको नैतिक, भौतिक र आध्यात्मिक विकासमा प्रोत्साहन दिनु मानिन्थ्यो। राजाले जनताको हित र सुविधाका लागि कार्य गर्नुपर्छ भन्ने मान्यता स्थापित थियो। राजाले आफ्ना प्रजालाई जसरी पिताले आफ्ना औरस पुत्रको रक्षा गर्दछन् त्यसैगरी सबै प्रकारले रक्षा गर्नुपर्छ[12] (मनु, १९८३, अ.७, श्लो.१३५)। यसरी प्रजाको यस लोकमा रक्षा र कल्याण मात्र होइन मृत्यु पछि समेत उनीहरूको कल्याणका लागि सहयोग गर्नु राजाको कर्तव्य मान्ने हिन्दु राजनीतिक विचारको विशेषता रहेको छ।

---

[9]स्वाम्यमात्यजनपददुर्गकोशदण्डमित्राणि प्रकृतयः।

[10] स्वाम्यमात्य–सुहृत्–कोश–राष्ट्र–दुर्ग–बलानि च।
सप्ताङ्गमुच्यते राज्यं तत्र मूर्धा नृपः स्मृतः॥

[11] प्रजासुखे सुखं राज्ञ: प्रजानां च हिते हितम्।
नात्मप्रियहितं राज्ञ: प्रजानां तु प्रियं हितम्॥

[12] ....पितापुत्रानिवौरसम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

१४. कर व्यवस्था (Taxation System)

राज्यको उत्पत्तिसँगै कर व्यवस्थाको पनि उदय भएको हो । राज्य सञ्चालका लागि धनको आवश्यकता पर्ने विषयलाई महत्त्व दिएर नै हिन्दु राजनीतिक चिन्तनमा कोषलाई राज्यको अङ्ग मानिएको छ । कर व्यवस्था वैज्ञानिक एवं नीतिमा आधारित थियो । जसरी जुका,बाछो र भँवरोले अलि-अलि गरेर आफ्नो भोजन लिन्छन्, त्यसैगरी राजाले पनि प्रजालाई पीडा नदिई थोरै-थोरै वार्षिक कर लिनुपर्छ (मनु, १९८३, अ.७, श्लो.१२९) । अन्धो, बहिरो, लङ्गडो, सत्तरी वर्ष माथिको वृद्ध र वेदपाठी ब्राह्मणको सेवकबाट राजाले कर लिनुहुँदैन (मनु, १९८३, अ.८, श्लो.३९४) । तर आपत्ति कालमा राजाले तोकिएको भन्दा बढी कर लिएर भए पनि प्रजाको रक्षा गर्नुपर्छ (मनु, १९८३, अ.१०, श्लो.११८) । करबाट उठेको धन राज्यको कोषमा जम्मा गर्ने र राज्यको कार्यका साथै प्रजाको हितमा खर्च गर्नुपर्छ भन्ने मान्यता स्थापित थियो ।

१५. स्वतन्त्रता, समानता र मानवता (Liberty, Equality and Humanity)

वेदान्त महत्वपूर्ण वैदिक दर्शन हो । यस दर्शनमा ब्रह्म सत्य हो । ब्रह्मलाई परमात्मा भनिन्छ । सम्पूर्ण जीव सोही ब्रह्मका अंश हुन् । एउटै ब्रह्मका अंश भएकाले मानिस मात्र होइन सम्पूर्ण जीवहरू समान हुन् । यसबाट मानव समाजमा समानताका मानवतावादी मान्यताको विकासको प्रारम्भ हिन्दुहरूले गरेको स्पष्ट हुन्छ । मनुले राजाको कर्तव्यको वर्णनका सन्दर्भमा राजाले पार्थिव धर्म पालन गर्नुपर्छ भनेका छन् । पृथ्वीले समान भावले सबै प्राणीहरूलाई धारण गरे जस्तै सबै प्राणीहरूको भरण-पोषण गर्दै समान भावले धारण गर्नु राजाको पार्थिव व्रत हो[13] (मनु, १९८३, अ.९, श्लो.३११) । यसरी समानताको पक्षमा मनुको स्पष्ट विचार छ । समानताको पक्षमा शुक्रको समेत स्पष्ट धारणा

---

[13] यथा सर्वाणि भूतानि धरा धारयते समम् ।
तथा सर्वाणि भूतानि बिभ्रतः पार्थिवं व्रतम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

छ । जुन तरिकाबाट प्रजाहरू कोही शक्तिशाली र कोही कमजोर हुन पाउँदैनन् अर्थात् सबै समान हुन्छन् त्यसै तरिकाबाट राजाले प्रजाको पालना गर्नु पर्दछ (शुक्र, वि.सं.२०५६, अ.४,प्र.१, श्लो.४२) । तर, दण्ड व्यवस्थाका सन्दर्भमा भने वर्णका आधारमा फरक-फरक दण्ड दिनुपर्ने धारणा राखेका छन् । यसबाट समानताको मान्यता उल्लङ्घन भएको देखिन्छ ।

मनुस्मृतिमा स्वतन्त्रतालाई सुखको मूल मानिएको छ । त्यसैगरी पराधीनतालाई दुखको मूल मानिएको छ । यो नै सुख र दुखको संक्षिप्त परिभाषा हो[14] (मनु, १९८३, अ.४, श्लो.१६०) । यस्तै विचार शुक्रनीतिमा पनि पाइन्छ। परतन्त्र भन्दा बढी दु:ख छैन र स्वतन्त्रता भन्दा बढी सुख छैन[15] (शुक्र, वि.सं.२०५६, अ.३, श्लो.३२३) ।

विश्ववन्धुत्वको भावनाको विकास पनि हिन्दु राजनीतिक चिन्तनमा गरिएको छ । संसारका सबै मानिसलाई आफ्नो परिवार मान्ने भावनालाई उदार विचार मानिएको छ[16] (शर्मा, २००३, तन्त्रम् ५, श्लो. ३७) ।

१६. न्याय प्रशासन (Judicial Administration)

न्याय प्रशासन सञ्चालन गर्नु राजाको कर्तव्य मानिन्थ्यो । न्याय प्रशासन प्रमुख राजा हुन्थे ।दुष्टलाई सजाय दिनु र सज्जनको रक्षा गर्नु राजाको कर्तव्य थियो । राजाले न्याय प्रदान गर्ने कार्यमा सहयोगका लागि सभाको गठन गर्ने व्यवस्था पनि थियो । न्याय व्यवस्थामा पहुँचको सहजता थियो । सदाचार वा धर्मको स्थापना गर्नु शासनको मुख्य ध्येय थियो । स्वधर्मको पालना गर्नु न्याय हो । स्वधर्मबाट भ्रष्ट व्यक्तिहरूलाई विधिअनुसार दण्ड दिएर सदाचारको पालना गराउनु पर्दछ । दुष्टलाई दण्ड दिनु राजाको कर्तव्य मानिन्थ्यो । दुष्टलाई दण्ड दिन राजाले आलस्य देखाएमा बलवान् व्यक्तिले निर्बललाई खाइदिन्छन् (मनु, अ.७, श्लो.२०) । विधि वा शास्त्रीय मान्यताअनुसार मात्र दण्ड दिने र न्यायिक निर्णय दिनु पर्दथ्यो । न्याय वितरणमा शीघ्रता र निष्पक्षताको महत्त्व

---

14 सर्वं परवशं दु:खं सर्वमात्मवशं सुखम् ।

15 पारतन्त्र्यात्परन्दु:खं न स्वातन्त्र्यात्परं सुखम् ।

16 उदारचरितानान्तु वसुधैव कुटुम्बकम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

हुन्थ्यो । तर वर्णका आधारमा एउटै अपराधमा फरकफरक दण्डको व्यवस्था विधिको शासनको वर्तमान मान्यताको प्रतिकूल छ ।

१७. विधिको स्वरूप र विधिको शासनको झलक (Nature of Law and Glimpses of Rule of Law)

प्राचीन कालमा ऋषिमुनिहरूद्वारा रचना गरिएका राजधर्म एवं नीतिशास्त्र अनुसार राज्यको शासन व्यवस्था सञ्चालन गरिन्थ्यो । शास्त्रलाई नै संविधान तथा कानुनको रूपमा मान्यता दिइन्थ्यो । शासकका कर्तव्यको निर्धारण पनि शास्त्रले निर्देश गरे बमोजिम हुन्थ्यो । राजधर्म निर्धारण गर्ने शक्ति राजासँग थिएन । तसर्थ हिन्दु राजनीतिक चिन्तनमा विधिको शासनको झलक देखिन्छ । विधि सबैलाई समान थिएन । एउटै अपराधमा वर्ण अनुसार फरक-फरक दण्डको व्यवस्था विधिको शासनको प्रतिकूल मान्यता थियो । नीतिशास्त्रको लेखन उपदेशात्मक छ र नीतिशास्त्रले तोकेका उपदेशको पालना गर्नु राजाको कर्तव्य हुन्थ्यो । चाणक्यसूत्रमा राजतन्त्रको आधार नीतिशास्त्र हो भनिएको छ[17] । राजा त्यसलाई भनिन्छ जसले नीतिशास्त्र अनुसार राज्य सञ्चालन गर्दछ[18] (कौटिल्य, २००, सूत्र ४३, ४८) भनी उल्लेख गरिएको छ ।

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा विधिको मूल धर्मलाई मानिएको छ। यहाँ धर्मको अर्थ न्याय हो । आधुनिक शब्दावलीमा यसलाई समन्याय भनिन्छ । हिन्दुहरूले वेदलाई सम्पूर्ण ज्ञानको स्रोत मान्ने हुँदा धर्म वा न्यायको स्रोत पनि वेदलाई नै मानिन्छ । मनुस्मृतिमा वेद, वेदको आधारमा निर्माण गरिएका स्मृति वा धर्मशास्त्र, शिष्ट व्यक्तिको आचरण वा सदाचार र आत्मतुष्टिलाई धर्मको आधार मानिएको छ (मनु, १९८३, अध्याय २, श्लोक ६)। वैदिक मान्यतालाई मूल कानुन मानिन्थ्यो । वैदिक मान्यतामा आधारित भएका हुनाले स्मृतिलाई पनि धर्मको प्रमाणका रूपमा मान्यता दिइन्थ्यो । वैदिक सिद्धान्त विपरीत स्मृति मान्य हुँदैनथे । वेद र स्मृतिमा फरक मत भएमा वेदलाई प्रामाणिक मान्नुपर्छ । वेद र स्मृति अनुकूल विद्वान् व्यक्तिहरूका सदाचार वा परम्परालाई पनि धर्मको प्रमाणका रूपमा लिइन्छ । वेद, स्मृति र

---

[17] राज्यतन्त्रायत्त्वं नीतिशास्त्रम् ।

[18] नीतिशास्त्रानुगो राजा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
सदाचारका मान्यताहरूमा एकरूपता नभएमा आफ्नो अन्तर मनले जुन मतलाई सही ठान्छ त्यसै अनुसार गर्नु पनि धर्म हो भन्ने मनुको मत देखिन्छ।

धर्म नै विधि थियो। राजधर्म संवैधानिक कानुनको रूपमा मान्य हुन्थ्यो र त्यसै अनुसार शासन सञ्चालन गर्नु राजाको कर्तव्य मानिन्थ्यो। प्राचीन राजनीति धर्म र नैतिकताबाट अनुप्राणित छ। धर्मका नैतिक नियमहरूद्वारा प्रत्येक व्यक्तिको व्यक्तिगत र सामाजिक जीवन निर्देशित हुन्थ्यो। धर्मका विस्तृत नियमलाई नै नैतिक नियम भनिएको छ। नीतिशास्त्रले तोके बमोजिमका कर्तव्य पालना गर्नु नै राजधर्म मानिन्थ्यो।

हिन्दु राजनितिक चिन्तनमा शास्त्रका साथै स्थानीय समाजमा प्रचलित परम्परालाई पनि राज्य सञ्चालनमा महत्त्व दिइन्थ्यो। राजाले जाति, जनपद, श्रेणी र कुलमा प्रचलित धर्मको समीक्षा गरेर स्वधर्मको आदेश गर्नु पर्दछ (मनु, १९८३ अध्याय ८, श्लोक ४१)। यो राजाज्ञालाई धर्म वा विधिको स्रोत मान्ने सङ्केत हो। तर, यसको अर्थ राजालाई स्थापित धर्मको विरुद्ध आज्ञा जारी गर्ने शक्ति प्रदान गरेको भन्ने होइन। धर्मसूत्रमा पनि विधिको मुख्य आधार वेद र वैदिक साहित्यलाई मानिएको छ। गौतम धर्मसूत्रका अनुसार धर्मको मूल स्रोत वेद हो। स्मृति र वेदविदहरूको सदाचारलाई पनि प्रमाण मानिन्छ (Gautam,1979, book 1, sutras 1-4)। न्याय प्रशासन वा विवादको निर्णयको प्रसंगमा भने सोही सूत्रमा वेद, स्मृति वा धर्मशास्त्र, वेदाङ्ग (शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष), उपवेद र पुराणबाट धर्मको ज्ञान हुन्छ भनिएको छ। वैदिक सिद्धान्त विपरीत छैनन् भने देशधर्म, जातिधर्म र कुलधर्म आधिकारिक मानिन्छन्। कृषक, व्यापारी, पशुपालक र कलाकारका व्यवहारहरू तत्तत् समुदायमा आधिकारिक मानिन्छन्। धर्म के हो भन्ने विवाद भएमा तीन वेदका ज्ञाताहरूको राय नै आधिकारिक मानिन्छ (Gautam, 1979, book 11, sutras 19-26)। यसैगरी बौधायन धर्मसूत्रमा वेद, स्मृति र शिष्ट व्यक्तिहरूका सदाचारलाई धर्मको आधार स्वीकार गरिएको छ (Baudhayan, 1979, book 1, sutras 1-4)। आपस्तम्ब धर्मसूत्रमा वेद, स्मृति र सदाचारबाट धर्मको ज्ञान हुन्छ भनिएको छ (Apastamba, 1979, book 1, sutras 1-3)। वाशिष्ठ धर्मसूत्रमा पनि वेद र स्मृतिबाट धर्मको निश्चय हुन्छ भनिएको छ। वेद र स्मृतिबाट निश्चय हुन नसकेमा शिष्ट व्यक्तिहरूको सदाचारलाई धर्मको आधिकारिक प्रमाण मान्नु पर्छ (Vasistha, 1979, book 1, sutras 4-5)।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

यसरी धर्मसूत्रहरू र मनुस्मृतिमा व्यक्त धर्म वा विधिसम्बन्धी विचारमा मूलभूत रूपमा समानता रहेको देखिन्छ। वेद, स्मृति, सदाचार, आफूलाई प्रिय लागेको अर्थात् धर्म विरुद्ध नभएको कर्मलाई धर्मको आधार संझनुपर्छ (याज्ञवल्क्य,२०११, अध्याय १, श्लोक ७) भन्ने याज्ञवल्क्यको विचार पनि मनु र धर्मसूत्रका मतसँग मेल खान्छ। चारवेद, छ वेदांग, पुराण, न्याय वा तर्कविद्या र मीमांसा (वेदवाक्यविचार) गरी चौध विद्यालाई धर्मको आधार हुन् भन्ने याज्ञवल्क्यको मत छ (याज्ञवल्क्य, २०११, अध्याय ·१, श्लोक ३)। शुक्रनीतिसारमा देश, जाति, जनपद, कुल र श्रेणीमा प्रचलित परंपरालाई देशदृष्ट धर्म र वेदादि शास्त्रद्वारा प्रतिपादित धर्मलाई शास्त्रदृष्ट धर्म भनिएको छ। देशदृष्ट र शास्त्रदृष्ट धर्मको समीक्षा गरेर मात्र राजाले स्वधर्म प्रतिपादन गर्नुपर्दछ। देश, जाति र कुलमा प्रचलित परंपरालाई राजाले मान्यता दिनु पर्दछ अन्यथा प्रजामा क्षोभ उत्पन्न हुन्छ (शुक्र, वि. सं.२०५६, अध्याय ४, श्लोक ४७-४८)। प्रजामा क्षोभ उत्पन्न हुनु राजाको राज्य विनाशको कारक मानिने विषयको पनि राजधर्म वा नीतिशास्त्रमा शङ्केत गरिएको छ। स्थानीय परम्परालाई मान्यता दिनु स्थानीय वा प्रादेशिक शासनको पूर्वाधार मान्न सकिन्छ।

सामान्यतः राजालाई कानुन बनाउने अधिकार दिइएको छैन। तर, धार्मिक मान्यताको विरुद्ध नहुने गरी राजाले बनाएको सामयिक धर्म पनि पालना गर्न याज्ञवल्क्यले सल्लाह दिएका छन्[19] (याज्ञवल्क्य, २०११, अ.२, श्लो.१८६)। यसबाट स्थापित विधिको विरुद्ध नहुने गरी राजाले विधि निर्माण समेत गर्ने गरेको स्पष्ट हुन्छ।

१८. अन्तरराज्य सम्बन्धका सिद्धान्त

(Theories of Interstate Relations)

राज्यहरू बीच पारस्परिक सम्बन्ध आवश्यक हुन्छ भन्ने विषयमा हिन्दु राजनीतिक चिन्तकहरू सजग थिए। राज्य-राज्य बीच पारस्परिक सम्बन्ध कायम गर्न एवं शक्तिशाली राज्यले साम्राज्य निर्माणका लागि प्रयत्न गर्ने

---

[19] निजधर्माविरोधेन यस्तु सामयिको भवेत्।
सोऽपि यत्नेन संरक्ष्यो धर्मो राजकृतश्च यः॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सम्बन्धमा विभिन्न सिद्धान्तको विकास गरेका छन् । धर्मयुद्धका नियमको व्यवस्था विकास गरेका छन् । दूत र चरको व्यवहारिक व्यवस्थाको वर्णनलाई पनि महत्त्व दिइएको पाइन्छ । हिन्दु राजनीति चिन्तनमा प्रमुख सिद्धान्त निम्नानुसार छन्:

१) राज्यमण्डल: एउटा राज्यको अर्को राज्यसंगको सम्बन्धका आधारमा राज्यका विजिगीषु, अरि, मित्र, मध्यम र उदासीन गरी मूल पाँच प्रकृति हुन्छन् । कौटिल्यका अनुसार साम्राज्य निर्माण गर्न चाहने शक्तिशाली राज्य बिजिगीषु, अरि, मित्र, अरिमित्र, मित्रमित्र, अरिमित्रमित्र, पार्ष्णिग्राह, आक्रान्द, पार्ष्णिग्राहासार, आक्रान्दासार, मध्यम र उदासीन बाह्र प्रकारका राज्यहरू राज्यमण्डलमा हुन्छन् । राज्यको सीमा जोडिएको छिमेकीलाई शत्रु राज्य र त्यो भन्दा परको राज्यलाई मित्र राज्य मानिन्थ्यो ।

२) षाड्गुण्य सिद्धान्त: हिन्दु राजनीतिक चिन्तनको विदेश नीति षाड्गुण्य सिद्धान्त हो । संधि, विग्रह, आसन, यान,संश्रय र द्वैधीभाव छ वटा विदेश नीतिका छ सिद्धान्त हुन् ।

३) चार उपाय: साम, दान, भेद र दण्ड चार उपाय हुन् ।

४) तीन शक्ति: कौटिल्यले राज्यका तीन प्रकारका शक्तिको सविस्तार वर्णन गरेका छन् । मन्त्रशक्ति, प्रभुशक्ति र उत्साहशक्ति तीन शक्ति हुन् । विदेश नीतिको अन्तिम लक्ष्य साम्राज्य निर्माण हो ।

१९. राजदूतको व्यवस्था (System of Envoy)

हिन्दु राजनीतिक चिन्तन परम्परामा प्राचीन कालदेखि नै राजदूतको व्यवस्थाको विकास भएको पाइन्छ । शास्त्रमा कुशल, इशारा, आकार र चेष्टाको अध्ययन गरेर मनको भाव बुझ्ने, पवित्र चरित्र भएको, चतुर र कुलीन व्यक्ति राजदूत पदका निम्ति योग्य मानिन्छ । सबैलाई प्रेम गर्ने, सच्चरित्र, चतुर, मेधावी, देश काल जान्ने, शारीरिक व्यक्तित्व भएको, निर्भीक र कुशल वक्तालाई राजदूत पदमा नियुक्त गर्नु पर्दछ (मनु, १९८३, अ.७, श्लो.६३ र६४) । विदेश नीतिको प्रयोग दूतमा निर्भर हुन्छ भन्ने मान्यता स्थापित थियो । साथै दूत अवध्य हुन्छ बन्ने मान्यता प्रचलित थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२०.गुप्तचर व्यवस्था (Espionage System)

प्राचीन कालमा गुप्तचर व्यवस्था कायम थियो । गुप्तचर व्यवस्थाको प्रमुख उद्देश्य राजाले सही सूचना प्राप्त गर्नु थियो । राजाले गुप्तचरको माध्यमबाट आफ्ना मन्त्री एवं कर्मचारी राज्य एवं जनहित विरोधी काममा संलग्न छन् वा छैनन् पत्ता लगाउने गर्दथे । राजकीय कर्मचारीको भ्रष्टाचार पत्ता लगाउन पनि गुप्तचरको प्रयोग गरिन्थ्यो । मुद्दाको विषयमा तथ्य पत्ता लगाउन पनि गुप्तचरको प्रयोग गरिन्थ्यो । जनताको अभिमतको जानकारीका निम्ति पनि गुप्तचरको प्रयोग गरिन्थ्यो । जनतामा विद्रोह अथवा असन्तोषको भावना छ छैन पत्ता लगाउन पनि गुप्तचरको प्रयोग हुन्थ्यो । शत्रु राज्यको गतिविधि पत्ता लगाउन पनि गुप्तचरको उपयोग गरिन्थ्यो । प्राचीन हिन्दु राजनीतिक चिन्तन परम्परामा जनताको अभिमत शासकसम्म पुराउने माध्यम गुप्तचर व्यवस्था थियो । राजा जनताका चाहनाका विषयमा अज्ञानताको घुम्टो भित्र हुनु हुँदैन भन्ने विषयमा हिन्दु राजनीतिक विचारक सचेत थिए । यसरी जनताको अभिमत बुझेर जनताको चाहनाअनुसार राज्य सञ्चालन गर्न हिन्दु राजनीतिक चिन्तनमा राजालाई सल्लाह दिइएको छ ।

२१.युद्ध आचार (Ethics of War)

साम, दान र भेद उपायको प्रयोग गरी शत्रुलाई आफ्नो नियन्त्रणमा ल्याउन असफल भएपछि अन्तिम उपायका रूपमा दण्ड नीतिको प्रयोग गर्नु पर्ने हिन्दु राजनीतिक चिन्तकहरूको मत छ । राज्यहरू बीच शत्रुता उत्पन्न हुनु र युद्ध हुनु स्वाभाविक थियो । रामायण र महाभारतमा भयानक युद्धको चित्रण गरिएको छ । बाह्य आक्रमणबाट राज्यको प्रतिरक्षा, चक्रवर्ती पद प्राप्ति तथा साम्राज्य निर्माण, यश प्राप्ति, धर्मको रक्षा, प्रतिशोध, धन प्राप्ति, स्त्री प्राप्तिको अभिलाषा आदि युद्धका कारण हुन्थे । युद्ध गर्नु क्षत्रियको धर्म मानिन्थ्यो । छिमेकी राज्यलाई शत्रु मानिने हुँदा सदा युद्धको अवस्था हुन्थ्यो । शक्तिशाली राजाले कमजोर राज्यमाथि आक्रमण गर्ने अवस्था हुन्थ्यो । युद्ध अपरिहार्य मानिन्थ्यो । सामान्यतः धर्मयुद्ध र कूटयुद्ध गरी दुई प्रकारका युद्धको उल्लेख पाइन्छ । युद्धका शास्त्रीय नियमहरूको पालना गरिने युद्ध धर्मयुद्ध हो । कूटयुद्धमा युद्धका शास्त्रीय वा नैतिक नियमको पालना अनिवार्य मानिदैनथ्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कौटिल्यले प्रकाशयुद्ध, कूटयुद्ध र तूष्णीयुद्ध (कौटिल्य, २०००, अधि.७, अ.६) गरी तीन प्रकारका युद्धको उल्लेख गरेका छन् । प्रकाशयुद्ध धर्मयुद्ध हो । यो युद्ध घोषणा गरेर प्रारम्भ गरिने युद्ध हो । सूर्यास्त पछि युद्ध गर्न हुँदैन । समान योद्धाका बीचमा युद्ध हुनुपर्छ । एउटा योद्धासँग एउटा योद्धा लड्नुपर्छ । धेरै योद्धा मिलेर एउटा योद्धामाथि आक्रमण गर्नुहुँदैन । निर्बल, बालक, वृद्ध, स्त्री, रोगी, युद्धमा संलग्न नभएको, हतियार नबोकेको, बसेको व्यक्तिमाथि आक्रमण गर्नुहुँदैन । घातक हतियारको प्रयोग गर्नुहुँदैन । मनु धर्मयुद्धका पक्षमा छन् । युद्धका शास्त्रीय नियमको पालना नगरिने युद्ध कूटयुद्ध हो । गोप्य रूपले बिषको प्रयोग, धोका आदि तुष्णीयुद्धका लक्षण हुन् । तुष्णीयुद्ध पनि कूटयुद्ध कै एउटा रूप हो ।

२२.साम्राज्य निर्माण र स्थानीय शासन
(Empire Building and Local Governance)

ऋग्वेद कालमा आर्यहरूमा संयुक्त परिवारको प्रचलन थियो । परिवारलाई कुल भन्दथे । कुलको प्रमुख कुलप हुन्थे । कुलहरू मिली एक ठाउँमा वसोवास गर्दथे र त्यस स्थानलाई ग्राम भनिन्थ्यो । ग्रामको मुखियालाई ग्रामणी भनिन्थ्यो । वाह्य शत्रुबाट आफ्नो रक्षाका लागि ग्रामणीहरू मिलेर एउटा संघ बनाउँथे । त्यस संघलाई विश र विशको प्रमुखलाई विशपति भनिन्थ्यो । विशहरू मिली जनको निर्माण हुन्थ्यो । जनको नेता जनपति, राजन वा राजा हुन्थे । जनलाई जनपद वा राष्ट्र भनिन्थ्यो । वैदिक कालमा शासन व्यवस्था राजतन्त्रात्मक थियो । शक्ति र सम्मानका आधारमा राजा, महाराजा, सम्राट राजाका उपाधि थिए (Altekar, 2001, p. 37) । शक्तिशाली राजा अन्य राष्ट्रमाथि विजय प्राप्त गरी एकराट् एवं सम्राट पद प्राप्त गर्न निरन्तर संघर्ष गरिरहन्थे ।

उत्तर वैदिक कालमा पनि आर्यहरूका विभिन्न राज्य वा जनपद आपसी संघर्षमा संलग्न हुने गर्दथे । यस युगमा पनि सम्राट एवं चक्रवर्ती पद प्राप्त गर्न शक्तिशाली राजाहरू प्रयत्नशील हुन्थे । राजाहरूले वाजपेय यज्ञ तथा अश्वमेधयज्ञ गर्दथे । यी यज्ञहरुको अभिप्राय साम्राज्य निर्माण गर्नु हुन्थ्यो । पराजित राजाको राज्य [illegible] नगर्ने परम्परा रहेको मनुले [illegible] गरेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पराजित राजाको वंशको सुयोग्य व्यक्तिलाई शासनको जिम्मा दिने र मित्रता कायम गर्नु पर्ने राजधर्मको निर्देश छ (मनु, १९८३, अ. ७, श्लो. २०२) । यसबाट के स्पष्ट हुन्छ भने अधीनता स्वीकार गराउनु साम्राज्य निर्माणको लक्ष्य थियो ।

मनुस्मृतिमा प्रत्येक गाउँको शासनको अधिपति ग्रामिक, दश गाउँमा दश-ईश, वीस गाउँमा विंशतीश, शय गाउँमा शत-ईश, र हजार गाउँमा सहस्रपतिको (मनु, १९८३, अ. ७, श्लो. ११५-११९) नियुक्त गर्नु पर्ने उल्लेख गरिएको छ । साथै नगरहरूमा सर्वाथचिन्तकको व्यवस्था गर्नु पर्दछ (मनु, १९८३, अ. ७, श्लो. १२१) । चक्रवर्ती सम्राट् बन्ने हिन्दु राजा राजाको अन्तिम चाहाना हुन्थ्यो । अश्वमेध यज्ञ, राजसूय यज्ञ एवं बाजपेय यज्ञ गरेर एक चक्रवर्ती सम्राट् बन्ने र समुद्रदेखि हिमालसम्म पूर्वमा समुद्रदेखि पश्चिम समुद्र सम्मको संपूर्ण भूभाग एकता कायम गर्ने राजाको उच्चतम आदर्श मानिन्थ्यो । मौर्य साम्राज्यमा संभवत विशाल भूभाग एकीकरण गरिएको थियो । यसलाई स्वाभाविक रूपमा विभिन्न प्रान्तमा विभाजन गरिएको हुनुपर्दछ परन्तु दुर्भाग्य वश यसको उल्लेख कौटिल्यको अर्थशास्त्रमा पाइँदैन (Altekar, 2001, p. 320) । चन्द्रगुप्त मौर्यले कौटिल्यको परामर्श एवं योजना अनुसार ईशाको चौथो शताब्दीको अन्त्यतिर नन्दवंशलाई हराई विशाल साम्राज्य निर्माण गर्न सफल भएका थिए । मौर्य साम्राज्य प्रथम ऐतिहासिक साम्राज्य हो (Dikshitar, 1993, p. 71) । मौर्य साम्राज्यले हिमालदेखि दक्षिणतर्फ समुद्रसम्म पूर्वमा समुद्रदेखि पश्चिम समुद्रसम्मको कौटिल्यका अनुसार चक्रवर्ती क्षेत्र भनिएको भूभागका अधिकांश जनपदलाई पराजित गरी एकीकरण गरिएको थियो । मगध सम्राटले साम्राज्य विस्तार गर्ने क्रममा पराजित गरेका विभिन्न जनपदमा गणतन्त्रात्मक शासन स्थापित थियो । शासनको सुविधाका लागि मौर्य साम्राज्य मगध, उत्तर-पश्चिम प्रान्त, पश्चिम प्रान्त र दक्षिणापथ, गरी चार प्रान्तमा विभाजित थियो । प्रान्तमा शासन गर्नका लागि राजवंशका व्यक्ति नियुक्त गर्ने व्यवस्था थियो । मनुको मूलोच्छेद नगर्ने नीतिको सट्टा उत्तरवर्ती साम्राज्य निर्माताहरु मूलोच्छेद गरी आफ्नो प्रान्तीय शासन सञ्चालन गर्न तत्पर रहन्थे । यसबाट संघीय शासनसम्बन्धी विचारको बीउ रोपिएको स्पष्ट हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२३. संघीय शासन प्रणाली (Federal System)

राज्य संचालनको सन्दर्भमा राज्यशक्ति केन्द्रमा सीमित गरी केन्द्रीय निर्णय अनुसार विकेन्द्रीकरण गर्ने शासन प्रणाली एकात्मक हो। एकात्मक नामबाट नै यस प्रणालीमा शक्तिको स्रोत र शासनको वागडोर केन्द्रीकृत हुन्छ । संघात्मक प्रणालीमा शासन शक्ति केन्द्रमा सीमित नरही केन्द्र र प्रान्त वा राज्यमा संवैधानिक व्यवस्था अनुसार विभाजित हुन्छ । केन्द्रमा केन्द्रीय र प्रान्तमा प्रान्तीय गरी दोहोरो सरकारको स्थापना हुन्छ । संघीय प्रणालीमा लिखित संविधाद्वारा केन्द्र र प्रान्त सरकारका शक्ति र अधिकारको स्पष्ट विभाजन गरिन्छ । केन्द्रीय सरकारले प्रान्तका अधिकार हेरफेर गर्न सक्दैन । प्रान्तीय सरकारले पनि केन्द्रको शक्तिमा हस्तक्षेप गर्न पाउँदैन । संयुक्त राज्य अमेरिका, क्यानडा, अष्ट्रेलिया, स्वीजरल्याण्ड, जर्मनी, भारत संघीय शासन प्रणाली भएका मुलुक हुन् । नेपाल पनि संविधान अनुसार "संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो" (धारा ४) । केन्द्र र राज्यबीच शक्तिको वाँडफाँडको व्यवस्थामा भने एकरुपता देखिदैन । संयुक्त राज्य अमेरिकामा प्रान्तीय राज्य बढी शक्तिशाली छन् भने भारतीय प्रान्त कम शक्तिशालि छन् । संघीय व्यवस्थाका लागि लिखित संविधान आबश्यक हुन्छ । लिखित र कठोर संविधान, संवैधानिक सर्वोच्चता संघीय प्रणालीका निम्ति आवश्यक मानिन्छ । साथै संविधानले शक्ति केन्द्र र क्षेत्रीय एकाइबीच विभाजन गर्नु संघीयताका लागि पूर्व सर्त हो । स्वतन्त्र न्यायपालिका पनि संघीयताका लागि आवश्यक हुन्छ । लोकतन्त्रमा स्वशासनको अवसर जनतालाई प्रदान गर्ने संघीय शासन प्रभावकारी हुन्छ । संघीयतामा क्षेत्रीय सरकारलाई स्थानीय आवश्यकता अनुसार कानुन निर्माण गर्ने अवसर हुन्छ । प्रान्तीय सरकार स्थानिय समस्या समाधान गर्न र सेवा र सुविधाको वितरणमा प्रभावकारी हुँन सक्दछ । सहभागिताको अवसर जनतालाई प्रदान गरिने हुँदा राष्ट्रिय एकता सुदृढ गर्न समेत संघीय व्यवस्था प्रभावकारी मानिन्छ। यद्यपि लोकतन्त्रको निम्ति संघीयता अनिवार्य भने होइन । लोकतन्त्रको जननी वेलायत, जापान आदि संसारका अधिकांश मुलुकमा एकात्मक व्यवस्था छ ।सत्रौं शताब्दीको प्रारम्भमा संघीय शासन व्यवस्थाबारे Johannes Althusius (1557-1638) ले विचार प्रस्तुत गरेका थिए । उनलाई संघीय शासन प्रणालीका जनक मानिन्छ । Montessquieu (1689- 1755) ले शक्तिपृथककरणका साथै संघात्मक राजनीतिक व्यवस्थाकाबारे विचार प्रस्तुत गरेपछि मात्र संघात्मक प्रणाली राजनीतिक वादविवादको विषय बन्न गएको हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२४. धर्म र राजनीतिको सामञ्जस्य
(Blending of Dharma and Politics)

प्राचीन हिन्दु राजनीतिक चिन्तन धर्मसूत्र हुँदै स्मृतिबाट प्रारम्भ भएको मानिन्छ। स्मृतिको प्रतिपाद्य विषय नै धर्म हो। स्मृतिलाई धर्मशास्त्र भनिन्छ। स्मृतिहरू मध्ये मनुस्मृति सबै भन्दा पुरानो मानिन्छ । मनुस्मृतिमा राजनीतिसम्बन्धी विचारलाई राजधर्म भनिएको छ । राजनीतिशास्त्र धर्मशास्त्रमा सन्निहित थियो । कर्तव्य र नैतिकता धर्मद्वारा स्थापित मान्यता हुन्। व्यक्ति र समाजको उन्नतिका निम्ति स्वधर्म पालनमा जोड दिइएको छ। धर्म शासन सञ्चालनका लागि मूल कानुन मानिन्थ्यो । धर्मशास्त्रीय विधि उल्लङ्घन गर्ने अधिकार राजालाई थिएन। स्वयं धर्म पालन गर्नु र प्रजालाई आआफ्नो धर्म पालना गराउनु राजाको कर्तव्य थियो । विधिको स्रोत राजा मानिदैन थे।

मनु, बृहस्पति, शुक्र आदि विचारकहरूले राजनीतिशास्त्रलाई धर्मशास्त्र अन्तर्गत सन्निहित गरेका छन्। जीवनका हरेक क्षेत्रमा धर्मको महत्त्वपूर्ण स्थान हुन्थ्यो । राजनीति पनि धर्मबाट अलग भएको थिएन । राजाले धर्मानुसार आचरण गर्नुपर्थ्यो। हिन्दु राजनीतिक चिन्तक कौटिल्यले राजनीतिलाई धर्मबाट अलग्याउने प्रयत्न गरेका छन्। तर उनले राजनीतिलाई पूर्ण रूपले नैतिकताबाट पृथककरण गर्न सकेका छैनन्।

२५. यथार्थवादी र उपदेशात्मक चिन्तन
(Realistic and Prescriptive Thought)

हिन्दु राजनीतिक चिन्तन कोरा कल्पनावादी नभएर यथार्थवादी छ। लेखन शैली उपदेशात्मक छ। रामायण, पुराण र महाभारतमा भने निश्चित राजाको शासन व्यवस्थाको वर्णन गरिएको हुँदा लेखन वर्णनात्मक छ। मनुस्मृतिमा राजाले गर्नु पर्ने कार्य राजधर्मको रूपमा उपदेश दिइएको छ। बृहस्पति र शुक्राचार्यका नीतिशास्त्रमा पनि राजालाई व्यावहारिक उपदेश प्रदान गरिएको छ । कौटिल्यको अर्थशास्त्रमा पनि राजनीतिको सैद्धान्तिक विश्लेषण होइन राजालाई व्यावहारिक सल्लाह दिइएको छ । उनले राज्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सञ्चालन कलाको व्यावहारिक पक्षको विश्लेषण गरेका छन् । यसबाट हिन्दु राजनीतिक चिन्तन व्यावहारिक र यथार्थवादी भएको स्पष्ट हुन्छ ।

२६. मौलिक र नयाँ विचारमा अवरोध

(Constraints on Original and Innovative Thoughts)

हिन्दु चिन्तनमा वैदिक राज्य व्यवस्था र सामाजिक व्यवस्थालाई आदर्श मानियो । नयाँ ज्ञान र विवेकको विकास आवश्यक ठानिएन । प्राचीन चिन्तनमा नै रमाएर बसेका हुनाले हिन्दु राजनीतिक चिन्तन परम्परामा निरन्तर विकास हुन सकेन । समय सापेक्ष परिवर्तन गरी सामाजिक आवश्यकता पूरा गर्न हिन्दु चिन्तन असफल भयो । राजनीतिशास्त्रका लेखनका सम्बन्धमा कौटिल्यले अर्थशास्त्र लेखेपछि नयाँ लेखनको आवश्यकता ठानिएन । यो नै हिन्दु राजनीतिक विचारधाराको सबैभन्दा कमजोर पक्ष हो ।

२७. सुशासनका आधार शिक्षा, कर्तव्य र नैतिकता

(Good Governance Based on Education, Duties and Morality)

राजाको शक्ति र त्यसको सीमाका विषयमा कुनै चिन्तनको आवश्यकता महसुस गरिएन । राजाको कर्तव्यको बलियो व्यवस्था बनाइएको छ । शिक्षा कर्तव्यको बोध गराउन अनिवार्य मानिएको छ । राजा, मन्त्री लगायत सम्पूर्ण राज्य सञ्चालनको काममा संलग्न व्यक्तिका निम्ति शिक्षा अनिवार्य मानिन्थ्यो । राजाको सदाचार सुशासनका निम्ति आवश्यक मानिन्थ्यो । प्रजाहरूको पनि कर्तव्यमा जोड दिइएको छ । शासक र शासित दुबैलाई कर्तव्यको डोरीले बाँधिएको छ । कर्तव्य पालना गर्नु राजा र प्रजा दुबैको धर्म हो । कर्तव्य पालनालाई महत्त्व दिएर असल र कल्याणकारी शासन व्यवस्था कायम गर्ने लक्ष्य लिइएको छ । कर्तव्यलाई महत्त्व दिनु हिन्दु राजनीतिक चिन्तनको विशेषता देखिन्छ । शास्त्र श्रवणबाट बुद्धिको विकास हुन्छ । बुद्धिबाट योग प्राप्त गर्न सम्भव हुन्छ । योग भनेको चित्तवृत्ति नियन्त्रण गर्नु हो । चित्तवृत्ति नियन्त्रणमा भएको व्यक्तिलाई आत्मवान् भनिन्छ । आत्मवत्ता प्राप्त गर्नु विद्याको सामर्थ्य हो[20] (कौटिल्य, २०००, अधि. १, अ.४) । विद्या अध्ययन गरेको राजा,

---

[20] श्रुताद्धि प्रज्ञोपजायते, प्रज्ञया योगो योगादात्मवत्तेति विद्यासामर्थ्यम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मन्त्री, कर्मचारी सबै दुर्व्यसनरहित र विनयी हुन्छन् । निजी स्वार्थरहित तथा कर्तव्य पालनालाई महत्त्व दिने हुन्छन् । यसरी शिक्षाले नै असल शासक तयार गर्न सम्भव हुन्छ भन्ने मान्यता मनु र कौटिल्यको रहेको छ । नैतिक कर्तव्य पालना गर्ने शासक नै असल शासक बन्न सक्छ । प्राचीन युनानी विचारक प्लेटोले ई. पु. चौथो शताब्दीमा प्राचीन हिन्दु राजनीतिक चिन्तनमा जस्तै आदर्श राज्य सञ्चालन गर्न शिक्षाको माध्यमबाट दार्शनिक राजा तयार गर्ने कल्पना गरेका थिए । हिन्दुहरूले आदर्श राज्यको चिन्तनलाई व्यवहारमा उतारेको हुनाले नै रामायणमा वर्णन गरिएको रामराज्य वास्तवमा नै सुशासनको अभ्यास मानिन्छ । राजाले राजधर्म पालना नगरेमा राज्य नाश हुन्छ भन्ने स्थापित मान्यता थियो । कर्तव्य पालना नगर्ने व्यक्ति मृत्यु पछिको जीवनमा समेत दण्डित हुन्छ भन्ने मान्यताले कर्तव्य पालनामा विशेष जोड दिएको देखिन्छ ।

२८. विद्रोहको अधिकार (Right to Revolution)

राज्य मानिसको हितको लागि सिर्जना भएको मानिएको छ । स्वेच्छाचारी राजा नष्ट हुन्छ भन्ने मनुले उल्लेख गरेका छन् (मनु, १९८३, अ७, श्लो.४०) । राजधर्मअनुसार शासन सञ्चालन गरेमा मात्र राजाको स्थायित्व हुन्छ भन्ने शुक्राचार्यको विचार रहेको छ[21] (शुक्र, वि.सं.२०५६, अ.४, प्र.१ श्लो.११४) । जुन राज्यमा राजा राजधर्मका विरुद्ध हुन्छन् त्यस राज्यमा एक दिन पनि बस्न हुँदैन (शुक्र, वि.सं.२०५६, अ.३, श्लो.४४) भनी राजाका विरुद्ध विद्रोह गर्ने प्रजाको अधिकारको पक्षमा विचार व्यक्त गरिएको पाइन्छ । प्रजाले विद्रोह गर्न असमर्थ भए भने राज्य त्याग गर्ने उनीहरूको स्वतन्त्रता सुरक्षित मानिन्थ्यो । यसबाट हिन्दु राजनीतिक चिन्तनमा व्यक्तिवादको झलक पाइन्छ । प्राचीन युनानी राजनीतिक विचारक प्लेटो र अरस्तुले व्यक्तिभन्दा राज्यलाई महत्त्वपूर्ण ठान्ने हुँदा युनानी राजनीतिक चिन्तन आदर्शवादी छ । तर हिन्दु राजनीतिक चिन्तन आदर्शवादी नभई व्यक्तिवादको नजिक देखिन्छ ।

---

[21] यावत्तु धर्मशील: स्यात् स नृपस्तावदेव हि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२९.शास्त्रको मतलाई सत्य मान्ने परम्परा

(Prescriptive Nature of Truth)

हिन्दु सनातन परम्परामा शास्त्रमा लेखिएका विचारलाई सत्य मानिन्थ्यो। वेद, स्मृति, पुराण, नीतिशास्त्र आदि शास्त्र हुन् । शास्त्रका निर्देशनअनुसार राज्य सञ्चालन गरिन्थ्यो । शास्त्रीय परम्परालाई बढी महत्त्व दिइन्थ्यो । प्राचीन ग्रिसमा तर्कको कसीमा खरो साबित हुने मत नै सत्य मानिन्थ्यो भने हिन्दुहरूले तर्कको सट्टा वैदिक परम्परा र सो परम्पराअनुसारका शास्त्रीय मतलाई सत्य मान्दथे। यसै मान्यताका कारणले नयाँ राजनीतिक विचारको जन्म हुन सकेन।

३०. आलोचना सुन्ने व्यवस्था

(Importance to Listen to the Voice of Opposition)

प्राची हिन्दु राजनीतिक चिन्तनमा जनमतको कदर गर्नु पनि राजाको कर्तव्य मानिन्थ्यो । बृहस्पतिले जनताको विरुद्ध कुनै पनि कार्य राजाले गर्न हुँदैन भनेका छन्[22] (बृहस्पति, १९२४, अ.५, सूत्र १६) । जनताको इच्छा विपरीत राजाले सानो काम पनि गर्नु हुँदैन[23] (बृहस्पति, १९२४, अ.१, सूत्र ९५) भन्ने बृहस्पतिको भनाइ सरकारले जनमतको कदर गर्नुपर्दछ भन्ने आधुनिक उदार लोकतन्त्रको मान्यतासँग मिल्दो देखिन्छ । अप्रिय वचन वा आलोचना पनि सुन्नुपर्दछ[24] (बृहस्पति, १९२४, अ.१, सूत्र ४९) भन्ने बृहस्पतिको विचार छ। आधुनिक लोकतन्त्रमा पनि प्रतिपक्षको आलोचना सुन्नुपर्छ भन्ने स्थापित मान्यता रहेको छ। आलोचना सुन्न नचाहने नेता लोकतान्त्रिक मानिँदैन। हिन्दु राजनीतिक चिन्तनमा बृहस्पतिले राजालाई आलोचना सुन्न लगाएर प्राचीन कालदेखि नै आधुनिक लोकतन्त्रका आधारभूत मान्यताको प्रारम्भ गरेको पाइन्छ।

---

22 लोकविरुद्धं नाचरेत् ।

23 जनघोषे सति क्षुद्रकर्म न कुर्यात् ।

24 अप्रियमपि वचनं शृणुयात् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

३१. निष्कर्ष (Conclusion)

वैदिक सभ्यता संसारको सबैभन्दा पुरानो सभ्यता हो । वैदिक सभ्यतामा गरिएको राजनीतिक चिन्तन पनि संसारको सबै भन्दा प्राचीन राजनीतिक चिन्तन हो । राज्यको उत्पत्ति, राज्यका तत्त्वहरू, राज्यको उद्देश्य, न्याय व्यवस्था, परराष्ट्र सम्बन्धका आधारभूत मान्यताहरू समेतको व्यावहारिक विचार हिन्दु राजनीतिक विचारधारामा पाइन्छ । राजालाई नैतिकता र धार्मिक कर्तव्यको डोरीले बाँधेर असल र कल्याणकारी राज्य बनाउने राज्य सञ्चालनको कला हिन्दु राजनीतिक चिन्तनको बेजोड नमुना हो । दक्षिण एशियालाई एकीकरण गरी विशाल साम्राज्य निर्माणका लागि अन्तर्राज्य सम्बन्धका व्यावहारिक सिद्धान्तको विकास हिन्दुहरूले गरेका थिए । न्याय प्रणाली, असल कर प्रणाली, समानता, स्वतन्त्रता, भ्रातृत्व र मानवता जस्ता शासन व्यवस्थाका विभिन्न पक्षको चिन्तनको बीज हिन्दु राजनीतिक चिन्तनमा छ । युद्धका नियम, दूतसम्बन्धी नियम आदिका आधारमा अन्तर्राष्ट्रिय कानुनको पनि प्रारम्भ गरेको मान्न सकिन्छ । परन्तु वेदलाई पूर्ण मान्ने र नयाँ विचारलाई कम महत्त्व दिने मान्यताले गर्दा चिन्तनको परम्परा अवरुद्ध भयो । पाश्चात्य चिन्तनको प्रभावको विस्तार भयो । हिन्दु राजनीतिक विचारधाराको गौरवमय परम्परालाई उपेक्षा गरेर प्राचीन युनानबाट राजनीतिक चिन्तनको प्रारम्भ भएको मान्न थालियो । ईशापूर्व चौथो शताब्दीमा युनानमा राजनीतिक चिन्तनको प्रारम्भ भयो । हिन्दु राजनीतिक विचारक कौटिल्य प्लेटो र अरस्तुका समकालीन हुन् । कौटिल्य भन्दा हजारौं वर्ष पहिलेदेखि नै हिन्दुहरूले राजनीतिक चिन्तनको प्रारम्भ गरेका थिए । शासकहरूका निम्ति हिन्दु राजनीतिक चिन्तनमा विकास गरिएका नैतिक मान्यता र मूल्यहरू एवं कल्याणकारी शासन कलाका मान्यता वर्तमान समयमा समेत असल शासन कायम गर्नका निम्ति उपयोगी र सान्दर्भिक देखिन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

द्वितीय अध्याय

मनु (MANU)

हिन्दु राजनीतिशास्त्रका प्रणेताहरूमध्ये आचार्य मनुको नाम अत्यन्त आदरका साथ लिने गरिन्छ। मनुको जन्म कुन ठाउँमा कुन मितिमा भएको थियो भन्ने विषयमा कुनै ऐतिहासिक तथ्य प्राप्त छैन । वैदिक सनातन परम्परामा प्रजापति ब्रह्माका मानस पुत्र स्वयंभुव मनु थिए भन्ने मान्यता प्रचलित छ। मनुकी पत्नी शतरूपा थिइन् । मनु र शतरूपा सृष्टिका प्रथम पुरुष र स्त्री मानिन्छन् । मनु र शतरूपाका सन्तानका रूपमा मनुष्यको सृष्टि भएको मानिन्छ। मनुका सन्तान हुनाले मनुष्यलाई मानव भनिएको हो। मनु चौधवटा छन्। स्वायम्भुव मनु प्रथम मनु हुन्। अर्को प्रसङ्गमा सनातन धर्ममा क्रमिक ह्रास आएपछि समाजमा अराजकता सिर्जना भयो । अराजकताको अन्त्य गरी पृथ्वीको रक्षाका साथै सभ्य समाजको निर्माण गर्न सृष्टिकर्ता ब्रह्माले मनुलाई राजाको रूपमा सिर्जना गरे भन्ने पौराणिक मान्यता रहेको छ। त्यसैले संसारका प्रथम राजा मनु मानिएका हुन्। यिनै प्रथम राजा स्वायम्भुव मनुले मनुस्मृतिको रचना गरेका थिए भन्ने मान्यता रहेको छ।

१. मनुस्मृति र यसको रचना काल (Manusmriti and Its Time)

मनुको रचना मनुस्मृति हो । वैदिक साहित्यपछि मनुस्मृतिको रचना गरिएको मानिन्छ। तर यसको रचनाको समय निर्धारण गर्न कठिन छ। मनुको राजधर्मसम्बन्धी विचारको महाभारतमा उद्धरण गरिएको पाइन्छ। कालिदासको महाकाव्य रघुवंशमा पनि मनुको राजधर्मको चर्चा छ। रघुवंशी राजाहरूले मनुद्वारा निर्दिष्ट राजधर्म अनुसार राज्य सञ्चालन गर्दथे भनी कालिदासले बताएका छन्। वैदिक परम्परामा मनु धर्मशास्त्रका प्रणेता हुन्। उनले मानवधर्मशास्त्रको रचना गरेका हुन् । यही मानवधर्मशास्त्रलाई नै मनुस्मृति भनिन्छ। हिन्दु समाजमा मनुस्मृतिलाई वेदपछि विकास भएको सबै भन्दा प्राचीन स्मृति मानिन्छ। यो हिन्दु धर्मको आधिकारिक ग्रन्थ हो। यसलाई धर्मशास्त्र भनिन्छ । मनुद्वारा प्रणीत विचार लामो समयसम्म छरिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अवस्थामा वेद जस्तै एक पुस्ताबाट अर्को पुस्तामा मौखिक रूपमा हस्तान्तरण हुँदै आएको मानिन्छ । त्यसैले यसलाई मनुको विचार परम्परा (Manu's School of Thought) मान्न उपयुक्त हुन्छ । वर्तमान मनुस्मृति सङ्कलन धेरै पछि मात्र गरिएको मानिन्छ । वर्तमान मनुस्मृति ईशापूर्व द्वितीय शताब्दीदेखि ईशाको द्वितीय शताब्दी बीचको रचना हो (Jaiswal, 1978, p.21) ।

मनुस्मृतिमा बाह्र अध्याय छन् । प्रथम अध्यायमा संसारको सृष्टि, द्वितीय अध्यायमा जन्मदेखि मृत्यसम्मका संस्कार, तृतीय अध्यायमा पञ्च महायज्ञ आदि नित्य कर्म र श्राद्धविधि, चौथो अध्यायमा गृहस्थ धर्म, पाँचौं अध्यायमा भक्षाभक्षको निर्देश र छैठौँ अध्यायमा वानप्रस्थ एवं संन्यास आश्रमका नियमबारे प्रकाश पारिएको छ । यसैगरी सातौं अध्यायमा राजधर्म, आठौं अध्यायमा न्याय सम्पादन र साक्षी, नवौं अध्यायमा स्त्री-पुरुष धर्म र अंशवण्डा, दशौं अध्यायमा आपत्ति कालिक धर्म, एघारौं अध्यायमा प्रायश्चित्त व्यवस्था र बाह्रौं अध्यायमा आत्मज्ञानका बारेमा विवेचना गरिएको छ ।

मनुस्मृतिलाई राजनीतिक ग्रन्थ मात्र भन्न उचित हुँदैन । किनभने धार्मिक, सामाजिक, आर्थिक, सांस्कृतिक आदि विषयको ज्ञान यसमा छ । मनुस्मृतिका सातौं र आठौं अध्याय राजनीतिशास्त्रको ज्ञानका दृष्टिले महत्त्वपूर्ण छन् । सातौं अध्यायमा राजाको आवश्यकता, राजधर्म, राजाको कर्तव्य, मन्त्री, सेना, युद्धका नियम आदि विषयमा प्रकाश पारिएको छ । त्यसैगरी आठौं अध्यायमा न्याय प्रशासन, दण्ड व्यवस्था, साक्षी, अंशबण्डा आदि विषयमा विवेचना गरिएको छ ।

२. दण्डनीति ज्ञानको स्वतन्त्र शाखा
(Science of Politics as a Separate Discipline)

कौटिल्यले अर्थशास्त्रमा ज्ञानका शाखा मान्ने मनुको विचार परम्परा रहेको उल्लेख गरेका छन् । मनुस्मृतिमा मनुले राजनीतिशास्त्रलाई दण्डनीति र राजधर्म शब्दको प्रयोग गरेका छन् । शासन व्यवस्था राजतन्त्रात्मक थियो । राजधर्मले राजाको कर्तव्य भन्ने बुझिन्छ । राजनीतिक चिन्तनमा असल शासन व्यवस्थाका निम्ति राजा र सम्पूर्ण प्रजासमेतलाई कर्तव्यको बन्धनमा बाँधिएको देखिन्छ । राजाका अधिकार पनि कर्तव्य शीर्षक अन्तरगत राखिएको छ । त्यसैले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राजनीतिक चिन्तनलाई नै राजधर्म नाम दिनु स्वाभाविक मान्नुपर्दछ । दण्डनीति राजनीतिक चिन्तनका लागि प्रयोग भएको सबैभन्दा प्राचीन नाम हो । दण्डको अर्थ लठ्ठी हो । राजाका साथमा रहने राजदण्ड राज्य शक्तिको प्रतीक मानिन्थ्यो । यसको तात्पर्य समाजमा अपराध गर्ने व्यक्तिलाई दण्ड दिने राजाको अधिकार हो । दण्डको अर्थ सेना पनि हुन्छ । सेना राज्य शक्तिको प्रतीक हो । राज्यको आन्तरिक शान्ति, अनुशासन र सुव्यवस्था कायम गर्न एवं वाह्य आक्रमणबाट राज्यको सुरक्षाका लागि सेनाको विशेष महत्त्व हुन्छ । ईश्वरले सम्पूर्ण जीवहरूको रक्षक राजाको कार्य सिद्धिका लागि ब्रह्मतेजोमय धर्मपुत्र स्वरूप दण्डको सिर्जना गरे (मनु, १९८३, अ. ७. श्लो. १४) । त्यसै दण्डका डरले सम्पूर्ण चराचर जगत् आफ्नो कर्तव्य वा धर्मबाट विचलित हुँदैनन् र सुख भोग गर्न समर्थ हुन्छन् भन्ने मनुको मत छ (मनु, १९८३, अ.७, श्लो. १५) । यही दण्डको सही प्रयोगको निम्ति उपदेश दिने शास्त्रको नाम दणडनीति हो ।

मनुको विचार वैदिक चिन्तनमा विचार परम्पराका रूपमा विकास भएको थियो । कौटिल्यले अर्थशास्त्रमा मनुको विचारको उद्धरण गर्दा मनु मात्र उल्लेख नगरी मानवा अर्थात मनुका अनुयायी भनेका छन् । मनु सम्प्रदायका अनुयायी आचार्यहरूले त्रयी (ऋक्, यजु, र साम यी तीन वेद), वार्ता (कृषि, पशुपालन, र व्यापार), र दण्डनीति तीन विद्या वा ज्ञानका शाखा मान्दछन्[1] (कौटिल्य, २०००, अधि. १, अ. १) । यसबाट दण्डनीति वा राजनीति स्वतन्त्र विद्याको रूपमा मनुका अनुयायीहरूले स्वीकार गरेको स्पष्ट हुन्छ ।

३. धर्म प्रधान राजनीति (Blending of Politics and Dharma)

मनुको सामाजिक एवं राजनीतिक विचार धर्ममा आधारित छ । धर्म र राजनीतिमा उनी कुनै भिन्नता मान्दैनन् । उनले राजनीतिक विचारलाई राजधर्म शीर्षक दिएका छन् । मनुस्मृति धर्मशास्त्रमा लेखिएको ग्रन्थ भए तापनि यसमा धर्मशास्त्रका साथै राजनीति, अर्थशास्त्र एवं सामाजिक व्यवस्थामा समेत प्रकाश पारिएको छ । मनुस्मृतिको रचना गरिएको समयमा ज्ञानका विभिन्न शाखाहरू (Disciplines) को विकास भएको थिएन । कालान्तरमा आन्वीक्षिकी, त्रयी,

---

[1] त्रयी वार्ता दण्डनीतिश्चेति मानवा: ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

वार्ता र दण्डनीति ज्ञानका चार शाखाको विकास भयो । मनुको चिन्तन परम्परामा ज्ञानका तीन शाखा त्रयी, वार्ता र दण्डनीतिको विकास भएको विषयमा कौटिल्यले प्रकाश पारेका छन् । मनु, बृहस्पति र शुक्राचार्य विद्याका प्रवर्तक मानिन्छन् । मनुले ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रका धर्म अर्थात् कर्तव्य तोकेका छन् । देशधर्म, जातिधर्म, कुलधर्म र पाखण्डीहरूका धर्म मनुस्मृतिमा बताइएको छ (मनु, १९८३, अ.१, श्लो.११८) । मनुले राजा एवं प्रजा सबैलाई धर्म वा कर्तव्यको अधीनमा राखेका छन् । कर्तव्यको निर्धारण धर्मका आधारमा गरिएको छ । राजा र प्रजाको धर्म अर्थ नैतिक कर्तव्य भन्ने बुझिन्छ । नैतिकताको पालना गरेर नै असल राज्य व्यवस्था कायम गर्न सकिन्छ भन्ने मनुको विचार छ । उनको राजनीतिक विचार धर्म प्रधान छ ।

४. वर्ण व्यवस्था (Class System)

मनु वर्ण व्यवस्थाका पक्षपाती थिए । गुण र कर्मका आधारमा समाज चार वर्णमा विभाजित गरिएको प्रसङ्ग मनुस्मृतिमा छ । गुण र कर्मको तात्पर्य व्यक्तिको स्वभाव र सामाजिक दायित्वसँग सम्बन्धित छ । हिन्दु चिन्तनमा सत्त्वगुण, रजोगुण र तमोगुण गरी तीन प्रकारका गुण बताइएको छ । यी गुणबाट सात्त्विक, राजसिक र तामसिक अलगअलग प्रवृतिको विकास हुन्छ । सात्त्विक प्रवृतिको प्रधानता भएको व्यक्ति जसले जीवनप्रति आध्यात्मिक दृष्टिकोण राख्दछ त्यो ब्राह्मण मानिन्छ । सात्त्विक र राजसिक प्रवृतिको प्रधानता भएको व्यक्ति क्षत्रिय मानिन्छ । राजसिक र तामसिक प्रवृतियुक्त व्यक्तिलाई वैश्य भनिन्छ । नितान्त तामसिक प्रवृति भएको व्यक्तिलाई शूद्र भनिन्छ । सृष्टिकर्ता ब्रह्माले मुखबाट ब्राह्मण, बाहुबाट क्षत्रिय, तिघ्राबाट वैश्य र पाउबाट शूद्रको उत्पत्ति गरे भन्ने वैदिक मान्यताको मनुले समर्थन गरेका छन् (मनु, १९८३, अ.१, श्लो.८७) । समाजलाई चार वर्णमा विभाजन गरी तिनीहरूका कर्म पनि निर्धारित गरिएको छ । ब्राह्मणहरूका लागि पढ्नु, पढाउनु, यज्ञ गर्नु, यज्ञ गराउनु,दान दिनु र दान लिनु गरी छ कर्म निश्चित गरिएको छ । भोगविलासमा आसक्त नभई प्रजाको रक्षा गर्नु, दान दिनु, यज्ञ गर्नु, पढ्नु क्षत्रियका कर्म हुन् । पशुपालन गर्नु, दान दिनु, यज्ञ गर्नु, पढ्नु, व्यापार गर्नु, व्याज लिएर धन लेनदेन गर्नु र खेती गर्नु वैश्यका कर्म हुन् । उपर्युक्त तीनै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

वर्णहरूको सेवा र सहयोग गर्नु शूद्रको कर्म हो मनुको मत छ[2] (मनु, १९८३, अ.१, श्लो.८८-९१)।

सभ्यता एवं संस्कृतिको आधार विद्या, धर्म र आचारलाई आफ्नो जीवनमा चरितार्थ गर्ने समूहलाई ब्राह्मण भनियो। राज्य सञ्चालनमा सल्लाह सहयोग गर्नु एवं मन्त्रीका रूपमा कार्य गर्नु ब्राह्मणको कर्तव्य मानिन्थ्यो। राज्य सञ्चालनका साथै राज्यको सुरक्षा गर्नु क्षत्रियको धर्म थियो। व्यापार, कृषि, पशुपालन आदि आर्थिक क्रियाकलाप वैश्यको कार्य मानिन्थ्यो। त्यसैगरी शिल्प र सेवासम्बन्धी कार्य गर्ने वर्गलाई शूद्र भनिन्थ्यो। यसरी हेर्दा ब्राह्मण र क्षत्रियको मात्र राजनीतिमा सहभागिताको व्यवस्था मनुको राजनीतिक चिन्तनमा देखिन्छ। वैश्य र शूद्रलाई राजनीतिबाट अलग राखिएको छ। वर्ण व्यवस्था कालान्तरमा छुवाछूतको रूपमा विकास हुन पुग्यो। हाल आएर मनुको उक्त व्यवस्था हिन्दुहरूको सामाजिक व्यवस्थामा सबै भन्दा बढी आलोच्य विषय बनेको छ।

५. शिक्षा प्रणाली (Education System)

मनुस्मृतिमा राज्यद्वारा शिक्षाको व्यवस्था मिलाउने विषयमा उल्लेख गरिएको छैन। पढ्नु र पढाउनु ब्राह्मणको कार्य हो। वर्णाश्रम धर्मको रक्षा गर्नु राजाको कर्तव्य मानिन्थ्यो। यसबाट ब्राह्मणहरूलाई पढ्ने र पढाउने व्यवस्था मिलाउनु राजाको कर्तव्य हुन्थ्यो। शिक्षामा राज्यको नियन्त्रण थिएन। पाठ्यक्रम राज्यद्वारा नियन्त्रित हुँदैनथ्यो। त्रयी, वार्ता र दण्डनीतिको पठनपाठन हुन्थ्यो। ब्राह्मण, क्षत्रिय र वैश्यलाई द्विज भनिन्थ्यो। द्विजहरूले वेद त्रयीको अध्ययन गर्ने मनुको उपदेश छ। पढाउने कार्य ब्राह्मणहरूले मात्र गर्नुपर्दछ (मनु, १९८३, अ. १०, श्लो.४)। ब्राह्मणले सबै वर्णका व्यक्तिहरूको जीविकाको उपाय जान्नुका साथै सबै वर्णका व्यक्तिहरूलाई जीविकाकाबारे

---

2 अध्यापनमध्यनं यजनं याजनं तथा।
दानं प्रतिग्रहं चैव ब्राह्मणामकल्पयत्॥
प्रजानां रक्षणं दानमिज्याध्ययनमेव च।
विषयेष्वप्रसक्तिश्च क्षत्रियस्य समासतः॥
पशूनां रक्षणं दानमिज्याध्यनमेव च।
वणिक्पथं कुसीदं च वैश्यस्य कृषिमेव च॥
एकमेव तु शूद्रस्य प्रभु कर्म समादिशत्।
एतेषामेव वर्णानां शुश्रूषामनसूयया॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आवश्यक विद्याको ज्ञान दिनुपर्दछ र स्वयं आफ्नो जीविकाको व्यवस्था गर्नुपर्दछ[3] (मनु, १९८३, अ.१०, श्लो.२) भनिएको छ । यसरी शिक्षाको सम्पूर्ण जिम्मेवारी ब्राह्मणलाई दिइएको देखिन्छ । सबैलाई शिक्षा दिने भएको हुँदा ब्राह्मणलाई सम्मानित स्थान दिइएको हो । व्यावहारिक रूपमा भने त्यो शिक्षा व्यवस्था सबैलाई शिक्षा दिन सफल हुन सकेन । कालान्तरमा महिला र शूद्रवर्ण शिक्षाबाट वञ्चित हुन पुगे । शिक्षामा भेदभावको नीतिले गर्दा हिन्दु समाजमा छुवाछूत जस्तो कुप्रथाको विकास भयो । द्विजहरूमा पनि सबैले शिक्षाको अवसर प्राप्त गर्न सकेनन् । कालान्तरमा समाजका बहुसंख्यक सदस्यहरूले शिक्षा प्राप्त गर्न सकेनन् । शिक्षाबाट वञ्चित व्यक्तिहरूको राज्य सञ्चालनमा सहभागिता सम्भव भएन ।

राजाको शिक्षामा मनुले विशेष जोड दिएका छन् । राजाले ब्रह्मचर्याश्रममा शिक्षा प्राप्त गर्नु पर्दथ्यो । राजाले वेदका ज्ञाताबाट तीन वेद र शाश्वत सनातन दण्डनीति, दार्शनिकहरूबाट दर्शनशास्त्र वा तर्क विद्या, आत्मविद्याका ज्ञाताबाट आत्मविद्या र लोकव्यवहारका ज्ञाताबाट वार्ताविद्याको अभ्यास गरिरहनु पर्दछ (मनु, १९८३, अ.७, श्लो.४३) भन्ने मनुको मत छ । यसैगरी मन्त्री, न्यायिक कार्यमा नियुक्त सभाका सदस्य र कर्मचारीहरू पनि शास्त्रज्ञ हुनुपर्दछ भनिएको छ । यसबाट मनुले शिक्षाको महत्त्व स्वीकार गरेको स्पष्ट हुन्छ ।

मनुष्यको आयु एक शय वर्ष मानिएको छ । उक्त आयुलाई विभाजन गरी बर्ह्मचर्य, गार्हस्थ्य, वानप्रस्थ र सन्यास चार आश्रमको व्यवस्था गरिएको छ । प्रत्येक आश्रमको अवधि पच्चीस वर्ष कायम गरिएको छ । आयुको पहिलो पच्चीस वर्ष विद्या अध्ययन वा जीवनमा आवश्यक पर्ने ज्ञान आर्जनको अवधि हो । यसै अवधिमा मानिसले शिक्षा प्राप्त गर्नुपर्दछ भन्ने मान्यता प्राचीन कालदेखि नै स्थापित थियो । गुरुको सेवाशुश्रूषा गरी आश्रममा नियमपूर्वक बसी विद्या आर्जन गर्ने प्राचीन शिक्षा पद्धतिलाई गुरुकुल पद्धति भनिन्थ्यो । गुरुकुलमा त्रयी, दण्डनीति र युद्धकलाको प्रशिक्षण हुने गर्दथ्यो । गुरुकुलमा विज्ञान र प्रविधिको चिन्तनको विकास र पठनपाठन हुन सकेन । समाजको विकासको गतिसँगै अगाडि बढ्न नसक्नु नै यस शिक्षा पद्धतिको कमजोर पक्ष हो ।

---

[3] सर्वेषां ब्रामणो विद्याद् वृत्त्युपायान् यथाविधि ।
प्रब्रूयादितरेभ्यश्च स्वयं चैव तथा भवेत् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

चरित्र निर्माण गर्नु शिक्षाको प्रमुख उद्देश्य थियो । राजा र सम्पूर्ण प्रजाको असल चरित्र निर्माणको आधार शिक्षालाई मानिएको छ । असल व्यक्तिगत आचरण भएको राजाबाट मात्र असल शासन सम्भव हुन्छ भन्ने मनुको मान्यता रहेको छ । मन्त्री र कर्मचारीको पनि असल वैयक्तिक चरित्रमा जोड दिइएको छ।

६. राज्यको उत्पत्ति (Origin of the State)

राज्यको उत्पत्ति सम्बन्धमा मनुले दैवी सिद्धान्तको प्रतिपादन गरेका छन्। प्राचीन कालमा राजा र शासनको अभाव थियो । त्यस समाजमा शक्तिशालीले कमजोरलाई पीडा दिने प्रवृति थियो । राज्य विहीन अवस्थालाई मनुले अराजक अवस्था भनेका छन् । अराजक अवस्थाको वर्णन गर्न उनले ठूलो माछाले सानो माछालाई खाने मात्स्यन्यायको अवस्था भनेका छन् । मात्स्यन्याय भन्नाले बलिया र शक्तिशालीले कमजोरलाई दु:ख दिने व्यवस्था हो । मात्सन्यायको अन्त्य गरी संसारको रक्षाका लागि ईश्वरले राजा र राज्यको रचना गरे। ईश्वरले राजाको सिर्जना इन्द्र, वायु, यम, सूर्य, अग्नि, वरुण, चन्द्र र कुवेरको सारभूत अंशबाट गरेका हुन्[4] (मनु, १९८३, अ. ७. श्लो.च ४) । सवै देवताको अंश भएकाले राजा विशिष्ट देवता हुन् । मनुष्यको रूपमा महान् देवता राजा पृथ्वीमा विचरण गर्दछन् (मनु, १९८३, ७. ७) । यसरी मनुले राजा र राज्य दुबै ईश्वरको सिर्जना मानेका छन् ।

७. राज्य (State)

मनुले राजा र राज्यको उत्पत्ति एकै पटक भएको मान्दछन् । राज्य विहीन अवस्थामा सामाजिक जीवन सम्भव हुँदैन भन्ने मनुको मत छ । समाजमा धर्म वा सामाजिक मर्यादा स्थापनाका निम्ति राजा र राज्यको आवश्यकता परेको हो। प्रजाको हितको रक्षा गर्नु राजाको परम धर्म हो[5] (मनु, १९८३, अ. ७, श्लो. १४४) । ब्रह्माले धर्मको रक्षाका लागि राजाको सिर्जना गरेका हुन्[6] (मनु, १९८३, अ. ७, श्लो. ३५) । राजा र प्रजा कर्तव्यको डोरीले बाँधिएका छन्।

---

[4] इन्द्रानिलयमार्कणामग्नेश्च वरुणस्य च ।
चन्द्रवित्तेशयोश्चैव मात्रा निर्हित्य शाश्वती: ।।

[5] क्षत्रियस्य परो धर्म: प्रजानामेव पालनम् ।

[6] स्वे स्वे धर्मे विनिष्टानां सर्वेषामनुपूर्वश: ।
वर्णानामाश्रमाणां च राजा सृष्टोऽभिरक्षिता: ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कर्तव्य पालना नगर्ने अविनयी राजा नष्ट भएका उदाहरण[7] (मनु, १९८३, अ. ७, श्लो. ४०) मनुस्मृतिमा दिइएको छ । मनुले राजा भन्दा राज्य र प्रजा महत्त्वपूर्ण मानेका छन् । राजा विनय गुण सम्पन्न हुनुपर्दछ । अविनयी राजालाई प्रजाले विद्रोह गरेर हटाउन सक्छन् भन्ने मनुको मत छ ।

८. सप्ताङ्ग सिद्धान्त (Theory of Seven Elements of the State)

स्वामी, अमात्य, राष्ट्र, दुर्ग, कोष, दण्ड, र मित्र राज्यका सात अङ्ग वा प्रकृति हुन्[8] (मनु, १९८३, अ. ९, श्लो.२९५) । मनुका अनुसार राज्यका सात अङ्गको संक्षिप्त परिचय निम्न अनुसार रहेको छ :

८.१. स्वामी (Monarch)

स्वामी शब्द राजाका लागि प्रयोग गरिएको छ । राजा राज्यका सात अङ्गहरू मध्ये प्रमुख अङ्ग मानिएको छ । राज्य सञ्चालनको प्रमुख जिम्मेवारी राजको हो । राजा क्षत्रिय हुनुपर्ने मनुको विचार छ । राजा शक्तिशाली छन् । शासन सञ्चालनको सम्पूर्ण जिम्मेवारी राजालाई दिइएको छ । मन्त्री र राज्यका निम्ति आवश्यक कर्मचारी नियुक्ति गर्ने अधिकार राजालाई दिइएको छ । राजालाई कार्यपालिका र न्यायपालिकाका प्रमुख बनाइएको छ । कानुन निर्माण गर्ने स्वतन्त्रता भने राजालाई दिइएको देखिँदैन । राजले राजधर्मअनुसार शासन सञ्चालन गर्नुपर्छ भन्ने मनुको विचार छ ।

८.२. अमात्य (Council of Ministers)

सामान्य अर्थमा अमात्य शब्दको तात्पर्य मन्त्री वा सचिव हो । राज्यका अङ्गका रूपमा अमात्यको अर्थ मन्त्रीपरिषद्समेत हो । राजाद्वारा एक्लै राज्य सञ्चालन गर्न सम्भव हुँदैन । वंशपरम्परादेखि आफ्नो सेवा गर्दै आएका वंशका, शास्त्रज्ञ, शूर, युद्ध विद्यामा कुशल र शुद्ध कुलका व्यक्तिहरूमध्ये राम्रोसँग परीक्षण गरी राजाले सात वा आठ जना मन्त्रीहरू नियुक्त गर्नुपर्दछ भन्ने मनुले बताएका छन् (मनु, १९८३, अ.७, श्लो.५४) ।

---

[7] बहवोऽविनयान्नष्टा राजानः सपरिच्छदाः ।

[8] स्वाम्यमात्यौ पुरं राष्ट्रं कोशदण्डौ सुहृत्तथा ।
सप्त प्रकृतयो ह्येताः सप्ताङ्गं राज्यमुच्यते ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

चरित्र निर्माण गर्नु शिक्षाको प्रमुख उद्देश्य थियो । राजा र सम्पूर्ण प्रजाको असल चरित्र निर्माणको आधार शिक्षालाई मानिएको छ । असल व्यक्तिगत आचरण भएको राजाबाट मात्र असल शासन सम्भव हुन्छ भन्ने मनुको मान्यता रहेको छ। मन्त्री र कर्मचारीको पनि असल वैयक्तिक चरित्रमा जोड दिइएको छ।

६. राज्यको उत्पत्ति (Origin of the State)

राज्यको उत्पत्ति सम्बन्धमा मनुले दैवी सिद्धान्तको प्रतिपादन गरेका छन्। प्राचीन कालमा राजा र शासनको अभाव थियो । त्यस समाजमा शक्तिशालीले कमजोरलाई पीडा दिने प्रवृति थियो । राज्य विहीन अवस्थालाई मनुले अराजक अवस्था भनेका छन् । अराजक अवस्थाको वर्णन गर्न उनले ठूलो माछाले सानो माछालाई खाने मात्स्यन्यायको अवस्था भनेका छन् । मात्स्यन्याय भन्नाले बलिया र शक्तिशालीले कमजोरलाई दु:ख दिने व्यवस्था हो । मात्सन्यायको अन्त्य गरी संसारको रक्षाका लागि ईश्वरले राजा र राज्यको रचना गरे। ईश्वरले राजाको सिर्जना इन्द्र, वायु, यम, सूर्य, अग्नि, वरुण, चन्द्र र कुवेरको सारभूत अंशबाट गरेका हुन्[4] (मनु, १९८३, अ. ७. श्लो.च ४) । सवै देवताको अंश भएकाले राजा विशिष्ट देवता हुन् । मनुष्यको रूपमा महान् देवता राजा पृथ्वीमा विचरण गर्दछन् (मनु, १९८३, ७. ७) । यसरी मनुले राजा र राज्य दुबै ईश्वरको सिर्जना मानेका छन् ।

७. राज्य (State)

मनुले राजा र राज्यको उत्पत्ति एकै पटक भएको मान्दछन् । राज्य विहीन अवस्थामा सामाजिक जीवन सम्भव हुँदैन भन्ने मनुको मत छ । समाजमा धर्म वा सामाजिक मर्यादा स्थापनाका निम्ति राजा र राज्यको आवश्यकता परेको हो । प्रजाको हितको रक्षा गर्नु राजाको परम धर्म हो[5] (मनु, १९८३, अ. ७, श्लो. १४४) । ब्रह्माले धर्मको रक्षाका लागि राजाको सिर्जना गरेका हुन्[6] (मनु, १९८३, अ. ७, श्लो. ३५) । राजा र प्रजा कर्तव्यको डोरीले बाँधिएका छन् ।

---

4 इन्द्रानिलयमार्कणामग्नेश्च वरुणस्य च ।
चन्द्रवित्तेशयोश्चैव मात्रा निर्हित्य शाश्वती: ॥

5 क्षत्रियस्य परो धर्म: प्रजानामेव पालनम् ।

6 स्वे स्वे धर्मे विनिष्टानां सर्वेषामनुपूर्वश: ।
वर्णानामाश्रमाणां च राजा सृष्टोऽभिरक्षिता: ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कर्तव्य पालना नगर्ने अविनयी राजा नष्ट भएका उदाहरण[7] (मनु, १९८३, अ. ७, श्लो. ४०) मनुस्मृतिमा दिइएको छ । मनुले राजा भन्दा राज्य र प्रजा महत्त्वपूर्ण मानेका छन् । राजा विनय गुण सम्पन्न हुनुपर्दछ । अविनयी राजालाई प्रजाले विद्रोह गरेर हटाउन सक्छन् भन्ने मनुको मत छ ।

८. सप्ताङ्ग सिद्धान्त (Theory of Seven Elements of the State)

स्वामी, अमात्य, राष्ट्र, दुर्ग, कोष, दण्ड, र मित्र राज्यका सात अङ्ग वा प्रकृति हुन्[8] (मनु, १९८३, अ. ९, श्लो.२९५) । मनुका अनुसार राज्यका सात अङ्गको संक्षिप्त परिचय निम्न अनुसार रहेको छ :

८.१. स्वामी (Monarch)

स्वामी शब्द राजाका लागि प्रयोग गरिएको छ । राजा राज्यका सात अङ्गहरू मध्ये प्रमुख अङ्ग मानिएको छ । राज्य सञ्चालनको प्रमुख जिम्मेवारी राजको हो । राजा क्षत्रिय हुनुपर्ने मनुको विचार छ । राजा शक्तिशाली छन् । शासन सञ्चालनको सम्पूर्ण जिम्मेवारी राजालाई दिइएको छ । मन्त्री र राज्यका निम्ति आवश्यक कर्मचारी नियुक्ति गर्ने अधिकार राजालाई दिइएको छ । राजालाई कार्यपालिका र न्यायपालिकाका प्रमुख बनाइएको छ । कानुन निर्माण गर्ने स्वतन्त्रता भने राजालाई दिइएको देखिँदैन । राजले राजधर्मअनुसार शासन सञ्चालन गर्नुपर्छ भन्ने मनुको विचार छ ।

८.२. अमात्य (Council of Ministers)

सामान्य अर्थमा अमात्य शब्दको तात्पर्य मन्त्री वा सचिव हो । राज्यका अङ्गका रूपमा अमात्यको अर्थ मन्त्रीपरिषद्समेत हो । राजाद्वारा एक्लै राज्य सञ्चालन गर्न सम्भव हुँदैन । वंशपरम्परादेखि आफ्नो सेवा गर्दै आएका वंशका, शास्त्रज्ञ, शूर, युद्ध विद्यामा कुशल र शुद्ध कुलका व्यक्तिहरूमध्ये राम्रोसँग परीक्षण गरी राजाले सात वा आठ जना मन्त्रीहरू नियुक्त गर्नुपर्दछ भन्ने मनुले बताएका छन् (मनु, १९८३, अ.७, श्लो.५४) ।

---

[7] वहवोऽविनयान्नष्टा राजानः सपरिच्छदाः ।

[8] स्वाम्यमात्यौ पुरं राष्ट्रं कोशदण्डौ सुहृत्तथा ।
सप्त प्रकृतयो ह्येताः सप्ताङ्गं राज्यमुच्यते ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

८.३. पुर (Capital City with Fort)

राज्यको तेस्रो अङ्ग पुर हो । सामान्यत: पुरको अर्थ शहर हो तापनि मनुले यसको प्रयोग राजधानीका लागि गरेका छन् । राजधानीको मुख्य आधार दुर्ग हो । दुर्गको सुरक्षा घेरा भित्र राज्यको राजधानी शहर बसाल्नु पर्ने मनुको मत छ । यही सुरक्षा घेरालाई दुर्ग भनिन्छ । मनुले छ प्रकारका दुर्गको उल्लेख गरेका छन् । प्राचीन राजनीतिशास्त्रमा कुनै विचारकहरूले पुरको सट्टा दुर्गलाई राज्यको तेस्रो अङ्ग मानेका छन् । मनुका अनुसार राजधानी रमणीय स्थानमा निर्माण गर्नुपर्दछ । राजधानीको प्राकृतिक अवस्था सुदृढ हुनुका साथै शत्रुबाट सुरक्षित हुनुपर्दछ । राजधानीका निवासी नम्र, धार्मिक र वीर हुनुपर्दछ । राजधानीमा राजा एक श्रेष्ठ दुर्गमा वस्नु पर्दछ । दुर्ग धनधान्य, यन्त्र एवं इन्धन आदिद्वारा सुसम्पन्न हुनुपर्दछ । मनुले छ प्रकारका दुर्गको चर्चा गरेका छन् । जस्तै : १. धन्व (मरुभूमि वेष्टित) दुर्ग २. मही (ढुङ्गाद्वारा निर्मित) दुर्ग ३. जल दुर्ग (पानीले घेरिएको) ४. वृक्ष दुर्ग (जङ्गलले घेरिएको) ५. नृदुर्ग (मानिसद्वारा सुरक्षित) र ६. गिरि दुर्ग (पहाडबाट घेरिएको) गरी छ प्रकारका दुर्गको उल्लेख मनुले गरेका छन्[१] (मनु, १९८३, अ. ७. श्लो. ७०) ।

८.४. राष्ट्र (Nation)

स्थावर र जङ्गम अर्थात जमीन, पर्वत वृक्ष आदि स्थावर र मनुष्य आदि हिडडुल गर्ने जीव मिलेर राष्ट्र वन्दछ । राष्ट्र राज्यको अङ्ग मानिएको छ । कौटिल्यले राष्ट्रलाई जनपद भनेका छन् । मनुले राष्ट्रलाई ग्राम प्रधान मानेका छन् । त्यसैले उनका अनुसार गाउँको समूह राष्ट्र हो । प्रत्येक दश गाउँमा एक प्रमुख अधिकारी हुन्थे जसलाई दश ग्रामपति भनिन्थ्यो । बीस गाउँका अधिकारीलाई वीस ग्रामपति भनिन्थ्यो । शय गाउँको प्रमुख शत ग्रामपति र हजार गाउँको प्रमुखलाई सहस्र ग्रामपति भनिन्थ्यो । यिनीहरूको कार्य आआफ्नो क्षेत्रमा शान्ति सुव्यवस्था कायम गर्नु थियो । मनुले राज्यमा गाउँका साथै शहरको प्रशासन व्यवस्थालाई पनि महत्त्वपूर्ण स्थान दिएका छन् । शहरका प्रमुख प्रमुख अधिकारीलाई सर्वार्थचिन्तक भनिन्थ्यो ।

---

१ धन्वदुर्गं महीदुर्गमब्दुर्गं वार्क्षमेव च ।
नृदुर्गं गिरिदुर्गं वा समाश्रित्य वसेत्पुरम् ।।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

८.५. कोष (Treasury)

मनुका युगमा पनि धनको विशेष महत्त्व हुन्थ्यो । राज्य सञ्चालन गर्न राजालाई धनको आवश्यकता पर्दथ्यो । राजाद्वारा एउटा राजकोषको व्यवस्था गरिन्थ्यो । राज्यको अत्यन्त महत्त्वपूर्ण अङ्ग राजकोष मानिन्थ्यो । मनुले राजालाई आफ्नो राजकोषमा निरन्तर वृद्धि गर्ने सल्लाह दिएका छन् । बलि, शुल्क, दण्ड, भाग आदिबाट राज्य कोषमा धन जम्मा गर्ने व्यवस्थाको उल्लेख मनुले गरेका छन् । राजाले प्रजाबाट करको रूपमा प्राप्त गर्ने धनधान्यलाई बलि भनिन्थ्यो । बजारमा विक्री गरिने वस्तुमा लगाइने करलाई शुल्क भनिन्थ्यो । दण्डको तात्पर्य न्यायालयद्वारा तोकिएको आर्थिक दण्डका रूपमा प्राप्त हुने धन हो । भागको अर्थ कृषि, पशुपालन आदि व्यवसायबाट हुने आम्दानिको राजालाई पाउने निश्चित भाग हो ।

मनुले राजालाई जनताको सामर्थ्य विचार गरेर मात्र कर लिने सल्लाह दिएका छन् । राजाले प्रजाको सामर्थ्यभन्दा बढी कर लिएमा मनुले त्यसलाई शोषण मान्दछन् ।

८.६. दण्ड (Military)

एकातर्फ राजदण्डका रूपमा दण्डलाई लिइएको छ र यसैमा राज्यको व्यवस्था निर्भर मानिन्छ । अर्कोतर्फ दण्डको अर्थ शक्ति वा सेना भन्ने बुझिन्छ । मनुका अनुसार दण्ड राज्यको एउटा महत्त्वपूर्ण अङ्ग हो । दण्ड बिना राज्यको अस्तित्व सम्भव हुन सक्दैन । आन्तरिक शान्ति सुव्यवस्था कायम गर्न र बाह्य आक्रमणबाट राज्यको प्रतिरक्षा गर्न राजालाई सेनाको आवश्यकता पर्दथ्यो ।

८.७. मित्र (Ally)

मित्रलाई पनि राज्यको अङ्ग मानिएको छ । यहाँ मित्रको अर्थ मित्र राज्य हो । राजाले अन्य राजासँग मैत्रीपूर्ण सम्बन्ध राख्नु पर्दछ भन्ने मनुको मत छ । मित्रका आधारमा राज्यको शक्तिको विकास हुन्छ । राज्य मण्डलमा आफ्नो राज्यको शक्ति बढाउन राजाले मित्रहरू बनाउनु पर्दछ । आधुनिक राज्य व्यवस्थामा पहिलेदेखि अस्तित्वमा रहेका राज्यले नयाँ राज्यलाई राज्यको मान्यता दिने प्रचलन जस्तै प्राचीन कालमा मित्र राज्य राज्यको अङ्ग मानिन्थ्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

९. राजसंस्था (Kingship)

अराजक अवस्थाबाट समाजलाई मुक्त गरी सामाजिक व्यवस्था स्थापना वा धर्म स्थापनाका निम्ति राजा र राज्य विकास भएको हो भन्ने मनुको मान्यता छ। प्रजाको पालन गर्नु क्षत्रिय राजाको परम कर्तव्य हो। मनुस्मृतिका टीकाकार कुल्लुकका अनुसार राजाका आठ प्रकारका कर्म मनुले निर्दिष्ट गरेका छन्। कर उठाउनु, दान वा पुरस्कार दिनु, अमात्य आदिलाई उचित आज्ञा दिनु, अनुचित कार्य निषेध गर्नु, सन्दिग्ध विषयमा निर्णय दिनु, मुद्दा मामिला फैसला गर्नु, उचित दण्ड दिनु, र प्रायश्चित्त गर्नु राजाका आठ प्रकारका कार्य हुन्।

आफ्नो कार्यको सिद्धि र प्राणीहरूलाई आआफ्नो धर्ममा संलग्न राख्ने उद्देश्यले राजाले राजदण्ड धारण गर्दछन्। देश-काल, दण्ड, शक्ति र विद्याअनुसार अन्याय गर्ने व्यक्तिलाई दण्ड दिनु र वर्णाश्रम व्यवस्थाको सुरक्षाका लागि तथा देशमा व्यभिचारको अन्त्य गर्ने उद्देश्यले सोच विचार गरेर दण्डको प्रयोग गर्नुपर्दछ (मनु, १९८३, अ. ७, श्लो. १४-२५)।

राजा सत्यवादी, विचारवान् बुद्धिमान्, धर्मको मर्म जान्ने, समृद्धशाली, शुद्ध, शास्त्रअनुसार व्यवहार गर्ने र योग्य सहयोगी गुण भएको हुनुपर्दछ। राम्रा सहयोगी नभएको, मूर्ख, लोभी, शास्त्रको ज्ञान नभएको र विषयमा आसक्त राजाले न्यायपूर्वक राजदण्डको प्रयोग गर्न सक्दैन भन्ने मनुको मत छ। राजाले आफ्नो राज्यमा न्यायअनुसार, शत्रु राज्यप्रति कठोरतापूर्वक, स्वाभाविक मित्रप्रति सरलता र ब्राह्मणप्रति क्षमाशील भई व्यवहार गर्नुपर्दछ।

यदि कुनै राजाले मोहवश आफ्नो राज्यको रेखदेख गर्दैनन्, आफ्ना प्रजालाई दुःख दिन्छन् र धन मात्र संग्रह गर्दछन् भने त्यस्ता राजाले आफ्ना बन्धु-बान्धवहरूसहित राज्य र आफ्नो जीवन छिटै नै गुमाउन पुग्छन् भन्ने मनुको विचार छ[10] (मनु, १९८३, अ.७, श्लो.१११)। राजाले राज्यमा शान्ति सुव्यवस्था कायम गर्ने, बाहिरी आक्रमणबाट राज्यको प्रतिरक्षा गर्ने, र कर उठाउने मात्र गरेर पुग्दैन। राजाले इन्द्र, सूर्य, वायु, यम, वरुण, चन्द्रमा, अग्नि र

---

10 मोहाद्राजा स्वराष्ट्रं यः कर्षयत्यनवेक्षया।

सोऽचिराद् भ्रश्यते राज्याज्जीविताच्च सबान्धवः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पृथ्वी तेज जस्तै व्यवहार गर्नुपर्छ[11] (मनु,१९८३, अ.९, श्लो.३०३) । जसलाई राजाका व्रत भनिन्छ । जसरी इन्द्रले वर्षाऋतुका चार महिना वर्षा गराएर सबैलाई सुख दिन्छन् त्यस्तै चाहेका वस्तुको वर्षा गराएर राजाले आफ्नो राष्ट्रलाई सन्तुष्ट गराउनुपर्छ । त्यो राजाको इन्द्रव्रत हो । आठ महिनासम्म सूर्यका किरणले जल हरण गरे जस्तै राजाले प्रजाबाट कर उठाउनुपर्छ । वायु जस्तै गुप्तचरका रूपमा राजा सर्वत्र व्याप्त हुनुपर्छ । यमले जस्तै निष्पक्ष भएर अपराधीलाई दण्ड दिनुपर्छ । वरुणले जस्तै पापीहरूलाई नियन्त्रण गर्नुपर्छ । चन्द्रमालाई देखेर मानिसहरू जसरी प्रसन्न हुन्छन् त्यस्तै राजालाई देखेर प्रजाहरू प्रसन्न हुनुपर्छ । अग्निले जस्तै राजाले पापीहरूलाई नष्ट गर्नुपर्छ । जसरी पृथ्वीले सबै प्राणीहरूलाई भेदभाव नगरी समान भावले धारण गर्दछ, त्यसै गरी राजाले पनि सबै प्राणीहरूलाई समान भावले भरण-पोषण गर्नुपर्छ । यो राजाको पार्थिव व्रत हो[12] (मनु, १९८३, अ.९, श्लो.३०३-३११) ।

९.१. राजाको चरित्र (Character of the King)

विधिपूर्वक यज्ञोपवीत संस्कार सम्पन्न क्षत्रिय राजाले सबै प्रजाहरूको रक्षा गर्नुपर्दछ (मनु, १९८३, अ. ७, श्लो.२) । यसबाट क्षत्रिय मात्र राजा बन्न सक्ने व्यवस्था मनुले बसालेको देखिन्छ । मनुले राजाका गुण, कर्तव्य, र दिनचर्याको विशेष वर्णन गरेका छन् । मनुले राजाको शिक्षामा विशेष जोड दिएका छन् । राजाले तीनै वेदका ज्ञाताबाट तीन वेद, सनातन दण्डनीति वा राजधर्म, तर्कशास्त्र, आत्मविद्या, र लोकव्यवहारबाट वार्ता विद्याको ज्ञान गर्नुपर्दछ (मनु, १९८३, अ. ७, श्लो.४३) । शिक्षा चरित्र निर्माणको आधार मानिएको छ । राजा जितेन्द्रिय र विनयी हुनुपर्दछ । जितेन्द्रिय राजाले प्रजालाई आफ्नो वशमा राख्न सक्दछन् (मनु, १९८३, अ. ७, श्लो. ४४) । कामबाट दश र क्रोधबाट आठ दुर्व्यसन उत्पन्न हुन्छन् । व्यसनहरू बडो दु:खदायी हुने भएकाले यत्नसाथ यिनको परित्याग गर्नुपर्दछ । शिकार खेल्नु, जूवा खेल्नु, दिनमा सुत्नु, अरूको दोषको वर्णन गर्नु, स्त्रीहरूसित समागम गर्नु, मदिरापान गर्नु, नाच्नु, गाउनु, बजाउनु र

---

[11] इन्द्रस्यार्कस्य वायोश्च यमस्य वरुणस्य च ।
चन्द्रस्याग्नेः पृथिव्याश्च तेजोवृत्तं नृपश्चरेत् ॥

[12] यथासर्वाणि भूतानि धरा धारयते समम् ।
तथा सर्वाणि भूतानि बिभ्रतः पार्थिवं व्रतम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

व्यर्थ भ्रमण गर्नु कामबाट उत्पन्न दश व्यसन हुन् । कसैको अनुपस्थितिमा उसको दोष प्रकट गर्नु, नराम्रो कार्यमा दुस्साहस गर्नु, द्रोह गर्नु, ईर्ष्या गर्नु, अरूको गुणमा दोष देख्नु, आर्थिक अनुशासन पालन नगर्नु, वाक्दण्ड वा गालीगलौज गर्नु, र क्रुरता क्रोधबाट उत्पन्न व्यसन हुन् । यी दुवै व्यसन लोभबाट उत्पन्न हुन्छन् । तसर्थ लोभलाई यत्नपूर्वक जित्नुपर्दछ (मनु, १९८३, अ. ७, श्लो. ४७-४९) । दुर्व्यसनरहित राजाको निजी स्वार्थ रहँदैन भन्ने मनुको मान्यता छ । व्यसनरहित राजाले आफ्नो जीवन जनता र राज्यको हित र भलाइमा समर्पित गरी सुशासन कायम गर्न सम्भव हुन्छ भन्ने मनुको योजना छ ।

९.२. राजाको दिनचर्या (Time Table of the King)

मनुले राजाको दिनचर्याको विस्तृत वर्णन गरेका छन् । रात्रिको अन्तिम प्रहर वा ब्रह्ममुहूर्तमा उठेर राजाले दिनचर्या प्रारम्भ गर्नुपर्छ । शौचादि पश्चात् हवन, अध्ययन र पूजा गरेर राजा सभागृहमा प्रवेश गर्नुपर्छ । सभागृहमा प्रजाका विवाद ध्यान दिएर सुन्ने र उनीहरूसँग प्रेमपूर्वक विदा भएर मन्त्रीसँग परामर्श वा मन्त्रणा गर्नुपर्छ । त्यसपछि राजाले अन्तर्राज्य सम्बन्धबारे दूत र गुप्तचरसँग मन्त्रणा गर्नुपर्छ । दूत र गुप्तचरसँग मन्त्रणा सकेर सेनापतिसँग सैनिकसम्बन्धी विषयमा परामर्श गर्नुपर्छ भनी मनुले दिनचर्या निर्धारण गरेका छन् । राजाले मध्यान्नमा व्यायाम, स्नान, आराम तथा सेना एवं युद्ध सामग्रीको निरीक्षण गर्नुपर्छ । सन्ध्याकालमा प्रार्थना सकेर मन्त्रीसँग वा एक्लै धर्म, अर्थ, काम, राजकुमारहरूको शिक्षा, दूत, अन्तपुरका समस्या, गुप्तचर र राज्यमण्डलका विषयमा विचार गर्नुपर्छ । त्यसपछि नाचगान सुने र अन्त्यमा सुत्नुपर्छ भन्ने मनुले निर्धारित गरेका राजाका दिनचर्याका नियम हुन् (मनु,१९८३,अ. ७, श्लो.१४१-१५४) ।

९.३. राजाको देवत्व (Divinity of the King)

मनुले राजालाई देवांशबाट निर्मित मानेका छन् । राजा मनुष्यका रूपमा विशेष देवता हुन्[13] (मनु, अ.७, श्लो.८) भन्ने मनुको अभिमत छ । जसको प्रसन्नतामा महालक्ष्मी, पराक्रममा विजय, क्रोधमा मृत्यु रहन्छन्, त्यसैले राजा

[13] महती देवता ह्येषा नररूपेण तिष्ठति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

सर्वतेजोमय अर्थात् सर्वोच्च शक्तिसम्पन्न मानिन्छन्[14] (मनु, १९८३, अ.७, श्लो.११) । यसरी मनुको राज्य व्यवस्थामा राजाको सर्वोच्चता स्थापित गरिएको छ । तात्कालिक समाजमा विद्यमान अराजक अवस्थाको अन्त्य गरी सामाजिक व्यवस्था कायम गर्न राजाको देवत्व आवश्यक थियो ।

९.४. राजामाथि नियन्त्रण (Control over the King)

मनु राजाको सर्वोच्चताका पक्षमा रहे तापनि उनी राजालाई निरंकुश अधिकार दिने पक्षमा भने छैनन् । राजाले धर्मको पालना गर्नुपर्दछ । धर्मको अनुसरण गर्नु राजाको कर्तव्य मानिएको छ । राजाले श्रुति, स्मृति, सदाचारका साथै कुलधर्म, जातिधर्म, श्रेणीधर्मको सम्मान गरेर राजधर्म पालन गर्नुपर्दछ भन्ने मनुको मत छ। उनले राजालाई कानुन बनाउने अधिकार दिएका छैनन् । राजाले राजधर्मअनुसार राज्यको शासन व्यवस्था सञ्चालन गर्नुपर्दछ । धर्म नष्ट गरेमा त्यसले नाश गर्दछ र रक्षा गरिएको धर्मले सबैको रक्षा गर्दछ । नष्ट गरिएको धर्मले नष्टकर्तालाई नै नाश नगरोस्, त्यसैले धर्म नष्ट गर्नुहुँदैन[15] (मनु, १९८३, अ.८, श्लो.१५) । शास्त्रअनुसार राज्यको कार्यपालिका र न्यायपालिकाको कार्य राजाले गर्नुपर्दछ ।

राजालाई धर्मको उल्लङ्घन गर्ने अधिकार दिइएको छैन । राज्य सञ्चालनका स्थापित सिद्धान्त र मान्यताको पालन गर्नु राजाको कर्तव्य मानिन्थ्यो । शास्त्रअनुसार राज्य सञ्चालन गर्ने राजाले नै राज्य शक्तिको प्रयोग गर्न सक्दछ (मनु, १९८३, अ.७, श्लो.३१) भन्ने मनुको अभिमत छ । राजा विनयी हुनुपर्दछ भन्ने मनुको मत छ । अविनयी राजा वेन, नहुष, पिजवनका छोरा सुदा, सुमुख र निमि नष्ट भए भन्ने मनुस्मृतिमा बताइएको छ (मनु, १९८३, अ.७, श्लो.४१) । यस भनाइबाट अविनयी अर्थात् राजधर्म पालन नगर्ने राजाका विरुद्ध जनतालाई विद्रोहको अधिकार रहेको तर्फ मनुले सङ्केत गरेका छन् । स्वेच्छाचारी राजका विरुद्ध जनविद्रोहको अधिकार प्रजासँग सैद्धान्तिक

---

[14] यस्य प्रसादे पद्मा श्रीर्विजयश्च पराक्रमे ।

[15] धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः ।
तस्माद्धर्मो न हन्तव्यो मा नो धर्मो हतोऽवधीत् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

रूपमा सुरक्षित थियो । व्यावहारिक रूपमा भने यस्तो अधिकारको प्रयोग गर्न सहज थिएन ।

१०. राजधर्म (Duties of the King)

राजाका कार्य भन्नाले सरकारका कार्य भन्ने बुझ्नुपर्दछ । कानुन बनाउने, कानुन लागू गर्ने र कानुनको व्याख्या गर्ने आधुनिक राजनीतिक प्रणालीका प्रमुख कार्य हुन् । हिन्दु राजनीतिक चिन्तनमा कानुन निर्माणसम्बन्धी कार्य ऋषिहरूले गर्दथे । कानुन कार्यान्वयन र कानुनको व्याख्यासम्बन्धी कार्य मात्र सरकारका कार्य अन्तर्गत पर्दथे । राज्यको प्रशासनसम्बन्धी कार्य पहिलो दायित्व मानिन्थ्यो । यस कार्यलाई वर्तमान राजनीतिशास्त्रमा कार्यपालिकासम्बन्धी कार्य भनिन्छ । कानुनको व्याख्यासम्बन्धी कार्य दोस्रो हो ।

१०.१. कार्यपालिका (Executive)

राजा कार्यपालिकाका प्रमुख मानिन्थे । मनुले कार्यपालिकासम्बन्धी सर्वोच्च शक्ति राजामा निहित गरेका छन् । राज्य भित्र शान्ति सुव्यवस्था कायम गर्ने, वाह्य आक्रमणबाट राज्यको रक्षा गर्ने, कर उठाउने आदि कार्यपालिकासम्बन्धी कार्य थिए ।

१०.२. आन्तरिक शान्ति सुव्यवस्था (Maintaining Law and Order)

जनतालाई मात्स्यन्यायबाट मुक्त गर्न राज्य र राजाको उदय भएको हो भन्ने मनुको मत छ । समाजमा अराजक अवस्थाको अन्त्य गर्न आवश्यक हुन्छ । अपराधीहरूलाई उचित दण्ड दिने र दुष्टहरूबाट सज्जनहरूको रक्षा गर्नु राजाको कर्तव्य हो । सबै प्राणीहरूका रक्षक राजाका कार्यको सिद्धिका निम्ति धर्मपुत्ररूप, ब्रह्मतेजोमय दण्डको सर्व प्रथम ईश्वरले सिर्जना गरे (मनु, १९८३, अ.७, श्लो.१४) । त्यही दण्ड राजा हुन्, पुरुष, नेता र शासक हुन् । त्यही दण्ड चारै आश्रमका धर्मको रक्षक मानिन्छ (मनु, १९८३, अ.७, श्लो.१७) । शुद्ध मनुष्य पाउन दुर्लभ हुन्छ । यो सारा संसार दण्डको अधीनमा हुन्छ । दण्डको डरले संसारका प्राणीहरू आ-आफ्नो भोग भोग्न समर्थ हुन्छन् भन्ने मनुको अवधारणा छ (मनु, १९८३, अ.७, श्लो.२२) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

१०.३.राज्यको प्रतिरक्षा

(Protection of the State against Invasion)

राजा राज्यका रक्षक हुन् । वाह्य आक्रमणबाट राज्यको प्रतिरक्षा गर्नु राजाको धर्म वा कर्तव्य हो । यो राजाको अन्तरराज्य संबन्धसम्बन्धी कार्य हो । बाह्य आक्रमणबाट राज्यको प्रतिरक्षा गर्न राजाले शक्तिशाली सेना बनाउनु पर्दछ । राजाले अन्य राजाहरूका मनका भाव राम्ररी बुझेर आफ्नो यस्तो प्रयत्न गर्नु पर्दछ जसबाट आफूमाथि कुनै प्रकारको सङ्कट आउन नसकोस् (मनु, १९८३, अ.७, श्लो.६८) । राज्यको प्रतिरक्षा मात्र होइन राजाले राज्यको शक्ति वृद्ध गरी छिमेकी राज्यहरूलाई जितेर सम्राट बन्ने इच्छा राख्नुपर्दछ । प्रजाको पालन गर्दै राजाको धर्मअनुसार समान बल, धेरै बल र थोरै बल भएका राजाले युद्धका लागि आह्वान गरेमा युद्धका निम्ति सदा तत्पर रहनुपर्दछ (मनु, १९८३, अ.७, श्लो.८७) । जसरी किसानले खेतमा धान बालीको रक्षा गर्दछ र घाँस उखेलेर फाल्दछ त्यसरी नै राजाले शत्रुहरूको नाश गरी राष्ट्रको रक्षा गर्नुपर्दछ (मनु, १९८३, अ.७, श्लो.११०) ।

१०.४. लोककल्याणकारी कार्य (Welfare Duties)

राजाका लागि निर्धारित वायु व्रतका माध्यमबाट राजाले आफ्नो राज्यको अवस्थाको ज्ञान गर्नुपर्छ भन्ने मनुको मान्यता छ । वायु सबै ठाउँमा व्याप्त भए जस्तै राजाले पनि राज्यको सबै ठाउँमा दृष्टि दिन सक्नुपर्छ । इन्द्रले जल वर्षा गराए जस्तै राजाले सेवा र सुविधाको वितरण गरेर राष्ट्रलाई सन्तुष्ट पार्नुपर्छ । राजाले सबै प्राणीहरूलाई पृथ्वीले जस्तै समान भावले भरण-पोषण गर्दै धारण गर्नुपर्छ भन्ने मनुको विचारमा समानताको मान्यता अन्तर्निहित छ । यस प्रकार कर्तव्य पालन गर्ने राजालाई देखेर चन्द्रमालाई देख्दा जस्तै सबै प्रजा प्रसन्न बन्ने हुनुपर्दछ भन्ने मनुको विचार छ । प्रजाको हित गर्ने राजा सुखी र सफल हुन्छ । लोककल्याणका निम्ति राज्य सञ्चालन गर्नु राजाको महत्त्वपूर्ण कार्य मानिन्थ्यो ।

१०.५. कर नीति (Policy of Taxation)

राज्यको कार्य सम्पन्न गर्न धनको आवश्यकता पर्छ । त्यसैले हिन्दु राजनीतिक चिन्तकहरू धन वा कोषलाई राज्यको अङ्ग मान्छन् । शान्ति सुरक्षाका लागि सेनाको आवश्यकता हुन्छ । सेनाको लागि धन आवश्यकता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पर्छ। जनताको कल्याणका लागि पनि धन आवश्यक हुन्छ। भूमि कर, शुल्क र अर्थ दण्डबाट प्राप्त धन राजकीय आयका स्रोतहरू हुन्। जसरी जुका, बाछो र भँवरोले थोरै-थोरै आफ्नो भोजन खान्छन्, त्यसैगरी राजाले वार्षिक कर अलि-अलि गरेर नै लिनुपर्छ (मनु, १९८३, अ.७, श्लो.१२९)। जुकाले थाहा नहुने गरी रगत चुस्छ। बाछोले गाईलाई पीडा नहुने गरी दुध चुस्छ। भँवरोले फूललाई पीडा नदिई रस चुस्छ। जुका, बाछो र भँवरो जस्तै जनतालाई मर्का नपर्ने गरी वार्षिक कर उठाउन मनुले राजालाई सल्लाह दिएका छन्। यस्ता उपमाको प्रयोग गरेर मनुले कर नीतिबारे प्रकाश पारेका छन्। यसका साथै उनले करका दर समेत प्रस्ताव गरेका छन्। पशु र सुनका नाफाको पचासौं भाग र कृषकहरूबाट अन्नको छैटौं, आठौं वा बाह्रौं भाग कर लिनुपर्छ। वृक्ष, मासु, मह, घिउ, सुगन्ध, औषधि, रस, फूल, फल, कन्दमूल, पात, साग, घाँस, छाला, बाँस, माटो र ढुङ्गाका भाँडाकुँडा सबैको नाफाको छैटौं भाग राजाले करको रूपमा लिनुपर्छ। डुङ्गा तारेको शुल्क समेत तोकिएको छ (मनु, १९८३, अ.८, श्लो.४०४-४०५)।

मनुले कर छुट दिनेसमेत प्रस्ताव गरेका छन्। उनका अनुसार अन्धो, बहिरो, लँगडो, सत्तरी वर्ष भन्दा माथिको वृद्ध र वेदपाठी ब्राह्मणको सेवामा सम्लग्न व्यक्तिबाट राजाले कर लिनु हुँदैन (मनु, १९८३, अ.८, श्लो.३९४)। वेदपाठी ब्राह्मणसितसमेत कर लिनु हुँदैन (मनु, १९८३, अ.७, श्लो.१३३)। दुई महिनामाथिकी गर्भिणी स्त्री, संन्यासी, ब्राह्मण रब्रह्मचारीसित डुङ्गाबाट नदी तर्दा कुनै शुल्क लिनु हुँदैन भन्ने मनुको मत छ (मनु, १९८३ अ.८, श्लो.४०७)।

प्रजाको रक्षा नगर्ने तर उनीहरूसित कर मात्र असुल्ने राजालाई मनुले सबै प्रजाले गरेका पापको भागी हुनुपर्ने बताएका छन्। निर्दिष्ट मर्यादाको पालना नगर्ने, नास्तिक, व्यर्थ दण्ड दिएर धन लिने, प्रजाको रक्षा नगर्ने तर कर उठाउने राजा अधोगतिमा प्राप्त हुन्छ भन्ने मनुको विचार छ (मनु, अ.८, श्लो.३०८-३०९)। राजकीय कोषको धन प्रजाको रक्षाका निम्ति खर्च गर्नुपर्छ।

१०.६. स्थानीय सरकार (Local Governance)

ग्रामीण प्रशासन र नगर प्रशासनको समुचित व्यवस्थाका बारेमा मनुले सुन्दर वर्णन गरेका छन्। प्रत्येक गाउँमा ग्राम अधिपति, दश गाउँमा दश ग्रामपति, बीस गाउँमा विंशतीश वा बीस गाउँको प्रमुख राजाले नियुक्त गर्नु पर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मनुले बताएका छन् । यसैगरी सय गाउँमा शतेश वा शय गाउँ प्रमुख र हजार गाउँमा सहस्रपति वा हजार गाउँ प्रमुखसमेत गाउँका रक्षक राजाले नै नियुक्त गर्नुपर्छ भन्ने मनुको विचार छ (मनु, १९८३, अ.७, श्लो.११५) । प्रत्येक नगरमा नगरको रक्षाका निम्ति राजाले सर्वार्थचिन्तक अधिकारी नियुक्त गर्नुपर्छ (मनु,१९८३, अ.७, श्लो.१२१) । यसरी मनुले स्थानीय समस्या स्थानीय तहबाट नै समाधान गर्न गाउँ र नगर रक्षकको व्यवस्था गरेका छन् । यसलाई स्थानीय स्वशासनको चिन्तनको प्रारम्भिक विन्दु मान सकिन्छ ।

१०.७. न्याय एवं दण्ड व्यवस्था

(Justice and Inflicting Punishment)

न्याय गर्नु राजाको परम धर्म हो । न्यायपालिकासम्बन्धी सर्वोच्च शक्ति राजामा निहित गरिएको छ । विवादहरूको न्यायिक निर्णय गर्नु राजाको कर्तव्य हो । मुद्दाको अन्तिम निर्णय राजाबाट हुने व्यवस्था मनुस्मृतिमा गरिएको छ । न्यायालयलाई राजसभा भनिएको छ भने मुद्दालाई व्यवहार भनिएको छ ।

१०.८. सभा र न्याय प्रशासन

(Assembly for Judicial Administration)

विवादका विषय वा मुद्दालाई मनुले व्यवहार भनेका छन् । व्यवहारमाथि निर्णय गर्न इच्छुक राजा ब्राह्मणहरू र विचारशील मन्त्रीहरूका साथ सभामा प्रवेश गर्नुपर्छ भन्ने मनुको मत छ । सभामा बसेर वा उभिएर नै दाहिने हात उठाएर विनीत वेश र अलङ्कार युक्त भएर कर्मचारीका कार्यहरू अवलोकन गर्नुपर्छ (मनु,१९८३, अ.८, श्लो.१-२) । राजाले सभाको अध्यक्षता आफै गर्नुपर्ने मनुको मत छ । यदि राजाले आफै काम गर्न नसकेमा विद्वान् ब्राह्मणलाई नियुक्त गर्नुपर्छ (मनु, १९८३, अ.८, श्लो.९) । वेदका ज्ञाता तीन जना ब्राह्मणहरू रहेको सभा गठनको व्यवस्था गर्नुपर्ने मनुको उपदेश छ (मनु, १९८३, अ.८, श्लो.१०-११) । राजाबाट अधिकार पाएका वेद ज्ञाता तीन जना विद्वान् सम्मिलित सभा हुन्छ । सभामा बस्ने व्यक्तिहरूले अधर्मबाट धर्मको रक्षा गर्नुपर्छ । असत्य वचन बोल्नु हुँदैन । पक्षपाती भएर सत्य छाड्नु हुँदैन । झुटो बोल्ने व्यक्तिलाई दण्डित गर्नुपर्छ। शूद्रलाई न्यायकर्तामा नियुक्त गर्न मनुस्मृतिमा निषेध गरिएको छ (मनु, १९८३, अ.८, श्लो.२० र २१)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
१९८३, अ.८, श्लो.६८) । भोग महत्त्वपूर्ण प्रमाण मान्ने मनुको मत छ । यदि कुनै वस्तुको वास्तविक धनी वा मालिकले अन्य व्यक्तिद्वारा त्यो वस्तु दश वर्षसम्म भोग गरेको देखिरहेको छ र बीचमा केही भन्दैन र दाबी विरोध गर्दैन भने त्यो वस्तु धनीले फिर्ता लिन सक्दैन । यदि धनी जड छैन र सोह्र वर्षमाथिको छ भने उसको सामुन्नेमा यदि उसको धन अर्काले भोग गर्छ भने त्यो धन भोग गर्नेको हुन्छ । त्यो धनमाथि स्वामीको अधिकार हुँदैन (मनु, १९८३, अ.८, श्लो. १४७-१४८) । यस सन्दर्भबाट होस ठेगानमा नभएको व्यक्ति र बालक बाहेक अन्य व्यक्तिले आफ्नो धन अर्काले भोग गरेको देखेर पनि दश वर्षसम्म दाबी विरोध गर्दैन भने भोग गर्नेको भोगाधिकार स्थापना हुने व्यवस्था मनुले गरेको स्पष्ट हुन्छ । यदि माथि वर्णन गरिएका तीन प्रकारका प्रमाण प्राप्त नभएमा दिव्य प्रमाणलाई मान्यता दिनुपर्ने पक्षमा मनु छन् । सपथ, अग्नि र जल परीक्षालाई दिव्य प्रमाण भनिन्छ । ब्राह्मणलाई सत्य, क्षत्रियलाई वाहन र शस्त्र, वैश्यलाई गाई, बीउ र सुनको र शूद्रलाई सबै पापहरूको सपथ गराएर साक्षी बक्न लगाउनुपर्छ (मनु, १९८३, अ.८, श्लो. ११३)।

१४. आर्थिक प्रणाली र आर्थिक पवित्रता

(Economic System and Financial Discipline)

उपलब्ध नभएको भूमि, रत्न आदि धन प्राप्त गर्न प्रयत्न गर्नुपर्छ । यसलाई योग भनिन्छ । प्राप्त सम्पत्ति यत्नपूर्वक रक्षा गर्नुपर्छ । रक्षा गर्नु क्षम हो । रक्षित धनलाई व्यवसायद्वारा बढाउनुपर्छ जसलाई वृद्धि भनिन्छ । वृद्धि गरिएको धन सत्पात्रमा बाँड्नुपर्छ (मनु, १९८३, अ.७, श्लो.९९ र १०१) । मनुले ब्राह्मण, क्षत्रिय र शूद्र वर्णलाई आर्थिक गतिविधिबाट अलग राखेका छन् । सम्पत्तिको अधिकार वैश्यलाई दिएका छन् ।

मनुले आर्थिक पवित्रतालाई महत्त्व दिएका छन् । सबै पवित्रतामा आर्थिक पवित्रता सर्व श्रेष्ठ मानिएको छ । अर्थका सम्बन्धमा जो शुद्ध हुन्छ त्यो नै शुद्ध हुन्छ । माटो र पानीबाट मात्र कोही पनि शुद्ध हुँदैन भन्ने मनुको उपदेश छ[18]

---

18 सर्वेषामेव शौचानामर्थशौचं परं स्मृतम् ।
योऽर्थे शुचिर्हि स शुचिर्न मृद्वारिशुचिः शुचिः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

(मनु, १९८३, अ.५, श्लो.१०६) । राजाले प्रजाको रक्षाका निम्ति नियुक्त गरेका धेरैजसो रक्षाधिकारीहरू अर्काको धन खाने वञ्चक हुन्छन् । त्यस कारण राजाले तिनीहरूबाट प्रजाको रक्षा गर्नुपर्दछ (मनु, १९८३, अ.७, श्लो.१२३) । जुन पापात्मा कर्मचारीले सेवाग्राहीबाट घूस लिन्छन्, राजाले त्यसको सर्वस्व हरण गरी देश निकाला गर्नुपर्दछ (मनु, १९८३, अ.७, श्लो.१२४) । यसरी मनु भ्रष्टाचाररहित एवं आर्थिक दृष्टिले पवित्र राज्य निर्माण गर्ने पक्षमा छन् ।

१५. स्वतन्त्रता र समानता (Liberty and Equality)

स्वतन्त्रतालाई मनुले सुखको कारण मानेका छन् । पराधीन सबै कर्म दुःख दिने र स्वाधीन कर्म सुख दिने हुन्छन् । यो नै संक्षेपमा सुख-दुःखको लक्षण हो[19] (मनु, १९८३, अ.४, श्लो.१६०) । हरेक व्यक्तिले जीवनमा सुख चाहन्छ । सुखका निम्ति व्यक्ति स्वतन्त्र हुनुपर्दछ भन्ने मनुको विचार छ । मनुष्य मात्र नभई चराचर सम्पूर्ण जीवहरू एउटै समष्टि ब्रह्मका व्यष्टि रूप हुन् । सबैमा एउटै ईश्वर तत्त्व भएको हुँदा सबै मानव समान हुन् । सबै वर्णका व्यक्तिहरूको उत्पत्ति एउटै ब्रह्माका अङ्गबाट भएको हो । गुण र कर्मका आधारमा वर्ण विभाजन गरे पनि मनु सबै समान हुन् भन्ने विषयमा सचेत थिए । स्वतन्त्रता र समानतासम्बन्धी मनुले विचार प्रतिपादन गरेका भएतापनि यसको विश्लेषण एवं व्यावहारिक प्रयोगमा ध्यान नदिइएको हुँदा यो विचार प्रकाशमा आउन सकेन ।

१६. मन्त्रणा (Consultation)

महत्त्वपूर्ण विषयमा आपसमा गरिने छलफल वा विचार विमर्श र सल्लाहबाट स्थापित मतलाई मन्त्रणा (consultation) भनिन्छ । प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राज्य सञ्चालनका सन्दर्भमा मन्त्रणालाई निकै महत्त्व दिइएको छ । मन्त्रणा नीति निर्माणको प्रक्रिया हो । राजाले एकान्तमा सबैको अभिप्राय बुझ्नुपर्छ र जे गर्दा आफ्नो कल्याण हुन्छ त्यही कार्य गर्नुपर्दछ । विशेष विद्वान् ब्राह्मण मन्त्रीसित सन्धि विग्रह आदि षड्गुणका विषयमा मन्त्रणा गर्नुपर्दछ (मनु, १९८३, अ.७, श्लो. ५७ र ५८) । मन्त्रणा राज्य सञ्चालनको

---

[19] सर्वं परवशं दुःखं सर्वमात्मवशं सुखम् ।
एतद्विद्यात् समासेन लक्षणं सुखदुःखयोः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आन्तरिक र बाह्य नीतिसम्बन्धी स्थापित मत भएकाले यसलाई गोप्य राख्नुपर्ने मनुको विचार छ।

पहाड वा निर्जन राजमहलको एकान्त ठाउँमा अथवा वनमा जहाँ मन्त्रको गोपनीयताको आशङ्का हुँदैन त्यहाँ मन्त्रणा गर्नुपर्दछ (मनु, १९८३, अ.७, श्लो. १४७)। बुद्धिहीन, लाटो, अन्धो, बहिरो, मानव बोली बोल्ने पक्षी, अत्यन्त वृध, स्त्री, म्लेच्छ, रोगी, अङ्गहीन व्यक्तिलाई मन्त्रणा गर्दा साथमा राख्न हुँदैन। यिनीहरूले गोपनीयता भङ्ग गरिदिन्छन् (मनु, १९८३, अ.७, श्लो. १४९ र १५०)।

१७. युद्ध धर्म (War Ethics)

मनुस्मृतिमा यज्ञोपवीत संस्कार प्राप्त क्षत्रिय राजाले न्यायपूर्वक सबै प्रजाको रक्षा गर्नुपर्दछ (मनु, १९८३, अ.७, श्लो.२) भनी उल्लेख गरिएको छ। राजा विविध शस्त्रास्त्रको प्रयोगमा कुशल एवं सेना सञ्चालनमा प्रवीण हुनुपर्दछ। प्रजाको पालना गर्दै क्षत्रियको धर्मअनुसार कुनै राजाले युद्धको निम्ति आह्वान गरेमा त्यसका निम्ति तत्पर रहनु पर्दछ (मनु,१९८३, अ.७, श्लो. ८७)। तात्कालिक राज्य-व्यवस्थामा साम्राज्य निर्माणलाई आदर्श मानिन्थ्यो। जब आफ्नो सेना शक्तिशाली हुन्छ र शत्रुको शक्ति कमजोर हुन्छ तब शत्रुमाथि आक्रमण गर्नुपर्दछ भन्ने मनुको मत छ (मनु, १९८३, अ.७, श्लो. १७१)। युद्धमा मारिने क्षत्रिय मरेपछि स्वर्ग प्राप्त गर्दछ भन्ने उनको विचार छ (मनु,१९८३, अ.७, श्लो. ८९)। यसरी युद्ध गर्नु क्षत्रियको धर्म मानिएको छ। राज्यको प्रतिरक्षाका साथै साम्राज्य निर्माणको आदर्श प्राप्त गर्न उत्प्रेरणा प्रदान गर्नु प्रस्तुत मान्यताको उद्देश्य रहेको छ। जसरी किसानले खेतमा घाँस उखेलेर फाल्दछ र धान आदि अन्नको रक्षा गर्दछ, त्यसैगरी राजाले शत्रुहरूको नाश गरी राष्ट्रको रक्षा गर्नुपर्दछ (मनु, १९८३, अ.७, श्लो.११०)।

युद्धमा सेनाको महत्त्व हुन्छ। रथ, हात्ती, घोडामा हिड्ने, पैदल सेना र नौसेना गरी पाँच प्रकारका सेना हुन्छन्। साथै सामग्री बोक्ने आदि सहायक श्रमिक पनि सेनाका अङ्ग मानिन्छन्।

युद्धलाई मर्यादित बनाउने प्रयास मनुले गरेका छन्। समान योद्धा बीच युद्ध हुनुपर्दछ भन्ने उनको विचार छ। युद्धमा भिड्दै गरेका शत्रुलाई कुट शस्त्रद्वारा, कर्णिद्वारा, विषयुक्त र अग्नि ज्वलित वाणहरूद्वारा मार्न निषेध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

गरिएको छ । आफू वाहनमाथि र शत्रु जमीनमा छ भने त्यसलाई मार्नु हुँदैन । नपुंसक, हात जोडेर उभिएको, कपाल खुला राखेको, बसेको र म तिम्रै हुँ भन्ने शत्रुलाई मार्नु हुँदैन । सुतेको, युद्धोपयोगी कवच धारण नगरेको, नाङ्गो, निशस्त्र, युद्धमा संलग्न नभएको, दर्शक र अर्कैसँग युद्धरत व्यक्तिलाई मार्नु हुँदैन । हतियार भाँचिएको, शोकाकूल, घाइते, भयभीत वा अत्यन्तै डराएको र युद्धबाट भागेको शत्रु योद्धालाई क्षत्रियले मार्नु वा आक्रमण गर्नु हुँदैन भन्ने मनुले बताएका छन् (मनु, १९८३, अ.७, श्लो.९०-९३) ।

समान योद्धाका बीचमा युद्ध हुनुपर्दछ । छलकपट गरेर शत्रुलाई मार्नु उचित हुँदैन । स्त्री,बालक, वृद्ध र नपुङ्सकमाथि प्रहार गर्नुहुँदैन । युद्धमा संलग्न नभएका व्यक्तिमाथि आक्रमण गर्नुहुँदैन । प्रस्तुत नियमहरूको पालना गर्दै धर्मयुद्ध गर्नुपर्दछ भन्ने पक्षमा मनु रहेका छन् । यसका साथै युद्धमा चारैतिर घेरा हालेर शत्रु राज्यको घाँस, अन्न, जल र इन्धन लगातार नष्ट गर्दै पीडा दिनुपर्दछ । शत्रुका तलाउ आदि जलाशय समेत नाश गर्नु पर्ने मनुको मत छ (मनु, १९८३, अ.७, श्लो.१९५-१९६) । मनुका प्रस्तुत विचारको विश्लेषण गर्दा ज्यादै शक्तिशाली शत्रुसँग युद्ध गर्नु पर्ने अवस्थामा धर्म युद्धका सट्टा उनले राजालाई कूट युद्धको बाटो अवलम्बन गर्न सल्लाह दिएको देखिन्छ ।

१७.१. पराजित राज्यप्रति सदाशयता

(Policy towards Defeated Kingdom)

युद्धमा शत्रुलाई जितेर राजाले देवता र धार्मिक ब्राह्मणको पूजा गरी दक्षिणा दिएर सर्वत्र अभयको वातावरण निर्माण गर्नुपर्दछ । युद्धमा शत्रु राजाको मृत्यु भएमा विजित राज्यका मन्त्री आदिको अभिप्राय बुझेर त्यस राज्यको राजाका कुनै वंशजलाई राजगद्दीमा बसालेर विजयी राजाले समय अनुकूल कार्य गर्नुपर्दछ भन्ने मनुको मत छ (मनु, १९८३, अ.७, श्लो.२०१-२०२) । यस सन्दर्भबाट मनु युद्ध गरेर कमजोर राज्यलाई शक्तिशाली राज्यमा गाभ्ने र साम्राज्य निर्माण गर्ने पक्षमा नरहेको बुझिन्छ । विजित राज्यलाई विजेता राज्यले आफ्नो प्रभाव क्षेत्रमा राख्ने मात्र उद्देश्य रहेको स्पष्ट हुन्छ । विजित राजाको वंश मात्र होइन विजित राज्यका प्रजाको समेत सम्मान गर्नुपर्दछ भन्ने मनुको मत छ । विजित राज्यका प्रजाहरूका यथोचित परम्परालाई प्रमाणको रूपमा मान्यता दिनुपर्दछ (मनु, १९८३, अ.७, श्लो.२०३) भन्ने मनुको विचारको आधारमा उनी विजित राज्यप्रति उदार देखिन्छन् । सुवर्ण र भूमि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

 CC-0.In Public Domain. Digitization by eGangotri

प्राप्त गर्नु भन्दा असल मित्र राजाका लागि लाभदायक हुन्छ भन्ने मनुको विचार छ (मनु, १९८३, अ.७, श्लो.२०८)। यति हुँदा हुँदै पनि युद्धमा विजित शत्रुको धनमाल लुट्ने कार्यमा उनको समर्थन छ। रथ, घोडा, हात्ती, छत्र, धन, धान्य, पशु, स्त्री, गुड, नुन आदि द्रव्य र तामा, पित्तल आदिका भाँडा जसले जित्छ उसैका हुन्छन् (मनु, १९८३, अ.७, श्लो.९६)। युद्धमा जितिएका हात्ती, घोडा, रथ आदि सबै वस्तु राजालाई अर्पण गर्ने र जितिएको धन राजाले सैनिकहरूलाई बाँड्ने मनुको विधान छ (मनु,१९८३, अ.७, श्लो.९४)।

१८. अन्तर्राज्य सम्बन्ध (Inter-State Relation)

राज्यहरूको परस्पर सम्बन्धका विषयमा मनुले मण्डल सिद्धान्त, चार उपाय र षड्गुण सिद्धान्तको चर्चा गरेका छन्। एउटा राज्यले अर्को राज्यसँग सम्बन्ध राख्दा यी सिद्धान्तहरूको पालना गर्नुपर्दछ भन्ने मनुको निर्देशन छ। राज्यलाई शक्तिशाली बनाउनु परराष्ट्रनीतिको उद्देश्य हुन्थ्यो। मनुद्वारा प्रतिपादन गरिएका अन्तर्राज्य सम्बन्धका आधारभूत सिद्धान्तको परिचय निम्नानुसार रहेको छ :

१८.१. मण्डल सिद्धान्त (Mandala Theory)

विजिगीषु, मध्यम, उदासीन, शत्रु, मित्र आदि बाह्र प्रकारका राज्यका प्रकृति हुन्छन् भन्ने मनुको विचार छ। साम्राज्य निर्माण गर्न चाहने शक्तिशाली राजालाई विजिगीषु अर्थात् जित्न इच्छा राख्ने राजा भनिन्छ। राजाले आफ्ना राज्यको सीमा जोडिएका राजा र उनका सेवकलाई शत्रु प्रकृति मान्नुपर्छ। शत्रुका राज्यसँग सीमा जोडिएका राजा र राज्य मित्र प्रकृतिका हुन्छन्। ती दुबै प्रकृति भन्दा टाढा रहेका राजा उदासीन हुन् (मनु, १९८३, अ.७, श्लो.१५५ र १५८)। विजिगीषु राजा शत्रुसँग युद्धमा भएका बेला, पछाडिबाट विजिगीषुमाथि आक्रमण गर्ने राज्यलाई पार्ष्णिग्राह भनिन्छ। त्यस्तै पछाडिबाट विजिगीषुलाई सहयोग गर्ने पार्ष्णिग्राहको शत्रु विजिगीषुको मित्र राज्यलाई आक्रन्द भनिन्छ (मनु, १९८३, अ.७, श्लो.२०७)। राज्य मण्डलमा बाह्र प्रकारका राजा वा राज्य हुन्छन्। विजिगीषु, अरि, मित्र, मित्रमित्र, अरिमित्रमित्र, पार्ष्णिग्राह, आक्रन्द, पार्ष्णिग्राहसार, आक्रन्दसार, मध्यम र उदासीन राज्यका बाह्र प्रकारका प्रकृति हुन्। मित्र, मित्रमित्र, आक्रन्द र आक्रन्दसार विजिगीषु राज्यका मित्र राज्यहरू हुन्। अरि, अरिमित्र, अरिमित्रमित्र, पार्ष्णिग्राह र पार्ष्णिग्राहसार विजिगीषुका शत्रु राज्य हुन्। विजिगीषु र उसको शत्रुका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

बीचको राज्य जसले दुबैसित मित्रता राख्दछ त्यसलाई मध्यम भनिन्छ । विजिगीषु र शत्रु राज्य मध्ये कुनैतर्फ पनि नलाग्ने राज्यलाई उदासीन भनिन्छ ।

१८.२. चार उपाय (Four Strategies)

साम, दान, भेद र दण्ड चार उपाय हुन् । राजाले राज्य मण्डलमा रहेका राजाहरूलाई साम, दान, भेद र दण्ड उपायको संयुक्त रूपमा वा अलग-अलग रूपमा प्रयोग गरेर अथवा साम र दण्ड नीतिको प्रयोग गरेर आफ्ना वशमा गराउनु पर्दछ (मनु, १९८३, अ.७, श्लो.१५९) । सामको अर्थ प्रशंसा एवं समानताको व्यवहार हो । दान भनेको दिनु हो । धन, उपहार आदि दिएर शत्रुलाई आफ्नो पक्षमा ल्याउने उपायलाई दाननीति भनिन्छ । शत्रु पक्षका राजा वा मन्त्रीहरूलाई फुटाएर कमजोर बनाई आफ्नो वशमा पार्ने नीति भेद हो । दण्ड शक्तिको प्रयोग गरी शत्रुलाई दण्डित गर्ने नीति दण्ड हो । शत्रुलाई साम, दान र भेद नीति मध्ये सबै एकै पटक वा पृथक-पृथक रूपमा प्रयोग गरी जित्ने प्रयत्न गर्नुपर्दछ । सामान्यत : युद्ध वा दण्डको प्रयोग गर्नु उपयुक्त हुँदैन[20] भन्ने मनुको विचार छ (मनु, १९८३, अ.७, श्लो.१९८) । युद्धमा हारजितको निश्चय हुँदैन, त्यस कारण युद्ध गर्नु हुँदैन । पहिला तीनै उपायहरू असफल भएपछि शक्ति सम्पन्न भएर शत्रुमाथि जित निश्चित हुने अवस्थामा मात्र युद्ध गर्नुपर्दछ (मनु, १९८३, अ.७, श्लो.१९९-२००) । युद्धमा दुवै पक्षको नाश हुन्छ । त्यसैले युद्ध सकभर न होस् भन्ने मनुको विचार छ । राज्यको आन्तरिक प्रशासनका साथै विदेश नीति सञ्चालनमा समेत यी चार उपायको उपयुक्त तरिकाले प्रयोग गर्नुपर्छ भनी मनुले राजालाई सल्लाह दिएका छन् ।

१९. षड्गुण सिद्धान्त (Sixfold Foreign Policy)

परराष्ट्र नीति छ प्रकारका छन् जसलाई षड्गुण सिद्धान्त भनिन्छ । ती सिद्धान्तहरूमा सन्धि, विग्रह, यान, आसन, द्वैधीभाव र संश्रय पर्दछन् । मनुका अनुसार राजाले यी छ गुणका विषयमा निरन्तर विचार गरिरहनु पर्दछ[21] (मनु, १९८३, अ.७, श्लो.१६०) ।

---

[20] साम्रा दानेन भेदेन समस्तैरथवा पृथक् ।
विजेतुं प्रयतेतारीन्न युद्धेन कदाचन ।।

[21] संधिं च विग्रहं चैव यानमासनमेव च ।
द्वैधीभावं संश्रयं च षड्गुणांश्चिन्तयेत्सदा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

१९.१. सन्धि (Treaty of Peace)

सन्धिको अर्थ मेलमिलाप हो । वर्तमान वा भविष्यमा हुने लाभको आशाले अन्य राजासित मेलमिलाप गरिन्छ भने त्यो सन्धि हो । दुई राजा मिलेर तेस्रो राज्यमाथि आक्रमण गर्दछन् भने त्यस्तो सन्धिलाई समान यानसन्धि र दुबै आपसमा मिलेर तर पृथक रूपमा तेस्रो राजामाथि आक्रमण गर्दछन् भने त्यसलाई असमान यानसन्धि भनिन्छ । यी दुई प्रकारका सन्धि हुन् (मनु,१९८३ अ.७, श्लो.१६३) । मेलमिलाप गर्दा आफ्नो फाइदा हुने बुझेमा अलिकति कष्ट सहेर भए पनि सन्धि गर्नु पर्दछ (मनु, १९८३, अ.७, श्लो.१६९) ।

१९.२. विग्रह (War)

विग्रहको अर्थ युद्ध हो । कार्य सिद्धिका निम्ति उपयुक्त समय वा असमयमा नै शत्रुलाई जित्ने इच्छाले युद्ध गरिन्छ भने त्यसलाई विग्रह भनिन्छ । आफ्नै लागि र मित्रको सहयोगका लागि गरिने गरी विग्रह दुई प्रकारका हुन्छन् (मनु, १९८३, अ.७, श्लो.१६४) । आफ्ना सम्पूर्ण प्रकृति पूर्ण रूपले सन्तुष्ट छन् र आफ्नो बल शत्रुको भन्दा सबै प्रकारले बढी छ भने राजाले विग्रह गर्नुपर्दछ (मनु, १९८३, अ.७, श्लो.१७०) ।

१९.३. यान (Marching of Army)

यानको अर्थ हिड्नु हो । अन्तरराष्ट्रिय सम्बन्धका सन्दर्भमा यानको अर्थ युद्धका निम्ति सैनिक परिचालन वा हिडाल्ने कार्य हो । शत्रुका विरुद्ध एक्लै सैनिक प्रस्थान गराउने र एक्लै समर्थ हुँदाहुँदै पनि मित्रसित मिलेर आक्रमणका लागि सेना हिडाउने गरी यान पनि दुई प्रकारका हुन्छन् (मनु, १९८३, अ.७, श्लो.१६५) । जब आफ्नो सेना हृष्ट पुष्ट वा शक्तिशाली हुन्छ र शत्रुको सेनाको अवस्था त्यसको विपरीत हुन् त्यस्तो अवस्थामा युद्धका निम्ति प्रस्थान गर्नुपर्दछ भन्ने मनुको मत छ (मनु, १९८३, अ.७, श्लो.१७१) । कमजोर भएको अवस्थामा आश्रयबाट समेत आफ्नो रक्षा सम्भव नदेखिएमा युद्ध नै गर्नुपर्दछ (मनु, १९८३, अ.७, श्लो.१७६) ।

१९.४. आसन (Staying Quiet)

सेनालाई एक ठाउँमा बसाउने नीतिलाई आसन भनिन्छ । आसनमा शत्रुको उपेक्षा गरिन्छ । आफ्नो इच्छाले गरिने उपेक्षा [illegible] पनि मित्रको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अनुरोधमा गरिने उपेक्षा गरी आसन पनि दुई प्रकारका छन् (मनु, १९८३, अ.७, श्लो.१६६)। आफ्नो सैन्य बल क्षीण भएको अवस्थामा सेनालाई एक स्थानमा राख्ने र शत्रुलाई शान्त पार्ने गर्नुपर्दछ (मनु, १९८३, अ.७, श्लो.१७२)।

१९.५. द्वैधीभाव (Dual Policy)

दोहोरो नीतिलाई द्वैधीभाव भनिन्छ। बाहिर एउटा र भित्र अर्कै भाव राख्ने नीति द्वैधीभाव हो । राजा कमजोर भएको अवस्थामा दोहोरो नीति लिएर आफ्नो लक्ष्य पूरा गर्नपर्छ (मनु, १९८३, अ.७, श्लो.१७३)।

१९.६. संश्रय (Seeking Shelter or Policy of Alliance)

सुरक्षाका लागि शक्तिशाली राजाको आश्रय लिने नीति संश्रय हो । वर्तमानमा शत्रुद्वारा पीडित भएको अवस्थामा कार्य र अर्थको सिद्धिका लागि बलवान् राजाको आश्रय लिनु र भविष्यमा कुनै शत्रुद्वारा पीडा पाइने आशंकाले कुनै बलवान् राजाको आश्रय लिनु गरी आश्रय पनि दुई प्रकारका हुन्छन् (मनु, १९८३, अ.७, श्लो.१६८)। राजालाई आफू शत्रु सेनाद्वारा पराजित हुने भय उत्पन्न भएको अवस्थामा तत्कालै धार्मिक र शक्तिशाली राजाको आश्रयमा जानु पर्दछ भन्ने मनुको सल्लाह छ (मनु, १९८३, अ.७, श्लो.१७४)।

यस प्रकार सम्पूर्ण धार्मिक कार्यहरू गर्दै राजाले प्राप्त नभएका भूभाग प्राप्त गर्ने इच्छा राख्नुपर्दछ र प्राप्त भएका भूभागको रक्षा गर्नुपर्दछ (मनु, १९८३, अ.९, श्लो.२५१)। राजाले जुन नियम पालन गर्नाले मित्र, शत्रु र उदासीन राज्यहरूले कहिल्यै पनि आफूलाई कष्ट दिन सक्दैनन् त्यही नियम पालन गर्नुपर्दछ। संक्षेपमा यही नै नीतिको सारांश हो भन्ने मनुको निष्कर्ष छ (मनु, १९८३, अ.७, श्लो.१८०)।

२०. राजाका सहायक (Assistant of the King)

राजाले राज्य सञ्चालनको भार एक्लै समाल्न सक्दैनन्। त्यसैले राजाले आफ्नो सहयोगका निम्ति सहायकको नियुक्ति गर्नुपर्छ भन्ने मनुको विचार रहेको छ। मन्त्री, कर्मचारी, सेना, दूत, गुप्तचर आदि राजाका सहायक मानिन्थे। राजालाई राज्य सञ्चालन गर्न सहायको पर्दथ्यो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२०.१. मन्त्रिपरिषद् र अन्य राजकीय कर्मचारी (Council of Ministers and Other Officers)

मन्त्री र कर्मचारीहरू राजाका सहायक हुन् । मनुले मन्त्रीलाई सचिव भनेका छन् । राजाले वंशपरम्परादेखि आफ्नो सेवा गर्दै आएका वंशका, शास्त्रका ज्ञाता, शूर, युद्ध विद्यामा कुशल र शुद्ध कुलका व्यक्तिहरूमध्ये राम्रोसँग परीक्षण गरी सात वा आठ जना मन्त्री नियुक्त गर्नुपर्दछ भन्ने मनुले बताएका छन् (मनु, १९८३, अ.७, श्लो.५४) । मन्त्रीको छनौट गर्ने एवं नियुक्त गर्ने अधिकार राजालाई दिइएको छ । यसका साथै शासन सञ्चालनका लागि विभिन्न अधिकारीको नियुक्ति गर्नुपर्छ भनी मनुले राजालाई सल्लाह दिएकाछन् । कर्मचारीहरूको पनि योग्यता निर्धारण गरिएको छ । चरित्रवान् र कुशल व्यक्तिलाई कर्मचारी, दूत एवं गुप्तचरमा नियुक्त गर्नु पर्छ । बलियो सेना पनि मनुले राज्यका निम्ति आवश्यक मानेका छन् ।

२०.२. गुप्तचर (Spy)

प्राचीन हिन्दु राज्य व्यवस्थामा गुप्तचर ज्यादै महत्त्वपूर्ण मानिन्थे । राज्यभित्र राजाको पक्ष तथा विपक्षमा रहेका प्रजाको विषयमा राजालाई सूचना दिनु गुप्तचरको काम मानिन्थ्यो । गुप्तचरबाट प्राप्त सूचनाका आधारमा राजाले जनताको अभिमत बुझ्दथे । प्रजाको इच्छाअनुसार शासन सञ्चालन गर्न त्यस्तो सूचना ज्यादै महत्त्वपूर्ण मानिन्थ्यो । राज्यभित्रका अपराधीका विषयमा पनि गुप्तचरका माध्यमबाट राजाले जानकारी प्राप्त गर्थे । यति मात्र होइन राजाले शत्रु राज्यका विषयमा यथार्थ सूचनासमेत गुप्तचरका माध्यमबाट प्राप्त गर्दथे । त्यसैले मनुले गुप्तचरलाई राजाका आँखा मानेका छन् । गुप्तचरका आँखाले सबैतर्फ देख्ने भएकाले राजालाई 'चारचक्षु' भनिन्छ[22] (मनु, १९८३, अ.९, श्लो. २५६) ।

२०.३. दूत (Ambassador)

राज्यको परराष्ट्र नीति सन्धि, विग्रह आदि दूतका अधीनमा हुन्छन् (मनु, १९८३, अ.७, श्लो.६५) । सबै शास्त्रमा कुशल, इशारा, आकार वा अनुहार र आँखाको भाव र चेष्टा हेरेर मनको भाव बुझ्न सक्ने, पवित्र चरित्र भएका, दक्ष र कुलीन व्यक्तिलाई राजदूत नियुक्त गर्नुपर्दछ[23] (मनु, १९८३, अ.७, श्लो.६३) ।

---

22 ....चारचक्षुर्महिपतिः ।

23 दूतं चैव प्रकुर्वीत सर्वशास्त्रविशारदम् ।
इङ्गिताकारचेष्टज्ञं शुचिं दक्षं कुलोद्गतम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

सबैलाई प्रेम गर्ने, पवित्र चरित्र भएको, दक्ष, मेधावी, देश-काल जान्ने, सुन्दर शरीर भएको, निर्भीक र कुशल वक्ता राजदूतका प्रशंसनीय गुण हुन् (मनु, १९८३, अ.७, श्लो.६४) । दूतले नै बिग्रेका व्यवहार मिलाउँछन् र मिलेको व्यवहार बिगार्दछन् । दूतले शत्रुपक्षका मनिसहरूलाई छिन्नभिन्न पारिदिन्छन् । दूतले प्रतिपक्षी राजाका विभिन्न कार्यमा नियुक्त सेवकहरूको इशारा र चेष्टा एवं राजाको तिनीहरूप्रतिको भाव बुझ्नुपर्दछ (मनु, १९८३, अ.७, श्लो.६७) । दूतबाट प्रतिपक्षी राजाका सम्पूर्ण व्यवहार बुझेर राजाले परराष्ट्र नीति निर्माण गर्नुपर्दछ भन्ने मनुको विचार छ ।

२१. उपसंहार (Conclusion)

मनुलाई प्राचीन हिन्दु राजनीतिक विचारधाराका पिता मानिन्छ । धार्मिक निर्णयका सन्दर्भमा वेदपछि स्मृतिलाई महत्त्व दिइन्छ । स्मृतिशास्त्रमा सर्वप्रथम मनुस्मृतिको रचना गरिएको मानिन्छ । यसको रचना मनुले गरेका हुँदा यसलाई मनुस्मृति भनिएको हो । प्राचीन संस्कृत साहित्यमा मनुस्मृतिको महत्त्वपूर्ण स्थान छ । तात्कालिक समयमा समाजमा व्याप्त अराजक अवस्थाको अन्त्य गर्ने र सामाजिक र राजनीतिक सुव्यवस्था कायम गरी सभ्य समाजको निर्माण गर्ने उद्देश्यले मनुले रचना गरेका नियमको संग्रह मनुस्मृति हो । वैदिक चिन्तनमा आधारित भएको हुँदा मनुस्मृति वैदिक सनातन धर्मको आधिकारिक ग्रन्थ मानिएको हो । मनुस्मृतिमा बताइएका राजनीतिक एवं प्रशासनिक नियमलाई राजधर्म भनिन्छ । मनु राजनीतिक विचारक मात्र थिएनन् । उनी स्वयं राजा थिए र आफूले राज्यको शासन सञ्चालनको क्रममा व्यवहारमा प्रयोग गरेका नियम नै राजधर्मका रूपमा मनुस्मृतिमा वर्णन गरेका छन् । उनी महान् राजनीतिज्ञ थिए । त्यसैले राज्य सञ्चालनका निम्ति उनले राजालाई दिएका उपदेश व्यावहारिक छन् । राज्य व्यवस्था र प्रशासन सञ्चालनका विभिन्न पक्षमा महत्त्वपूर्ण विचार दिएका हुँदा मनु प्राचीन हिन्दु राजनीतिक विचारधाराका जनक मानिएका हुन् । मनुस्मृतिको रचना कालको तिथिमिति निश्चय गर्न सकिएको छैन । मनुस्मृति वेदपछि रचना गरिएको महत्त्वपूर्ण ग्रन्थ हो । इतिहासको लामो कालखण्डमा मनुस्मृतिमा केही शाब्दिक परिवर्तन अवश्य भएको हुनुपर्छ तर मूल मनुस्मृति संरक्षित छ । वर्तमान मनुस्मृतिको सङ्कलन भने ईशापूर्व दोस्रो शताब्दीदेखि ईशाको दोस्रो शताब्दीका बीचमा गरिएको मानिन्छ ।

वेदपछि सामाजिक व्यवस्था स्थिर राख्न मनुस्मृतिको महत्त्वपूर्ण स्थान छ । मनुस्मृतिमा वर्णित सदाचारका नियमअनुसार सामाजिक सुव्यवस्था कायम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

गरिएको थियो । समाजमा व्याप्त अराजक अवस्था अर्थात् मात्स्यन्यायको अन्त्य गर्न ईश्वरले राजा र राज्यको सिर्जना गरेका हुन् भन्ने मनुको विचार छ । यसरी राज्यको उत्पत्तिका विषयमा मनु दैवी सिद्धान्तका पक्षमा छन् । मनु सक्रिय राजतन्त्रका समर्थक छन् । उनले राजालाई दैवी तथा लौकिक अधिकार प्रदान गरेका छन् । अराजकताको अन्त्य गरी समाजमा सुव्यवस्था कायम गर्न राजाको दैवीकरण तात्कालिक समयको आवश्यकता थियो । तर उनी निरङ्कुश राजाका पक्षमा छैनन् । कर्तव्य र नैतिकताका अधीनमा राजालाई राखेर मनुले राजाको स्वेच्छाचारितामा रोक लगाएका छन् । नैतिक कर्तव्य वा राजधर्मको उल्लङ्घन गर्ने अधिकार राजालाई दिइएको छैन । राजधर्ममा परिवर्तन गर्ने शक्ति राजालाई दिइएको छैन । उनले राजधर्मअनुसार राज्य सञ्चालन गर्नु राजाको नैतिक कर्तव्य मानेका छन् । सदाचारी राजाले मात्र समाजमा सदाचार कायम गर्न सक्छ भन्ने मनुको अभिमत छ । अविनयी राजाका विरुद्ध प्रजाको विद्रोहबाट नष्ट हुन्छ भन्ने विषयको पनि मनुस्मृतिमा शङ्केत गरिएको छ ।

राजाको व्यक्तिगत चरित्रलाई मनुले ज्यादै महत्त्व दिएका छन् । राजा काम, क्रोध, लोभ र मोहबाट उत्पन्न हुने दुर्व्यसनमा लाग्नु हुँदैन भन्ने मनुको विचार छ । जितेन्द्रिय र विनयी राजाले प्रजामाथि शासन गर्न सक्छ । नैतिक र सदाचारी भएर राजधर्ममा तोकिएको कर्तव्य निर्वाह गर्दा सम्म राजामा देवत्व कायम रहन्छ भन्ने मनुको विचार छ । यसरी मनुका अनुसार आदर्श चरित्र राजाको योग्यता मानिएको छ । चरित्रवान् राजा भएमा मात्र राज्यको उन्नति हुन्छ । राजा र प्रजालाई चरित्रवान् र कर्तव्यपरायण बनाउन शिक्षाको महत्त्वपूर्ण भूमिका रहन्छ । त्यसैले मनु शिक्षालाई विशेष महत्त्व दिने पक्षमा छन् ।

मनुले राजालाई कार्यपालिका र न्यायपालिकाको शक्ति दिएका छन् । तर विधि निर्माणको अधिकार राजालाई दिइएको छैन । पिताले सन्तानको रक्षा गरे जस्तै राजाले प्रजाको रक्षा गर्नुपर्छ । शान्ति सुव्यवस्था कायम गर्नु, दुष्टलाई दमन गर्नु, न्याय दिनु र जनकल्याणका कार्य गर्नु राजाको कर्तव्य मानिएको छ । बाह्य आक्रमणबाट राज्य र प्रजाको रक्षा गर्नु पनि राजाको कर्तव्य मानिएको छ । राजाले प्रजाको हितका निम्ति आफूलाई समर्पित गर्नुपर्छ । राजाले योग्य व्यक्तिलाई आफ्नो सहयोगका निम्ति मन्त्री, सेना, गुप्तचर, दूत र अन्य सरकारी अधिकारी पदमा नियुक्ति गर्नुपर्छ र तिनलाई प्रजामाथि शोषण गर्न दिनु हुँदैन भन्ने मनुको मत छ । मनुले मन्त्रीलाई सचिव भनेका छन् । मन्त्री र कर्मचारीको सहयोग लिएर राजाले राज्यको शासन सञ्चालन गर्नुपर्छ । मनुस्मृतिमा जनताको अभिमत बुझ्न राजाले गुप्तचर नियुक्त गर्ने व्यवस्था गरिएको छ । गुप्तचरका माध्यमबाट जनताको अभिमतअनुसार जनताको हित विपरीत नहुने गरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राज्य सञ्चालन गर्नु राजाको कर्तव्य मानिएको छ । मनुका अनुसार राजा दैवी शक्ति सम्पन्न छन् तर उनी प्रजाका सर्वोत्कृष्ट सेवक हुन् ।

आन्तरिक शान्ति सुव्यवस्था कायम गर्नु, कर उठाउनु, न्याय सम्पादन गर्नु एवं प्रजाको हितको निम्ति काम गर्नु राजाका कार्य थिए । मनुस्मृतिमा करका दरसमेत प्रस्ताव गरिएको छ । यसैगरी न्याय प्रशासनको प्रक्रियाका विषयमा पनि प्रकाश पारिएको छ ।

स्वामी, अमात्य, पुर, राष्ट्र, कोष, दण्ड र मित्र राज्य सात अङ्ग हुन् भन्ने मनुको कथन छ । मनुले सन्धि, विग्रह, यान, आसन, द्वैधीभाव र संश्रय गरी राज्यका विदेश नीतिका छ सिद्धान्तको व्यावहारिक प्रयोगका विषयमा महत्त्वका साथ प्रकाश पारेका छन् । साम, दान, भेद र दण्ड चार उपायको प्रयोग र राज्य मण्डलबारे पनि प्रकाश पारेका छन् । युद्धका नियम, दूत व्यवस्थाका साथै गुप्तचरको व्यवस्थाबारे पनि मनुस्मृतिमा महत्त्वका साथ वर्णन गरिएको छ । गुप्तचरले गोप्य रूपमा जनताको अभिमत राजासम्म पुराउने कार्य गर्दथे । यसरी जनमत बुझेर राजाले जनताको हित हुने गरी राज्य सञ्चालन गर्नुपर्छ भन्ने मनुको विचार छ ।

बाह्य आक्रमणबाट राज्यको रक्षा गर्नु पनि मनुले राजाको महत्त्वपूर्ण कार्य मानेका छन् । हिन्दु राजनीतिक चिन्तनमा वैदिक कालदेखि नै साम्राज्य निर्माणलाई महत्त्व दिइएको छ । तर शत्रु, मित्र र तटस्थ राज्यबाट आफ्नो सुरक्षा सुनिश्चित गर्नु विदेश नीतिको सार हो भन्ने मनुको विचारका आधारमा राज्य विस्तार गर्नु उनको विदेश नीतिको उद्देश्य रहेको देखिँदैन । उनले राजालाई युद्धका निम्ति तयार रहन र शक्तिशाली सेना राख्ने परामर्श दिएका छन् । राजा आफ्नो प्रभाव विस्तार गरेर मात्र सन्तुष्ट भएको पाइन्छ ।

हजारौं वर्षअगाडि रचना गरिएको मनुस्मृतिका कतिपय विचार अहिले पनि व्यावहारिक देखिन्छन् । सुशासन कायम गर्न राजा, मन्त्री र सरकारी अधिकारी सदाचारी र नैतिक हुनु पर्छ भन्ने मनुको विचार वर्तमान राजनीतिमा समेत सान्दर्भिक देखिन्छ । राजालाई जनताको सच्चा सेवक बन्न मनुले दिएको परामर्श समेत वर्तमान राजनीतिमा मार्गदर्शक हुन सक्छ । राजाले शास्त्रअनुसार राज्य सञ्चालन गर्नुपर्छ भन्ने मनुको विचारमा आधुनिक विधिको शासनको झलक पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

तृतीय अध्याय

कौटिल्य (Kautilya)

आचार्य कौटिल्य हिन्दु राजनीतिक चिन्तनको इतिहासमा व्यावहारिक राजनीतिज्ञ, कुशल कुटनीतिज्ञ एवं राजनीतिक विचारक थिए । उनले व्यावहारिक राजनीतिको जग बसालेका थिए । कौटिल्य संस्कृत वाङ्मयको इतिहासमा उद्भट विद्वान् मानिन्छन् । उनले अर्थराजनीति विषयमा आदि र अन्तिम आधिकारिक विद्वान् भएको गौरव प्राप्त गरेका छन् । संस्कृत काव्य, कोश, पुराण जस्ता प्रसिद्ध ग्रन्थमा कौटिल्यको गाथा उल्लेख भएको पाइन्छ। उनको राजनीतिक विचारको विष्णुपुराण, पञ्चतन्त्र, मुद्राराक्षस आदि ग्रन्थमा चर्चा गरेको पाइन्छ । पञ्चतन्त्रका लेखक विष्णु शर्माले प्राचीन विद्वान् नीतिशास्त्रकारमा मनु, वृहस्पति, शुक्र, पराशर र वेदव्यास पछि चाणक्यको नाम लिएका छन्[1] (विष्णुशर्मा, २००३, तन्त्रम् १, श्लो. २) । कामन्दकनीतिसारका रचयिता कामन्दकले कौटिल्यको अर्थशास्त्रका आधारमा आफ्नो नीतिसार लेखिएको स्वीकार गरेका छन् । कामन्दकनीतिसारलाई कौटिल्यको अर्थशास्त्रको छन्दोबद्ध सारांश मानिन्छ । कामन्दकीय नीतिसारमा निम्न विषयमा स्पष्ट जानकारी दिइएको छ । अर्थशास्त्र विष्णुगुप्त अर्थात् कौटिल्यको रचना हो । उनले नन्दवंशको शासनको उन्मूलन गरी मगध राज्यमा मौर्यवंशका चन्द्रगुप्तलाई सम्राट बनाएका थिए । यसैगरी कौटिल्यको अर्थशास्त्रमा नन्दवंशी राजाको अधीनमा रहेको भूमिको शीघ्र उद्धारका निम्ति शास्त्र, शस्त्र र क्रोधको कुशलतापूर्वक प्रयोग गर्ने व्यक्ति नै अर्थशास्त्रको रचनाकार थिए भन्ने उल्लेख गरिएको छ । प्राचीन अर्थशास्त्रको भाष्यमा विभिन्न भाष्यकारहरूका बीचमा मतभेद देखेर विष्णुगुप्तले सूत्र र भाष्य दुबैको रचना

---

[1] मनवे वाचस्पतये शुक्राय पराशराय ससुताय ।
चाणक्याय च विदुषे नमोऽस्तु नयशास्त्रिकर्तृभ्यः ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आफैले गरेका थिए[2] (कौटिल्य, २०००, अधि. १५, अ. १) भन्ने उल्लेख गरिएको छ। यस प्रसङ्गबाट सूत्रका साथै भाष्य रूप अर्थशास्त्रको रचना कौटिल्यबाट नै भएको पुष्टि हुन्छ । यसरी अर्थशास्त्रका लेखकका विषयमा अर्थशास्त्रमा र कामन्दकनीतिसारमा उल्लेख गरिएको जानकारीबीच समानता देखिन्छ।

आचार्य कौटिल्यको जीवन कालका बारेमा भने पूर्ण र स्पष्ट प्रमाण प्राप्त छैन । प्राप्त प्रमाणहरूमा पनि मतान्तर छ । उनको जन्म कुन ठाउँमा र कुन मितिमा भएको थियो भन्ने स्पष्ट छैन । उनका माता पिताका बारेमा पनि स्पष्ट ज्ञान छैन । उपलब्ध ऐतिहासिक स्रोतबाट मौर्य वंशका प्रथम सम्राट चद्रगुप्त मौर्यले अद्भुत कुटिल राजनीतिज्ञ विष्णुगुप्त नाम गरेका ब्राह्मणको सहायताले मगधमा रहेको नन्दवंशको शासनको अन्त्य गर्नुका साथै शक्तिशाली ग्रीक सम्राट सिकन्दरलाई विफल बनाएर लगभग ईसा पूर्व ३२२ मा मौर्य साम्राज्यको स्थापना गरेका थिए । यसबाट कौटिल्य सिकन्दरका गुरु ग्रिक विचारक अरस्तुका समकालिक भएको प्रमाणित हुन्छ ।

विष्णुगुप्त र चाणक्य पनि आचार्य कौटिल्यका नाम हुन् । अर्थशास्त्रमा उल्लेख भए अनुसार उनको वास्तविक नाम विष्णुगुप्त थियो । चणकको सन्तान भएकाले उनलाई चाणक्य र कुटिल राजनीतिमा विशारद भएका कारणले कौटिल्य भनिएको हो । उनका पिताको नाम शिवगुप्त थियो । उनको जन्म तक्षशिलाको ब्राह्मण परिवारमा भएको थियो । उनी वेद आदि शास्त्रका ज्ञाता थिए । कौटिल्य चन्द्रगुप्त मौर्यका महामात्य, प्रधान पुरोहित, गुरु, हितैषी तथा मौर्य साम्राज्यका संस्थापक एवं संरक्षक थिए । चन्द्रगुप्तले राजसिंहासन यिनैको बुद्धि र कौशलबाट प्राप्त गरेका थिए । तसर्थ चन्द्रगुप्त मौर्यको शासन प्रारम्भ हुनु भन्दा पहिले उनको जन्म भएको स्पष्ट हुन्छ ।

आचार्य कौटिल्यको समयमा तक्षशिला विश्वविद्यालय विश्व विख्यात शिक्षाको केन्द्र थियो । देश विदेशबाट विद्यार्थीहरू यस विश्वविद्यालयमा शिक्षा

---

[2] येन शास्त्रं च शस्त्रं च नन्दराजगता च भूः ।
अमर्षेणोद्धृतान्याशु तेन शास्त्रमिदं कृतम् ॥
दृष्ट्वा विप्रतिपत्तिं बहुधा शास्त्रेषु भाष्यकाराणाम् ।
स्वयमेव विष्णुगुप्तश्चकार सूत्रं च भाष्यं च ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ग्रहण गर्न आउने गर्दथे । कौटिल्यले पनि त्यसै विश्वविद्यालयमा शिक्षा प्राप्त गरेका थिए । चन्द्रगुप्त मौर्यले त्यसै विश्वविद्यालयमा अध्ययन गरेका थिए । प्राचीन गान्धार राज्यको राजधानी तक्षशिला नगर थियो जुन हाल पाकिस्तानमा पर्दछ ।

१. अर्थशास्त्रका प्रणेता (Author of Arthashastra)

कौटिल्य शस्त्र र शास्त्र विद्यामा कुशल थिए । उनी अर्थशास्त्रका निष्णात विद्वान् थिए । तिनै विष्णुगुप्त कौटिल्यले ईशाको चौथो शताब्दीको अन्त्यतिर अर्थशास्त्रको रचना गरेका थिए । अर्थशास्त्र लामो समयसम्म लुप्त अवस्थामा रह्यो । सन् १९०५ मा एकजना ब्राह्मणले अर्थशास्त्रको हस्तलिखित प्रति मैसुर सरकारको प्राच्य पुस्तकालयमा समर्पण गरेका थिए । त्यस समयमा सामशास्त्री उक्त पुस्तकालयका अध्यक्ष थिए । उनले सन् १९०५ मा अर्थशास्त्रको केही अंश प्रकाशित गरेका थिए । त्यसैगरी सन् १९०९ मा सम्पूर्ण ग्रन्थ अनुवादसहित प्रकाशित गरेका थिए । उनले अर्थशास्त्र आचार्य कौटिल्यको कृति भएको र आचार्य कौटिल्य चन्द्रगुप्त मौर्यका अमात्य थिए भन्ने विषयमा आधिकारिक विचार व्यक्त गरेका छन् । उनले त्यो नै कौटिल्यको अर्थशास्त्रको प्रामाणिक मूलपाठ भएको धारणा पनि सार्वजनिक गरे । संस्कृत वाङ्मयको श्रीवृद्धिमा कौटिल्यको अर्थशास्त्रको विशेष स्थान रहेको पाइन्छ ।

कौटिल्यको अर्को महत्त्वपूर्ण रचना चाणक्यनीति पनि प्रसिद्ध छ । यो संस्कृत पद्यमा लेखिएको छ । यसमा संसारका सबै मानवलाई नीतिसम्बन्धी उपदेश दिइएको छ । चाणक्य सूत्र पनि उनको रचना मानिन्छ जसमा जम्मा ५७२ सूत्र छन् । कौटिल्यको चाणक्य सूत्र राजादेखि जनसाधारणसमेतका लागि बनाइएको आचार संहिता हो । राज्य सञ्चालन कला र जीवनको उद्देश्य प्राप्तिका साथै सफलताको उच्च शिखरमा पुग्न मार्गदर्शक सन्देशका निम्ति चाणक्य सूत्र महत्त्वपूर्ण मानिन्छ ।

२. अर्थशास्त्रमा वर्णित विषय (Contents of Arthashastra)

अर्थशास्त्र संस्कृत गद्यमा लेखिएको छ तापनि यसमा श्लोकहरू पनि छन् । कौटिल्यले अर्थशास्त्रमा अनेक विषयको विवेचना गरेका छन् तापनि यसमा मुख्य रूपमा राजनीति र शासन कलाको वृहत मीमांसा गरिएको छ । यसलाई अर्थराजनीतिको विश्लेषण भनेमा कुनै अत्युक्ति हुँदैन । कौटिल्यले अर्थशास्त्रको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रारम्भमा नै पृथ्वीको प्राप्ति र त्यसको रक्षाका लागि पहिलेका आचार्यहरूले रचना गरेका अर्थशास्त्रका ग्रन्थहरूको सार सङ्कलन गरेर प्रस्तुत अर्थशास्त्रको रचना गरिएको स्वीकार गरेका छन्[3] (कौटिल्य, २०००, पृ.१)।

अर्थशास्त्रमा पन्ध्र अधिकरण र १८० प्रकरण छन् । यो ग्रन्थ १५० अध्यायमा विभाजित छ । प्रत्येक अधिकरणमा छुट्टाछुट्टै अध्यायको व्यवस्था छ । प्रथम अधिकरणमा विद्या र यसका प्रकार, राजको जीवनचर्या, अमात्य, मन्त्री, गुप्तचर आदिको नियुक्ति, राजाको सुरक्षा आदि विषयमा विवेचना गरिएको छ । द्वितीय अधिकरणमा जनपदको स्थापना, दुर्गको निर्माण, राजभवनको निर्माण, कोषगृहको निर्माण, कृषि र उद्योगको व्यवस्थापनका साथै विभिन्न विभागका प्रमुखहरूको नियुक्तिसम्बन्धी विषयमा प्रकाश पारिएको छ । तृतीय अधिकरणमा विवाह, पति-पत्नीको सम्बन्ध, सम्बन्ध विच्छेद, उत्तराधिकार, गृहनिर्माण, वास्तुकला, ऋण, धरौटी, भूमिसम्बन्धी विवाद, दासता, क्रयविक्रय आदि सम्बन्धी नियम एवं यी विषयसँग सम्बन्धित विवादको निर्णयसम्बन्धमा चर्चा गरिएको छ । चतुर्थ अधिकरणलाई कन्टकशोधन नाम दिइएको छ । यसमा शिल्पकार, व्यापारी तथा दैवी आपत्तिबाट प्रजाको रक्षासम्बन्धी प्रावधानको चर्चा गरिएको छ । यस अधिकरणमा चोरी, हत्या, बलात्कार आदि अपराधको दण्ड विधानको वर्णन गरिएको छ । पाँचौ अधिकरणमा शासन व्यवस्थामा संलग्न विभिन्न प्रकारका अधिकारी एवं कर्मचारीको व्यवहार र आचरण, राजकोषको वृद्धि, राजद्रोही उच्च अधिकारीका लागि दण्डको व्यवस्था आदिका विषयमा विस्तृत विवेचना गरिएको छ । छैटौं अधिकरणमा राज्यका सात प्रकृति वा अङ्ग, तिनका गुण, शान्ति एवं उद्योग र मन्त्रशक्ति, प्रभुशक्ति एवं उत्साहशक्तिको वर्णन गरिएको छ । सातौं अधिकरणमा राज्यको विदेश नीति उल्लेख गरिएको छ । विदेश नीति अन्तर्गत षड्गुण अर्थात् सन्धि, विग्रह, यान, आसन, संश्रय र द्वैधीभाव एवं मण्डल सिद्धान्त, विजिगीषु राजाको विभिन्न राजासँगको सम्बन्धका साथै युद्ध, आक्रमण, सन्धि एवं तटस्थतासम्बन्धी नियमको विवेचना प्रस्तुत गरिएको छ । आठौं अधिकरणमा राजा लगायत राज्यका अङ्गका दुर्व्यसनहरू र तिनको प्रतिकारका विषयमा चर्चा गरिएको छ । नवौं अधिकरणमा सेनाको व्यवस्था, देश, काल, समय र शक्तिको विचार

---

[3] पृथिव्या लाभे पालने च यावन्त्यर्थशास्त्राणि पूर्वाचार्यैः प्रस्थापितानि प्रायशस्तानि संहृत्यैकमिदमर्थशास्त्रं कृतम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

गरेर शत्रुको सामना तथा विभिन्न प्रकारका विपत्ति र तिनको प्रतिकारका उपायबारे वर्णन गरिएको छ। दसौं अधिकरणमा युद्धको विवेचना गरिएको छ। दुर्ग निर्माण, युद्धका प्रकार, युद्धमा सेनाको प्रयोग आदि विषयमा प्रकाश पारिएको छ। एघारौं अधिकरणमा गुप्तचरद्वारा विभिन्न प्रकारका भेदको प्रयोग र परामर्शको विधिको चर्चा गरिएको छ। बाह्रौं अधिकरणमा दूतको कार्य, मन्त्रयुद्ध, सेनापतिको हत्या, छलकपटद्वारा शत्रुलाई पराजित गर्ने उपाय आदि विषयमा विवेचना गरिएको छ। तेह्रौं अधिकरणमा पनि छलकपटद्वारा शत्रु देशका राजालाई लोभ्याउने कार्य, शत्रुका देशमा गुप्तचरको निवास, शत्रु देशको दुर्ग घेराइ, विजित राज्यमा शान्ति व्यवस्था कायम गर्ने सम्बन्धमा उल्लेख गरिएको छ। चौधौं अधिकरणमा शत्रु परास्त गर्न उत्पात मचाउनका लागि मन्त्र, औषधि आदि अनैतिक उपायको प्रयोग बारे उल्लेख गरिएको छ। अर्थशास्त्रको अन्तिम पन्ध्रौं अधिकरणमा तन्त्रयुक्तिको वर्णन गरिएको छ। युक्तिको अर्थ तर्कसङ्गत चतुरता हो। यस अधिकरणमा अर्थशास्त्रको परिभाषाका साथै अर्थशास्त्रका बत्तीस प्रकारका युक्तिको विश्लेषण पनि गरिएको छ।

३. अर्थशास्त्र ज्ञानको स्वतन्त्र शाखा

(Science of Government as a Separate Branch of Knowledge)

कौटिल्यले आन्वीक्षिकी, त्रयी, वार्ता र दण्डनीति गरी विद्याका चार शाखा मान्दछन् (कौटिल्य,२०००, अधि. १, अ. १)। साङ्ख्य, योग र चार्वाकको नास्तिक लोकायत दर्शनलाई आन्वीक्षिकी विद्या भनिन्छ (कौटिल्य, २०००, अधि. १, अ. १)। आन्वीक्षिकी विद्यालाई सबै विद्याको प्रदीप भनिन्छ (कौटिल्य, २०००, प्र. १, अ. १)। ऋग्वेद, यजुर्वेद र सामवेद एवं वेदाङ्ग समेतलाई त्रयी भनिन्छ (कौटिल्य, २०००, अधि. १, अ.२)। त्रयीबाट धर्मको ज्ञान हुन्छ। कृषि, पशुपालन र वाणिज्यसम्बन्धी विद्यालाई वार्ता भनिन्छ (कौटिल्य, २०००, अधि. १, अ.३)। वार्ता विद्याबाट अर्थ वा सम्पन्नता र अनर्थ वा विपन्नताको ज्ञान हुन्छ। असल शासन र कुशासनको ज्ञान गराउने विद्या दण्डनीति हो। आन्वीक्षिकी, त्रयी र वार्ता विद्याको अस्तित्व दण्डनीतिमा आधारित हुन्छ। राज्यको शासन व्यवस्थाको सञ्चालनसम्बन्धी ज्ञानको प्रतिपादन गर्ने विद्या दण्डनीति हो। दण्डनीति, राजधर्म, अर्थशास्त्र, नीतिशास्त्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आदि एउटै विद्याका नाम हुन् । दण्डनीतिले अप्राप्य वस्तु प्राप्त गर्न, प्राप्त वस्तुको रक्षा गर्न, रक्षित वस्तुको वृद्धि गर्न र वृद्धि गरिएको वस्तुको समुचित कार्यमा वितरण गर्न निर्देश गर्दछ । दण्डनीतिमा सारा संसारको लोकयात्रा निर्भर हुन्छ (कौटिल्य, २०००, अधि. १, अ.३) । समाजमा विद्यमान् आपराधिक तत्त्वलाई दण्ड दिने व्यवस्था पनि दण्डनीतिको विषयभित्र पर्दछ । त्यसैले कौटिल्यले राजालाई दण्डको समुचित प्रयोग गर्ने सल्लाह दिएका छन् (कौटिल्य, २०००, अधि. १, अ. १)।

यद्यपि दण्डनीति र अर्थशास्त्र एउटै ज्ञानको शाखाको नाम हुन् तापनि कौटिल्यले अर्थशास्त्रको विशेष परिभाषा पनि प्रस्तुत गरेका छन् । मानिसको जीविकालाई अर्थ भनिन्छ । मानिस बसोबास भएको भूमिलाई पनि अर्थ भनिन्छ । मानिसको बसोबास भएको भूमि प्राप्त गर्ने र त्यसको रक्षा गर्ने उपायको ज्ञान गराउने शास्त्रलाई अर्थशास्त्र भनिन्छ[4] (कौटिल्य, २०००, अधि. १५, अ. १) । उनको यो परिभाषाका आधारमा अर्थशास्त्रको अर्थ राजनीतिशास्त्र मात्र नभई अर्थराजनीति (Political Economy) भएको स्पष्ट हुन्छ । कौटिल्यले अर्थराजनीति विषयलाई स्वतन्त्र विद्याका रूपमा स्थापित गरेका छन् ।

४. धर्म, नैतिकता र राजनीति

(Religion, Morality and Politics)

हिन्दु राजनीतिक चिन्तनको इतिहासमा राजनीतिलाई धर्मशास्त्रबाट अलग्याउने कार्य गरेको श्रेय कौटिल्यलाई दिइन्छ । उनले अर्थशास्त्रमा अर्थलाई प्राथमिकता दिएका छन् । धर्म र भोग धनमा निर्भर हुन्छ । राजाले धर्म र अर्थमा कुनै क्षति नहुने गरी भोग गर्नुपर्छ[5] भन्ने कौटिल्यको विचार छ (कौटिल्य, २०००, अधि. १, अ.६) । यहाँ धर्म भन्नाले वैदिक सनातन धर्म सम्झनु पर्छ । कौटिल्यले धर्मका मान्यतालाई राज्यको संरक्षण र संवर्द्धनका निम्ति महत्त्वपूर्ण उपकरण मानेका छन् । राजाद्वारा धर्मका नियमअनुसार शासन सञ्चालन गरिने राजनीतिक प्रणालीका पक्षमा कौटिल्य रहेका छन् । यसरी हेर्दा कौटिल्य

---

[4] मनुष्याणां वृत्तिरर्थ:, मनुष्यवती भूमिरित्यर्थ:, तस्या: पृथिव्या लाभपालनोपाय: शास्त्रमर्थशास्त्रमिति ।

[5] धर्मार्थाविरोधेन कामं सेवेत ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

धर्मतन्त्रात्मक राजतन्त्रका (Theocratic Monarchy) पक्षमा रहेको देखिन्छ। तर यहाँ धर्मतन्त्रात्मक राजतन्त्र भन्नाले धर्म गुरुको शासन नभई राजाद्वारा धर्मका नियमअनुसार शासन सञ्चालन गरिने राजनीतिक प्रणाली भन्ने बुझिन्छ।

मनुले जस्तै कौटिल्यले पनि स्वधर्मको सिद्धान्तमा जोड दिएका छन्। सनातन धर्ममा समाजलाई ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र गरी चार वर्णमा विभाजन गरी हरेक वर्णका निम्ति कार्य विभाजन पनि गरिएको छ। पढ्नु, पढाउनु, यज्ञ गर्नु, यज्ञ गराउनु, दान लिनु र दान दिनु ब्राह्मणका कार्य हुन्। जीविकोपार्जनका निम्ति पढाउनु र दान लिनु ब्राह्मणको कर्तव्य निर्धारण गरिएको छ। पढ्नु, यज्ञ गर्नु, दान दिनु र राज्यको रक्षा गर्नु क्षत्रियका कार्य हुन्। शस्त्रास्त्रको बलबाट राज्यको रक्षा गर्नु क्षत्रियका निम्ति जीविकोपार्जनको माध्यम तोकिएको छ। पढ्नु, यज्ञ गर्नु, दान दिनु र वार्ता अर्थात् कृषि, पशुपालन र उद्योग-व्यापार गर्नु वैश्यका निम्ति तोकिएका कार्य हुन्। कृषि, पशुपालन, उद्योग र व्यापार वैश्यका जीविकाका माध्यम हुन्। ब्राह्मण, क्षत्रिय र वैश्यको सेवा र सहयोग गर्नु शूद्रका निम्ति तोकिएको कर्म र जीविकोपार्जनको उपाय हो। त्यसैगरी ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र संन्यास गरी चार आश्रम र ती आश्रममा पालना गर्नुपर्ने अलग-अलग धर्मको व्यवस्था पनि सनातन धर्ममा छ। कौटिल्यका अनुसार सबै वर्ण र आश्रमका व्यक्तिलाई तोकिएको धर्मको पालना गराउनु राजाको कर्तव्य मानिएको छ[6] (कौटिल्य, २०००, अधि. १, अ. २)।

धर्मशास्त्रले नैतिकताको निर्धारण गर्दछ। धर्मले गर्नुपर्ने भनी तोकिएका कर्म गर्नु र गर्नु हुँदैन भनी तोकिएका कार्य नगर्नु नैतिकता हो। त्यसैले धर्म र नैतिकताबीच घनिष्ठ सम्बन्ध छ। राजनीतिमा नैतिकताको आवश्यकता पर्छ भन्ने कौटिल्यको मत छ। उनले राजा चरित्रवान्, सत्यनिष्ठ, धर्मपरायण, विवेकी र विभिन्न विद्यामा प्रवीण हुनुपर्छ भनेका छन्। राजाले काम, क्रोध आदि परित्याग गरी इन्द्रियमाथि नियन्त्रण गर्नुपर्छ। विद्वान् व्यक्तिको सङ्गत गरी बुद्धि विकास गर्नुपर्छ (कौटिल्य, २०००, अधि.१, अ.६)। राजाले अमात्य तथा राज्यका अन्य अधिकारीको नियुक्ति गर्दा पनि सदाचारी व्यक्तिलाई नियुक्ति

---

6 तस्मात्स्वधर्मं भूतानां राजा न व्यविचारयेत्।
स्वधर्मं संदधानो हि प्रेत्य चेह च नन्दति।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

गर्नुपर्छ भन्ने कौटिल्यको विचार छ । राज्यको नैतिक उद्देश्य सामाजिक सुव्यवस्था कायम गर्नु हो भन्ने उनले बताएका छन् । सदाचारी राजाले सदाचारी सहयोगी अधिकारीको सहयोगमा समाजमा सदाचार कायम गराउन सम्भव हुन्छ । सदाचारबाट जनताको कल्याण हुन्छ र राज्यमा सुशासन कायम हुन्छ । कौटिल्यका अनुसार निजी स्वार्थरहित राजा वास्तवमा राज्य र जनताका संरक्षक हुन् । न्यायिक कार्यको सम्पादनका सन्दर्भमा पनि सत्य र नैतिकता स्थापना गर्नु राजाको निर्धारित कर्तव्य हो । कौटिल्यले कूटनीति र धर्म युद्धमा पनि नैतिकता पालन गर्न राजालाई परामर्श दिएका छन् । धर्म र नैतिकताअनुसार राज्य सञ्चालन गर्ने राजा यस जीवनमा मात्र नभई मृत्युपछिको जीवनमा समेत पुरस्कृत हुन्छ भन्ने परम्परागत सनातन समाजको मान्यको कौटिल्यले समर्थन गरेका छन् । तर उनले कूट युद्धमा भने अनैतिक उपायको प्रयोगको समेत अनुमति दिएका छन् । उपजाप (शत्रु लाई बहकाउनु), अपसर्प (गुप्तचरद्वारा शत्रुको नाश गर्नु), वामन (विषको प्रयोग गरी शत्रुको हत्या गर्नु), पर्युपासन (घेरा हालेर आक्रमण गर्नु) र अवमर्द (विध्वंस) जस्ता अनैतिक उपायको प्रयोग गरेर शत्रुको किल्ला जित्न सकिन्छ भन्ने कौटिल्यको विचार छ (कौटिल्य, २०००, अधि. १३, अ. ४) । यसरी कौटिल्यले साम्राज्य निर्माणका निम्ति अनैतिक उपायको प्रयोगको पनि समर्थन गरेको देखिन्छ । यसैका आधारमा कतिपय विद्वान् कौटिल्यले राजनीतिलाई नैतिकताबाट पृथक गरेको मान्दछन् । वास्तवमा कौटिल्यले राजा, अमात्य एवं राज्यका अधिकारीका निम्ति नैतिकता र सदाचारमा जोड दिएका छन् । उनको राज्य सञ्चालन कलामा सुशासनको आधार नै नैतिकता हो । धर्म, नैतिकता र राजनीति एक अर्काका परिपूरक मान्ने कौटिल्यको मत छ । महात्मा गान्धीले हिन्दु राजनीतिक चिन्तनमा रहेको यही मान्यतालाई आधुनिक युगमा राजनीतिमा नैतिकताको आवश्यकता स्थापित गरेका हुन् । वर्तमान राजनीतिमा सदाचार र नैतिकता सुशासनका निम्ति महत्त्वपूर्ण आधार मानिन्छ ।

५. राज्यको उत्पत्ति (Origin of the State)

कौटिल्यको उद्देश्य राज्यको व्यावहारिक प्रशासनको चित्रणमा केन्द्रित छ । राज्यको शासन व्यवस्थाको चर्चा गर्ने सन्दर्भमा उनले राज्यको उत्पत्तिको उल्लेख गरेका छन् । कौटिल्य राजतन्त्रका पक्षमा छन् । प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राजा र राज्यलाई एउटै मान्ने परम्परा थियो । यसै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

परम्पराका पक्षमा कौटिल्य छन् । उनले राजालाई नै राज्य मानेका छन्[7] (कौटिल्य, २०००, अधि. ८, अ.२) । राजाको उत्पत्तिका सन्दर्भमा प्राचीन कालमा मनिस प्राकृतिक अवस्थामा थिए भन्ने कौटिल्यको मान्यता रहेको छ। कौटिल्यकाअनुसार प्राकृतिक अवस्था राज्यविहीन, कानुनविहीन एवं अनैतिक अवस्था थियो । प्राकृतिक अवस्थामा जंगलको कानुन चल्दथ्यो । दुर्बलहरूको रक्षाका निम्ति कुनै प्रबन्ध थिएन । प्राचीन कालको त्यस प्रकारको मानव समाजको अवस्थालाई कौटिल्यले मात्स्यन्याय संज्ञा दिएका छन् । त्यस समयमा मानिसहरू अत्यन्त भयावह अवस्थाबाट प्रताडित थिए । ठूलो वा शक्तिशाली माछाले कमजोर माछालाई खाने प्रवृतिलाई माछाको न्याय वा मात्स्यन्याय भनिन्छ । प्राचीन कालमा मानव समाज मात्स्यन्यायबाट पीडित हुनपुग्यो । मात्स्यन्यायबाट मुक्तिका लागि प्रजाहरूले वैवस्वत मनुलाई राजा बनाए भन्ने कौटिल्यको अभिमत छ[8] । महाभारतमा सत्ययुगमा धर्मअनुसार समाज व्यवस्था राजा, राज्य र दण्डविना नै सञ्चालित थियो र धर्ममा ह्रास आएपछि मात्र अराजक मात्स्यन्यायको अवस्था सिर्जना भएको भनिएको छ । महाभारतमा जस्तो संपूर्ण व्यक्तिहरूले धर्मअनुसार आचरण गर्ने धार्मिक नैतिक स्वर्ण युगको चर्चा कौटिल्यले गरेका छैनन् । केवल प्रजाले मनुलाई राजा स्वीकार गरे भनी उल्लेख गरेका छन् । मनु र प्रजाका बीचका एउटा समझौता भयो । समझौता बमोजिम प्रजाले राजा मनुलाई राज्य सञ्चालनका लागि धान्यको चार भागको एक भाग, अन्नको छैटौं भाग, व्यापारद्वारा प्राप्त धनको दशौं भाग र सुनबाट प्राप्त आयको केही भाग करका रूपमा दिन स्वीकार गरे । यो कर प्राप्त गर्ने अधिकारी त्यस्तो राजा मात्र हुन्छ जसले प्रजालाई धनधान्यबाट सुखी राख्दछ र रोग व्याधि एवं शत्रुको आक्रमणबाट उनीहरूको रक्षा गर्दछ । राज्यको उत्पत्तिका सम्बन्धमा कौटिल्य समझौताको सिद्धान्त समर्थक जस्तो देखिन्छन् । तर कौटिल्य भन्दा पहिलादेखि नै राजा मनुको उत्पत्तिसम्बन्धमा दैवी सिद्धान्त प्रचलित थियो । यस प्रचलित मान्यताको उल्लेख नगरी कौटिल्यले प्रजाले मनुलाई राजा स्वीकार गरेको विषय मात्र प्रस्तुत गरेका छन् । तसर्थ राज्यको उत्पत्तिसम्बन्धमा उनले कुनै निश्चित सिद्धान्तको प्रतिपादन गरेका छैनन् भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

---

7 राजा राज्यमिति प्रकृतिसंक्षेपः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

8 मात्स्यन्यायाभिभूताः प्रजा मनुं वैवस्वतं राजानं चक्रिरे ।

CC-0.In Public Domain. Digitization by eGangotri

६. सप्ताङ्ग सिद्धान्त (Seven Elements of the State)

आधुनिक राजनीतिशास्त्रमा भूमि, जनसंख्या, सरकार र संप्रभुता गरी राज्यका चार तत्त्व हुन् । प्राचीन हिन्दु रानीतिक चिन्तनमा राज्यका सात तत्त्वको उल्लेख छ । यसैलाई सप्ताङ्ग सिद्धान्त भनिन्छ । कौटिल्यले सप्ताङ्गलाई सात प्रकृति भनेका छन् । स्वामी, अमात्य, जनपद, दुर्ग, कोश, दण्ड र मित्र राज्यका सात प्रकृति हुन्[9] (कौटिल्य, 2000, अधि.६, अ.१) ।

६.१. स्वामी (king)

कौटिल्यले प्राथमिकताका आधारमा राज्यका प्रकृति वा तत्त्वको वर्णन गरेका छन् । राज्यका सात अङ्गमध्ये स्वामी पहिलो र सबै भन्दा महत्त्वपूर्ण अङ्ग हो । राज्यका तत्त्वका सन्दर्भमा स्वामीको अर्थ राजा हो । कौटिल्य राजतन्त्रका समर्थक हुन् र राजालाई राज्यको आत्मा मान्दछन् । राजाको व्यक्तिगत योग्यता, चारित्रिक गुण र नीतिशास्त्रअनुसार शासन सञ्चालनमा कौटिल्यले जोड दिएका छन् । उनले शक्तिशाली राजतन्त्रको समर्थन गरेका छन् । राजा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकासम्बन्धी शक्तिसम्पन्न छन् । अमात्य र अन्य सहयोगी अधिकारीहरू नियुक्त गर्ने शक्ति राजामा निहित गरिएको छ । राजा र राजाका सहयोगी अधिकारीहरूको सदाचारमा जोड दिइएको छ ।

कौटिल्यले राजाका आभिगामिक, प्रज्ञा र उत्साह गरी तीन प्रकारका गुणको चर्चा गरेका छन् । कुलीन, दैव बुद्धि भएको, धैर्यवान्, दूरदर्शी, धार्मिक, सत्यवादी, प्रतिज्ञा पालन गर्ने, कृतज्ञ, उच्च अभिलाषा भएको, उत्साही, अदीर्घ सूत्र वा आलस्यरहित, सामन्तलाई वशमा राख्न सक्ने, दृढ बुद्धि गुणसम्पन्न मन्त्री भएको र विनयी राजालाई आभिगामिक गुण सम्पन्न राजा भनिन्छ । शास्त्रको चर्चा, शास्त्रको ज्ञान, ज्ञान ग्रहण गर्ने क्षमता, ज्ञान धारण गर्ने क्षमता, विशेष ज्ञान, तर्कवितर्कद्वारा सत्य पत्तालगाउने क्षमता एवं खराव विषय परित्याग र असल गुण ग्रहण गर्ने क्षमतालाई राजाका प्रज्ञागुण भनिन्छ । शूरता, असहिष्णुता, क्षिप्रकारिता र दक्षता राजाका उत्साह गुण हुन् (कौटिल्य, 2000, अधि.६, अ.१) । राजा युद्धकलामा निपुण हुनुका साथै बलवान् र साहसी पनि हुनुपर्दछ । यी तीन गुण भएको राजा मात्र आत्मसम्पत मानिन्छ र त्यस्तो राजा राज्यको आधार हुन्छ ।

---

[9] स्वाम्यमात्यजनपददुर्गकोशदण्डमित्राणि प्रकृतयः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

६.२. अमात्य (Amatya)

कौटिल्यको सप्ताङ्ग सिद्धान्तअनुसार अमात्य राज्यको दोस्रो अङ्ग हो। अमात्य शब्दको अर्थ मन्त्री हो तापनि कौटिल्यले यो शब्द मन्त्रीका साथसाथै सम्पूर्ण प्रशासनिक कर्मचारीसमेत समेट्ने अर्थमा प्रयोग गरेका छन् । राज्य सुव्यवस्थित ढङ्गले सञ्चालन गर्नका लागि राजालाई अमात्यको सहयोगको आवश्यकता पर्दछ । राजा र अमात्य एउटा रथका दुईवटा पाङ्ग्रा जस्तै हुन्। जसरी एउटा मात्र पाङ्ग्राले गाडी चल्न सक्दैन त्यसै गरी राज्य पनि सहायताबिना सञ्चालन गर्न सकिँदैन । त्यसैले राजाले सुयोग्य सचिवहरूको नियुक्ति गरेर तिनको परामर्शलाई हृदयङ्गम गरी राज्य सञ्चालन गर्नु पर्दछ[10] (कौटिल्य, २०००, अधि.१, अ.६) । त्यसैले कौटिल्यले सुयोग्य, इमान्दार र कर्तव्यनिष्ठ अमात्यको नियुक्तिमा जोड दिएका छन् । के कस्ता व्यक्तिलाई अमात्य पदमा नियुक्ति गर्ने भन्ने सम्बन्धमा कौटिल्यले पूर्ववर्ती आचार्यहरूका विचारको उल्लेख गरेका छन् । पुरुषको सामर्थ्य, विद्या, बुद्धि, साहस, गुण, दोष, देश, काल र पात्र विचार गरेर अमात्य नियुक्ति गर्न राजालाई सल्लाह दिएका छन् । आफ्नो जनपदमा जन्मेको, कुलीन, अवगुणशून्य, सवारीमा निपूर्ण एवं ललितकलाको ज्ञाता, अर्थशास्त्रको ज्ञाता, बुद्धिमान्, स्मरण शक्ति सम्पन्न, चतूर, वाकपटु, प्रगल्भ, प्रतिवाद वा प्रतिकार गर्न समर्थ, उत्साही, प्रभावशाली, सहिष्णु,पवित्र, मित्रता गर्न योग्य, दृढ, स्वामिभक्त, सुशील, समर्थ, स्वस्थ, धैर्यवान्, निरभिमानी, स्थिर प्रकृति, प्रियदर्शी र दोषरहित व्यक्ति अमात्य वा प्रधानमन्त्री पदका लागि योग्य हुन्छ (कौटिल्य, २०००, अधि.१, अ.८) । कौटिल्यले मन्त्री नियुक्त गर्नुभन्दा पहिले उसको योग्यता, गुण र आचरणको परीक्षण गर्न राजालाई परामर्श दिएका छन् । उनले मन्त्रीको सङ्ख्या निर्धारण गरेका छैनन् । मन्त्रीको सङ्ख्या सामर्थ्यअनुसार निर्धारण गर्नुपर्छ भन्ने कौटिल्यको मत छ (कौटिल्य, २०००, अधि.१, अ.१४) अमात्यको प्रमुख कार्य शासन सञ्चालनमा राजालाई सहयोग गर्नु हो । राज्यमा कृषि उत्पादनको वृद्धि, राज्यको विकास र रक्षाका निम्ति राजालाई आवश्यक परामर्श दिनु अमात्यको मुख्य कार्य हो । कौटिल्यले शासनको जिम्मेवारी राजामा निहित गरेका छन् । मन्त्रीगण राजाका सहायक मात्र हुन् । मन्त्रीलाई सल्लाह प्रदान गर्ने अधिकार

---

10 सहायसाध्यं राज्यत्वं चक्रमेकं न वर्तते ।
कुर्वीत सचिवांस्तस्मात्तेषां च शृणुयान्मतम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

हुन्छ तर मन्त्रीको सल्लाह मान्ने नमान्ने राजाको इच्छामा निर्भर हुन्छ भन्ने कौटिल्यको मत छ । मन्त्री नियुक्त गर्न र पदच्युत गर्न सक्ने शक्ति पनि राजामा निहित गरिएको छ । कौटिल्यले पुरोहित तथा अन्य पदाधिकारीको नियुक्तिको अधिकार पनि राजामा निहित रहने व्यवस्था गरेका छन् । उच्च कुलमा जन्मेको, असल शील र गुणले सम्पन्न, वेदवेदाङ्ग, ज्योतिषशास्त्र र शकुनशास्त्रको ज्ञाता, दण्डनीतिमा पारङ्गत, अथर्ववेदमा निर्दिष्ट दैवी एवं मनुष्यद्वारा सिर्जित विपत्तिको प्रतिकार गर्न समर्थ ब्राह्मणलाई पुरोहित पदमा नियुक्तिका लागि योग्य मानिएको छ । राजालाई पुरोहितको अनुगामी बन्ने सल्लाह दिइएको छ । पुरोहित पद ज्यादै महत्त्वपूर्ण मानिएको छ । शिष्यले गुरुको, पुत्रले पिताको र नोकरले मालिकको अनुसरण गरे जस्तै राजाले पुरोहितको अनुसरण गर्नु पर्दछ (कौटिल्य, २०००, अधि.१, अ.८) भन्ने कौटिल्यको मत छ । यसैगरी योग्यताका आधारमा अन्य अधिकारीहरूको पनि नियुक्ति राजाले गर्नुपर्दछ भन्ने उनको विचार छ ।

६.३. जनपद (Janapad)

कौटिल्यका अनुसार जनपद राज्यको तेस्रो तत्त्व हो । जनपदलाई राष्ट्र पनि भनिन्छ । जनपद अन्तर्गत जनसङ्ख्या र भूभागलाई समावेश गरिएको छ । राजाले आफ्नो राज्यको आबादी बढाएर वा अर्को राज्यका मानिस बोलाएर नयाँ वा पुरानो जनपद बसाउनुपर्छ भन्ने कौटिल्यको विचार छ (कौटिल्य, २०००, अधि.२, अ.१) । जनपदमा गाउँ र शहर दुबै समावेश गरिएको छ । जनपदभित्र गाउँ र शहरमा स्थानीय सरकार गठन गर्ने समेत कौटिल्यको प्रस्ताव छ । जनपदको बीचमा तथा सीमान्तमा दुर्ग एवं विपत्तिको समयमा वन पर्वतहरूमा आत्मरक्षा गर्न सकिने हुनुपर्दछ । जनपद कम परिश्रमबाट धेरै अन्न उब्जने, शत्रु राजाका विरोधीको सङ्ख्या बढी भएको, नदी तलाउ भएको, छिमेकमा दुर्बल राजा भएको, गाईका लागि अनुकूल वातावरण भएको जस्ता गुणले युक्त हुनुपर्दछ (कौटिल्य, २०००, अधि.६, अ.१) । प्रत्येक जनपदमा एक सयदेखि पाँच सय घर हुनुका साथै कृषक र शूद्रको सङ्ख्या बढी हुनुपर्दछ । जनपद निवासी परिश्रमी, सम्पन्न र स्वामी भक्त हुनुपर्दछ ।

उर्वर भूमि, स्वास्थ्यवर्धक जलवायु, घना जंगल, व्यवस्थित यातायात, सिंचाइ सुविधा, पर्याप्त खनिज पदार्थ भएको जनपदलाई उत्तम जनपद भनिन्छ भन्ने कौटिल्यको मान्यता छ । यसबाट उनले समृद्ध, सुखी र व्यवस्थित जनपदको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कल्पना गरेको स्पष्ट हुन्छ । कौटिल्यको हिमालदेखि दक्षिण समुद्रसम्म पूर्वतर्फ समुद्रदेखि पश्चिम समुद्रसम्मको विशाल भूभागमा साम्राज्य निर्माण गर्ने लक्ष्य थियो । साम्रज्यभित्र ससाना धेरै जनपद मिलाएर विशाल साम्राज्य निर्माण हुने हुँदा जनपद राज्यको अङ्ग मानिएको स्पष्ट हुन्छ ।

६.४. दुर्ग (Fort)

दुर्ग राज्यको महत्त्वपूर्ण अङ्ग हो । दुर्गको अर्थ किल्ला हो । राज्यको रक्षाका लागि दुर्ग आवश्यक मानिन्थ्यो । राज्यको चारैतर्फ दुर्ग निर्माण गर्नुपर्दछ भन्ने कौटिल्यको विचार छ । दुर्ग युद्धका लागि आवश्यक मानिन्थ्यो । कौटिल्यका अनुसार दुर्ग चार प्रकारका हुन्छन् । १) औदकदुर्ग: संस्कृतमा उदकको अर्थ पानी हुन्छ । चारैतर्फ पानीले घेरिएको टापु जस्तो गहिरो तलाउले घेरेको स्थल प्रदेशमा निर्मित किल्लालाई औदकदुर्ग भनिन्छ । २) पार्वतदुर्ग: ठूलाठूला चट्टान अथवा पर्वतका कन्दराका रूपमा निर्मित दुर्गलाई पार्वतदुर्ग भनिन्छ । ३) धान्वनदुर्ग: संस्कृतमा धन्वन् अर्थ मरुभूमि हुन्छ । मरुस्थलमा बनाइएको दुर्गलाई धान्वनदुर्ग भनिन्छ । जल र घास आदि न भएको दुर्ग धन्वनदुर्ग हो । ४) दलदले भूमि र काँडे जंगलले घेरिएको दुर्गलाई वनदुर्ग भनिन्छ । औदक र पार्वतदुर्ग आपत्ति वा युद्धका समयमा जनपदको रक्षाका लागि आवश्यक हुन्छन् भने धान्वन र वनदुर्ग राजाको सुरक्षाका लागि उपयुक्त हुन्छन् (कौटिल्य, २०००, अधि.२, अ.३) । राज्यको सुरक्षाका निम्ति आवश्यक हुने हुँदा दुर्गलाई राज्यको अङ्ग मानिएको हो ।

६.५. कोष (Treasury)

राज्यकोष राज्यको तत्त्व वा अङ्ग मानिएको छ । पूर्वज र आफैले धर्मअनुसार आर्जन गरेको धनको सञ्चय कोषमा गर्नुपर्दछ । कोषमा अन्न, सुन, चाँदी, विभिन्न प्रकारका बहुमुल्य रत्न एवं नगद सिक्का सञ्चित गर्नुपर्दछ भन्ने कौटिल्यको मत छ । विपत्ति वा युद्ध र दुर्भिक्षका समयमा कोषको उपयोग गरी प्रजाको रक्षा गर्न सक्नु पर्दछ । यी गुण भएको कोषलाई सम्पन्न राजकोष भनिन्छ (कौटिल्य, २०००, अधि.६, अ..१) । राजकोषको संरक्षणका निम्ति सन्निधाता वा कोषाध्यक्षको नियुक्ति गर्नु पर्ने व्यवस्था कौटिल्यले गरेका छन् । कोषको सुरक्षित सञ्चयको लागि पक्की भवनको आवश्यकताका विषयमा समेत उनले प्रकाश पारेका छन् (कौटिल्य, २०००, अधि.२, अ.५) । प्रजाबाट करको रूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्राप्त धन राजकोषमा जम्मा गरिन्थ्यो । राजाले धन धर्मपूर्वक संग्रह गर्नुपर्दछ भन्ने कौटिल्यको राय छ । राज्य कोषको प्रयोग राज्य र जनताको हितका निम्ति गर्नु राजाको कर्तव्य मानिएको छ । धन राज्य सञ्चालनका लागि आवश्यक भएकाले कौटिल्यले कोषलाई राज्यको अङ्ग मानेका हुन् ।

६.६. दण्ड (Army)

राज्यको महत्त्वपूर्ण अङ्गको रूपमा मानिएको दण्डको अभिप्राय सेना हो । सेना राज्यको सुरक्षाको प्रतीक हो । प्राचीन हिन्दु राज्य व्यवस्थामा राज्यहरू बीच जुनसुकै बेला पनि युद्धको सम्भावना रहन्थ्यो । त्यसैले राज्यको रक्षाका साथै सैन्यबलमा कमजोर राज्यमाथि आक्रमणका लागि शक्तिशाली सेना आवश्यक मानिन्थ्यो । सेनाको महत्त्वलाई दृष्टिगत गरेर हिन्दु राजनीतिक चिन्तनमा सेनालाई अङ्ग मानिएको हो । वंशानुगत , स्थायी र राजाका वशमा रहने चारै वर्णका व्यक्ति राजाको सैन्यबलमा भर्ति गर्न योग्य हुन्छन् भन्ने कौटिल्यको विचार छ । सेनाका पत्नी-पुत्र आदि परिवारका आश्रित सदस्यलाई राजवृति प्रदान गरेर पूर्ण सन्तुष्ट पार्नु पर्छ । युद्धका समयमा सेनालाई आवश्यक सम्पूर्ण सामग्री प्रदान गर्न सक्नुपर्दछ । कहिल्यै पनि पराजित नभएको, दुःख सहन सक्ने, युद्ध कलामा कुशल, हरेक प्रकारका युद्धविद्यामा निपुण, राजाको लाभ र हानिमा सहभागी हुने र क्षेत्रीहरूको बाहुल्यता भएको सेनालाई दण्डसम्पन्न सेना भनिन्छ (कौटिल्य, २०००, अधि.६, अ.१) । कौटिल्यले राजालाई बलियो सेना बनाउने सल्लाह दिएका छन् ।

६.७. मित्र (Ally)

मित्र राज्य भन्दा बाहिर रहने तत्त्व हो तापनि कौटिल्यले मित्रलाई राज्यको अङ्ग मानेका छन् । सीमा जोडिएको राज्यलाई शत्रु राज्य भनिएको छ । शत्रु राज्यसँग सिमाना जोडिएको राज्य मित्र राज्य हुन्छ भन्ने कौटिल्यको मान्यता छ । राज्यको सफलता र सम्पन्नताका लागि मित्र राज्य आवश्यक मनिन्छ । त्यस्तो छिमेकी राज्यलाई मित्र भनिन्छ जसले युद्धका बेला राजालाई सहायता गर्दछ । वंशानुगत, स्थायी, नित्य वशमा रहन सक्ने, विरोध गर्ने सम्भावना नभएको, मन्त्रशक्ति, प्रभुशक्ति र उत्साहशक्ति सम्पन्न एवं आवश्यकता परेका बेला सहायता गर्न सक्ने मित्र हुनुपर्दछ । मित्रमा यी गुण छन्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

भने त्यसलाई मित्रसम्पत् भनिन्छ[11] (कौटिल्य, २०००, अधि.६, अ.१)। कौटिल्यले राज्यको शक्ति विस्तार गर्न मित्र राज्यको भूमिका हुने हुँदा राजालाई असल मित्र बनाउने सल्लाह दिएका छन्।

७. राज्यका अङ्गबीच आङ्गिक एकता

(Organic Unity among the Seven Elements of the State)

राज्यका सप्ताङ्गबीच एकता आवश्यक हुन्छ। राज्य बन्नका निम्ति स्वामी, अमात्य, जनपद, दुर्ग, कोष, दण्ड र मित्रबीचमा आङ्गिक एकताको आवश्यकता पर्दछ। राज्य शरीर हो भने राज्यका सात तत्त्व त्यसका अङ्ग हुन्। शरीरबाट छुट्टिएपछि अङ्गको महत्त्व हुँदैन। राज्यका अङ्गहरूमध्ये राजालाई कौटिल्यले सबैभन्दा महत्त्वपूर्ण मानेका छन् तापनि राज्य अङ्गहरूमा अन्योन्याश्रित सम्बन्ध रहन्छ भन्ने उनको विचार छ। राज्यका यिनै सात अवयवको परस्पर सहायताबाट राज्य सञ्चालन हुन्छ।

८. सप्ताङ्ग सिद्धान्तको मूल्याङ्कन

(Critical Evaluation of the Theory of Seven Elements of the State)

आधुनिक राजनीतिशास्त्रअनुसार भूमि, जनसङ्ख्या, सरकार र सार्वभौमसत्ता राज्यका तत्त्व हुन्। कौटिल्यले यी तत्त्वको स्पष्टन वर्णन गरेका छैनन्। राजालाई आवश्यक भन्दा बढी महत्त्व दिने तथा सेना, कोष र दुर्गसमेतलाई राज्यका अङ्ग मान्ने कौटिल्यको विचारको आलोचना पनि गरिन्छ। तथापि कौटिल्यको सप्ताङ्ग सिद्धान्तको व्यापक महत्त्व छ। हिन्दु राजनीतिक चिन्तनमा मनु, बृहस्पति, शुक्राचार्यसमेतले राज्यको सप्ताङ्ग सिद्धान्त बारे वर्णन गरेको पाइन्छ। त्यस कारण राज्यको सप्ताङ्ग सिद्धान्त हिन्दु राजनीतिक विचारधाराको स्थापित परम्परा थियो। कौटिल्यले सप्ताङ्ग सिद्धान्तको समर्थन गर्दै नयाँ ढङ्गले त्यसको विश्लेषण गरेका छन्। आधुनिक राजनीतिशास्त्रमा आवश्यक मानिएका राज्यका चार तत्त्व मध्ये भूमि र जनसंख्या जनपदमा समावेश गरिएको छ। जनपदलाई मनुले राष्ट्र भनेका छन्। त्यसैगरी स्वामीमा संप्रभुता, अमात्यमा सरकार र मित्रमा राज्यको मान्यता जस्ता तत्त्व समावेश भएको स्पष्ट छ। यस दृष्टिकोणबाट हेर्दा कौटिल्यको

---

11 पितृपैतामहं नित्यं वश्यमद्वैध्यं महल्लघुसमुत्थमिति मित्रसम्पत्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सप्ताङ्ग सिद्धान्त राज्यका तत्त्वसम्बन्धी आधुनिक अवधारणाको मार्गदर्शक मान्न सकिन्छ ।

९. राजतन्त्र र शासनकला (Monarchy and Statecraft)

कौटिल्यले शासन सञ्चालनका लागि राजतन्त्रलाई उपयुक्त व्यवस्था मानेका छन् । उनले सुशासन सञ्चालनका लागि राजालाई दिएका व्यावहारिक परामर्शलाई शासनकला भनिन्छ । राज्य सञ्चालन कलाको अर्थ राजाको चरित्र र कर्तव्य पालनको व्यावहारिक प्रक्रिया भन्ने बुझिन्छ । राज्यको आन्तरिक शासनका साथै परराष्ट्रनीति सञ्चालनसमेतलाई शासन सञ्चालन कला भनिन्छ । आगामी अनुच्छेद राज्य सञ्चालन कलाका विषयमा प्रकाश पार्ने प्रयास गरिएको छ ।

१०. शक्तिशाली राजतन्त्र (Powerful Monarchy)

कौटिल्यले राज्यको सप्ताङ्ग सिद्धान्तमा राजालाई सर्वोच्च स्थान दिएका छन् । प्राचीन हिन्दु राजनीतिक विचार परम्परामा राज्य र राजालाई अलग अलग नमान्ने मान्यता थियो । कौटिल्यले पनि सोही परम्पराको समर्थन गरेका छन् । राज्यको भविष्य अर्थात् सफलता वा असफलता राजाको भूमिकामा निर्भर हुन्छ भन्ने उनको धारणा छ । शक्तिशाली राजतन्त्रको स्थापना गर्ने उद्देश्यले कौटिल्यले अर्थशास्त्रको रचना गरेका थिए ।

११. राजतन्त्रको उदय (Origin of Monarchy)

हिन्दु राजनीतिक विचारधारामा राजाको उत्पत्तिका बारेमा विभिन्न सिद्धान्तको चर्चा पाइन्छ । वैदिक साहित्यमा राजाको निर्वाचन गर्ने गरेको उल्लेख पाइन्छ । त्यसैगरी जनताले कर तिर्न स्वीकार गरेको र राजाले जनताको रक्षा गर्न सहमत भएको प्रसङ्गबाट राज्यको उत्पत्तिका सम्बन्धमा सम्झौताको सिद्धान्तको पनि आभास हिन्दु राजनीतिक चिन्तनमा पाइन्छ । राजा र राज्यको उत्पत्तिसम्बन्धी दैवी सिद्धान्तको मनुस्मृति र महाभारतको शान्तिपर्वमा उल्लेख छ । पापकर्मको वृद्धिले समाजमा मात्स्यन्यायको अवस्था सिर्जना भएपछि ईश्वरले धर्म स्थापनाका लागि राजाको सिर्जना गरेको हुन् भन्ने मनुको विचार छ (मनु, १९८३, अ.७, श्लो. ३) । राजाको उत्पत्तिका सम्बन्धमा कौटिल्यले कुनै नयाँ सिद्धान्त प्रतिपादन गरेका छैनन् । उनले मात्स्यन्यायबाट प्रताडित प्रजाहरूले मनुलाई राजा बनाए भन्ने उल्लेख गरेका छन् (कौटिल्य,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२०००, अधि. १, अ. १२)। यसरी उनले मनुलाई राजा बनाएको प्रसङ्ग उल्लेख गरेबाट उनी राजालाई ईश्वरको सिर्जना मान्ने मनुको दैवी सिद्धान्तको समर्थक रहेको स्पष्ट हुन्छ । उनी वंशानुगत राजतन्त्रको पक्षमा छन् । राजतन्त्रका माध्यमबाट समाजमा सुशासन कायम गर्न सकिन्छ भन्ने कौटिल्यको मान्यता रहेको छ ।

१२. राजाको शिक्षा र चरित्र

(Education and Character of the King)

कौटिल्यले चरित्र निर्माणलाई शिक्षाको प्रमुख उद्देश्य मानेका छन् । उनले राजाको शिक्षामा विशेष जोड दिएका छन् । तत्कालीन समाजमा आन्वीक्षिकी, त्रयी, वार्ता र दण्डनीति गरी विद्या वा ज्ञानका चार शाखा प्रचलित थिए। कौटिल्यका अनुसार राजाका लागि यी चारै विद्याको अध्ययन आवश्यक हुन्छ। आन्वीक्षिकी भनेको दर्शनशास्त्र हो जसको अध्ययनबाट बुद्धि वा विवेकको अभिवृद्धि हुन्छ । त्रयी भनेको वेद हो जसको अध्ययनबाट धर्म र अधर्मका बारेमा ज्ञान हुन्छ। वार्ता भनेको कृषि, पशुपालन र वाणिज्यको ज्ञान गराउने शास्त्र हो । वार्ताको अध्ययन राज्यको आर्थिक गतिविधिको जानकारी लिन र आर्थिक समस्या समाधान गर्नका लागि आवश्यक हुन्छ । दण्डनीति भनेको राज्यशास्त्र, अर्थशास्त्र अथवा राजनीतिशास्त्र हो । दण्डनीतिको अध्ययनबाट शासनकलाको ज्ञान हुन्छ । विभिन्न शास्त्रको अध्ययनबाट बुद्धि प्राप्त हुन्छ। बुद्धिबाट योग प्राप्त हुन्छ र योगबाट इन्द्रियमाथि विजय प्राप्त गर्न सकिन्छ। व्यक्तिलाई आत्म-सम्यमी बनाउनु नै विद्याको सामर्थ्य हो भन्ने कौटिल्यको धारणा छ[12] (कौटिल्य, २०००, अधि. १, अ. ४)। विद्याबाट विनय प्राप्त हुन्छ। विनयको अर्थ नम्रता, विवेक तथा सदाचार हो। विनयी राजा मात्र शासन गर्न योग्य हुन्छ भन्ने कौटिल्यको मत छ । उनका अनुसार राजकुमारले उपनयन संस्कारपछि सदाचारी विद्वान् आचार्यबाट आन्वीक्षिकी र त्रयी एवं विभागीय प्रमुखहरूबाट वार्ताशास्त्रको अध्ययन गर्नुपर्छ। त्यसैगरी दण्डनीतिको प्रयोगकर्ता वा व्याख्याता विशेषज्ञबाट दण्डनीतिको अध्ययन गर्नुपर्छ (कौटिल्य, २०००, अधि. १, अ. ४)। शास्त्रको ज्ञानका कारणबाट विनीत बुद्धि भएको व्यक्तिलाई

---

12 श्रुताद्धि प्रज्ञोपजायते, प्रज्ञाया योगो योगादात्मवत्तेति विद्यासामर्थ्यम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

बुद्धिमान् भनिन्छ[13] (सोमदेवसूरि, वि. सं. २०२९, ५, सूत्र २९) । व्यवहारमा लागू नहुने शिक्षालाई कौटिल्यले शिक्षा मान्दैनन् । आचार र व्यवहारमा अभ्यास नहुने शास्त्रलाई विष भनिएको छ[14] (चाणक्यनीति, २०१७, अ. ४, श्लो. १५) । यसरी शास्त्रको अध्ययनबाट राजालाई विनयी र सदाचारी बनाउने सकिन्छ भन्ने कौटिल्यको योजना छ ।

१३. राजाका लागि सदाचार (Good Conduct for the King)

कौटिल्यले राजालाई राजर्षि बनाउन चाहन्छन् । उनका अनुसार राजर्षि भनेको सदाचारी, जनताको हितका लागि मात्र कार्य गर्ने एवं निजी स्वार्थरहित ऋषितुल्य राजा हो । कौटिल्यले राजाको सदाचारमा विशेष जोड दिएका छन् । काम, क्रोध, लोभ, मान, मद र हर्ष गरी छवटा शत्रुबाट राजा जोगिनु पर्दछ । आँखा, जिभ्रो, नाक, कान र छाला गरी पाँच इन्द्रियका विषयहरू क्रमश: रूप, रस, गन्ध, शब्द र स्पर्शप्रति आसक्ति नहुनुलाई इन्द्रियमाथिको विजय मानिन्छ । राजालाई इन्द्रियमाथि विजय गर्न सक्षम बनाउनु कौटिल्यलका अनुसार शिक्षाको उद्देश्य हो । इन्द्रियमाथि नियन्त्रण गर्न नैतिक शिक्षाले सिकाउँछ । शिक्षाबाट इन्द्रिय नियन्त्रणका साथै विनय प्राप्त हुन्छ । राजा स्वयं विनयी हुनुका साथै जनतालाई पनि शिक्षाको उचित प्रबन्धद्वारा विनयी बनाउनु पर्छ[15] (कौटिल्य, २०००, अधि.१, अ. ६) भन्ने कौटिल्यको विचार छ । उनका अनुसार राजाले परस्त्री, अर्काको धन र हिंसा त्याग गर्नुपर्छ । राजाले असमयमा सुत्ने, असत्य बाल्ने, चञ्चलता देखाउने र अविनयी कार्य गर्नुहुँदैन र त्यस्तो कार्य गर्ने व्यक्तिको सङ्गत पनि गर्नु हुँदैन । धर्म र धनको हानि नहुने गरी कामको उपभोग गर्न कौटिल्यले राजालाई सल्लाह दिएका छन् (कौटिल्य, २०००, अधि.१, अ. ६) ।

दुर्व्यसनरहित र सदाचारी राजाबाट मात्र सुशासन सम्भव हुन्छ भन्ने कौटिल्यको धारणा छ । उनले राजालाई नैतिक कर्तव्यको बन्धनले बाँधेका छन् । यो उनको राजालाई निरङ्कुश हुनबाट जोगाउने योजना हो । यसरी कौटिल्यका अनुसार राज्यमा राजर्षि राजाको सर्वोच्च स्थान हुन्छ । राजाको शक्ति वा दण्ड

---

[13] यो विद्या विनीतमति: स बुद्धिमान् ।

[14] अनभ्यासे विषं शास्त्रम्....।

[15] विनयं वि[illegible] From Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

धारण प्रजाको रक्षाका निम्ति हो भन्ने उनको मत छ। प्रजाका निम्ति राजा आदर्श पुरुष तथा सदाचारका प्रतिमूर्ति मानिएको छ।

१४. राजाको दिनचर्या (Daily Routine of the King)

कौटिल्यले राजाको दिनचर्याको सविस्तार वर्णन गरेका छन् । दिनलाई आठ र रातलाई पनि आठ प्रहरमा विभाजन गरेर प्रत्येक प्रहरमा राजाले गर्नुपर्ने कार्य तोकिएको छ । दिनको प्रथम प्रहरमा राजाले रक्षासम्बन्धी कार्यको निरीक्षण तथा अघिल्लो दिनको आय-व्ययको जाँच गर्नुपर्छ। दोस्रो प्रहरमा पुर र जनपद बासीका कार्यको निरीक्षण अर्थात् न्याय सम्पादन गर्नुपर्छ । तेस्रो प्रहरमा राजाले स्नान, भोजन र स्वाध्यायसम्बन्धी कार्य गर्नुपर्दछ । चौथो प्रहरमा कर विभागको निरीक्षण र विभिन्न विभागका अधिकारीहरूको नियुक्तिसम्बन्धी कार्य गर्नुपर्छ । पाँचौ प्रहरमा मन्त्री र गुप्तचरसँग भेटघाट र गोप्य परामर्श गर्नुपर्छ । छैटौं प्रहरलाई राजाको इच्छाअनुसार घुमफिर र विचारका लागि छुट्याइएको छ। सातौं प्रहरमा राजाले हात्ती, घोडा, रथ तथा शस्त्रास्त्रको निरीक्षण र आठौं प्रहरमा सेनापतिसँग युद्ध र पराक्रमका विषयमा विचार-विमर्श गर्नुपर्छ । दिनको अन्त्यमा राजाले सन्ध्योपासन गर्नुपर्छ (कौटिल्य, २०००, अधि. १, अ. १८)।

यसैगरी राजाले रातको पहिलो प्रहरमा गुप्तचरसँग परामर्श गर्ने, दोस्रोमा स्नान, भोजन र स्वाध्याय गर्ने, तेस्रोमा सङ्गीत सुन्ने र चौथो तथा पाँचौं प्रहरमा सुत्नुपर्छ । छैटौं प्रहरमा मधुर सङ्गीत सुनेर जाग्ने र अर्थशास्त्र एवं दिउसो सम्पादन गर्नुपर्ने कार्यका विषयमा चिन्तन गर्ने, सातौंमा गुप्त मन्त्रणा गर्ने र गुप्तचर पठाउने गर्नुपर्छ । आठौ प्रहरमा ऋत्विक, आचार्य र पुरोहितबाट स्वस्तिवाचन र आशीर्वाद ग्रहण गर्नुपर्छ । राजाले यसै प्रहरमा चिकित्सक, भान्से, जोतिषी आदिसँग पनि सम्बन्धित विषयमा परामर्श गर्नुका साथै बाच्छोसहितको गाई वा गोरुको प्रदक्षिणा गरेर राजदरवारमा दिउसोको कार्यका निम्ति प्रवेश गर्नुपर्छ (कौटिल्य, २०००, अधि. १, अ. १८) ।

यसरी कौटिल्यले राजाका निम्ति कठोर दिनचर्या निर्धारण गरेका छन्। यस्तो दिनचर्या पालना गर्ने राजा आदर्श मानिएको छ । परिस्थितिअनुसार दिनचर्यामा सामान्य फेर बदल गर्न पाउने अधिकार पनि कौटिल्यले राजालाई दिएका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

१५. नीतिशास्त्रअनुसार शासन सञ्चालन

(Rule in Accordance with Nitishastra)

नीतिशास्त्रको निर्देशनअनुसार राज्यको शासन सञ्चालन गर्नु राजाको कर्तव्य मानिएको छ । कौटिल्यले चाणक्य नीति सूत्रमा राजालाई नीतिशास्त्रअनुसार शासन सञ्चालन गर्न स्पष्ट सल्लाह दिइएका छन्[16] (कौटिल्य, २०००,सूत्र, ४८) । आधुनिक प्रजातन्त्रमा व्यक्तिको होइन विधिको शासन आवश्यक हुन्छ जहाँ शासकले स्वेच्छाचारी शासन चलाउन पाउँदैनन् । जनताद्वारा निर्मित विधिअनुसार शासन सञ्चालन गर्नुपर्छ । शासन बहुमतको हुन्छ तर बहुमतले नागरिकको नैसर्गिक अधिकारमाथि हस्तक्षेप गर्ने तथा बन्देज लगाउने काम गर्न पाउँदैन। कानुनको शासनको अर्थ व्यक्तिगत स्वतन्त्रताको सम्मान हो । यसमा कोही पनि संविधान र कानुनभन्दा माथि हुँदैन । शासक र जनता सबै समान मानिन्छन् । सरकार संविधान र कानुनद्वारा बाँधिएको हुन्छ। यस अर्थमा कानुनको शासन स्वेच्छाचारी, निरङ्कुश र अत्याचारी शासनको विरोधी मान्यता हो । प्रजातान्त्रिक र निरङ्कुश दुवै शासनमा शासकले कानुनको उल्लङ्घन गर्न सक्ने सम्भावना रहन्छ । त्यस अवस्थामा कानुनको शासन कायम गर्न स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिकाको आवश्यकता पर्दछ । स्वतन्त्र न्यायपालिकाले शासकका स्वेच्छाचारी काम माथि नियन्त्रण कायम गरी कानुनको शासनको मान्यताको संरक्षण गर्दछ ।

हिन्दु राजनीतिक चिन्तनमा राजालाई आदर्श शासकका रूपमा लिइएको छ । यसअनुसार धर्मको स्थान सर्वोच्च मानिएको छ । धर्मशास्त्रमा गर्न हुने र गर्न नहुने विषयको निर्धारण गरिएको पाइन्छ । राजालगायत समाजका हरेक व्यक्तिको कर्तव्य धर्मले निर्धारण गरेको छ । राजधर्ममा राजाको कर्तव्य निर्धारण गरिएको छ । राजाको पूरा जीवन कर्तव्यको बन्धनद्वारा बाँधिएको देखिन्छ । कर्तव्य पूरा नगर्ने राजा यस लोकमा प्रजाद्वारा दण्डित हुन्छ भने मृत्युपश्चात ईश्वरद्वारा दण्डित हुन्छ भन्ने मान्यता छ । यसरी मध्य युगमा पाश्चात्य समाजमा विकास भए जस्तो धर्मतन्त्र भने हिन्दु चिन्तनमा पाइँदैन । ऋषिहरू वा धर्मगुरुहरू दण्डनीतिका प्रणेता मात्र थिए । उनीहरूले कहिल्यै पनि राज्य सञ्चालनमा हस्तक्षेप गरेनन् । उनीहरूको भूमिका सल्लाहकारको रूपमा मात्र सीमित थियो । दण्डनीतिको कार्यान्वयन गर्ने जिम्मा राजालाई दिइएको छ ।

---

16 नीतिशास्त्रानुगो राजा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मनुले राजधर्मको प्रारम्भमा नै राजाका कर्तव्य निर्दिष्ट गरेका छन् । राजाले ती कर्तव्य पूरा गर्नुपर्दछ भन्ने मनुको विचार छ (मनु, १९८३, अ. ७, श्लो. १) । महाभारतको शान्तिपर्वमा राजालाई धर्मको अनुसरण गर्ने सल्लाह दिँदै धर्मभन्दा ठूलो कुनै वस्तु यस संसारमा छैन र धर्मको पालना गर्ने राजाले यो पृथ्वीमाथि विजय प्राप्त गर्दछ भनिएको छ (वेदव्यास, २०५८ वि. सं., अ. ९२, श्लो. ६) । कौटिल्यको अर्थशास्त्रमा पनि धर्मपूर्वक प्रजामाथि शासन गर्नु राजाको राजधर्म भनिएको छ (कौटिल्य, २०००, अधि. ३, अ. १) ।

प्राचीन हिन्दु राजशास्त्रकारहरूले राजालाई राजधर्म वा विधिशास्त्रको अधीनमा राखेका छन् । कसैलाई पनि दण्डबाट उन्मुक्ति दिइएको छैन । यसअनुसार राजाका पिता, आचार्य, मित्र, माता, भार्या, पुत्र र पुरोहित कोही कसैलाई पनि अदण्ड्य मानिएको छैन (मनु, १९८३, अ. ८, श्लो. ३३५) । राजालाई पनि दण्डबाट उन्मुक्ति दिनु हुँदैन भन्ने मान्यता स्थापित भएको देखिन्छ । जुन अपराधका लागि साधारण व्यक्तिलाई एक कार्षापण दण्ड दिने व्यवस्था छ सोही प्रकृतिको अपराध राजाले गरेमा उसलाई एक हजार कार्षापण दण्ड दिनुपर्छ भन्ने मनुले उल्लेख गरेका छन् (मनु, १९८३, अ. ८, श्लो. ३३६) । राजा यदि स्वेच्छाचारी भएर कार्य गर्न लागेमा त्यसको परिणाम अनर्थ हुन्छ । प्रजा राजाका विरोधी हुन्छन् । विरोधी प्रजाले छुट्टै राज्य निर्माण गर्दछन् । यसबाट राजाको राज्य नै समाप्त हुन्छ (शुक्र, २०५६ वि. सं., अ. २, श्लो. ४) । अविनयी अर्थात् धर्मको पालना नगर्ने राजालाई प्रजाले नष्ट गर्छन् भन्ने विषयमा मनुको पनि समान धारणा रहेको छ (मनु, १९८३, अ. ७, श्लो. ४०-४१) । राजधर्मको पालना गर्नु राजाको अनिवार्य कर्तव्य मानिन्थ्यो । राजधर्मको पालना गर्ने राजा स्वेच्छाचारी हुन सक्दैनथे । अर्थशास्त्र एवं नीतिशास्त्र लागू गर्नु अर्थात् कानुन लागू गर्ने र कानुनको व्याख्या गर्ने कार्यपालिका र न्यायपालिकासम्बन्धी शक्ति राजालाई दिइएको देखिन्छ । विधि निर्माणसम्बन्धी शक्ति भने राजालाई दिइएको छैन । कौटिल्य पनि राजधर्मको यही परम्परागत मान्यताका पक्षमा छन् ।

१६.अमात्य र अन्य अधिकारी (Ministers and Other Officials)

राज्य सञ्चालन महान् कार्य भएकाले राजा एक्लैले राज्य सञ्चालन गर्न सम्भव हुँदैन । शासन सञ्चालनमा सहयोगका निम्ति अमात्य, दूत, विभागीय प्रमुख, गुप्तचर, कर्मचारी, सेना आदिको नियुक्तिसम्बन्धी अधिकार कौटिल्यले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राजामा निहित गरेका छन् । राजाले योग्य र कर्तव्यपरायण व्यक्तिलाई उपयुक्त पदमा नियुक्ति गर्नुपर्दछ भन्ने कौटिल्यको विचार छ । योग्यताको निर्धारण गर्ने अधिकार पनि राजामा निहित गरिएको छ ।

१७. जनमतको सम्मान (Respect to Public Opinion)

हिन्दु राजनीतिक चिन्तनमा जनताको अधिकारका विषयमा विस्तृत वर्णन गरेको पाइँदैन । जनताको अधिकारको स्थानमा राज्य र शासकको कर्तव्यमा जोड दिइएको छ । कर्तव्य पालनबाट राज्य र जनताका बीचमा समन्वय कायम गर्ने उचित बन्दोबस्त मिलाएको छ । जनताको कल्याण नै राज्यको एक मात्र उद्देश्य रहेको हुँदा राजा र जनता दुबैले आ-आफ्नो कर्तव्य पालन गर्ने विश्वास गरेको पाइन्छ । जनतालाई आफ्नो विचार व्यक्त गर्ने पूर्ण स्वतन्त्रता प्रदान गरिएको पाइन्छ । राजाले अप्रिय वचन अर्थात् आलोचना सुन्नुपर्छ[17] (बृहस्पति, अ. १, सूत्र ४९) भन्ने हिन्दु राजनीतिक चिन्तनको स्थापित मान्यता थियो । जनताको विचारको सम्मान गर्नु राजाको कर्तव्य मानिन्थ्यो । राजाले जनताका विरुद्ध कुनै पनि कार्य गर्नु हुँदैन[18] (बृहस्पति, सन् १९२४, अ. ५, सूत्र १६) । यसैगरी जनताको मतका विपरीत राजाले सानो कार्य पनि गर्नु हुँदैन[19] (बृहस्पति, सन् १९२४, अ. १, सूत्र ९५) भनी बृहस्पतिले स्पष्ट पारेका छन् । कौटिल्यको पनि बृहस्पतिको जस्तै विचार रहेको छ । चाणक्य सूत्रमा कौटिल्यले कुनै पनि व्यक्तिको कहिल्यै तिरस्कार गर्नु हुँदैन[20] (सूत्र २०७) भनेका छन् । प्रस्तुत भनाइबाट राजाले जनताको विचारको सम्मान गर्नुपर्छ भन्ने पक्षमा कौटिल्य रहेको स्पष्ट हुन्छ । यसरी राजाले जनताको विचारको सम्मान गर्नुपर्छ भन्ने कौटिल्य लोकतान्त्रिक मान्यताका पक्षधर भएको बुझिन्छ ।

१८. जनताको प्रतिनिधित्व (Representation of the People)

वैदिक कालमा जनताद्वारा निर्वाचित राजाको चर्चा पाइन्छ । कौटिल्यले पनि राजारहित शासन अर्थात् वैराज्यको उल्लेख गरेका छन् । वैराज्यको तात्पर्य जनताका प्रतिनिधिद्वारा शासन सञ्चालन गरिने गणतन्त्र हो तापनि कौटिल्यले

---

17 अप्रियमपि वचनं शृणुयात् ।

18 लोक विरुद्धं नाचरेत् ।

19 जनघोषे सति क्षुद्रकर्म न कुर्यात् ।

20 कदापि पुरुषं नावमन्येत ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

जनप्रतिनिधिको निर्वाचनसम्बन्धी व्यवस्थाको कुनै चर्चा गरेका छैनन् । उनी राजतन्त्रात्मक राज्य व्यवस्थाका पक्षमा छन् । उनको शासन व्यवस्थामा जनताको प्रत्यक्ष सहभागिताको व्यवस्था छैन । आधुनिक प्रजातन्त्रमा जस्तो जनताको प्रतिनिधित्वको व्यवस्था पनि छैन । राजाले जनताको विचार बुझेर र जनभावनाको कदर गर्दै शासन सञ्चालन गर्नुपर्दछ भन्ने उनको विचार छ । राजाले गुप्तचरको नियुक्ति गरी गोप्य रूपमा जनताका विचार बुझ्ने कामसमेत गर्नुपर्दछ भन्ने कौटिल्यको मत छ । यसरी राजाले जनताका अभिमत बुझ्न प्रयोग गरिने फरक किसिमको गुप्तचर प्रणाली कौटिल्यको अर्थशास्त्रमा पाइन्छ ।

१९. सैनिक सङ्गठन (Organization of Military)

कौटिल्यका अनुसार दण्ड राज्यको अङ्ग हो । राज्यको रक्षाका साथै यसको विस्तारका निम्ति सेनाको आवश्यकता हुन्थ्यो । वैदिक परम्परामा राज्यको रक्षा गर्नु क्षत्रियको कर्तव्य मानिन्थ्यो । सैनिक सेवा नै क्षत्रियको वृत्ति थियो । तर कौटिल्य परम्परागत मान्यताको विपक्षमा देखिन्छन् । उनी ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र गरी चारै वर्णका व्यक्ति सेनामा भर्ना गर्ने पक्षमा देखिन्छन् । उनका अनुसार शत्रुले शिर झुकाएर प्रणाम गरेर ब्राह्मण सेनालाई नियन्त्रण गर्न सक्छ, त्यसैले युद्ध विद्यामा निपुण क्षत्रिय सेना नै सबै भन्दा श्रेष्ठ हुन्छ अथवा वीर पुरुषको अधिकता भएको वैश्य र शूद्र सेना श्रेष्ठ मानिन्छ[21] (कौटिल्य, २०००, अधि. ९, अ. २) । शक्तिशाली सेना बनाई भारतीय उपमहाद्वीपको एकीकरण गर्ने कौटिल्यको उद्देश्य थियो । त्यसैले उनले सेनामा सबै वर्णका व्यक्ति नियुक्त गर्ने योजना बनाएको हुनुपर्छ ।

२०. राजाका कर्तव्य तथा राज्यका कार्य (Duties of the King and Functions of the State)

कौटिल्य राजतन्त्रका समर्थक थिए । उनले राजा र राज्यलाई एउटै मानेका छन् । उनले प्रस्तुत गरेका राजाका कर्तव्य नै राज्यका कार्य हुन् । सशक्त राजतन्त्रका समर्थक हुँदाहुँदै पनि उनले प्रजाप्रति उत्तरदायी र लोककल्याणकारी राज्यको अवधारणा प्रस्तुत गरेका छन् । प्रजाको हितलाई ध्यानमा राखेर राज्य एवं राजाको कार्य निर्धारण गरिएको छ । कौटिल्यले व्यक्तिका विभिन्न

---

21 प्रणिपातेन ब्राह्मणबलं परोऽभिहारयेत् । प्रहरणविद्याविनीतं तु क्षत्रियबलं श्रेयः बहुलसारं वा वैश्यशूद्रबलमिति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

गतिविधिहरू नियमित गर्ने अधिकार राजालाई दिएका छन्। राज्यले व्यक्तिका बाह्य आचरणहरू नियमित गर्ने मात्र होइन उसको आन्तरिक वा धार्मिक आचरण पनि नियमित गर्न सक्छ भन्ने कौटिल्यको मत छ। उनले व्यक्तिको सुरक्षाका लागि राज्यको उत्पत्ति भएको मानेका छन्। व्यक्तिको सुरक्षासम्बन्धी कार्यलाई राज्यको कार्य सूचीमा प्राथमिकता दिइएको छ। सुरक्षासम्बन्धी कार्यका साथै आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक कार्य पनि राज्यका कार्य अन्तर्गत समाविष्ट गरिएका छन्। आन्तरिक शान्ति एवं सुरक्षा, वाह्य आक्रमणबाट प्रतिरक्षा र प्रजाको सुख समृद्धिका लागि कल्याणकारी कार्य गर्नु नै राज्यको मूल उद्देश्य हो। कौटिल्यका अनुसार राज्यका निर्दिष्ट कार्य निम्नअनुसार छन्।

२०.१. आन्तरिक शान्ति सुरक्षासम्बन्धी कार्य

(Function of Maintaining Internal Order)

समाजमा शान्ति सुरक्षा कायम गर्नु राज्यको महत्त्वपूर्ण कार्य हो। राजाले स्थापित विधिको पालन गर्नु र गराउनु पर्दछ। राजाले अपराधी वा दुष्ट प्रकृतिका व्यक्तिलाई दण्डसजाय गर्नु पर्छ। सज्जनको रक्षा गर्नु राजाको कर्तव्य मानिएको छ। राजाको शक्ति प्रजालाई मात्स्यन्यायबाट रक्षा गर्नका लागि हो भन्ने कौटिल्यको विचार रहेको छ। सामाजिक सुव्यवस्था कायम गर्नु र आन्तरिक विद्रोह दबाउनु पनि राज्यको सुरक्षासम्बन्धी कार्य मानिन्थ्यो।

२०.२. बाह्य आक्रमणबाट सुरक्षासम्बन्धी कार्य

(Protection Against Invasion)

कौटिल्यको समयमा शक्तिशाली राज्यले कमजोर राज्यमाथि आक्रमण गर्नु सामान्य मानिन्थ्यो। त्यस कारण सम्भावित बाह्य आक्रमणबाट राज्य र प्रजाको रक्षा गर्नु राजाको महत्त्वपूर्ण कार्य थियो। बाहिरी आक्रमणबाट राज्यको सुरक्षाको सुनिश्चितताका लागि सैन्य बल संगठित गरिनु पर्छ भन्ने पक्षमा कौटिल्य छन्। सुरक्षासम्बन्धी नीति निर्धारण गर्ने अधिकार पनि राजालाई प्रदान गरिएको छ।

२०.३. आर्थिक कार्य (Economic Functions)

कौटिल्यका अनुसार कर उठाउनु राज्यको प्राथमिक कार्य हो। कर उठाएर राज्यको कोषको व्यवस्था गर्नुका साथै कृषि, पशुपालन, उद्योग आदिमा समेत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राज्य संलग्न भई आर्थिक समृद्धि हासिल गर्नु पर्ने पक्षमा कौटिल्य छन् । उनले कृषि, पशुपालन, व्यापार,वन, खानी एवं कारखाना सञ्चालनसम्बन्धी कार्य समेत राज्यको दायित्वमा समावेश गरेका छन् । कौटिल्यले कृषि विभागको अध्यक्षलाई सीताध्यक्ष भनेका छन् । उनका अनुसार सीताध्यक्ष कृषिशास्त्र, शुल्बशास्त्र[22] र वृक्षविज्ञानको ज्ञाता हुनुपर्थ्यो । अन्न, फलफूल, सागसब्जी, कंदमूल, सनपाट, कपास आदिको बीउ संग्रह गर्नुका साथै समयमा खेती गराउनु पर्छ भन्ने कौटिल्यको मत छ । खेतीका लागि सिँचाईको प्रबन्ध मिलाउनु पनि राज्यको कार्य मानिएको छ । खेती गराउने काममा राज्यको संलग्नताको पक्षमा कौटिल्य छन् (कौटिल्य, २०००, अधि.२, अ.२४) ।

कृषिसम्बन्धी कार्यका साथै कौटिल्यले पशुधनको रक्षा तथा वृद्धिको दायित्व पनि राज्यलाई सुम्पेका छन् । पशु विभागको प्रमुखलाई गोअध्यक्ष भनिन्थ्यो । घोडा र हात्तीका लागि अलग विभागको व्यवस्था गरिएको छ । हात्ती, घोडा, गाई, उँट, बाख्रा, भेडा आदि पशु राज्यका सम्पत्ति हुन् (कौटिल्य, २०००, अधि.२, अ.२९-३१) भन्ने कौटिल्यको मत छ । पशु पालनमा राज्यको प्रत्यक्ष संलग्नता हुन्थ्यो ।

व्यापार विस्तारमा सहायता गर्नु पनि राज्यको दायित्व मानिन्थ्यों । राज्यको समृद्धिका लागि उद्योग र खानी सञ्चालन गर्नु पनि राज्यको दायित्व मानिएको छ । यसरी आर्थिक गतिविधिमा राज्यको प्रत्यक्ष संलग्नताको पक्षमा कौटिल्य देखिन्छन् ।

२०.४. सामाजिक तथा धार्मिक कार्य

(Social and Religious Functions)

कौटिल्यले वैदिक सनातन समाजमा प्रचलित वर्णधर्म र आश्रमधर्मको पालना गराउनु राजाको कर्तव्य मानेका छन् । राजाले प्रजालाई स्वधर्म पालन गर्न प्रोत्साहित गर्नुपर्छ र प्रजालाई स्वधर्म र कर्मको मार्गबाट भ्रष्ट हुन नदिनु पनि राजाको दायित्व हो । आफ्ना प्रजालाई स्वधर्ममा प्रवृत्त राख्न समर्थ राजाले यस लोकका साथै परलोकमा समेत सुख प्राप्त गर्दछ (कौटिल्य, २०००, अधि. १, अ.२) भन्ने कौटिल्यको विचार छ । यसको अर्थ उनी वैदिक सनातन धर्मका

---

22 भूमिको नापी गर्नका लागि उपयोग गरिने बौधायनले विकास गरेको ज्यामितिको सिद्धान्तसम्बन्धी ज्ञान शुल्बशास्त्र हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सामाजिक एवं धार्मिक मान्यताका आधारमा सामाज व्यवस्था कायम गर्नु राज्यको दायित्व मान्ने पक्षमा भएको स्पष्ट हुन्छ।

२०.५. न्यायसम्बन्धी कार्य (Judicial Functions)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राजालाई न्यायको स्रोत मानिएको छ। कौटिल्यको समयमा जनताको जीवन एवं सम्पत्तिको रक्षा तथा दुष्ट अपराधीलाई दण्ड दिनका निम्ति न्यायिक कार्य आवश्यक मानिन्थ्यो। राजाले योग्य व्यक्तिलाई न्यायाधीश पदमा नियुक्त गर्नुपर्छ भन्ने कौटिल्यको मत छ। उनले न्यायप्रशासनलाई व्यवहार र कण्टकशोधन गरी दुई भागमा विभाजन गरेका छन्। व्यवहारसम्बन्धी न्यायालयलाई धर्मस्थ न्यायालय भनिएको छ (कौटिल्य, २०००, अधि.३, अ.१)। व्यवहार अन्तर्गत दोषी व्यक्तिलाई दण्ड दिने र निर्दोष व्यक्तिको अधिकार संरक्षण गर्नु राज्यको कर्तव्य हो। गम्भीर प्रकृतिका अपराधको सुनुवाइका लागि कण्टकशोधन न्यायालयको व्यवस्था कौटिल्यले गरेका छन् (कौटिल्य, २०००, अधि.४, अ.१)। दुष्ट कर्मचारी, व्यवसायी, राजद्रोही आदिको सुनुवाइ कण्टकशोधन न्यायालयमा गरिन्थ्यो। धर्म, व्यवहार, चरित्र र राजशासनका आधारमा विवादको निर्णय गरिन्थ्यो। यी चार कानुनी आधार मध्ये राजाको आज्ञा सबै भन्दा महत्त्वपूर्ण हुन्छ भन्ने कौटिल्यको मत छ। धर्म सत्यमा आधारित हुन्छ। साक्षीले भनेका विषयलाई व्यवहार भनिन्छ। चरित्र समाजमा प्रचलित सदाचार वा परम्परा हो। राजाले शास्त्रअनुसार विवादको निर्णयका सिलसिलामा गरेको निर्णयलाई राजशासन भनिन्छ (कौटिल्य, २०००, अधि.३, अ.१, श्लो.३)। कौटिल्यले लिखत, साक्षी र भोगलाई प्रमाण मानेका छन्। सत्यता पत्ता लगाउन साक्षी र गुप्तचरको प्रयोग पनि गर्न सकिन्छ भन्ने कौटिल्यको विचार छ।

२०.६. राज्य विस्तार (Expansion of Territory)

सीमा विस्तार गर्नु कौटिल्यका अनुसार राज्यको महत्त्वपूर्ण कार्य हो। उनले सीमा विस्तार राज्यको समृद्धिका लागि आवश्यक मानेका छन्। कौटिल्यले राज्यलाई जीवित सावयव (Living Organism) मानेका हुँदा मानिसको शरीरको विकाससँगै अङ्गहरूको विकास आवश्यक भए जस्तै राज्यको विकासका लागि राज्यका अङ्गहरूको विकास र विस्तार आवश्यक हुन्छ। उनले विजिगीषु राजालाई आफ्नो राज्य विस्तार गर्न अपनाउनु पर्ने आवश्यक उपायको पनि परामर्श दिएका छन्। राज्यको सीमा विस्तार गर्नु र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

एकीकृत साम्राज्य निर्माण गर्नु राजाको कर्तव्य हो भन्ने कौटिल्यको मत छ। उनको विदेश नीतिको उद्देश्य राज्य विस्तार हो । यसका आधारमा कौटिल्य विस्तारवादी सिद्धान्तका समर्थक मानिन्छन् ।

२०.७. लोककल्याणकारी कार्य (Welfare of the People)

अग्नि, जल, दुर्भिक्ष, सर्प, बाघ, राक्षस एवं रोगव्याधि आदि महाविपदबाट प्रजाको रक्षा गर्नु राजाको कर्तव्य हो भन्ने कौटिल्यको मत छ (कौटिल्य, अधि.४, अ.३) । प्रजाको चिकित्साको उचित प्रबन्ध मिलाउनु एवं शिक्षाको व्यवस्था मिलाउनु पनि राज्यको दायित्व मानिन्थ्यो । कौटिल्यका अनुसार राज्यमा वृद्ध, अपाङ्ग, असहाय, महिला, अनाथ, रोगी आदिको पालनपोषण गर्नु राज्यको दायित्व हो । दुर्भिक्षका समयमा जनतालाई सहायता गर्नुपर्छ भन्ने कौटिल्यको विचार छ । यसरी राज्यले लोककल्याणकारी कार्य सम्पादन गर्ने व्यवस्था गरिएको छ । राज्यका कार्यको उल्लेख गर्ने सन्दर्भमा कौटिल्य प्रजाको हितलाई राज्यले प्राथमिकता दिनुपर्छ भन्ने पक्षमा छन् । उनको भनाइअनुसार प्रजाको सुख नै राजाको सुख र प्रजाको हित नै राजाको हित हो । आफूलाई प्रिय लाग्ने कुनै हित राजाको हुँदैन, प्रजाको हित नै राजाको हित हो (कौटिल्य, २०००, अधि.१, अ.१८) भन्ने कौटिल्यको विचार छ ।

२०.८. भ्रष्ट अधिकारीबाट जनताको रक्षा

(Protection Against Corrupt Royal Personnels)

योग्य र चरित्रवान् व्यक्तिलाई मन्त्रीलगायत सम्पूर्ण कर्मचारीको नियुक्ति गर्ने शक्ति लाजालाई दिने पक्षमा कौटिल्य छन् । सबै व्यक्ति सधैं शुद्ध र सदाचारी हुन्छन् भन्न सकिँदैन । तसर्थ राजाले खराब आचरण भएका आफ्ना कर्मचारीबाट जनताको रक्षा गर्नुपर्छ । खराब आचरण भएका अधिकारीलाई दण्ड दिने अधिकार पनि राजालाई दिइएको छ ।

२०.९. राजा संरक्षकको रूपमा (king as a Trustee)

कौटिल्यले राज्यको कार्य क्षेत्र अत्यन्त व्यापक र विस्तृत बनाएका छन् । राजालाई राज्य र जनताको सेवक मान्ने हिन्दु राज्य व्यवस्थाको परम्परागत मान्यताका पक्षमा उनी छन् । राजाले आफूलाई शासक होइन जनताको सेवक र संरक्षक ठान्नुपर्छ । व्यक्तिको राजनीतिक, आर्थिक एवं सामाजिक जीवनका सबै पक्ष राज्यको कार्य क्षेत्र भित्र समावेश गरिएको छ । कौटिल्यको राज्यको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कार्यसम्बन्धी अवधारणा आधुनिक कल्याणकारी राज्यको मान्यतासँग मेलखाने देखिन्छ ।

२१. अन्तर्राज्य सम्बन्धका सिद्धान्त

(Theory of Interstate Relation)

कौटिल्यको अर्थशास्त्र राजालाई मार्ग दर्शन गर्नका लागि रचना गरिएको ग्रन्थ हो । कौटिल्य महान् राजनीतिज्ञ एवं कुटनीतिज्ञ थिए । उनको समयमा भारतवर्ष ससाना राज्यहरूमा विभाजित थियो । उनले विश्वविजयको अभियन्ता सिकन्दरले भारतीय राज्यमाथि आक्रमण गरी पंजाव लगायत पश्चिमी सीमावर्ती ससाना राज्यहरू पराजित गरेको घटना आफ्नै आँखाले देखेका थिए । सिकन्दरबाट मगध पराजित भएको थिएन । उत्तरमा हिमालदेखि दक्षिणतर्फ समुद्रसम्म र पूर्वमा समुद्रदेखि पश्चिमतर्फ पनि समुद्रसम्मको समस्त दक्षिण एशियामा रहेका राज्यहरूलाई एक सूत्रमा बाँध्ने र बाह्य आक्रमणबाट भारतवर्षलाई जोगाउने कौटिल्यको उद्देश्य थियो । उनका अनुसार पृथ्वीलाई देश भनिन्छ । हिमालयदेखि दक्षिण समुद्र पर्यन्त र पूर्व-पश्चिम एक हजार योजन अर्थात् चार हजार कोशबीचको भूभाग चक्रवर्ती क्षेत्र हो[23] (कौटिल्य, २०००, अधि.९, अ.१) । चक्रवर्ती क्षेत्रको एकीकरण गरी शक्तिशाली साम्राज्य निर्माण गरेर मात्र बाह्य आक्रमणबाट यस भूमिलाई जोगाउन सकिन्छ भन्ने कौटिल्यको विचार छ । उनले परम्परागत रूपमा हिन्दु राजनीतिक चिन्तनमा रहेको साम्राज्य निर्माणको अवधारणालाई नयाँ ढङ्गबाट विश्लेषण गरेका छन् । चार उपाय, राज्य मण्डल र षड्गुण सिद्धान्तको व्यावहारिक प्रयोगका निम्ति सशक्त विश्लेषण कौटिल्यले प्रस्तुत गरेका छन् ।

२२. राज्य मण्डल सिद्धान्त (Mandala Theory)

कौटिल्यले विभिन्न राज्यका बीच पारस्परिक सम्बन्ध स्थापित गर्ने उद्देश्यले मण्डल सिद्धान्तको प्रतिपादन गरेका छन् । मण्डल सिद्धान्तको चर्चा कौटिल्य भन्दा पहिलेका हिन्दु राजनीतिका चिन्तकहरूले पनि गरेका थिए । तर मण्डल सिद्धान्तको विशद विवेचना गरी कुन राज्यसँग कस्तो सम्बन्ध स्थापित गर्नुपर्छ भन्ने सम्बन्धमा राजालाई व्यावहारिक निर्देशन दिने विषयमा कौटिल्यको महत्त्वपूर्ण देन छ । मण्डल सिद्धान्त हिन्दु राजनीतिक चिन्तनमा विकास गरिएको कुटनीतिको सिद्धान्त हो ।

---

23 देश: पृथिवी । तस्यां हिमवत्समुद्रान्तरमुदीचीनं योजनसहस्रपरिमाणं तिर्यक् चक्रवर्तिक्षेत्रम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मण्डलको अर्थ राज्यको वृत्त हो । त्यस वृत्तमा साना ठूला अनेक राज्य हुन्छन् । वृत्तको केन्द्रमा विजिगीषु राज्यलाई राखेर मण्डल सिद्धान्तको प्रतिपादन गरिएको पाइन्छ । प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राजाहरूमा चक्रवर्ती पद प्राप्त गर्ने चाहनालाई आदर्श मानिन्थ्यो । आफ्नो पराक्रम, वैभव, सैन्य शक्ति र युद्ध कौशलद्वारा छिमेकी राज्यहरूलाई आफ्नो आधिपत्य स्वीकार गर्न विवश गराउन सक्षम राजालाई चक्रवर्ती राजा भनिन्थ्यो । चक्रवर्ती पद प्रतिष्ठाको रूपमा लिइन्थ्यो । कौटिल्यको मण्डल सिद्धान्तको उद्देश्य पनि दिग्विजयी राजा बनाउनु हो ।

राज्य मण्डलअन्तर्गत पाँच श्रेणीका राज्य हुन्छन् । विजिगीषु, शत्रु, मित्र, मध्यम र उदासीन पाँच श्रेणी हुन् । कौटिल्यका अनुसार विजिगीषु, अरि, मित्र, अरिमित्र, मित्रमित्र, अरिमित्रमित्र, पार्ष्णिग्राह, आक्रन्द, पार्ष्णिग्राहसार, आक्रन्दसार, मध्यम र उदासीन गरी बाह्र प्रकृतिका राज्यलाई राज्य मण्डलको वृत्तअन्तर्गत राखिएको छ ।

२२.१. विजिगीषु (Conqueror)

कौटिल्यका अनुसार आत्मसम्पन्न, अमात्य आदि द्रव्यप्रकृतिसम्पन्न नीतिशास्त्रको आश्रय लिएर कार्य गर्ने राजालाई विजिगीषु भनिन्छ (कौटिल्य, २०००, अधि.६, अ.२) । विजिगीषु राजालाई केन्द्र विन्दुमा राखेर राज्य मण्डल सिद्धान्तको प्रतिपादन गरिएको छ । पराक्रमी, वैभवशाली र आफ्ना छिमेकी राज्यमाथि विजय प्राप्त गर्ने इच्छा राख्ने राजालाई विजिगीषु भनिन्छ ।

२२.२. अरि (Immediate Enemy of Conqueror)

विजिगीषु राज्यका चारै तर्फ सीमा जोडिएका राज्यहरू अरि राज्य हुन् । अरि राज्य भनेको विजिगीषुको शत्रु राज्य हो । विजिगीषु राज्यको सीमा जोडिएको राज्य स्वाभाविक वा प्राकृतिक शत्रु हुन्छ । आफ्नो वंशमा जन्मेको अंसियार सहज शत्रु हुन्छ । स्वयं विरोधी भएको वा विजिगीषु राजाद्वारा गरिएको विरोधबाट विरोधी हुन गएको शत्रु कृत्रिम शत्रु हुन्छ (कौटिल्य, २०००, अधि.६, अ.२) । विजिगीषु राजाले शत्रु राजा प्रति अपनाउनुपर्ने नीतिका विषयमा पनि कौटिल्यले चर्चा गरेका छन् । दुर्व्यसनी शत्रु राजामाथि आक्रमण गर्नुपर्छ । आश्रयहीन एवं कमजोर राजालाई पनि आक्रमण गर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आश्रययुक्त र सबल शत्रु राजालाई पनि पीडा दिएर क्षतिग्रस्त गर्नुपर्छ (कौटिल्य, २०००, अधि.६, अ.२) भन्ने कौटिल्यको विचार छ।

२२.३. मित्र (Invader's Ally)

अरि राज्यसँग सीमा जोडिएको राज्य विजिगीषु राजाको मित्र हुन्छ। मित्र राज्य विजिगीषुको सहयोगी राज्य हो। कौटिल्यले मित्र राजालाई पनि प्रकृति, सहज र कृत्रिम गरी तीन श्रेणीमा विभाजन गरेका छन्। शत्रु राज्यसँग सीमा जोडिएको राज्य प्रकृति मित्र हुन्छ। मावली र फुपूतर्फका सम्बन्धी राजा सहज मित्र हुन्छन्। धन एवं जीविकाका निम्ति आश्रित राजा कृत्रिम मित्र हुन् (कौटिल्य, २०००, अधि.६, अ.२)।

२२.४. अरिमित्र (Enemy's Ally)

अरिमित्र भनेको शत्रुको मित्र हो। विजिगीषु राज्यको मित्र राज्यसँग सीमा जोडिएको राज्य अरिमित्र हुन्छ (कौटिलय, २०००, अधि.६, अ.२) । । विजिगीषुको शत्रुसँग मित्रता भएका कारणले विजिगीषुसँग शत्रुता राख्ने राज्य अरिमित्र भनिन्छ। विजिगीषु राजाले अरिमित्रसँग पनि शत्रु राज्यसँग जस्तै व्यवहार गर्नुपर्छ।

२२.५. मित्रमित्र (Invader's Ally's Ally)

विजिगीषु राज्यको मित्र राज्यको मित्रलाई मित्रमित्र भनिन्छ। मित्रमित्र राज्यको शत्रु राज्य र शत्रुको मित्रसँग शत्रुता हुन्छ। यो राज्य विजिगीषु राज्यलाई सहयोग गर्न तत्पर हुन्छ। विजिगीषु, मित्र र मित्रमित्र तीन मित्र राज्यहरू हुन्।

२२.६. अरिमित्रमित्र (Enemy's Ally's Ally)

विजिगीषुको शत्रुको मित्रको मित्र भएकाले अरिमित्रमित्र विजिगीषुको शत्रु राज्य हो। विजिगीषुको मित्रसँग यसको शत्रुता हुने हुँदा यो विजिगीषुको शत्रु भएको हो। अरि, अरिमित्र र अरिमित्रमित्र विजिगीषुका शत्रु राज्यहरूको मण्डल हो।

२२.७. पार्ष्णिग्राह (Rear Enemy)

पार्ष्णिग्राह विजिगीषुको शत्रु राज्य हो जसले विजिगीषु राजामाथि पछाडिबाट आक्रमण गर्दछ। पार्ष्णिग्राहको विजिगीषुसँग शत्रुता हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२२.८. आक्रन्द (Rear Ally)

पार्ष्णिग्राहको पछाडि स्थित राज्य आक्रन्द हो । यसको पार्ष्णिग्राहसँग शत्रुता हुन्छ । त्यसैले आक्रन्द विजिगीषुको मित्र हुन्छ ।

२२.९. पार्ष्णिग्राहासार (Ally of Rear Enemy)

पार्ष्णिग्राहासारको पार्ष्णिग्राहसँग मित्रता र आक्रन्दसँग शत्रुता हुन्छ । यो आक्रन्दको पछाडि रहेको हुन्छ । यो विजिगीषुको शत्रु राज्य हो ।

२२.१०. आक्रन्दासार (Ally of Rear Ally)

पार्ष्णिग्राहासारको पछाडि स्थित राज्य आक्रन्दासार हो । यसको आक्रन्दसँग मित्रता र पार्ष्णिग्राहसँग शत्रुता हुन्छ । यो विजिगीषुको टाढाको मित्र राज्य हो ।

२२.११. मध्यम (Middle)

अरि र विजिगीषु भन्दा बाहिर स्थित राज्य मध्यम हो । यो अरि र विजिगीषु राजाका बीचमा सन्धि हुँदा सन्धिको समर्थक र तिनका बीचमा विग्रह हुँदा विग्रहको समर्थक राज्य हो ।

२२.१२. उदासीन (Neutral)

अरि, विजिगीषु र मध्यम भन्दा टाढा रहेको मध्यम भन्दा शक्तिशाली राज्य उदासीन हो । विजिगीषु, अरि र मध्यम राज्यलाई अलग-अलग वा संयुक्त रूपमा सहयोग गर्न एवं विग्रह गर्न उदासीन राज्य समर्थ हुन्छ (कौटिल्य, २०००, अधि.६, अ.२) ।

विजिगीषु र त्यसका मित्रहरू, शत्रु र त्यसका मित्रहरू, मध्यम र उदासीन गरी राज्य मण्डलमा संक्षेपमा चार प्रकार राज्यहरू हुन्छन् ।

२३. राष्ट्रिय शक्ति (National Power)

वर्तमान अन्तर्राष्ट्रिय राजनीतिमा शक्तिको महत्त्वपूर्ण भूमिका हुन्छ । बीसौं शताब्दिका महान् राजनीति शास्त्री हेन्स् जे. मर्गेन्थाउका अनुसार शक्ति प्राप्त गर्न र त्यसको प्रयोगको लागि राज्यहरूबीच हुने सङ्घर्षलाई अन्तर्राष्ट्रिय राजनीति भनिन्छ । हिन्दु राजनीतिक चिन्तनमा ईशा पूर्व चौथो शताब्दीमा नै कौटिल्यले सिद्धि प्राप्त गर्ने माध्यमको रूपमा शक्तिको व्याख्या गरेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

उनका अनुसार राज्यको बललाई शक्ति भनिन्छ[24] (कौटिल्य, २०००, अधि.६, अ.२) । राजा आफ्नो शक्ति बढाउन निरन्तर प्रयत्नशील रहनुपर्छ भन्ने कौटिल्यको मत छ। बल तीन प्रकारको हुन्छ र शक्ति पनि तीन प्रकारको हुन्छ। कौटिल्यले ज्ञानबल, कोशदण्डबल र विक्रकबलका आधारमा शक्ति पनि तीन प्रकारका मानेका छन्।

२३.१. मन्त्रशक्ति (Power of Consultation)

ज्ञानको बल नै मन्त्रशक्ति हो[25] (कौटिल्य, २०००, अधि.६, अ.२) । ज्ञानवान् व्यक्तिहरू बीच परामर्श गरेर गरिने निर्णयलाई मन्त्र भनिन्छ । अन्तर्राष्ट्रिय राजनीतिमा रणनीति निर्माण गर्न मन्त्रशक्ति ज्यादै महत्त्वपूर्ण हुन्छ। निर्णय क्षमता र प्रविधिको ज्ञान वर्तमान सन्दर्भमा पनि राष्ट्रिय शक्तिको स्रोत मानिन्छ।

२३.२. प्रभुशक्ति (Sovereign Power)

आर्थिक सम्पन्नता र सैनिक क्षमता कोशदण्डबल हो। कोश र दण्डको बल नै प्रभुशक्ति हो[26] (कौटिल्य, २०००, अधि.६, अ.२) । वर्तमान अन्तर्राष्ट्रिय राजनीतिमा पनि राज्यको आर्थिक सम्पन्नता र सेनाको क्षमता राष्ट्रिय शक्तिका स्रोत मानिन्छन्।

२३.३. उत्साहशक्ति (Power of Energy)

विक्रमबल वा शारीरिक पराक्रम नै उत्साहशक्ति हो[27] । उत्साहशक्ति भनेको उच्च मनोबल हो।

यी तीन प्रकारका शक्ति सम्पन्न राज्य सुदृढ, सुव्यवस्थित, सुखी, समृद्ध र अजेय हुन्छ। यी शक्ति सम्पन्न राजा श्रेष्ठ, शक्तिरहित राजा अधम र समान शक्ति भएको राजा मध्यम मानिन्छन् (कौटिल्य, २०००, अधि.६, अ.२) । राजाले निरन्तर आफ्नो शक्ति वृद्धि गर्न प्रयत्न गर्नुपर्छ भन्ने कौटिल्यको मत छ।

---

[24] बलं शक्तिः।

[25] ज्ञानबलं मन्त्रशक्तिः।

[26] कोशदण्डबलं प्रभुशक्तिः।

[27] विक्रमबलमुत्साहशक्तिः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२४. सिद्धि (Success)

आँटेको कामको सफलतालाई सिद्धि भनिन्छ । शक्तिको प्रयोजन सिद्धि प्राप्त गर्नु हो । कौटिल्यले सुखलाई सिद्धि भनेका छन्[28] (कौटिल्य, २०००, अधि.६, अ.२) । प्रजाको सुख नै राजाको सुख हो भन्ने कौटिल्यको मान्यता रहेकाले यहाँ सुख भन्नाले राजा र प्रजाको सुख भन्ने बुझिन्छ । सिद्धिलाई पनि जुन शक्तिको प्रयोग गरेर प्राप्त भएको हो सोही अनुसार नाम दिइएको छ । मन्त्रशक्तिको प्रयोगबाट प्राप्त सिद्धिलाई मन्त्रसिद्धि, प्रभुशक्तिबाट प्राप्त सिद्धिलाई प्रभुसिद्धि र उत्साहशक्तिबाट प्राप्त सिद्धिलाई उत्साहसिद्धि भनिन्छ (कौटिल्य, २०००, अधि.६, अ.२) । शक्ति अन्तर्राज्य सम्बन्धको माध्यम हो र यसको प्रयोगबाट प्राप्त गरिने लक्ष्य सुख हो भन्ने विषयमा कौटिल्यको चिन्तनमा स्पष्टता देखिन्छ ।

२५. षड्गुण्य सिद्धान्त (Six Methods Of Foreign Policy)

राज्यहरूबीच पारस्परिक सम्बन्धका लागि हिन्दु राजनीतिक चिन्तनमा मनुस्मृतिदेखि नै षड्गुण सिद्धान्तको विकास गरिएको थियो । षड्गुण सिद्धान्तको अर्थ परराष्ट्रनीतिका छवटा सिद्धान्त भन्ने बुझिन्छ । राज्यहरूबीचमा परस्पर सहयोग वा द्वन्द नै अन्तर्राष्ट्रिय राजनीतिको मूल स्वभाव हो । कौटिल्यभन्दा पहिलेका राजनीतिक विचारक वातव्याधिको परराष्ट्रनीतिका दुईवटा मात्र पक्ष सन्धि र विग्रह हुन् षड्गुण यिनै दुई सिद्धान्तका भेद मात्र हुन् भन्ने मान्यता कौटिल्यले अर्थशास्त्रमा उद्धृत गरेका छन् । मनु परराष्ट्रनीतिका षड्गुण सिद्धान्तका पक्षमा छन् । कौटिल्य पनि मनु जस्तै षड्गुण सिद्धान्तका पक्षमा छन् । सन्धि, विग्रह, यान, आसन, संश्रय र द्वैधीभाव षड्गुण हुन् । राज्यहरूबीच कुनै शर्तमा मेलमिलाप हुनु सन्धि हो भने शत्रुको अपकार गर्नु विग्रह हो । शत्रुको उपेक्षा गरेर बस्नु आसन हो भने युद्धका लागि प्रस्थान गर्नु यान हो । यसैगरी आत्मसमर्पण गर्नु संश्रय हो । एउटासँग सन्धि र अर्कोसँग विग्रहको नीति अँगाल्नु द्वैधीभाव हो[29] (कौटिल्य, २०००, अधि.७, अ.१) । यी गुणहरूको उचित प्रयोगमा नै राज्यको विजय र पराजय

---

[28] सुखं सिद्धिः ।

[29] तत्र पणबन्धः सन्धिः, अपकारो विग्रहः, उपेक्षणमासनम्, अभ्युच्चयो यानं, परार्पणं संश्रयः, सन्धिविग्रहोपादानं द्वैधीभाव इति षड्गुणाः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

निर्भर हुन्छ भन्ने कौटिल्यको मत छ । कौटिल्यले छ गुणको वर्णनका साथसाथै तिनको उपयुक्त प्रयोगका लागि राजालाई परामर्श समेत दिएका छन् । उनले कुन अवसरमा कस्तो नीति अवलम्बन गर्नुपर्छ भन्ने विषयमा व्यावहारिक परामर्श दिएका छन् तापनि देश, काल र परिस्थितिअनुसार षड्गुणको प्रयोगमा सामान्य परिवर्तन गर्न सकिन्छ भन्ने पनि उनको मत छ। षड्गुण नीतिको उद्देश्य राज्यलाई शक्तिशाली बनाउनु र शत्रुमाथि विजय प्राप्त गर्नुका साथै राज्यको विस्तार गर्नु पनि हो । छवटा नीतिमध्ये उपयुक्त नीतिको अवलम्बन गर्नु कौटिल्यले राजाको कर्तव्य मानेका छन् ।

२५.१. सन्धि (Treaty)

राजाहरूका बीचमा कुनै शर्तमा मेलमिलाप हुनुलाई सन्धि भनिन्छ (कौटिल्य, २०००, अधि.७, अ.१) । राजाले शत्रुको तुलनामा आफू कमजोर वा निर्बल भएको अवस्थामा सन्धि गर्नुपर्छ[30] (कौटिल्य, २०००, अधि.७, अ.१) । आफ्नो कार्य सिद्धि हुने र शत्रुको हानी हुने अवस्थामा पनि सन्धि गर्नुपर्छ । शत्रु राजाको अवस्था समान वा उदयोन्मुख छ भन्ने लागेमा सन्धि गर्नुपर्छ भन्ने पूर्वाचार्यहरूको मतप्रति विमति राख्दै कौटिल्यले शत्रुको क्षति र आफ्नो उन्नतिको अवस्था देखेमा सन्धि गर्नुपर्ने विचार प्रस्तुत गरेका छन् । विजिगीषु राजाले आफ्नो शक्ति वृद्धिका लागि अपनाउने शान्तिको नीति सन्धि हो । राजाले समान शक्तिशाली एवं आफूभन्दा बलशाली राजासँग सन्धि गर्नुपर्छ (कौटिल्य, २०००, अधि.७, अ.३) । सन्धिलाई कौटिल्यले पहिलो प्राथमिकतामा राखेका छन् । सन्धि र विग्रहबाट समान लाभ हुने देखिएमा आफ्नो उन्नतिका निम्ति विजिगीषु राजाले सन्धि गुणको अवलम्बन गर्नुपर्छ किनभने विग्रहबाट आफ्नो पनि क्षति हुन्छ (कौटिल्य, २०००, अधि.७, अ.२) । शत्रुको क्षति, शत्रुको कार्यबाट आफ्नो लाभको सम्भावना र शत्रुको विश्वास प्राप्त गरी शत्रुको राज्य मण्डलमा फुट ल्याउनका लागि सन्धि गुणको प्रयोग गर्नुपर्छ भन्ने कौटिल्यको विचार छ ।

२५.२. विग्रह (War)

विग्रहको अर्थ युद्ध हो । यदि विजिगीषु राजाले आफूलाई शत्रुभन्दा शक्तिशाली वा शत्रुलाई आफू भन्दा कमजोर छ भन्ने ठानेमा युद्ध वा विग्रहको

---

[30] परस्माद्धीयमानः सन्दधीत ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

नीति लिनुपर्छ[31] (कौटिल्य, २०००, अधि.७, अ.१) । आफ्नो देशमा क्षत्रिय र कृषकको सङ्ख्यामा अधिकता छ, पहाड, जंगल, नदी र किल्ला समेत सुदृढ छन्, राज्यमा आउन जानका लागि एउटा मात्र मार्ग छ, शत्रुको कुनै पनि आक्रमणको प्रतिकार गर्न राज्य समर्थ छ भने विग्रहको गर्नुपर्छ (कौटिल्य, २०००, अधि. ७, अ.१) । आफू भन्दा कम बलशाली राजासँग विग्रह गर्नुपर्छ भन्ने कौटिल्यको निष्कर्ष छ[32] (कौटिल्य, २०००, अधि.७, अ.३) ।

२५.३. आसन (Staying Quiet)

शत्रुसँग युद्धको घोषणा गरेर सैनिकहरूलाई उपयुक्त ठाउँमा प्रतीक्षा गराउने नीतिलाई आसन गुण भनिन्छ । विजिगीषु राजाले आफू शत्रुलाई नष्ट गर्न सक्षम नभएको तथा शत्रु पनि आक्रमण गरी आफूलाई नष्ट गर्न सक्षम नभएको अवस्थामा आसन गुणको प्रयोग गर्नुपर्छ (कौटिल्य, २०००, अधि.७, अ.१) । शत्रु राजासँग सन्धि गरेर पनि आसन गुणको अवलम्बन गर्न सकिन्छ । यस्तो आसनलाई सन्धाय आसन भनिन्छ । कौटिल्यले स्थान, आसन र उपेक्षालाई पर्याय बाची शब्द मानेका छन् (कौटिल्य, २०००, अधि.७, अ.४) । यसबाट आसन गुणको अभिप्राय शत्रुको उपेक्षा भन्ने बुझिन्छ ।

२५.४. यान (Marching of Army)

यान विग्रहको अवस्था हो । विजयको अभिलाषा राख्ने राजाले शत्रु दुर्व्यसनमा संलग्न भएको र सबै दृष्टिबाट कमजोर भएको अवस्थामा यान गुणको प्रयोग गर्नुपर्छ । विजयको कामना गरेर शत्रुको विनाशका लागि प्रस्थान गर्नु नै यान हो । विजयको आकाङ्क्षा राख्ने राजाले एक्लै आक्रमण गरेर शत्रु र शत्रुका मित्रलाई नष्ट गर्न आफू सक्षम महसुस गरेमा एक्लै विग्रह गरेर दुबै माथि आक्रमण गर्नुपर्छ । यदि विजिगीषु एक्लै सक्षम नभएमा कमजोर, समान र शक्तिशाली राजासँग सन्धि गरेर शत्रु माथि जाइ लाग्नुपर्छ भन्ने कौटिल्यको विचार छ (कौटिल्य, २०००, अधि.७, अ.४) ।

२५.५. आश्रय (Seeking Shelter or Policy of Alliance)

शत्रुको नाश गर्न र आफ्नो रक्षा गर्न नसक्ने अवस्थामा कुनै शक्तिशालीको शरणमा जानु आश्रय हो । आश्रयबाट आफ्नो उन्नतिका लागि प्रयत्न गर्नुपर्छ

---

31 अभ्युच्चीयमानो विगृह्णीयात् ।

32 हीनेन विगृह्णीयात् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

(कौटिल्य, २०००, अधि.७, अ.१) । कमजोर राजाले आफ्नो शत्रु भन्दा बलवान् राजाको आश्रयमा जानुपर्छ । यदि शक्तिशाली राजा उपलब्ध नभएमा शत्रुको आश्रयमा जान सकिन्छ । कोष, सेना र भूमि दिएर आफूले आश्रय लिएको शत्रु राजालाई सन्तुष्ट पार्नुपर्छ तर आफू स्वयं शत्रु राजाका सम्मुखमा उपस्थित हुनु हुँदैन । कुनै वेला बलवान् राजाको आश्रय अनर्थकारी सिद्ध हुन्छ । शत्रुसँग विग्रहको अवस्थामा भएको बलवान् राजाको आश्रय हानिकारक हुँदैन (कौटिल्य, २०००, अधि.७, अ.२) ।

२५.६. द्वैधीभाव (Dual Policy)

द्वैधीभाव भनेको एउटा राजासँग सन्धि र अर्को राजासँग विग्रहको नीति हो । एउटा राजासँग सन्धि गरेर आफ्नो निर्धारित कार्यक्रमको निरन्तरता दिने र अर्को राजासँग विग्रह गरेर त्यसको कार्य नष्ट गर्ने उद्देश्य राख्ने विजिगीषु राजाले द्वैधीभावको नीति अवलम्बन गरेर आफ्नो उन्नतिको आकाङ्क्षा राख्नुपर्छ (कौटिल्य, २०००, अधि.७, अ.१) । द्वैधीभाव र संश्रयबाट समान लाभ हुने अवस्थामा द्वैधीभाव ग्रहण गर्नुपर्छ । द्वैधीभावको नीतिबाट राजाले आफ्नो कार्य गर्न र उन्नति गर्न सक्दछ । आश्रय ग्रहण गर्ने राजाले आफ्नो भन्दा आश्रयदाताको उपकार गर्दछ (कौटिल्य, २०००, अधि.७, अ.२) । शक्तिशाली विजिगीषु राजाले एउटासँग सन्धि र अर्कोसँग विग्रहद्वारा आफ्नो कार्य सिद्धि हुने देखेमा द्वैधीभाव गुण अवलम्बन गर्नुपर्छ भन्ने कौटिल्यको मत छ (कौटिल्य, २०००, अधि.७, अ.३) ।

कौटिल्यका अनुसार षाड्गुण्य सिद्धान्त विदेश नीतिको आधार हो । उनले विजिगीषु राजालाई समय र परिस्थिति अनुसार आफ्नो राज्यको हितलाई प्राथमिकता दिएर यी छ सिद्धान्तको प्रयोग गरी उपयुक्त विदेशनीति अवलम्बन गर्न सल्लाह दिएका छन् ।

२६. चार उपाय (Four Expedients)

साम,दान, भेद र दण्ड प्राचीन हिन्दु राजनीतिक चिन्तकहरूद्वारा विवेचना गरिएका चार उपाय हुन् । यी चार उपायको प्रयोग व्यक्तिको जीवनका साथै राज्यको आन्तरिक प्रशासन एवं बाह्य सम्बन्धमा प्रयोग गर्न सकिन्छ । कौटिल्यका अनुसार साम, दान, भेद र दण्ड गरी चार उपाय छन्[33] (कौटिल्य,

---

[33] उपाया: सामोपप्रदानभेददण्डा: ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२०००, अधि.२, अ.१०) । उनले यी चार उपायको परिभाषा दिनुका साथै प्रयोगको तरिकासमेत बताएका छन् । यी उपायहरूको समुचित प्रयोग व्यक्तिको जीवनका साथै राज्यको आन्तरिक प्रशासन र विदेशनीतिमा आवश्यक हुन्छ भन्ने कौटिल्यको मत छ ।

२६.१. साम (Conciliation)

उपायहरू मध्ये साम प्रथम उपाय हो । सर्वप्रथम यही उपायको प्रयोग गर्नुपर्छ । मीठो र मधुर वाणीद्वारा विपक्षीलाई आफ्नो अनुकूल बनाउनुपर्छ भन्ने नीति साम हो । सामको अर्थ समान व्यवहार हो । गुणको वर्णन, सम्बन्धको व्याख्या, परस्पर उपकारको चर्चा, दुबैलाई हुने फाइदाको वर्णन र आत्मसमर्पणको भावना गरी सामका पाँच भेद छन् । वंश, शरीर, कार्य, स्वभाव, विद्वत्ता र वस्तुका गुण दोषबारे ज्ञान गरेर प्रशंसा गर्नु गुणसंकीर्तन हो । समान कुल, विवाह, गुरु शिष्य, पुरोहित यजमान, वंशपरम्परा, हार्दिकता र मैत्रीभावको वर्णन गर्नु सम्बन्धोपाख्यान हो । परस्पर गरिएको उपकारबारे बताउनु परस्परोपकारसन्दर्शन हो । कुनै कार्य गर्दा दुबैलाई हुने फाइदाको आशा आमायतिप्रदर्शन हो । जो म छु त्यो नै तपाईं हुनुहुन्छ र मेरो धन नै तपाईंको धन हो । मेरो धनको प्रयोग इच्छाअनुसार आफ्नो कार्यमा लगाउन सक्नुहुन्छ भनी गरिने आत्मसमर्पणको भावनालाई आत्मोपनिधान भनिन्छ (कौटिल्य, २०००, अधि.२, अ.१०) ।

२६.२. दान (Bribery)

साम उपाय असफल भएपछि दान उपायको प्रयोग गर्नुपर्छ । आर्थिक सहयोग प्रदान गर्नु दान उपाय हो[34] । धन दिएर आफ्नो शत्रुलाई आफ्नो पक्षमा गराउने नीति दान नीति हो । लोभी मनुष्यलाई दान उपायद्वारा वशमा ल्याउन सकिन्छ ।

२६.३. भेद (Dissension)

साम र दान उपाय असफल भएपछि मात्र भेद उपायको प्रयोग गर्नुपर्छ । शत्रुका मनमा शङ्का पैदा गराउनु भेद नीति हो । विभाजन ल्याउनु पनि भेद हो[35] (कौटिल्य, २०००, अधि. २, अ. १०) । कातर विपक्षीलाई डर देखाएर

---

[34] उपप्रदानमर्थोपकारः ।

[35] शङ्काजननं विभर्त्सनं च भेदः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

तथा प्रबल शत्रुमा विभाजन ल्याएर कमजोर तुल्याई जित्न सकिन्छ भन्ने कौटिल्यको विचार छ। शत्रुमाथि विजय हासिल गर्न शत्रुलाई विभाजन गर्ने नीति भेद नीति हो।

२६.४. दण्ड (Punishment)

राजनीतिमा दण्डको प्रयोग अन्तिम उपाय हो। शत्रुको हत्या गर्नु, शत्रुलाई शारीरिक पीडा दिनु र धनको अपहरण गर्नु दण्ड हो[36] (कौटिल्य, २०००, अधि. २, अ. १०)। साम, दान र भेद उपायको प्रयोग सफल नभएमा दण्डको प्रयोग आवश्यक हुन्छ।

उपायको प्रयोग हिन्दु राजनीतिक विचारको महत्त्वपूर्ण विशेषता रहेको पाइन्छ। राजनीतिशास्त्रका सबै आचार्यहरूले उपायको प्रयोगबारे विवेचना गरेका छन्। साम, दान, भेद र दण्डका अतिरिक्त बृहस्पतिले माया, उपेक्षा र वध तथा कामन्दकले माया, उपेक्षा र इन्द्रजाललाई थप उपायको रूपमा विवेचना गरेका छन्। कूटनीतिमा प्राचीन समयदेखि प्रयोग गर्ने गरिएका साम, दान, भेद र दण्ड उपायहरू वर्तमान कूटनीतिमा समेत साधनको रूपमा प्रयोग गरिन्छ।

२७. कूटनीति र दूत-व्यवस्था

(Diplomacy and Diplomatic Envoys)

राज्यहरूबीच उत्पन्न समस्याको शान्तिपूर्ण तरिकाले समाधान गर्न प्रयोग गरिने कार्य पद्धतिलाई कूटनीति भनिन्छ। कूटनीति वर्तमान अन्तर्राष्ट्रिय राजनीतिमा ज्यादै महत्त्वपूर्ण विषय मानिन्छ। कूटनीतिलाई कुटिल नीति भन्ने अर्थमा पनि बुझ्ने गरिन्छ तर अन्तर्राष्ट्रिय राजनीतिमा प्रयोग गरिने कूटनीति कुटिल नीति होइन। कूटनीति राज्यहरूबीच पारस्परिक सम्बन्ध कायम गर्ने माध्यम हो। प्राचीन हिन्दु राजनीतिक व्यवस्थामा आधुनिक राज्यमा जस्तै कूटनीतिका साथै दूतको व्यवस्था पनि प्रचलनमा थियो। अन्तर्राज्य सम्बन्धमा पारस्परिक वार्ता गर्न दूत नियुक्त गर्ने प्रचलन थियो। प्राचीन कालमा राजदूतलाई दूत भनिन्थ्यो। दूत स्थायी प्रतिनिधिको रूपमा अर्को राज्यमा रहने व्यवस्था भने थिएन। कुनै राज्यको दूत अर्को राज्यमा निश्चित प्रयोजनका लागि

---

36 वधः परिक्लेशोऽर्थहरणं दण्ड इति।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

जाने र केही समय मात्र त्यहाँ बस्ने गर्दथे । मनुस्मृति, रामायण, महाभारत, शुक्रनीतिसार जस्ता ग्रन्थमा दूतको व्यवस्थाबारे प्रकाश पारिएको छ । कौटिल्यले पनि अर्थशास्त्रमा दूतको व्यवस्थाबारे विशद विवेचना गरेका छन् । उनका अनुसार एउटा राजाले अर्को राजासँग राजदूतको माध्यमबाट विचार आदान प्रदान गर्ने हुँदा दूतलाई राजाको मुख मानिएको छ[37] (कौटिल्य, २०००, अधि.१, अ.१५) ।

कौटिल्यका अनुसार वाहन, नोकर, सुत्ने बिस्तरा आदि सामग्रीसहित दूत शत्रु राज्यतर्फ प्रस्थान गर्नुपर्छ । दूतले शत्रु राज्यका वनरक्षक, सीमारक्षक, नगरवासी तथा जनपदवासीसँग मित्रता कायम गर्नुपर्छ । दूत खटिएको राज्यको राजाको अनुमति लिएर मात्र सम्बद्ध राज्यमा प्रवेश गर्नुपर्छ । राज्य छोड्दा पनि अनुमति लिएर मात्र छोड्नुपर्छ । दूतले आफ्नो राजाको सन्देश जस्ताको त्यस्तै राजा समक्ष प्रस्तुत गर्नुपर्छ । खटिएको राज्यमा सम्मान पाएर पनि दूतले त्यसमा गर्व गर्नु हुँदैन । परदेशमा आफूलाई शक्तिशाली ठान्नु हुँदैन । अनिष्ट वचन पनि सहन गर्नु पर्छ । दूतले परस्त्री गमन र मद्यपान गर्नु हुँदैन । दूत एक्लै सुत्नुपर्छ । आफ्नो राज्यको रहस्य खोल्न हुँदैन र आफ्नो कार्य सिद्धिका निम्ति आवश्यक मात्र बोल्नुपर्छ । सामान्य अवस्थामा दूतले राजाको अनुमति लिएर मात्र फर्कनुपर्छ तर कुनै खतरा महसुस गरेमा त्यहाँबाट भाग्नुपर्छ भन्ने पनि कौटिल्यको विचार छ (कौटिल्य, २०००, अधि.१, अ.१५) ।

२७.१. दूतको योग्यता (Qualification of Envoys)

अमात्यका निम्ति तोकिएका योग्यता सरहनै दूतका निम्ति पनि योग्यता निर्धारण गरिएको छ । स्वदेशमा नै जन्मिएको, कुलीन, अवगुणरहित, निर्भिक, स्मरण शक्ति राम्रो भएको, असल वक्ता, मितभाषी, मृदुभाषी, अर्थ-राजनीतिशास्त्रको ज्ञाता, उत्साही, प्रभावशाली, सहिष्णु, पवित्र, मित्रताका लागि योग्य, स्वामीभक्त, सुशील, समर्थ, स्वस्थ, धैर्यवान्, अभिमानरहित, चञ्चलतारहित, सुन्दर र द्वेषको भावना नराख्ने व्यक्ति राजदूतका लागि योग्य मान्ने कौटिल्यको मत छ (कौटिल्य, २०००, अधि.१, अ.८) । यसरी अन्य योग्यताका साथै असल नैतिक चरित्र दूतका लागि पनि नियुक्तिको आधार मानेको पाइन्छ ।

---

[37] दूतमुखा वै राजानः ...।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

२७.२. दूतका प्रकार (Types of Envoys)

आधुनिक कूटनीतिक अभ्यासमा जस्तै प्राचीन कालमा पनि विभिन्न प्रकारका दूत नियुक्त हुन्थे । कौटिल्यका अनुसार निसृष्टार्थ, परिमितार्थ र शासनहार गरी तीन श्रेणीका दूत हुन्छन् (कौटिल्य, २०००, अधि.१, अ.१५) । दूतको वर्गीकरणको आधार योग्यता र कार्य क्षमता रहेको कौटिल्यको विचार छ। (१) निसृष्टार्थ : अमात्यका निम्ति आवश्यक पर्ने योग्यता भएको दूतलाई निसृष्टार्थ दूत भनिन्छ । (२) परिमितार्थ: अमात्यका निम्ति तोकिएका योग्यतामध्ये एक चौथाई योग्यता कम भएको दूतलाई परिमितार्थ दूत भनिन्छ। (३) शासनहार: अमात्यका निम्ति निर्धारित योग्यतामध्ये आधा योग्यता भएको दूतलाई शासनहार भनिन्छ (कौटिल्य, २०००, अधि.१, अ.१५)।

२७.३. दूतका विशेषाधिकार (Privileges of Envoys)

प्राचीन हिन्दु राज्य व्यवस्थामा दूतलाई विशिष्ट स्थान प्रदान गरेको पाइन्छ । राजधर्मको मान्यताअनुसार दूत जुनसुकै जातिको व्यक्ति भएपनि अवध्य मानिन्थे (कौटिल्य, 2000, अधि.१, अ.१५) । यसका साथै दूतलाई घुमफिरको विशेष अधिकार प्रदान गर्ने परम्परा हिन्दु राजनीतिक चिन्तनमा थियो। वर्तमान कूटनीतिमा राजदूतका लागि दिइने कूटनीति बिशेषाधिकारसँग मिल्दा मान्यता प्राचीन कालमा नै हिन्दु राज्य व्यवस्थामा अभ्यास गर्ने गरेको पाइन्छ। रामायणमा भगवान् रामको दूतका रूपमा हनुमान् रावणको दरबारमा उपस्थित भएका थिए । त्यसैगरी महाभारतमा पाण्डवका तर्फबाट भगवान् कृष्ण दूतको रूपमा धृतराष्ट्रको दरबारमा उपस्थित भएका थिए। रामायणमा रावणले कूटनीतिक मर्यादा उल्लङ्घन गरी हनुमानलाई दण्ड दिएको चर्चा छ। कूटनीतिक मर्यादा उल्लङ्घन गर्नु अनैतिक मान्ने परम्परागत मान्यताको कौटिल्यले पनि समर्थन गरेको देखिन्छ।

२७.४. दूतका कार्य (Functions of Envoys)

दूत राजाका मुख मानिन्थे। राज्यहरूबीचको पारस्परिक सम्बन्ध दूतको निपुणता तथा कार्यशैलीमा निर्भर हुन्छ भन्ने कौटिल्यको मान्यता रहेको छ । उनीद्वारा निर्धारित दूतका प्रमुख कार्य निम्न अनुसार रहेका छन्।

१. आफ्नो राजाको संदेश अर्को राजासम्म पुराउनु,
२. आफ्नो राज्यको कार्यसिद्धिका लागि आवश्यक वार्ता गर्नु,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

३. सन्धिका नियम पालना गराउनु,
४. अर्को राज्यको पदाधिकारी एवं गुप्तचरसँग मिली राजाको गोप्य रहस्य पत्ता लगाउनु अर्थात गुप्तचरको काम गरेर सूचना जम्मा गर्नु,
५. आफ्नो राज्यका मित्र बढाउनु,
६. शत्रुका मित्रबीच विभाजन वा भेद सिर्जना गराउनु,
७. शत्रुका आफन्त एवं निकटतम व्यक्तिका बारेमा पूर्ण जानकारी प्राप्त गर्नु,
८. सूचना गोप्य राखेर शत्रुलाई दण्ड दिने व्यवस्था मिलाउनु,
९. बन्दीको रूपमा रहेका राजकुमारलाई मुक्त गराउनु,
१०. शत्रुका बान्धव एवं रत्न आदि धन अपहरण गर्नु,
११. शत्रुका देशमा बसेर गुप्तचरका कार्यको निरीक्षण गर्नु,
१२. उपयुक्त समयमा पराक्रम देखाउनु र
१३. मारण, मोहन, उच्चाटन आदिको प्रयोग गर्नु (कौटिल्य, २०००, अधि.१, अ.१५)।

दूतले शत्रु राज्यका योग्य व्यक्तिहरूबीच विभाजन ल्याई आफ्नो पक्षमा मिलाउने काम गर्नुपर्छ भन्ने कौटिल्यको विचार छ । विभाजन ल्याउन नसक्ने स्थितिमा तिनीमाथि सूक्ष्म दृष्टि दिएर जानकारी प्राप्त गर्नुपर्छ । दूतले शत्रु राज्यका कमजोरी पत्ता लगाउनु पर्छ । शत्रु राज्यका महत्त्वपूर्ण स्थानका विषयमा सूचना प्राप्त गर्नुपर्छ । दूतले यी कामका लागि आफ्नो राज्यका गुप्तचरको सहयोग पनि लिनसक्छ भन्ने कौटिल्यको विचार छ । उनको दूतसम्बन्धी व्यवस्थाको अवलोकनबाट उनले दूतलाई अन्तर्राज्य सम्बन्धमा महत्त्वपूर्ण स्थान दिएको निष्कर्ष निकाल्न सकिन्छ । उनले तोकेका दूतका योग्यता र विशेषाधिकार वर्तमान सन्दर्भमा समेत सामयिक देखिन्छन् ।

२८. गुप्तचर व्यवस्था (Espionage System)

कौटिल्यले राज्य सञ्चालनका सन्दर्भमा गुप्तचर व्यवस्थालाई विशेष महत्त्व दिएका छन् । गुप्तचरद्वारा टाढाको वस्तु देख्दछन्[38] (चाणक्यसूत्र ४७२) । संस्कृतमा गुप्तचरलाई चर भनिन्छ । कौटिल्यले चरलाई राजाका आँखा मान्ने हुँदा राजालाई चारचक्षु भनेका छन् । चारचक्षुको अर्थ गुप्तचर आँखा भएको भन्ने हो । कौटिल्यका अनुसार गुप्तचर व्यवस्था राज्य सञ्चालनका लागि ज्यादै

---

[38] दूरस्थमपि चारचक्षुः पश्यति राजा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

उपयोगी संगठन हो । त्यसैले उनले अर्थशास्त्रमा गुप्तचर व्यवस्थाको विस्तृत विवेचना गरेका छन् ।

प्राचीन कालमा गुप्तचर व्यवस्थाको प्रमुख उद्देश्य राजाले सही सूचना प्राप्त गर्नु थियो । राजाले गुप्तचरको माध्यमबाट आफ्ना मन्त्री एवं कर्मचारी राज्य एवं जनहित विरोधी काममा संलग्न छन् वा छैनन् पत्ता लगाउने गर्दथे । राजकीय कर्मचारीको भ्रष्टाचार पत्ता लगाउन पनि गुप्तचरको प्रयोग गरिन्थ्यो । मुद्दाको विषयमा तथ्य पत्ता लगाउन पनि गुप्तचरको प्रयोग गरिन्थ्यो । जनताको अभिमतको जानकारीका निम्ति पनि गुप्तचरको प्रयोग गरिन्थ्यो । जनतामा विद्रोह अथवा असन्तोषको भावना छ छैन पत्ता लगाउन पनि गुप्तचरको प्रयोग गरिन्थ्यो । शत्रु राज्यको गतिविधि पत्ता लगाउन पनि गुप्तचरको उपयोग गरिन्थ्यो ।

२८.१. गुप्तचरको योग्यता र नियुक्ति

(Qualification and Recruitment of Spy)

कौटिल्यका अनुसार गुप्तचर नियमित राजसेवक हुन्थे । कुनै खास कामका निम्ति अस्थायी वा अल्पकालिक रूपमा पनि गुप्तचरको नियुक्ति गरिन्थ्यो । गुप्तचरको नियुक्ति राजाले गर्दथे । गुप्तचरले राज्यबाट नियमित पारिश्रमिक प्राप्त गर्दथे । ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र, किरात आदि सबै वर्ण, जाति, पेशा र लिङ्गका व्यक्तिलाई गुप्तचरका रूपमा नियुक्त गर्नु पर्छ भन्ने कौटिल्यको विचार छ । उनले गुप्तचर सेवा कुनै एक वर्ण वा वर्गमा सीमित गरेका छैनन् ।

२८.२. गुप्तचरका प्रकार (Types of Spy)

कौटिल्यले राजालाई विभिन्न प्रकारका गुप्तचरको नियुक्ति गर्ने सल्लाह दिएका छन् । उनले स्थायी र भ्रमणशील गरी दुई प्रकारका गुप्तचरको चर्चा गरेका छन् । एक ठाउँमा बस्ने स्थायी र भ्रमण गरिरहने भ्रमणशील गुप्तचर मानिन्थे । कौटिल्यले कापटिक, उदास्थित, गृहपतिक, वैदेह, तापस, आदि विभिन्न प्रकारका स्थायी गुप्तचरको वर्णन गरे छन् । १) कापटिक : अर्काको मर्म जान्न सक्ने, विद्यार्थीका भेषमा रहने बुद्धिमान् गुप्तचरलाई कापटिक भनिन्छ । २) उदास्थित : सन्यासीका भेषमा रहने बुद्धिमान् एवं सदाचारी गुप्तचरलाई उदास्थित भनिन्छ । ३) गृहपतिक : बुद्धिमान् एवं पवित्र हृदय भएको गरिब किसानको भेषमा रहने गुप्तचरलाई गृहपतिक भनिन्छ । ४) वैदेहक : बुद्धिमान्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

एवं पवित्र हृदय भएको गरिब व्यापारीको भेषमा रहने गुप्तचरलाई वैदेहक भनिन्छ । ५) तापस : शिर मुण्डन गरी जटा धारण गरेको र सन्यासीको भेष धारण गरेको व्यक्ति जसले राजाको निम्ति गोप्य सूचना दिने काम गर्दछ त्यसलाई तापस भनिन्छ (कौटिल्य, २०००, अधि.१, अ.१०) । यसका साथै राजाले भ्रमणशील (घुमन्ते) गुप्तचर पनि नियुक्त गर्नुपर्छ भन्ने कौटिल्यको सल्लाह छ । सत्री, तीक्ष्ण, रसद र परिव्राजिका भ्रमणशील गुप्तचरका भेद हुन् । ६) सत्री : राजासँग नाता सम्बन्ध नभएको तर राजाले पालनपोषण गर्नुपर्ने व्यक्ति जो वशीकरण, इन्द्रजाल, ज्योतिष, व्याकरण, सामुद्रिक विद्या, शुभाशुभ फल बताउने शकुनशास्त्र तथा धर्मशास्त्रमा निपुण व्यक्तिलाई गुप्तचरमा नियुक्त गर्न राजालाई कौटिल्यले सल्लाह दिएका छन् । त्यसलाई सत्री गुप्तचर भनिन्छ जो कामशास्त्र, संगीत र नृत्यकलामा पनि निपुण हुनु पर्दछ । ७) तीक्ष्ण : धनका निम्ति आफ्नो प्राणको पनि प्रवाह नगर्ने व्यक्तिलाई गुप्तचरमा नियुक्त गरिएमा त्यसलाई तीक्ष्ण गुप्तचर भनिन्छ । ८) रसद : विष दिने गुप्तचरलाई रसद भनिन्छ । आफ्ना बन्धुमा पनि स्नेह नगर्ने, अल्छी र क्रूर प्रकृतिको व्यक्तिलाई रसद गुप्तचरमा नियुक्त गर्नुपर्छ भन्ने कौटिल्यको विचार छ । ९) परिव्राजिका : संस्कृतमा परिव्राजिकाको अर्थ भिक्षुणी हो । होशियार, जीविका चाहने, दरिद्र, प्रौढ, विधवा स्त्रीलाई भिक्षुणीको वेशमा गुप्तचर खटाइन्छ भने त्यस्तो गुप्तचरलाई परिव्राजिका भनिन्छ (कौटिल्य, २०००, अधि.१, अ.११) ।

२८.३. गुप्तचरका कार्य (Functions of Spies)

कौटिल्यले गुप्तचरको संगठन राज्य सञ्चालनका निम्ति ज्यादै महत्त्वपूर्ण मानेका छन् । उनले गुप्तचरलाई विभिन्न कार्य सम्पादनको जिम्मा दिएका छन् । गुप्तचरका प्रमुख कार्य निम्नानुसार रहेका छन् ।

१) जनताका विचार राजासम्म पुराउने कार्य

राज्यभित्र भइरहेका र भविष्यमा हुनसक्ने सबै गतिविधिको सूचना राजालाई दिनु गुप्तचरको महत्त्वपूर्ण काम हो भन्ने कौटिल्यको विचार छ । उनको समयमा राज्यमा प्रजाको अभिमत राजासम्म पुराउने अन्य कुनै आम सञ्चारका माध्यमको विकास भएको थिएन । राज्य सञ्चालनमा जनता र जनताका प्रतिनिधिको सहभागिताको व्यवस्था पनि थिएन । त्यसैले जनतामा रहेको राजाप्रतिको अनुराग तथा द्वेष वा विद्रोहको भावनाको सूचना राजासम्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

पुराउने माध्यम गुप्तचर हुन्थे । राजालाई असल शासन सञ्चालन गर्न जनताको अभिमत थाहा पाउन आवश्यक हुन्छ भन्ने विषयमा कौटिल्य सचेत थिए । त्यसैले उनले जनताको चाहनाअनुसार शासन सञ्चालन गरी राजाप्रति जनतामा द्वेषको भावना उत्पन्न हुन दिन गुप्तचरको माध्यमबाट जनताको अभिमतको यथार्थ सूचना राजाका निम्ति आवश्यक मानेका हुन् । यसरी कौटिल्यको योजनाअनुसार गुप्तचरका लागि तोकिएको काम हेर्दा तत्कालीन राज्य व्यवस्थामा आधुनिक लोकतन्त्रमा जनप्रतिनिधिद्वारा सम्पन्न गरिने कार्य गुप्तचरद्वारा सम्पन्न गरिन्थ्यो भन्ने स्पष्ट हुन्छ ।

२) राजकीय अधिकारी एवं कर्मचारीको आचरणको सूचना

कौटिल्यका अनुसार राजकीय अधिकारी एवं कर्मचारीका आचरण र व्यवहारको सूचना राजालाई दिने काम पनि गुप्तचरको हो । कुनै व्यक्तिलाई राज्यको महत्त्वपूर्ण पदमा नियुक्ति गर्नुभन्दा पहिले ती व्यक्तिको योग्यता र चरित्रको परीक्षणका लागि पनि राजाले गुप्तचरको प्रयोग गर्नुपर्ने उनको मान्यता छ । राज्यका सबै तहका कर्मचारी दुर्व्यसनबाट मुक्त हुँदैनन् । खराब आचरण भएका अधिकारीहरूबाट जनता पीडित हुने सम्भावना रहन्छ । साथै राज्यका निम्ति पनि उनीहरूबाट खतरा हुन सक्छ । कर्मचारीद्वारा गरिने भ्रष्टाचार र राजाप्रति उनीहरूमा रहेको निष्ठासम्बन्धमा राजाले सही सूचना प्राप्त गर्न पनि गुप्तचरको प्रयोग गर्नुपर्ने कौटिल्यको विचार छ । त्यसैले गोप्य रूपमा अधिकारीहरूको आचरणको सूचना प्राप्त गरी राज्यमा भ्रष्टाचारको नियन्त्रणका निम्ति पनि राजाले गुप्तचरको उपयोग गर्नुपर्ने पक्षमा उनी छन् ।

३) न्याय सम्पादनमा सत्य पत्ता लगाउने कार्य

राज्यभित्र चोर, व्यभिचारी तथा अन्य अपराधीका सम्बन्धमा राजालाई सूचना दिनु गुप्तचरको काम मानिन्थ्यो । कौटिल्यका अनुसार अपराधको तथ्य पत्ता लगाई न्याय सम्पादनमा राजालाई सूचना दिनु गुप्तचरको काम हो ।

४) शत्रुका गतिविधिको सूचना राजालाई दिने कार्य

कौटिल्यले राज्यको सुरक्षालाई ज्यादै महत्त्व दिएका छन् । राज्यको सुरक्षाका निम्ति अन्य राज्यहरूका गतिविधिको सूचना आवश्यक पर्ने हुँदा विदेशमा गएर सूचना सङ्कलन गर्ने काममा पनि गुप्तचर नियुक्त गर्नुपर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कौटिल्यको विचार छ। युद्धका समयमा शत्रु पक्षका गोप्य सूचना प्राप्त गर्न पनि गुप्तचरको उपयोग गर्नुपर्छ भन्ने उनको अभिमत छ।

यसरी कौटिल्यले गुप्तचर व्यवस्थालाई राज्य सञ्चालनमा अत्यन्त महत्त्वपूर्ण मानेका छन्। आन्तरिक सुशासन, न्यायिक निर्णय र बाह्य आक्रमणबाट राज्यको रक्षाका निम्ति गुप्तचरको प्रयोग गर्ने विषयमा उनको विचार महत्त्वपूर्ण छ। वर्तमान राजनीतिमा पनि गुप्तचरको भूमिका महत्त्वपूर्ण मानिन्छ।

२९. युद्ध (War)

कौटिल्यका अनुसार विदेश नीतिका छ सिद्धान्तमध्ये विग्रह वा युद्ध एउटा महत्त्वपूर्ण नीति हो। उनले यसका विभिन्न पक्ष बारे विस्तृत वर्णन गरेका छन्। राज्यहरूबीच एक अर्कालाई हानि गर्नु विग्रह हो[39] (कौटिल्य, २०००, अधि. ७, अ.१)। शत्रुको तुलनामा आफू शक्तिशाली भएको अवस्थामा युद्ध गर्नुपर्छ भन्ने कौटिल्यको विचार छ[40] (कौटिल्य, २०००, अधि. ७, अ.१)।

२९.१. युद्धका कारण (Causes of War)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा युद्ध राज्यको जीवनमा अपरिहार्य मानिन्थ्यो। बाह्य आक्रमणबाट राज्य र प्रजाको रक्षाका निम्ति राजाले बलियो सैनिक संगठनको व्यवस्था गर्नुपर्छ भन्ने कौटिल्यको विचार छ। युद्ध गर्नु क्षत्रियको धर्म मानिन्थ्यो। प्राचीन समयमा शक्तिशाली राज्यबाट जुनसुकै वेला पनि कमजोर राज्यमाथि आक्रमणको डर हुन्थ्यो। कौटिल्यको अर्थशास्त्रको उद्देश्य नै राज्यको आन्तरिक व्यवस्था सुदृढ बनाई दक्षिण एसियामा तात्कालिक समयमा रहेका स-साना राज्यहरूको एकीकरण गरी विशाल साम्राज्य निर्माण गर्नु थियो। आर्यहरूले साम्राज्य निर्माणको भावनालाई राजाको धार्मिक र राजनीतिक कर्तव्यका रूपमा लिने गरेको पाइन्छ। त्यसैले साम्राज्य निर्माण गर्न चाहने राजालाई विजिगीषु भनिएको छ। विजिगीषुको अर्थ विजयको कामना गर्ने भन्ने हुन्छ। कौटिल्यले राजालाई शक्तिशाली बन्ने र युद्धका माध्यमबाट साम्राज्य निर्माण गर्ने सल्लाह दिएका छन्।

---

39 अपकारो विग्रहः।

40 अभ्युच्चीयमानो विगृह्णीयात्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२९.२. युद्धका प्रकार (Types of War)

मनुले धर्म युद्धको मात्र चर्चा गरेका छन् । कौटिल्यका अनुसार प्रकाशयुद्ध, कूटयुद्ध र तूष्णीयुद्ध गरी युद्ध तीन प्रकारका हुन्छन्[41] (कौटिल्य, २०००, अधि.७, अ.६) । १) प्रकाशयुद्ध : स्थान र समय निश्चित गरी पूर्व घोषणा गरेर गरिने युद्ध प्रकाशयुद्ध हो । युद्धका नियमको पालना गरिने हुँदा प्रकाशयुद्धलाई धर्मयुद्ध पनि भनिन्छ । शत्रुभन्दा हरेक किसिमले बलवान् र शत्रुलाई पराजित गर्न सक्षम राजाले प्रकाशयुद्ध गर्नुपर्छ भन्ने कौटिल्यको विचार छ । २) कूटयुद्ध : थोरै सेनालाई धेरै देखाएर शत्रु पक्षमा भय पैदा गर्नु, दुर्गमा आगो लगाउनु एवं लुटपाट गर्नु, शत्रु पक्ष दुर्व्यसनमा परेको र तयारी नभएको अवस्थामा आक्रमण गर्नु तथा एक ठाउँमा युद्ध भइरहेको अवस्थामा अर्को ठाउँमा आक्रमण गर्नु कूटयुद्ध हो । ३) तूष्णीयुद्ध: विष, औषधि एवं गुप्तचरद्वारा धोखा दिएर शत्रुको विनाश गर्नु तूष्णीयुद्ध हो (कौटिल्य, अधि.७, अ.६) । कूटयुद्ध र तुष्णीयुद्धमा युद्धका नियमको पालना गर्नु पर्दैन भन्ने कौटिल्यको विचार रहेको छ ।

२९.३. युद्धका नियम (Laws of War)

कूट युद्धमा कौटिल्यले नैतिक एवं अनैतिक सबै उपाय र साधनको प्रयोग गर्ने छुट राजालाई दिएका छन् तापनि उनले युद्धका नियम पनि उल्लेख गरेका छन् । उनका युद्धका नियम धर्म युद्धका नियम हुन् । मनुले धर्म युद्धका नियम उल्लेख गर्नुका साथै ती नियमको पालना गर्ने उपदेश दिएका छन् । तर कौटिल्यका अनुसार बलशाली र विशाल सैन्य सङ्गठन भएको तथा शत्रुलाई फुटाउन सक्षम विजिगीषु राजाले उचित समय र युद्धका निम्ति अनुकूल आफ्नो भूमिमा छ भने मात्र प्रकाश युद्ध गर्नुपर्छ । यसको विपरीत अवस्थामा कूट युद्ध गर्नुपर्छ[42] (कौटिल्य, २०००, अधि. १०, अ. ३) । कौटिल्यका अनुसार धर्म युद्धका नियम निम्नबमोजिम छन् ।

रणभूमिमा ढलेको, घाइते, युद्ध छाडेर फर्केको, हतियार बिसाएको, डराएको र युद्ध गर्न नचाहने सैनिकसँग युद्ध गर्नु हुँदैन ।आफ्नो शरणमा आएका शत्रुका सेनासँग युद्ध गर्नु हुँदैन (कौटिल्य,२०००, अधि.१३, अ.४) । । आगोले असङ्ख्य प्राणी, पशु, धनधान्य, द्रव्य आदिको नाश गर्ने भएकाले युद्ध प्रारम्भ

---

41 विक्रमस्य प्रकाशयुद्धं, कूटयुद्धं, तूष्णीयुद्धम् ।

42 बलविशिष्टः कृतोपजापः प्रतिविहितर्तुः स्वभूम्यां प्रकाशयुद्धमुपेयात् विपर्यये कूटयुद्धम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

भएपछि आगो लगाउनु हुँदैन । मन्दिर, उद्यान र फलफूलका वृक्ष नष्ट गर्नु हुँदैन। युद्धमा संलग्न सैनिकसँग राम्रो व्यवहार गर्नुपर्छ । युद्ध वन्दीलाई मानवतापूर्ण व्यवहार गर्नुपर्छ । घाइते र बिरामी परेका शत्रु पक्षका सेनाप्रति पनि सहानुभूतिपूर्वक व्यवहार गर्नुपर्छ ।

२९.४. युद्धको उपलब्धि (Achievement of War)

विजयी राजाले युद्धबाट तीन प्रकारका लाभ प्राप्त गर्दछ भन्ने कौटिल्यको विचार छ । युद्धको उपलब्धि लाभ हो । युद्ध जित्ने राजाले गाउँ र जङ्गल आदि गरी दुई किसिमका उपलब्धि प्राप्त गर्दछन् । नव, भूतपूर्व र पित्र्य लाभ तीन प्रकारका लाभ हुन्छन्[43] (कौटिल्य,२०००, अधि.१३, अ.५) । नयाँ राज्यको प्राप्ति नव लाभ हो । पहिले आफ्नो अधीनमा रहेको तर हाल शत्रुको नियन्त्रणमा गएको राज्य पुन: फिर्ता ल्याउनु भूतपूर्व लाभ हो । पिताका कारण शत्रुको नियन्त्रणमा गएको राज्य पुन: प्राप्त गर्नु पित्र्य लाभ हो । कौटिल्यका अनुसार विजिगीषु राजाले यी तीनै किसिमका लाभ प्राप्त गरेर आफ्नो असल गुण र शासनद्वारा विजित राज्यका प्रजालाई खुसी बनाउनु पर्दछ ।

२९.५. पराजित शत्रुप्रति उदार व्यवहार (Liberal Treatment to the Defeated Enemy)

कौटिल्यका अनुसार युद्धको प्रमुख उद्देश्य साम्राज्य निर्माण गर्नु थियो । कौटिल्य पराजित शत्रुप्रति उदारता देखाउनु पर्दछ भन्ने प्राचीन हिन्दु राजनीतिक चिन्तनको मान्यताका समर्थक रहेका छन् । विजयी राजाले पराजित राज्यलाई उदारतापूर्वक सधै आफ्नो अधीनमा राख्न सक्नु पर्दछ भन्ने उनको विचार छ । विजिगीषु राजाले शत्रुका दोषलाई आफ्ना असल गुणले ढाकिदिनु पर्दछ र शत्रुका गुणलाई आफ्ना गुण दोबर पारेर पराजित गर्नुपर्छ[44] (कौटिल्य,२०००, अधि.१३, अ.५) भन्ने कौटिल्यको भनाइ छ । उनका अनुसार शक्तिशाली राजा धर्मविजयी, लोभविजयी र असुरविजयी गरी तीन प्रकारका हुन्छन् । पराजित राजाले आत्मसमर्पण गरेपछि सन्तुष्ट हुने राजालाई धर्मविजयी भनिन्छ । भूमि र धन लिएर सन्तुष्ट हुने राजालाई लोभविजयी भनिन्छ भने पराजित राजाको भूमि, धन, स्त्री, पुत्र र प्राण लिएर सन्तुष्ट हुने राजालाई

---

[43] त्रिविधश्चास्य लाभ;- नवो, भूतपूर्व:, पित्र्य इति ।

[44] .... परदोषान् स्वगुणैश्छादयेत् गुणान् गुणद्वैगुण्येन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

असुरविजयी भनिन्छ (कौटिल्य,२०००, अधि.१२, अ.१)। विजिगीषु राजाले धर्म, कर्म, कृपा, करछुट, दान, सम्मान आदि असल कार्यद्वारा पराजित राज्यका प्रजाको कल्याणकारी कार्यमा लागिरहनु पर्छ। जितिएका राज्यका प्रजाको जस्तै शील, वेषभूषा, भाषा, आचार र व्यवहार गर्नुपर्छ। विजय प्राप्त गरेपछि राजाले पराजित राज्यका जनताको विश्वासअनुसार मन्दिरमा पूजाआजा र उत्सवमा भक्तिभाव देखाउनु पर्छ। दीन दुखी, अनाथ तथा रोगी व्यक्तिलाई आवश्यक सहयोग गर्नुपर्छ (कौटिल्य,२०००, अधि.१३, अ. ५)।

कौटिल्यका अनुसार भारतीय उपमहाद्वीपको सम्पूर्ण भूभागमा साम्राज्य निर्माण गर्नु विजिगीषु राजाको विदेश नीतिको लक्ष्य थियो। साम्राज्य निर्माण गरिसकेपछि सम्राटले वर्णाश्रम धर्मको पालना गराएर धर्मअनुसार राज्यको उपभोग गर्नुपर्छ भन्ने कौटिल्यको निष्कर्ष छ[45] (कौटिल्य,२०००, अधि.१३, अ.४)।

३०. न्याय प्रणाली (Judicial Administration)

प्राचीन हिन्दु राज्य व्यवस्थामा सरकारका अङ्गहरूको विकास भएको थिएन। कार्यपालिका र न्यायपालिकासम्बन्धी शक्ति राजामा केन्द्रित थियो। राजालाई कानुन बनाउने शक्ति भने दिइएको थिएन। राजाले राजधर्ममा निर्दिष्ट व्यवस्था अनुसार शासन सञ्चालन गर्नु पर्दथ्यो। दुष्टहरूलाई दण्ड दिनु र सज्जनको रक्षा गर्नु राजाको कर्तव्य मानिन्थ्यो। धर्मशास्त्र एवं नीतिशास्त्रका ग्रन्थहरूमा न्याय प्रशासनसम्बन्धी स्पष्ट सङ्केत पाइन्छ। मनुस्मृति, शुक्रनीति आदि ग्रन्थमा राजालाई न्यायको स्रोत मानिएको छ। कौटिल्यले अर्थशास्त्रमा न्याय प्रशासनका विभिन्न पक्षको विशद विश्लेषण प्रस्तुत गरिएको छ। उनका अनुसार विधिको स्वरूप, न्यायालयको गठन र न्याय सम्पादनसम्बन्धी प्रक्रियाको संक्षिप्त विवरण निम्नानुसार रहेको छ।

३०.१. विधिको प्रकृति र स्रोत (Nature and Sources of Law)

प्राचीन आर्यहरूको जीवन वैदिक सनातन धर्मका नियमअनुसार परिचालित हुने गर्दथ्यो। वेद मूल कानुन मानिन्थ्यो। सम्पूर्ण वेद, वेदज्ञद्वारा रचित स्मृतिशील, सदाचार र सदाचारमा मत भिन्नता भएमा आफ्नो मन सन्तुष्ट हुने मत धर्मका मूल वा प्रमाण हुन्[46] (मनु, १९८३, अ.२, श्लो.६) भन्ने

---

[45] जित्वा च पृथिवीं विभक्तवर्णाश्रमां स्वधर्मेण भुञ्जीत।

[46] वेदोऽखिलो धर्ममूलं स्मृतिशीले च तद्विदाम्।
आचारश्चैव साधूनामात्मनस्तुष्टिरेव च।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मनुको भनाइ छ । यी शास्त्रीय मान्यताका आधारमा राजाले राज्यको न्याय प्रशासन सञ्चालन गर्नुपर्छ भन्ने मनुको विचार छ । यसका साथै जातीय विविधतालाई पनि मनुस्मृतिमा स्वीकार गरिएको छ । जातिधर्म, देशधर्म, श्रेणीधर्म र कुलधर्मको समीक्षा गरेर तिनका मान्यताको प्रतिकूल नहुने गरी राजाले मुद्दाको फैसला वा निर्णय गर्नुपर्छ[47] (मनु, १९८३, अ.८, श्लो.४१) भन्ने मनुस्मृतिको वचनबाट कुलधर्म र जातिधर्म, देशधर्म आदिलाई मान्यता दिएको पुष्टि हुन्छ । वेद, स्मृति, सदाचार, जातिधर्म, कुलधर्म, देशधर्म र श्रेणीधर्मका आधारमा मात्र न्याय सम्पादन गर्नुपर्ने मनुको स्पष्ट विचार छ । वेद, स्मृति र सदाचारमा विभिन्न मत देखिएमा आफ्नो आत्मालाई प्रिय लागेको मतलाई आधिकारिक मान्नुपर्छ भन्ने पनि मनुको मत रहेको छ । उनले राजाको आदेशलाई कानुनी मान्यता दिएका छैनन् । याज्ञवल्क्यले आफ्नो धर्मको विरुद्ध नहुने गरी राजाले बनाएको सामयिक धर्मको पनि पालन गर्ने प्रयत्न गर्नुपर्छ भनेका छन् (याज्ञवल्क्य, २०११, अ.२, श्लो.१८६) । यसबाट याज्ञवल्क्य राजाको आदेशलाई पनि कानुन मान्ने पक्षमा रहेका देखिन्छन् । कौटिल्यका अनुसार धर्म, व्यवहार, चरित्र र राजशासन कानुनका चार आधार हुन् यिनका आधारमा विवादको निर्णय गर्नुपर्दछ । धर्म सत्यमा आधारित हुन्छ र साक्षीले भनेका विषयलाई व्यवहार भनिन्छ । चरित्र समाजमा प्रचलित सदाचार वा परम्परा हो । राजाको आज्ञालाई राजशासन भनिन्छ[48] (कौटिल्य, २०००, अधि.३, अ.१, श्लो.३) । उक्त कानुनका चार आधारमध्ये राजाज्ञा सबै भन्दा महत्त्वपूर्ण हुन्छ भन्ने कौटिल्यको विचार छ । चरित्र वा लोकाचार धर्मशास्त्रको विरुद्ध देखिएमा धर्मशास्त्रलाई आधिकारिक मान्नुपर्छ । कुनै विषयमा राजाको धर्मन्याय (धर्ममा आधारित निर्णय) धर्मशास्त्रको मतको विरुद्ध भएमा राजाको न्यायिक निर्णयलाई आधिकारिक मान्नुपर्छ । यसो गर्दा केवल धर्मशास्त्रको पाठ नष्ट हुन्छ , न्याय नष्ट हुँदैन (कौटिल्य, २०००, अधि.३, अ.१, श्लो.८) । कौटिल्यले न्याय (सत्य) लाई कानुनको महत्त्वपूर्ण स्रोत मानेका छन् (Mookerji. 1999. P.149) । कौटिल्यको यो विचारका आधारमा उनी परम्परागत मान्यता भन्दा माथि उठेको देखिन्छ तापनि राजाको न्यायिक निर्णय परम्परागत शास्त्रीय मान्यताका विरुद्ध जान सक्ने अवस्था भने रहेको देखिँदैन । यी मान्यताको प्रतिकूल कुनै आदेश जारी गर्ने

---

[47] जातिजानपदान्धर्माञ्श्रेणीधर्मांश्च धर्मवित् ।
समीक्ष्य कुलधर्मांश्च स्वधर्मं प्रतिपादयेत् ।

[48] अत्र सत्ये स्थितो धर्मो व्यवहारस्तु साक्षिषु ।
चरित्रं सङ्ग्रहे पुंसां राज्ञामाज्ञा तु शासनम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

शक्ति राजालाई दिइएको छैन । कौटिल्यले राजालाई राजधर्मले निर्धारण गरेको कर्तव्यको सीमा भित्र रहेर शास्त्रअनुसार न्यायप्रशासन सञ्चालनको शक्ति दिएका छन् ।

३०.२. न्यायालयको स्थापना (Organization of Judiciary)

प्राचीन हिन्दु राजनीतिक चिन्तनमा राजालाई न्यायको स्रोत मानिएको छ । जनताको जीवन एवं सम्पत्तिको रक्षा तथा दुष्टलाई दण्ड दिन र सज्जनको रक्षा गर्नका लागि न्यायालय प्रशासनको आवश्यकता मानिन्थ्यो । दुष्टलाई दण्ड दिनु र सज्जनको रक्षा गर्नु राजाको धर्म भनिएको छ । दुष्ट व्यक्तिको उत्पीडनबाट प्रजाको रक्षा एवं व्यवसायी तथा राज्यका कर्मचारीहरूको उत्पीडन र शोषणबाट प्रजाको रक्षा गर्नका लागि न्यायालयको आवश्यकता पर्छ भन्ने कौटिल्यको विचार छ ।

वैदिक युगमा राजा राष्ट्र सभामा बसेर व्यवहार वा विवादको निर्णय गर्ने गर्दथे (बाजपेयी, वि. सं.२००६, पृ.२३१) । वैदिक युगको न्यायालयलाई सभा भन्ने प्रचलनले स्मृति काल सम्म निरन्तरता पाएको देखिन्छ । मनुले न्यायालयलाई सभा भनेका छन् । मनुस्मृतिका अनुसार ब्राह्मणहरू र विचारशील मन्त्रीहरूका साथ विवादबारे निर्णय गर्ने इच्छा राख्ने राजा सभामा प्रवेश गर्नुपर्छ। सभामा बसेर वा उभिएर नै दाहिने हात उठाएर विनीत वेश र अलङ्कार युक्त भएर कर्मचारीका कार्यहरू अवलोकन गर्नुपर्छ (मनु, १९८३, अ.८, श्लो.१-२) । राजाले सभाको अध्यक्षता आफै गर्नुपर्ने मनुको मत छ । यदि राजाले आफै काम गर्न नसकेमा विद्वान् ब्राह्मणलाई नियुक्त गर्नुपर्छ (मनु, १९८३, अ.८, श्लो.९) । वेद जान्ने तीन जना ब्राह्मणहरू रहेको सभा गठनको व्यवस्था मनुले गरेका छन् (मनु, १९८३, अ.८, श्लो.१०-११) । राजाबाट अधिकार पाएका तीन जना वेदविज्ञ विद्वान् रहेको सभा हुन्छ । सभामा बस्ने व्यक्तिहरूले अधर्मबाट धर्मको रक्षा गर्नुपर्छ । असत्य वचन बोल्नु हुँदैन । पक्षपाती भएर सत्य छाड्नु हुँदैन । झुटो बोल्ने व्यक्तिलाई दण्डित गर्नुपर्छ । (मनु, १९८३, अ.८, श्लो.२० र २१) । शुक्राचार्यले न्यायालयलाई सभा र न्याय दिन राजा बस्ने आसनलाई धर्मासन भनेका छन् (शुक्र, वि. सं. २०५६, अ.४, प्र.५, श्लो.४४) । उनले सबै जातिका व्यक्तिलाई न्यायालयका सदस्यमा नियुक्त गर्नुपर्छ भनेका छन् (शुक्र, वि. सं. २०५६, अ.४, प्र.५, श्लो.१७) । कौटिल्यले राजाले योग्य व्यक्तिलाई न्यायाधीश पदमा नियुक्त गर्नुपर्छ भनेका छन् । मन्त्रीका लागि चाहिने योग्यता नै उनका अनुसार न्यायाधीशका लागि चाहिने योग्यता हो । आफ्नो देशमा जन्मेको, कुलीन, कुनै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अवगुण नभएको, अर्थशास्त्रको ज्ञाता आदि योग्यता भएको व्यक्तिलाई अमात्य पदमा नियुक्त गर्नु पर्छ । धार्मिक परीक्षामा योग्य प्रमाणित भएको अमात्यलाई धर्मस्थानीय र कण्टकशोधनसम्बन्धी कार्यमा नियुक्त गर्नुपर्छ (कौटिल्य, २०००, अधि.१, अ.९)।

कौटिल्यले न्यायप्रशासनलाई व्यवहार र कण्टकशोधन गरी दुई भागमा विभाजन गरेका छन् । व्यवहारसम्बन्धी न्यायालयलाई धर्मस्थ न्यायालय भनिएको छ (कौटिल्य, २०००, अधि.३, अ.१) । व्यवहार अन्तर्गत दोषी व्यक्तिलाई दण्ड दिनु र निर्दोष व्यक्तिको अधिकार संरक्षण गर्नु राज्यको कर्तव्य हो । गम्भीर प्रकृतिका अपराधको सुनुवाइका लागि कण्टकशोधन न्यायालयको व्यवस्था कौटिल्यले गरेका छन् (कौटिल्य, २०००, अधि.४, अ.१) । दुष्ट कर्मचारी, व्यवसायी, राजद्रोही आदिको सुनुवाइ कण्टकशोधन न्यायालयमा गर्ने व्यवस्था छ ।

कौटिल्य सामान्य किसिमका विवादको सुनुवाइ गरी निर्णय दिने न्यायालय स्थानीय तहमा गठन गर्नुपर्ने पक्षमा छन् । एक जनपद वा गाउँको सीमामा सबैभन्दा तल्लो तहको संरचना, दश गाउँको बीचमा संग्रहण, चार शय गाउँका बीचमा द्रोणमुख, आठ शय गाउँका बीचमा स्थानीय सरकार गठनको व्यवस्थाअनुसार ती स्थानमा तीन जना धर्मस्थ र तीन जना अमात्य रहेको न्यायालय स्थापना गर्ने र व्यवहार वा विवादको निर्णय गर्ने व्यवस्था मिलाउनु पर्छ भनी कौटिल्यले उल्लेख गरेका छन् । उनले न्यायकर्तालाई धर्मस्थ भनेका छन् । (कौटिल्य, २०००, अधि.३, अ.१) । स्थानीय तहमा सरल तरिकाबाट न्यायिक निर्णयको लागि स्थानीय न्यायालयको स्थापनामा कौटिल्यले जोड दिएका छन् ।

गम्भीर प्रकृतिका अपराधको निर्णयका लागि अलग न्यायालयको स्थापना गर्नुपर्छ भन्ने कौटिल्यको विचार छ । गम्भीर प्रकृतिका विवादको निर्णयलाई कण्टकशोधन भनिएको छ । व्यवसायीद्वारा गरिने प्रजाको शोषण, दुष्ट व्यक्तिबाट प्रजालाई दिइने पीडा र राज्यका कर्मचारीको उत्पीडनबाट प्रजाको रक्षाका निम्ति कण्टकशोधन न्यायालयको व्यवस्था कौटिल्यले गरेका छन् । राजाद्वारा नियुक्त तीन जना न्यायाधीश कण्टकशोधन न्यायालयमा रहने व्यवस्था उनले गरेका छन् । न्यायाधीशलाई प्रदेष्टा भनिन्छ (कौटिल्य, २०००, अधि.४, अ.१) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कौटिल्यले विभिन्न न्यायालयको स्थापना गरेर न्याय सम्पादन गराउनु पर्ने बताएका भए तापनि न्याय सम्पादनको अन्तिम दायित्व भने राजाको मानेका छन् । न्याय प्रदान गर्ने नियुक्त धर्मस्थ र प्रदेष्टाबाट न्याय सम्पादन ठीकसँग नभएमा राजाले तिनलाई दण्ड दिनुपर्छ (कौटिल्य, २०००, अधि.४, अ.९) । कौटिल्यले राजालाई दिनको दोस्रो प्रहरमा न्याय सम्पादनसम्बन्धी कार्य गर्नुपर्छ भनेका छन् (कौटिल्य, २०००, अधि.१, अ.१८) । यसबाट न्याय सम्पादनको दायित्व र सर्वोच्च अधिकार राजामा निहित गरेको स्पष्ट हुन्छ ।

३०.३. विवादका प्रकार (Types of Disputes)

मनुले न्यायिक व्यवस्थालाई व्यवहार भनेका छन् । व्यवहारमा अठार प्रकारका विवादको चर्चा मनुस्मृतिमा गरिएको छ । ऋण लिने र नतिर्ने, नासो राख्ने र फिर्ता नगर्ने, मालिकलाई नसोधी कुनै वस्तु बेच्ने, संयुक्त व्यवसाय, दान दिएको वस्तु हरण गर्ने, निर्धारित पारिश्रमिक नदिने, प्रतिज्ञा पालन नगर्ने, खरीद विक्रीबीच बढी अन्तर पार्ने, पशुका मालिक र पशुपालकबीचको विवाद, सीमा विवाद, गाली-धम्की, मारपीट, चोरी, डकैती, परस्त्रीसम्बन्धी विवाद, लोग्ने-स्वास्नीको सम्बन्ध, अंशवण्डा र जुवासम्बन्धी विवाद गरी अठार प्रकारका विवादबारे मनुस्मृतिमा उल्लेख गरिएको छ (मनु,१९८३, अ.८, श्लो.४-७) । कौटिल्यले व्यवहार अन्तर्गत स्त्री-पुरुष सम्बन्ध, अंशबण्डा, वास्तुसम्बन्धी विवाद, दान, पारिश्रमिक दिने, लेनदेन, सीमा विवाद, चोरी, कुटपिट, आदि विवाद समावेश गरेका छन् । व्यवसायी र व्यापारीबाट हुने शोषण, दुष्ट व्यक्तिबाट गरिने उत्पिडन र राज्यका कर्मचारीबाट हुने उत्पीडनबाट प्रजाको रक्षा कण्टकशोधनअन्तर्गत राखिएको छ ।

३०.४. प्रमाण (Evidences)

विवादको न्यायिक निर्णय गर्न प्रमाणको ठूलो महत्त्व हुन्छ । प्राचीन हिन्दु राजनीतिक चिन्तनमा न्याय प्रशासनका सन्दर्भमा के कस्ता प्रमाण ग्राह्य हुन्छन् भन्ने विषयमा विशद व्याख्या गरिएको छ । मनुले न्याय सम्पादमा प्रमाणलाई विशेष महत्त्व दिएका छन् । उनले लेख, साक्षी, भोग र दिव्य गरी चार प्रकारका प्रमाणको उल्लेख गरेका छन् । प्रमाण मध्ये उनले लिखित प्रमाणलाई विशेष महत्त्व दिएका छन् (मनु, १९८३, अ.८, श्लो.५२) । नक्कली लिखतलाई भने मान्यता दिन नहुने उनको भनाइ रहेको छ । लिखित प्रमाण पछि साक्षी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रमाणलाई महत्त्वपूर्ण मानिएको छ। मनुले साक्षीका लागि योग्यता निर्धारण गरेका छन्। गृहस्थ, पुत्रवान्, छिमेकमा बस्ने क्षत्री, वैश्य र शूद्र साक्षी हुन सक्छन् (मनु, १९८३, अ.८, श्लो.६२)। सबै वर्णका यथार्थ वक्ता, धर्मका ज्ञाता र लोभरहित व्यक्ति लेनदेनसम्बन्धी विवादमा साक्षी हुन सक्छन् (मनु, १९८३, अ.८, श्लो.६३)। मुद्दाका पक्षसित लेनदेन व्यवहार भएका, इष्टमित्र, सहायक, शत्रु, असत्य बोल्ने, रोगबाट पीडित र पापी व्यक्ति साक्षीका लागि योग्य हुँदैनन्। राजा, कारिगर, नाच्ने व्यक्ति, वेदाध्यायी, ब्रह्मचारी र संन्यासी, दास, निन्दनीय, क्रूर, निषिद्ध कर्म गर्ने, वृद्ध, अन्त्यज, र विकलेन्द्रियलाई साक्षी बनाउनु हुँदैन। शोकार्त, मत्त, पागल, भोक-तिर्खाबाट पीडित, परिश्रम गरेर थाकेको, कामातुर, क्रोधी र चोर साक्षीका लागि योग्य हुँदैनन् (मनु, १९८३, अ.८, श्लो.६४-६७)। महिलाका साक्षी महिला राख्नुका साथै, ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र र अन्त्यजका साक्षी पनि तत्तत् वर्ण कै हुनुपर्छ (मनु, १९८३, अ.८, श्लो.६८)। भोग महत्त्वपूर्ण प्रमाण मान्ने मनुको मत छ। यदि कुनै वस्तुको वास्तविक मालिकले अन्य व्यक्तिद्वारा आफ्नो वस्तु दस वर्षसम्म भोग गरेको देखेर पनि केही भन्दैन र दाबी विरोध पनि गर्दैन भने त्यो वस्तु वास्तविक स्वामीले फिर्ता लिन सक्दैन। यदि वस्तुको स्वामी जड छैन र सोह्र वर्षमाथिको छ भने उसको सामुन्नेमा अन्य व्यक्तिले उसको वस्तु दस वर्षसम्म भोग गरिरहेको छ भने त्यो वस्तु भोग गर्नेको हुन्छ। त्यो धनमाथि स्वामीको अधिकार हुँदैन (मनु, १९८३, अ.८, श्लो. १४७-१४८)। यसरी होस ठेगानमा नभएको व्यक्ति र नाबालक बाहेक अन्य व्यक्तिले आफ्नो धन अर्काले भोग गरेको देखेर पनि दस वर्षसम्म दाबी विरोध गर्दैन भने भोग गर्नेको भोगाधिकार स्थापना हुने व्यवस्था मनुले गरेका छन्। उक्त तीन प्रकारका प्रमाण प्राप्त नभएमा दिव्य प्रमाणलाई मान्यता दिनुपर्ने पक्षमा मनु छन्। शपथ, अग्नि र जल परीक्षालाई दिव्य प्रमाण भनिन्छ। ब्राह्मणलाई सत्यको, क्षत्रियलाई वाहन र शस्त्रको, वैश्यलाई गाई, बीउ तथा सुनको र शूद्रलाई सबै पापको शपथ गराएर साक्षी बक्न लगाउनुपर्छ (मनु, १९८३, अ.८, श्लो. ११३)। कौटिल्यले पनि परम्परागत लिखत, साक्षी र भोगलाई प्रमाण मानेका छन्। सत्यता पत्ता लगाउन गुप्तचरको प्रयोग पनि गर्न सकिन्छ भन्ने कौटिल्यको विचार छ। साक्षीको योग्यताको पनि उनले विशद व्याख्या गरेका छन्। साक्षीलाई शपथ गराएर मात्र प्रश्न शोध्नु पर्छ (कौटिल्य, २०००, अधि.३,अ.११) भन्ने कौटिल्यको विचारबाट उनले दिव्य प्रमाणलाई पनि मान्यता दिएको स्पष्ट हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

विधिद्वारा निर्देश गरिएअनुसार प्रमाणसमेत बुझी विवादको निर्णय गर्नु हिन्दु राज्य व्यवस्थामा राजाको कर्तव्य मानिएको छ ।

३०.५. न्याय सम्पादनको सिद्धान्त

(Theories of Judicial Administration)

राजनीतिको मुख्य उद्देश्य राज्यमा सुख र समृद्धिको विस्तार गर्नु हो । प्रजाको सुख नै राजाको सुख हो भन्ने कौटिल्यको मत रहेको छ (कौटिल्य, २०००, अधि.१, अ.१४) । उनले सुखलाई सिद्धि मानेका छन् (कौटिल्य, २०००, अधि.६, अ.२) । दण्डनीय व्यक्ति दण्डित हुनुपर्छ तर निरपराध व्यक्ति दण्डित हुनुहुँदैन भन्ने न्यायको सिद्धान्त मनुको रहेको छ (मनु, १९८३, अ.८, श्लो.१२८) । राजाले स्वयं वा योग्य न्यायधीशद्वारा न्याय सम्पादन गर्नु पर्दछ भन्ने मान्यता थियो । परम्परागत मान्यताको अनुसरण गर्दै न्याय सम्पादलाई कौटिल्यले राजको कर्तव्य भित्र समावेश गरेका छन् ।

१) सदाचारको स्थापना (Maintaining Good Conduct)

सदाचारको स्थापना प्रशासनको मुख्य उद्देश्य हो । जनतालाई आ-आफ्नो धर्म पालन गराउनु राजाको कर्तव्य मानिएको छ । धर्मबाट भ्रष्ट व्यक्तिलाई विधि अनुसार दण्ड दिएर सदाचारको पालना गराउनका लागि राजाले न्याय सम्पादन गर्नुपर्छ[49] (गौतम, १९७९, २, २३१) । दुष्टलाई दण्ड दिएर सज्जनको रक्षा गर्नु न्याय व्यवस्थाको कर्तव्य हो । पापीलाई दण्ड दिएर शुद्ध पार्न पनि न्याय व्यवस्था आवश्यक मानिन्थ्यो । राजाबाट पापी दण्डित भएन भने मृत्यु पछिको जीवनमा समेत दण्डित हुन्छ भन्ने मान्यता रहेकाले दण्ड व्यवस्थाको आध्यात्मिक महत्त्व पनि रहेको सिद्ध हुन्छ ।

२) विधिका अधीनमा राजा (The King is Under the Laws)

प्राचीन राजनीति चिन्तनमा विधिको पालना गर्नु राजाका लागिसमेत अनिवार्य मानिएको छ । राजालाई स्वेच्छाचारी हुन नदिन विधिका अधीनमा राखिएको छ । राजाले शाश्वत सनातन धर्मका आधारमा विवादको निर्णय गर्नुपर्छ भन्ने मनुको विचार छ (मनु, १९८३, अ.८, श्लो.८) । शुक्राचार्यले राजा स्वेच्छाचारी भएमा प्रजाले विद्रोह गर्ने र राज्यको विनाश हुने बताएका छन्[50]

---

49 चलतश्चैतान् स्वधर्मे स्थापयेत् ।

50 प्रभुस्वातन्त्र्यमापन्नो ह्यनर्थायैव कल्पते ।

भिन्नराष्ट्रो भवेत्सद्यो भिन्नप्रकृतिरेव च ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

(शुक्र, वि. सं. २०५६, अ.२, श्लो.४) । स्थापित विधिका आधारमा न्याय सम्पादन गर्नु राजाको कर्तव्य मानिएको छ । यस परम्परालाई कौटिल्यले पनि निरन्तरता दिएका छन् । राजाको इच्छा अनुसार स्थापित विधिमा परिवर्तन गर्न सक्ने व्यवस्था उनले गरेका छैनन् । आधुनिक राज्यमा जस्तो व्यवस्थापिकाबाट कानुन परिवर्तन गर्ने व्यवस्था पनि तात्कालिक राज्य व्यवस्थामा पाइँदैन । यति हुँदाहुँदै पनि कानुन अपरिवर्तनीय भने थिएन । सामाजिक परम्परा र अभ्यासमा लामो समयको अन्तरालमा क्रमश: हुने परिवर्तनसँगै कानुनमा पनि परिवर्तन हुन्थ्यो (Altekar, 2001, P.261) । यस्तो परिवर्तनलाई समाजले स्वीकार गर्ने गरेको देखिन्छ ।

३) निष्पक्ष न्याय (Impartiality in Judicial Decision)

राजाले पक्षपातरहित न्याय गर्नुपर्छ भन्ने हिन्दु राज्य व्यवस्थामा स्थापित मान्यता रहेको छ । राजाले रानी, पुत्र, दास, दूत, मित्र र सहोदर भाइलाई पनि दण्ड दिनुपर्छ भन्ने मनुको विचार छ (मनु, १९८३, अ.८, श्लो.२९९) । कौटिल्यले पनि निष्पक्ष न्याय सम्पादन गर्नु राजाको कर्तव्य मानेका छन् ।

४) न्यायिक निर्णयमा शीघ्रता (Quick Decision)

न्यायिक निर्णय ढिलो गर्नु हुँदैन र न्यायिक प्रक्रिया सरल हुनुपर्छ भन्ने कौटिल्यको मान्यता छ । वादीले उचित समयमा आफ्नो पक्ष प्रस्तुत गर्नुपर्छ र प्रतिवादीले त्यसको उत्तर तीन रात भित्र दिनुपर्छ भन्ने उनको विचार छ (कौटिल्य, २००, अधि.३, अ.१) । न्यायिक निर्णय गर्ने शक्तिका साथै निर्णय कार्यान्वयनको अधिकारसमेत राजामा निहित गरिएको हुँदा न्यायिक निर्णयको कार्यान्वयनमा पनि शीघ्रता हुने कौटिल्यको न्यायको विशेषता रहेको छ । उनले न्याय सम्पादनको व्यावहारिक पक्षमा विशेष जोड दिएका छन् ।

५) दण्ड व्यवस्थामा असमानता (Inequality in Punishment)

कौटिल्यको दण्ड व्यवस्थामा भेदभावपूर्ण देखिन्छ । एउटै अपराधमा वर्णअनुसार फरकफरक दण्ड सजाय तोकिएको छ । यो व्यवस्था आधुनिक विधिको शासनको मान्यताको विपरीत देखिन्छ । ब्राह्मणलाई विशेष अधिकार दिइएको छ । जुन अपराध साधारण व्यक्तिलाई एक पण दण्ड हुन्छ; त्यही अपराधमा राजालाई एक हजार पण दण्ड हुनुपर्छ भन्ने शास्त्रको मान्यता रहेको छ (मनु, १९८३, अ.८, श्लो.३३६) । चोरीको गुण-दोष जान्ने शूद्रले चोरी गरेमा त्यसलाई चोरीको सामानको आठ गुणा, वैश्यलाई सोह्र गुणा, क्षत्रियलाई बत्तीस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

गुणा र ब्राह्मणलाई चौंसट्ठी, एक सय वा एक सय अट्ठाइस गुणासम्म दण्ड दिनुपर्छ भन्ने मनुको मत छ (मनु, १९८३, अ.८, श्लो.३३७ र ३३८)। दण्ड अपराधको प्रकृति र अपराधीको सामर्थ्यअनुसार हुनुपर्छ भन्ने कौटिल्यको विचार छ। समाजको नैतिकताको स्तर र परिस्थितिअनुसार व्यक्तिलाई दण्ड दिनुपर्छ। महिला बाह्र वर्ष र पुरुष सोह्र वर्ष पुगे पछि मात्र दण्ड योग्य हुन्छन् (कौटिल्य, २०००, अधि.३, अ.३)। असमान दण्ड व्यवस्थाले गर्दा कौटिल्यको दण्डसम्बन्धी मत आधुनिक विधिको शासन र लोकतन्त्रका मान्यतासँग मेल खाने देखिँदैनन्।

कौटिल्यले विधि, न्याय एवं न्याय व्यवस्थाको विस्तृत रूपमा विवेचना गरेका छन्। उनी लोककल्याणकारी राजतन्त्रका समर्थक हुन्। उनले न्याय सम्पादनको सर्वोच्च शक्ति राजामा निहित गरेका छन्। परम्परागत विधिका साथै न्यायका लागि राजाको विवेक एवं आज्ञालाई महत्त्व दिनु कौटिल्यको विशेषता हो। उनी समाजमा विद्यमान् आपराधिक प्रवृतिको अन्त्य गरी सुखी र सुव्यवस्थित समाजको निर्माणका निम्ति व्यवहारिक न्याय प्रणालीका पक्षमा छन्।

३१.आर्थिक नीति (Economic Policy)

कौटिल्यले कोष र दण्डको बललाई राज्यको प्रभुशक्ति मानेका छन्। राजनीति र अर्थव्यवस्थाबीच घनिष्ट सम्बन्ध हुन्छ भन्ने उनको विचार छ। कौटिल्यका अनुसार दण्डनीतिबाट अप्राप्य वस्तु प्राप्त हुन्छ, प्राप्त वस्तुको रक्षा हुन्छ, रक्षित वस्तुको वृद्धि हुन्छ र संवर्द्धित वस्तुलाई समुचित कार्यमा लगाउन निर्देशन पनि प्राप्त हुन्छ (कौटिल्य, २०००, अधि. १, अ. ३)। यस भनाइबाट उनी राजनीतिबाट अर्थनीति निर्देशित हुन्छ भन्ने पक्षमा रहेको स्पष्ट हुन्छ। साथै धनबिना राज्य सञ्चालन सम्भव नहुने हुँदा उनले कोषलाई राज्यको अङ्ग मानेका छन्। कौटिल्यले राज्यका सबै कार्यको आधार कोषलाई मान्दछन्। प्रजाको हित र राज्यको शक्ति अभिवृद्धिका लागि कोष महत्त्वपूर्ण हुने उनको विचार छ। प्रजाको सुख राजाको सुख हो तथा प्रजाको हित राजाको हित हो। राजाले आफूलाई प्रिय लाग्ने होइन जनतालाई प्रिय लाग्ने कार्यमा आफ्नो हित देख्नु पर्दछ[51] (कौटिल्य,अधि. १, अ. १८) भन्ने कौटिल्यको मान्यता छ। के गर्दा

---

51 प्रजासुखे सुखं राज्ञः प्रजानां च हिते हितम्।
नात्मप्रियहितं राज्ञः प्रजानां तु प्रियं हितम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सामाजिक न्याय हुन्छ र सबै जनताले सुख शान्ति प्राप्त गर्दछन् भन्ने बिषयमा उनको आर्थिक नीति केन्द्रित छ ।

सबै कार्य कोषमा निर्भर हुन्छन् । त्यस कारण राजाले सबैभन्दा पहिले कोषमा ध्यान दिनुपर्छ भन्ने कौटिल्यको भनाइ छ[52] (कौटिल्य, २०००, अधि. २, अ. ८) । राजाले कोषको वृद्धिका लागि निरन्तर प्रयत्न गर्नुपर्दछ । राजकोषमा कमी हुन गएमा वा अकस्मात् आर्थिक सङ्कट उत्पन्न भएमा राजाले कोष सञ्चय गर्नुपर्छ भन्ने कौटिल्यको भनाइ छ (कौटिल्य, २०००, अधि. ५, अ. २) । । उनले धर्मको मूल अर्थ र अर्थको मूल राज्यलाई मान्दछन्[53] (चाणक्यसूत्र २-३) । राज्यकोषको प्रमुखलाई कौटिल्यले *सन्निधाता* भनेका छन् । राजाबाट नियुक्त सन्निधाताको जिम्मामा राज्यकोष रहनुपर्दछ भन्ने उनको विचार छ ।

३१.१. राजस्वका स्रोत (**Sources of Revenue**)

बगैँचामा पाकेका फल जसरी टिपिन्छ त्यसैगरी राजाले दुष्ट व्यक्तिको धन लिनुपर्छ भने काँचो फल छाडे जस्तै धर्मात्मा व्यक्तिको धन छोड्नुपर्छ । धर्मात्मा व्यक्तिको धन लिएमा प्रजामा असन्तुष्टि फैलन सक्छ भन्ने कौटिल्यको मत छ (कौटिल्य, २०००, अधि. ५, अ. २) । जनतालाई करको भार बढी नपर्ने गरी कर निर्धारण गर्नुपर्ने उनको विचार छ । उनले राजस्वका विभिन्न स्रोतको उल्लेख गरेका छन् । १) दुर्ग : चुङ्गी कर, दण्ड, व्यापारीसँग लिइने कर, विभिन्न अधिकारी, जुवाडे, वेश्या, शिल्पी आदिसँग लिइने करलाई दुर्ग भनिन्छ । २) राष्ट्र : खेतीबाट उठ्ने कर, अन्नको छैटौं भाग, उपहारका रूपमा प्राप्त हुने धन, आदिलाई राष्ट्र भनिन्छ । ३) खनि : सुन, चाँदी, हीरा, फलाम आदि खनिज पदार्थको खानीबाट प्राप्त हुने आयलाई खनी भनिन्छ । ४) सेतु : फलफूल, केरा, सुपारी आदिबाट प्राप्त हुने करलाई सेतु भनिन्छ । ५) वन : हरिण आदि पशु, काठ तथा हात्ती भएको जंगलको आयलाई वन भनिन्छ । ६) ब्रज : गाई, भैँसी, घोडा, भेडा, बाख्रा आदि जनावरबाट प्राप्त हुने करलाई ब्रज भनिन्छ । ७) वणिक्पथ : व्यापारमा उपयोग हुने जलमार्ग र स्थलमार्गबाट लिइने करलाई वणिक्पथ भनिन्छ । यी राज्यका आम्दानीका स्रोत हुन् । यसका अतिरिक्त मूल

---

[52] कोषपूर्वाः सर्वारम्भाः । तस्मात् पूर्वं कोषमवेक्षेत ।

[53] धर्मस्य मूलमर्थः । अर्थस्य मूलं राज्यम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
(सागसब्जी, अनाज आदि बिक्री गरेर प्राप्त हुने धन), भाग (अन्न आदिको षष्ठांश), व्याजी (दुष्ट व्यापारीबाट उठाइएको दण्ड), परिघ (स्वामी पत्ता नलागेको धन), क्लृप्त (नियमित कर), रूपिक (नुनमा लगाइने कर), अत्यय (जरिवाना) आदि पनि राज्यका आम्दानीका स्रोत हुन् (कौटिल्य, २०००, अधि. २, अ. ६) । कौटिल्यले करका दर पनि उल्लेख गरेका छन् । आपतकालीन स्थितिमा अतिरिक्त कर लगाउन सकिने पनि उनले बताएका छन्छ । विवाह, व्रत, यज्ञ, दान, पूजा आदि धार्मिक कार्यसँग सम्बन्धित मालसामानमा कर छुटको व्यवस्था गरिएको छ (कौटिल्य, २०००, अधि. २, अ. २१) । नयाँ कृषिभूमि, तलाउ आदिमा पाँच वर्षसम्म कर छुट दिनुपर्छ (कौटिल्य, २०००, अधि. ३, अ. ९) । श्रोत्रिय ब्राह्मणलाई पनि करमुक्त गरिएको छ (कौटिल्य, २००००, अधि. ५, अ. २) ।

३१.२. व्ययका स्थान (Expenditure)

कौटिल्यका अनुसार धन प्राप्त गर्नु, प्राप्त धनको रक्षा गर्नु, रक्षित धनको वृद्धि गर्नु र त्यो धन उपयुक्त स्थानमा खर्च गर्नु[54] राजाको कर्तव्य हो (कौटिल्य, २०००, अधि. १, अ. ३) । देवपूजा, पितृपूजा, दान, स्वस्तिवाचन आदि धार्मिक कार्य, राजभवनको व्यवस्थापन, दूत एवं अन्य सरकारी अधिकारीको पारिश्रमिक, कृषि, व्यापार एवं पशुपालन, सेनाको व्यवस्थापन, वन र वन्य जन्तुको सुरक्षा आदिका लागि गरिने खर्च राज्यकोषबाट व्यय हुने स्थान हुन् (कौटिल्य, २०००, अधि. २, अ. ६) । दुर्भिक्ष एवं आपत्ति आइपरेका समयमा राजाले सारा प्रजाको रक्षा गर्न सक्नु पर्दछ भन्ने कौटिल्यको भनाइ छ (कौटिल्य, २०००, अधि. ६. अ. १) । यसरी उनी जनताको कल्याणको कार्यमा राज्यकोषबाट खर्च गर्नुपर्ने पक्षमा छन् ।

३१.३. आर्थिक प्रणाली (Economic System)

कौटिल्यले वर्ण व्यवस्थाको समर्थन गरेका छन् । ब्राह्मण, क्षत्रिय,वैश्य र शूद्र गरी चार वर्णको व्यवस्थालाई उनले श्रम विभाजनको आधार मानेका छन्। अध्ययन-अध्यापन गर्नु, यज्ञ गर्नु, यज्ञ गराउनु, दान दिनु, दान लिनु ब्राह्मणका कार्य हुन् । अध्ययन गर्नु, यज्ञ गर्नु, दान दिनु र राज्य सञ्चालन र यसको रक्षा गर्नु क्षत्रियको लागि निर्धारित कर्म हुन् । अध्ययन गर्नु, यज्ञ गर्नु,

---

[54].... वृद्धस्य तीर्थेषु प्रतिपादिनी च ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

दान दिनु, कृषि, पशुपालन र उद्योग व्यापार गर्नु वैश्यको कर्म हो । शूद्रका लागि बाँकी तीन वर्णका व्यक्तिका कार्यमा सहयोग गर्नुका साथै कृषि, पशुपालन र व्यापार एवं शिल्पकारको कार्य पनि निर्धारण गरिएको छ (कौटिल्य, २०००, अधि. १. अ. २) । ब्राह्मण र क्षत्रिय वर्णलाई राज्यको आर्थिक अधिकारबाट वञ्चित गरिएको छ । उनीहरूको जीविकाको बन्दोबस्त राज्यले गर्नुपर्ने कौटिल्यको विचार छ । शूद्रलाई राज्यको सैनिकमा समेत भर्ना गर्ने पक्षमा उनी छन् । परम्परागत मान्यताका विपरीत शूद्रलाई सैनिक सेवामा भर्नाको अवसर दिनुका साथै कृषि, पशुपालन र शिल्पकारिताका क्षेत्रमा समेत अवसर दिइएकाले कौटिल्यकालिक समाजमा शूद्रको अवस्था समेत राम्रो रहेको अनुमान गर्न सकिन्छ । वैश्य र शूद्रलाई आर्थिक गतिविधिमा संलग्न गरिएको छ । करको दायित्व पनि यी दुई वर्णमा सीमित गरिएको छ ।

कौटिल्यका अनुसार भूमि उत्पादनको प्रमुख साधन हो । यही भूमिमा अन्न फलाउनु प्रमुख जीविका थियो । तर कृषि योग्य जमीनको स्वामित्व कौटिल्यको समयमा राज्यको हुन्थ्यो । राज्यलाई निश्चित कर तिर्ने सर्तमा जमीन कृषकलाई उपलब्ध गराइन्थ्यो । यदि कुनै व्यक्तिले आफ्नो परिश्रबाट बाँझो जमीनलाई कृषियोग्य बनाएको छ भने त्यस जमीनमा त्यसको पूर्ण स्वामित्व हुन्थ्यो । राज्यले कृषि गर्ने गरेको शङ्केत पनि कौटिल्यको अर्थशास्त्रमा पाइन्छ । राज्यको कृषि विभागको प्रमुखलाई सीताध्यक्ष भनिएको छ । राज्यको सम्पूर्ण कृषि योग्य भूमिमा खेती गराउनु सीताध्यक्षको कर्तव्य मानिएको छ (कौटिल्य. २०००, अधि. २. अ. २४.) । राज्यमा एउटा पशु विभाग स्थापना गर्नुपर्ने पनि कौटिल्यको विचार छ । पशुपालन गर्नु यस विभागको कार्य मानिएको छ । पशुपालन राज्यको नियन्त्रणमा राख्नु नै सर्वोत्तम र समीचीन व्यवस्था हो भन्ने उनको मान्यता रहेको छ । कृषि जस्तै पशुपालनमा पनि निजी क्षेत्रको संलग्नता स्वीकार गरिएको छ । कौटिल्यले कृषि, पशुपालनका साथै उद्योग एवं व्यापारको विस्तार राज्यको समृद्धिका लागि आवश्यक छ भन्ने मान्यता राखेका छन् । राज्यको नियन्त्रणमा प्रमुख उद्योग रहनु पर्ने कौटिल्यको मान्यता छ भने निजी व्यक्तिको स्वामित्व साना उद्योगमा सीमित गरिएको छ । साथै उनले उत्पादन, वितरण र उपभोग पनि राज्यको नियन्त्रणमा राखेका छन् ।

श्रमको शोषण रोक्नका लागि उद्योगमा राज्यको नियन्त्रण आवश्यक हुन्छ । श्रमिकको पारिश्रमिक निर्धारण गर्ने जिम्मेवारी राज्यको हो भन्ने कौटिल्यको मत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

छ । उनी व्यापार पनि राज्यको नियन्त्रणका राख्ने पक्षमा छन् । उनले राज्यको समृद्धि र प्रजाको हितलाई ध्यानमा राखेर उद्योग एवं व्यापार माथि राज्यको नियन्त्रण कायम राख्ने प्रयास गरेको पाइन्छ । उनी कृषि, पशुपालन, उद्योग र व्यापारलाई राजस्वका प्रमुख स्रोत मान्दछन् । राजस्वमा कमी हुन नदिनका लागि उनले कृषि र उद्योगमा राज्यको नियन्त्रण आवश्यक मानेका हुन् । उनको आर्थिक गतिविधि माथि राज्यको नियन्त्रणको उद्देश्य राज्य नियन्त्रित समाजवाद वा राज्यको एकाधिकार स्थापित गर्नु भने थिएन । उनको एक मात्र उद्देश्य प्रजाको हितको पक्षमा कृषि, पशुपालन, उद्योग र व्यापारका क्षेत्रमा रहेका अनियमितता नियन्त्रण गर्नु थियो । आर्थिक क्रियाकलापमा राज्य र निजी क्षेत्रको संलग्नताको समर्थन गरेकाले कौटिल्य मिश्रित अर्थव्यवस्थाका पक्षमा रहेका देखिन्छन् । आधुनिक उदारवादी प्रजातन्त्रमा पनि आर्थिक गतिविधिलाई पूर्ण रूपले अनियन्त्रित छोड्नु उचित मानिँदैन र कुनै न कुनै तरिकाले राज्यको नियन्त्रण स्वीकार गरिन्छ । सन्तुलित आर्थिक विकासका लागि आर्थिक क्रियाकलापमा राज्यको नियन्त्रण आवश्यक हुन्छ भन्ने मान्यतामा कौटिल्यको योजना आधारित छ ।

आधुनिक प्रजातन्त्र र कौटिल्यको शासनको उद्देश्य जनताको कल्याण, सुख र शान्ति हो । आर्थिक व्यवस्थामा भने कौटिल्यको विचार सामाजिक प्रजातन्त्र र कल्याणकारी राज्य व्यवस्थाका मान्यतासँग मिल्दो छ । कौटिल्यले कृषि, पशुपालन, उद्योग, व्यापार जस्ता क्षेत्रको आर्थिक गतिविधिमा राज्यको नियन्त्रणको समर्थन गरेका छन् । उनको राज्य नियन्त्रित अर्थव्यवस्था केवल राज्य कोषलाई समृद्ध बनाउनका लागि थियो । ईशा पूर्व चौथो शताब्दीको जस्तो राज्यले कृषि, पशुपालन र उद्योग सञ्चालन गरेर आधुनिक राज्यमा समृद्धि प्राप्त गर्न सम्भव देखिँदैन । प्राचीन कालमा पनि कौटिल्यका विचार के कति व्यवहारमा प्रयोग भए र त्यसबाट के कस्तो उपलब्धि हासिल भयो भन्नेसम्बन्धमा लेखाजोखा हुन सकेको देखिँदैन ।

कौटिल्यद्वारा प्रतिपादित अर्थव्यवस्था उदारवादको मान्यताभन्दा फरक किसिमको छ । आर्थिक क्रियाकलापमा राज्यको नियन्त्रणका पक्षमा कौटिल्य देखिन्छन् । तात्कालिक आवश्यकताअनुसार आर्थिक विकासमा राज्यको भूमिकालाई उनले महत्त्व दिएका भए तापनि कृषि, पशुपालन, उद्योग र व्यापारमा निजी क्षेत्रलाई निषेध गरिएको छैन । मुलुकको आर्थिक विकासमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

निजी क्षेत्रको भूमिकाको महत्त्वका सन्दर्भमा कौटिल्य सचेत छन् । उनको अर्थव्यवस्थामा राज्यको नियन्त्रण प्रजाको कल्याणका निम्ति बनाइएको योजना हो । आधुनिक सामाजिक प्रजातन्त्रका मान्यताको झलक कौटिल्यको आर्थिक चिन्तनमा देखिन्छ ।

३२. कौटिल्यको आलोचना (Criticism of Kautilya)

कौटिल्यको कृति अर्थशास्त्रको प्रशस्त प्रशंसाका साथै आलोचना पनि भएको पाइन्छ । कतिपय विद्वानहरू अर्थशास्त्रलाई कौटिल्यको मौलिक कृति मान्ने पक्षमा छैनन् । कौटिल्यले प्राचीन कालदेखि प्रचलनमा रहेका विभिन्न मतको सङ्कलन मात्र गरेका हुन् भन्ने आरोप लगाइन्छ । राज्यका अङ्ग, विदेश नीतिका सिद्धान्त र प्रशासनसम्बन्धी मनु एवं प्राचीन आचार्यहरूका विचार र कौटिल्यका कतिपय विचारमा समानता देखिन्छ ।

राजनीतिशास्त्रको सिद्धान्त निर्माण गर्नु कौटिल्यको उद्देश्य थिएन । चन्द्रगुप्त मौर्यलाई शक्तिशाली सम्राटका रूपमा पदस्थापन गर्नु र उनको नेतृत्वमा भारतीय उपमहाद्वीपको एकीकरण गरी विशाल साम्राज्य निर्माण गर्नु कौटिल्यको एक मात्र उद्देश्य थियो । त्यसैले उनको अर्थशास्त्र राजाका लागि शासन कलाका व्यावहारिक परामर्श दिने विषयमा केन्द्रित छ ।

मनुको राज्यको उत्पत्तिसम्बन्धी दैवी सिद्धान्तको कौटिल्यले समर्थन गरेका छन् । उनी शक्तिशाली राजतन्त्रको पक्षमा छन् । उनले शासनमा जनताको सहभागिता तथा प्रजातन्त्र आवश्यक ठान्दैनन् । त्यसैले उनी लोकतन्त्रको विपक्षमा देखिन्छन् ।

कौटिल्यले वर्णाश्रम व्यवस्थाको समर्थन गरेका छन् । वर्णाश्रम धर्मको पालना गराउनु राजाको मूल कर्तव्य मान्ने उनको विचारका आधारमा उनलाई यथास्थितिवादी भन्ने आरोप लगाइन्छ । उनको वर्णाश्रमसम्बन्धी विचार आधुनिक युगका निम्ति उपयुक्त मानिँदैन ।

कौटिल्यले राजालाई धर्म, नैतिकता र कर्तव्यको बन्धनले बाँधेर राज्य र जनताको हितका निम्ति संरक्षक एवं सेवकको भूमिकामा सीमित गरेका छन् । धर्म युद्धमा राजाले युद्धका नियम पालना गर्नुपर्दछ भनिएको छ । तर कूट युद्धमा भने शत्रुका विरुद्ध अनैतिक र अमानवीय साधनको प्रयोगको पनि कौटिल्यले समर्थन गरेका छन् । यसरी उनले अनैतिक उपायको प्रयोगको समर्थन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

गरेका हुँदा राजनीतिमा अनैतिकताको प्रवेश गराएको आरोप पनि उनी माथि लाग्ने गरेको छ ।

साम्राज्य निर्माण गर्नु कौटिल्यका अनुसार अन्तर्राष्ट्रिय सम्बन्धको उद्देश्य हो । साम्राज्य निर्माणलाई विस्तारवादी नीति मानिन्छ । त्यस कारण कौटिल्यलाई विस्तारवादको समर्थन गरेको आरोप पनि लगाइन्छ ।

कौटिल्यको राज्य मण्डल सिद्धान्तमा सीमा जोडिएको छिमेकी राज्य शत्रु राज्य हुन्छ भन्ने मान्यता छ । वर्तमान अन्तर्राष्ट्रिय राजनीतिमा यस्तो मान्यता असान्दर्भिक भइसकेको छ ।

३३. निष्कर्ष (Conclusion)

आचार्य कौटिल्य प्राचीन हिन्दु राजनीतिक चिन्तन परम्पराका महान् राजनीतिज्ञ एवं राजनीतिशास्त्रका विचारक थिए । उनको अर्थशास्त्र अर्थराजनीतिमा लेखिएको महत्वपूर्ण कृति हो । राजनीतिशास्त्रलाई स्वतन्त्र शास्त्रका रूपमा सर्वप्रथम कौटिल्यले स्थापित गरेको मानिन्छ । हिन्दु राजाहरूका लागि राजनीति र प्रशासनिक व्यवस्था सञ्चालनमा उनको अर्थशास्त्रलाई विगत लामो अवधिसम्म आधिकारिक मार्गदर्शक ग्रन्थको रूपमा लिँदै आइएको पाइन्छ ।

कौटिल्यले शक्तिशाली राजतन्त्रको समर्थन गरेका छन् । तर उनी निरङ्कुश राजतन्त्रका पक्षमा भने छैनन् । उनका अनुसार नैतिकता राजाको शक्ति नियन्त्रण गर्ने महत्त्वपूर्ण साधन हो । राजा, अमात्य तथा अन्य अधिकारीहरू काम, क्रोध, लोभ र मोहसम्बन्धी दुर्व्यसनबाट मुक्त, सदाचारी, इमानदार, सत्यनिष्ठ, धर्मपरायण र विनयी हुनुपर्छ भन्ने कौटिल्यको विचार छ । उनले सदाचारको निर्माणका निम्ति शिक्षाको महत्त्व स्वीकार गरेका छन् । कौटिल्यले व्यक्तिलाई आत्मसंयमी र विनयी अर्थात् बुद्धिमान् बनाउनु शिक्षाको सामर्थ्य मानेका छन् । राजा र राजाका सहयोगी अमात्य एवं अन्य कर्मचारीका साथै सम्पूर्ण जनताले आ-आफ्नो कर्तव्य पालना गर्नुपर्छ भन्ने प्राचीन हिन्दु राज्य व्यवस्थाको मान्यताको कौटिल्यले समर्थन गरेका छन् । कर्तव्य पालन गर्नु स्वधर्म हो । कौटिल्यका अनुसार राजाले वैदिक परम्पराको सम्मान गर्नुपर्छ । यसरी उनले राजालाई धर्म र परम्पराका अधीनमा राखेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राजाले राजधर्मअनुसार राज्य सञ्चालन गर्नुपर्दछ भन्ने कौटिल्यको विचार छ । यद्यपि उनले राजाको धर्मअनुकूल आज्ञालाई महत्त्व दिएर राज्य निर्मित कानुनको रूपमा स्थापित गरेका छन् । राजाज्ञा धर्म, परम्परा र व्यवहार प्रतिकूल भएको अवस्थामा राजाको निर्णय अर्थात् धर्मन्यायलाई प्राथमिकता दिनुपर्छ भन्ने कौटिल्यको विचार छ । शास्त्रको मर्यादा विपरीत कुनै कार्य गर्ने शक्ति भने राजालाई दिइएको छैन ।

कौटिल्य राज्य र जनताको हितको सर्वोच्चताका पक्षमा छन् । प्रजाको सुख नै राजाको सुख हो तथा प्रजाको हित नै राजाको हित हो, आफूलाई मन परेको कार्य गर्नु राजाको हितमा हुँदैन, प्रजालाई मन पर्ने कार्य गर्नुमा नै राजाको हित निहित हुन्छ भन्ने कौटिल्यको विचार छ । उनले सर्वप्रथम जनताको हित नै राज्यको उद्देश्य मान्ने मान्यता स्थापित गरेका छन् । उनी जनताको व्यक्तिगत जीवनसँग सम्बन्धित विषयसमेत राज्यले नियन्त्रण गर्नुपर्छ भन्ने पक्षमा छन् । राज्यको कार्यक्षेत्रभित्र जनताका सामाजिक, आर्थिक र धार्मिक गतिविधि समावेश गरेका छन् । आन्तरिक शान्ति सुव्यवस्था कायम गर्ने कार्यका साथै जनताको सामाजिक र आर्थिक उत्थानको कार्य पनि राज्यको कार्यक्षेत्रभित्र राखिएको छ । यसरी कौटिल्यले राजालाई प्रजाको हितको संरक्षक बनाएका छन् । राज्यको शक्ति जनताको सेवाका निम्ति हो भन्ने कौटिल्यको आदर्श वर्तमान लोकतन्त्रमा समेत उपयोगी हुन सक्छ ।

शासनकला (Statecraft) कौटिल्यको अर्थशास्त्रको मुख्य प्रतिपाद्य विषय मानिन्छ । कौटिल्यले विभिन्न प्रशासनिक विभागको सङ्ख्या र संरचनाको वर्णन गर्नुका साथै विभागीय प्रमुख र कर्मचारीहरूका निम्ति योग्यता र उनीहरूका कार्यसमेत निर्धारण गरेका छन् । सबै कर्मचारीको नियुक्तिको अधिकार राजालाई दिइएको छ । राजा, राज्य र जनताका निम्ति हितकर हुने प्रशासनिक व्यवस्थाका निम्ति व्यावहारिक सल्लाह कौटिल्यले दिएका छन् ।

कौटिल्यले जनतालाई राजाको आलोचना गर्ने छुट दिएका छन् । राजाले अप्रिय भए तापनि जनताको आलोचना सुन्नुपर्छ र जनताको अभिमतअनुसार राज्य सञ्चालन गर्नुपर्छ भन्ने परम्परागत हिन्दु राजनीतिक मान्यताका पक्षमा कौटिल्य रहेका छन् । आधुनिक लोकतन्त्रमा जस्तो राज्य सञ्चालनमा जनताका विचारको प्रतिनिधित्व गर्ने व्यवस्था कौटिल्यको राज्य व्यवस्थामा छैन । त्यसैले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कौटिल्यले जनताका भावना राजा समक्ष पुराउने र जनभावनाअनुसार राज्य सञ्चालनको व्यवस्था मिलाउन वैकल्पिक उपायको प्रस्ताव गरेका छन् । उनको वैकल्पिक व्यवस्था गुप्तचर प्रणाली हो । गुप्तचरको प्रयोग जनताको अभिमत बुझ्नका निम्ति गरिन्थ्यो । गुप्तचरले गोप्य रूपमा जनताका विचार सङ्कलन गर्ने र ती सूचना राजासम्म पुराउने गर्थे । यसरी जनताको आलोचन सुन्ने र जन-चाहनाअनुसार राज्यको शासन सञ्चालन गर्नका निम्ति कौटिल्यले राजालाई सल्लाह दिएका छन् ।

कूटनीतिका क्षेत्रमा पनि कौटिल्यले महत्त्वपूर्ण योगदान दिएका छन् । उनले दूत र गुप्तचरको योग्यता तथा कार्यसम्बन्धी विस्तृत वर्णन गरेका छन् । उनको दूत र गुप्तचरसम्बन्धी विचार वर्तमान अन्तर्राष्ट्रिय सम्बन्धमा समेत उपयोगी हुन सक्छ । उनको राज्य मण्डल सिद्धान्त भने खासै उपयोग हुन सक्ने देखिँदैन । विजिगीषु राज्यको भौगोलिक सीमा जोडिएको राज्य विजिगीषु राज्यको शत्रु राज्य हुन्छ भन्ने कौटिल्यको सिद्धान्त वर्तमान अन्तर्राष्ट्रिय राजनीतिमा सत्य र व्यावहारिक मान्न सकिँदैन । कौटिल्यका अनुसार साम्राज्य निर्माण गर्नु राजाका निम्ति गौरवको विषय हो । वर्तमान राजनीतिमा साम्राज्य निर्माणको औचित्य पुष्टि गर्न सकिँदैन । कौटिल्यले वर्णन गरे जस्तै साम, दान, भेद र दण्ड चार उपाय वर्तमान कूटनीतिमा समेत प्रयोग गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सन्दर्भ ग्रन्थसूची

कौटिल्य, (२०००), *कौटिलीयमृअर्थशास्त्रम्,* (चतुर्थ सं.), (वाचस्पति गैरोला सं.) वाराणसी: चौखम्बा विद्याभवन।

बाजपेयी, अम्बिका प्रसाद, (२००७), *हिन्दू राज्यशास्त्र* (तृतीय सं.), प्रयाग: हिन्दी साहित्य सम्मेलन।

मनु,(१९८३) *मनुस्मृति,* जगदीश लाल शास्त्री (सं), दिल्ली: मोतीलाल बनारसीदास।

याज्ञवल्क्य, (२०११), याज्ञवल्क्यस्मृति (M. N. Dutt Trans., R. K. Panda Ed.). Delhi: Bharatiya Kala Prakashan.

शुक्राचार्य, (२०५६ वि. सं.), शुक्रनीति: (चतर्थ सं.), (ब्रह्मशंकरमिश्र: सं.), वाराणसी: चौखम्भा संस्कृत संस्थान।

वेदव्यास (वि. सं. २०५८), *महाभारत, शान्तिपर्व* (नवाँ सं), गोरखपुर: गीताप्रेस।

शर्मा, विष्णु, (२०१५ वि. सं.), *पञ्चतन्त्रम्,* (गोकुलदास गुप्ता: टीकाकार, रामचन्द्रझा सं), वाराणसी: चौखम्बा विद्याभवन।

Altekar, A. S. (2001). *State and government in ancient India.* Delhi: Motilal Banarasidass Publishers.

Apastamba, Gautama, Baudhayana, & Vasistha (1979). *Dharmasutras, the law codes of Apastamba, Gautama, Baudhayana, & Vasistha.* (Patrick Olivelle Trans.). New York: Oxford University Press.

Dikshitar, V. R. R. (1993). *The Mauryan polity.* Delhi: Motilal Banarasidass.

Ghoshal, U. (1923). A history of Hindu political theories. London: Oxford University Press.

Jayaswal, K. P. (1978). *Hindu polity a constitutional history of India in Hindu times* (part i and ii). (5th ed.). Bangalore City: The Bangalore Printing and publishing Co. Ltd. Originally published in 1924.

Kangle, R.P. (1986) The Kautilya's arthashastra. Delhi: Motilal Banarasidass, originally published 1965.

Law, N. N. (1914). Studies in ancient Hindu polity (Based on tha arthashastra of Kautilya). New York: Longman's Green and Co.

Mookerji, R. K. (1999). *Chandragupta Maurya and His Times.* (4th ed.). Delhi: Motilal Banarasidass Publishers.
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

नाम : डा. लालमणि पाण्डेय

जन्मस्थान : सितगङ्गा नगरपालिका,
वडा नं. ५, अर्घाखाँची

जन्ममिति : २०१८।०७।१०

भाषिक ज्ञान : नेपाली, अङ्ग्रेजी, संस्कृत र हिन्दी

इमेल : pandey.lalmani@gmail.com

शैक्षिक योग्यता :

- विद्यावारिधि (Ph.D.): राजनीतिशास्त्र, नेपाल संस्कृत विश्वविद्यालय
- एम.ए. (राजनीतिशास्त्र), त्रिभुवन विश्वविद्यालय
- शास्त्री, धर्मशास्त्र, त्रिभुवन विश्वविद्यालय
- बि.एड्. (अङ्ग्रेजी), त्रिभुवन विश्वविद्यालय
- बि. एल्., त्रिभुवन विश्वविद्यालय
- प्रवीणता प्रमाणपत्र, त्रिभुवन विश्वविद्यालय
- एस्. एल्. सी., एस् एल्. सी. बोर्ड, नेपाल

पेसा : प्राध्यापन

- २०४७ देखि २०५२ सम्म, उपप्राध्यापक, पाणिनि क्याम्पस, अर्घाखाँची
- २०५२ सालदेखि उपप्राध्यापक, नेपाल संस्कृत विश्वविद्यालय
- २०६८ सालदेखि सहप्राध्यापक पदमा वाल्मीकि विद्यापीठमा कार्यरत

अन्य अनुभव

- सदस्य, नेपाल संस्कृत विश्वविद्यालय सभा, २०७४ देखि हालसम्म
- क्याम्पस प्रमुख, वाल्मीकि विद्यापीठ, काठमाडौं, २०६९ देखि २०७३ सम्म
- क्याम्पस प्रमुख, रुरु संस्कृत विद्यापीठ, गुल्मी, २०५५ देखि २०५८ सम्म
- अधिवक्ता २०५१ सालदेखि

प्रकाशित लेखरचना : विभिन्न जर्नलमा एक दर्जनभन्दा बढी अनुसन्धानात्मक लेखरचना प्रकाशित

कृति : बार्हस्पत्यम् अर्थशास्त्रम् : बृहस्पति नीतिसूत्र

मानपदवी :

- प्रबल गोरखा दक्षिणबाहु (२०५७)
- नेपाल विद्याभूषण "क" (२०६८)

9 789937 070355

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal